दायित्व

(साहित्यिक मासिक)

वर्ष ११ | असोज २०५४ | पूर्णाङ्क - २८

प्रधान संपादक/प्रकाशक
रामप्रसाद पन्त
फोन. ४८६४७६

व्यवस्थापक
लक्ष्मी पन्त
फोन. ४८६४२७

संपादन सल्लाहकार
ठाकुरप्रसाद शर्मा
फोन. ४८३४२६

प्रतिनिधि
केशवराज पन्त

विशेष सहयोगी
विनोद ढुंगेल

सहयोगी
उपेन्द्र ढुंगेल
मुकुन्द शर्मा
ऋषिराम डी.सी.

कार्यालय
घ १- ६०१ चावहिल, काठमाडौं
फोन. ४७४९८३
पो.ब.नं ६७६६, काठमाडौं

सहयोग : संस्थागत रु. १००/-
व्यक्तिगत: रु. २५/-

विषय क्रम

अन्तर्वार्ता
गोविन्दबहादुर मल्ल 'गोठाले' - १

कथा
अरुणा उप्रेती: ४
अशेष मल्ल: ६
इन्दिरा प्रसाईं: ८
दीनवन्धु शर्मा: १४
दौलतविक्रम विष्ट: १७
ध्रुव सापकोटा: २३
पद्मावती सिंह: २४
प्रेम कैदी: २७
बेन्जु शर्मा: २९
बसन्तप्रकाश: ३१
मञ्जु काँचुली: ३३
मनु ब्राजाकी: ३४
रमेश विकल: ३८
रामप्रसाद पन्त: ४०
शंकर कोइराला: ४३
श्रीकृष्ण गौतम: ४८
सूव सेन: ५१

लघुकथा
केशव प्रधान: ३७
ठाकुर शर्मा: ५३
तेजप्रकाश श्रेष्ठ: २२
तोया गुरुङ: ५४
पुष्करराज बुढाथोकी: २६
प्रमोद स्नेही: ३०
रवीन्द्र समीर: ३०
श्रीओम श्रेष्ठ: १३

अनुवाद कथा
अहदाफ सुएफ: ५५
वाइकम मुहम्मद वशिर: ५९

समालोचना
दयाराम श्रेष्ठ: ६१
राजेन्द्र सुवेदी: ६८

समीक्षात्मक टिप्पणी
कृष्ण गौतम: ७१
घटराज भट्राई: ७१
रामप्रसाद दाहाल: ७२
शिव रेग्मी: ७३

साथमा- कृति परिक्रमा/ साहित्यिक गतिविधि/पाठकको दृष्टिकोण/विविध जानकारी आदि ।

मुद्रक :- अल प्रिन्टिङ्ग प्रेस फोन नं. ४-८६४८०, चावहिल चोक, काठमाडौं

कम्प्यूटर
कम्प्यूटर सलुसन. *(पवन रेग्मी)* चावहिल, फोन नं. ४८६४३३

आवरण :- रमेश पौडेल

सम्पादकीय

- समय अति बलवान् छ । समयलाई न कसैले रोक्न सक्छ न परिवर्तन नै गर्न सक्छ । 'आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो, यहीहो कालको नियम । यही नियमलाई राजा, रंक सबैले परिपालन गर्नु पर्दछ । विज्ञानले विकासको चरम चुली छोयो तापनि कालको नियममा परिवर्तन ल्याउन सकिन । विश्वमा कदाचित् यस्ता व्यक्तिहरू देखा पर्छन् जुन व्यक्तिहरू राष्ट्र र जनताको भविष्यसंग सूत्रबद्ध हुन्छन् । ती व्यक्तिहरू मर्नु हुन्न । तर समयले त्यो आग्रह/अनुनय विनयलाई सुन्दैन/स्वीकार गर्दैन ।
- विगतको एक दुई महिना राष्ट्रिय एवं अन्तर्राष्ट्रिय क्षेत्रकै छपाहरू समवेदना र श्रद्धाञ्जलिले भरिए । यस बीचमा हामीले साहित्यकार, समाजसेवी र राजनीतिज्ञहरूलाई गुमायौं ।
- श्रावण महिनाको २६ गते वरिष्ठ साहित्यकार शंकर कोइरालाको कलेजोको क्यान्सरबाट निधन भयो । उहाँको मृत्युले नेपाली कथा र उपन्यासको क्षेत्रमा अपूरणीय क्षति भयो । 'दायित्व, को गतिविधिहरूमा समेत निरन्तर चासो राख्ने र प्रोत्साहित गर्ने शंकर कोइराला हामीहरूको आँखाबाट हराउनु भएकोमा आज दायित्व परिवार शोकाकुल भएको छ । उहाँप्रति श्रद्धाञ्जलि अर्पण गर्ने हेतुले दायित्व परिवारले दायित्वको आगामी ३० औं पूर्णाङ्कलाई **'शंकर कोइराला स्मृति विशेषांक'**, प्रकाशित गर्ने सोचाइ राखेको छ । जसमा शंकर कोइरालालाई नजिकबाट चिन्ने विद्वान् महानुभावहरूबाट श्रद्धा सुमन स्वरुप शब्दहरू (लेखहरू) प्राप्त गर्ने आशा राख्दछौं ।
- शंकर कोइरालाको अवसान पश्चात् शोक समवेदनाहरूको लहरै चल्यो । प्रखर प्रवक्ता एवं प्रतिनिधि सभाका सांसद प्रेमसिंह धामीको जीप दुर्घटनामा मृत्यु भयो । उहाँ एउटा राजनीतिज्ञ मात्र नभएर प्रशिद्ध स्तंभकार र साहित्य साधक समेत हुनु भएकोले उहाँको अभाव सबैतिर खड्कियो ।
- हावाको प्रकोप रोकिएन । बवण्डरको रुपमा फैलिंदै गयो । २००७ सालको प्रजातन्त्र प्राप्तीको लडाईका प्रमुख कमाण्डर तथा प्राप्त प्रजातन्त्रलाई हुर्काउन र बढाउन ठूलो भूमिका निभाउने पूर्व प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाको भाद्र २६ गते निधन भयो । उहाँ एउटा राजनीतिज्ञमात्र नभएर कुशल समाजसेवी एवं साहित्यकार पनि हुनुहुन्थ्यो । उहाँका 'पिपाको हवल्दार, 'गोल, र 'गरीब, चर्चित कथा हुन् । र, उहाँकै सकृयतामा इतिहास शिरोमणी बाबुराम आचार्य र कवि शिरोमणी लेखनाथ पौड्यालको रथयात्रा भएको हो ।
- बवण्डर रोकिएन, अग्ला अग्ला बटवृक्षहरूलाई छानी छानी लडाउन हुईंकियो । असोज २ गते बिहान एकाएक वरिष्ठ प्रजातन्त्रवादी नेता गणेशमान सिंह दिवंगत हुनुभएको खबर जनसमक्ष आयो । २०४६ सालको जन आन्दोलनका कमाण्डर तथा २००७ सालको सशस्त्र क्रन्तिका योद्धा श्री सिंहको निधनले सम्पूर्ण नेपाली शेकाकुल भए । 'प्रजातन्त्रका पिता, 'सर्वमान्य नेता, 'सर्वोच्च नेता, 'लौह पुरुष, 'ज्यूंदो शहीद, आदि विशेषणहरूबाट चिनिने नेतृत्व पंक्तिका अग्रज एवं प्यारा नेताको निधनले नेपाली जनताले नेपालको इतिहासमा २/२ पटक ज्यानको बाजी लगाएर क्रन्तिमा होमिने निडर एवं युगपुरुषलाई गुमाएका छन् । यू.यन.को शान्ति पुरस्कार समेत पाइसक्नु भएका श्री सिंहको निधनले एउटा युगको अवसान भएको छ ।
- यसैबीच वरिष्ठ राजनीतिज्ञ तुल्सीलाल अमात्य, इतिहासविद् केशरबहादुर के.सी., वरिष्ठ उद्योगपति जुद्धबहादुर श्रेष्ठ, प्रा: वासुदेवचन्द्र मल्ल, २००७ सालका योद्धा तथा पूर्व सांसद वेनीमाधव सिंह, सांसद भीमप्रसाद श्रेष्ठ लगायतका व्यक्तिहरूलाई पालैपालो गरी कालले चपायो । जुन व्यक्तिहरू लामो समयसम्म बाँच्नु पर्थ्यो ।
- यो प्रकोप नेपालमा मात्र नभएर विश्वमै फैलियो । विश्वचर्चाको शिखरमा पुगेकी बेलायतकी राजकुमारी डायनाको *(जो समाजसेविकाको रुपमा पनि चिनिन्थिन्)* निधन भयो । यो चर्चा सेलाउन नपाउँदै प्रशिद्ध समाजसेविका एवं नोवेल शान्ति पुरस्कार विजेता मदर टेरेसाको निधनले विश्वलाई नै स्तव्ध तुल्यायो ।
- यस पचास/साठी दिनको दौरानमा जे-जति शौर्यशाली व्यक्तित्वहरूको निधन भयो ती सबैमा दायित्व परिवार हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछ र मृतात्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारमा धैर्य धारण गर्ने शक्ति प्रदान गर्न इश्वरसंग सभक्ति प्रार्थना गर्दछ ।
- **पुछारमा-** अहिले दायित्वको कथा विशेषांक -१ पाठक समक्ष आएको छ । दोस्रो भागकालागि पनि केही रचनाहरू प्राप्त भएका छन् । आग्रह गरिएका महानुभाव र अन्य कथाकारहरूबाट पनि फागुन मसान्तसम्म थप रचनाहरू प्राप्त भएमा समयमै दोस्रोभाग प्रकाशित गर्ने सुअवसर प्राप्त हुनेछ ।

विजया दशमी २०५४ को हार्दिक मंगलमय शुभकामना ।

अन्तर्वार्ता

अरुको मुख ताक्नु भन्दा साहित्यकार स्वयं सक्षम हुनु पर्दछ

गोविन्दबहादुर मल्ल 'गोठाले'

सुप्रसिद्ध समाजसेवी एवं साहित्य साधक ऋद्धिबहादुर मल्लका जेष्ठ सुपुत्र गोविन्दबहादुर मल्ल 'गोठाले' वर्तमान साहित्य जगत्का पनि जेष्ठ व्यक्तित्वको रुपमा चिनिनु हुन्छ। १९७९ सालको असारमा काठमाण्डौको ओमबहालमा जन्मनु भएका श्री गोठाले विगत ६ दशक देखि साहित्यको सेवामा लागिरहनु भएको छ। आइ.एस.सी. सम्मको अध्ययन गरे पनि साहित्यिक क्षेत्रमा उहाँले गरिमामय स्थान ओगट्न सफल हुनुभएको छ र अंग्रेजी, फ्रेन्च, रसियन र हिन्दी भाषासाहित्यका अध्येता पनि हुनुहुन्छ।

यसबाहेक अन्य साहित्यिक क्रियाकलापको रुपमा उहाँले 'शारदा' को सम्पादक भएर ४/५ वर्ष काम गरि सक्नु भएको छ भने 'आवाज' दैनिकको पहिलो संपादक हुने श्रेय पनि प्राप्त गर्नु भएको छ। यसैगरी ००९/१० सालतिर खुलेको नेपाली लेखक संघ सँग सम्बन्धित भएर संघका क्रियाकलापमा योगदान पुऱ्याउनु भएको छ।

अत्यन्त मृदुभाषी, सरल र सरस व्यक्तित्वको रुपमा चिनिनु हुने श्री 'गोठाले' खास गरेर कथाकार उपन्यासकार र नाटककारको रुपमा बढी चर्चित हुनुहुन्छ। फुटकर लेख/रचना बाहेक कृतिको रुपमा उहाँका कथा संग्रह, कथैकथा, बाइकथा र प्रेम र मृत्यु (कथा संग्रहहरू) अपर्णा, पल्लोघरको ख्याल, (उपन्यास) भुसको आगो, च्यातिएको पर्दा, दोष कसैको छैन, नयाँ घर (समकालीनमा प्रकाशित) नाटक र एकाङ्कीको रुपमा 'भोको घर' प्रकाशित छन्।

पुरस्कार एवं सम्मानको हकमा उहाँले त्रिभुवन पुरस्कार, बेदनिधि पुरस्कार र बगरको पाण्डुलिपि पुरस्कार प्राप्त गर्नु भएको छ। विभिन्न संस्थाबाट समर्पित हुनुका साथै ने.रा.प्र. प्रतिष्ठानको मानार्थ सदस्य हुनुहुन्छ।

पूर्व जानकारी अनुसार समय स्वीकृति प्राप्त गरेर हामी उहाँको निवास गणबहाल गयौं र साक्षात्कार गऱ्यौं। प्रस्तुत छन् -करिब दुई घण्टा बीचमा भएका वार्तालापहरूको सारसंक्षेप।

(१) तपाईं नेपाली साहित्यमा जेठो व्यक्तित्व मध्ये गनिनु हुन्छ। साहित्य प्रवेशको कुनै कारकतत्त्व वा प्रेरणाप्रद श्रोत केही थियो कि ?

गोठाले - हुन त मानिस स्वयं नै पहिलो प्रेरणाश्रोत हो अर्थात् आफैबाट उत्सृजन गर्ने इच्छा जागृत नभैकन अरुबाट जति प्रेरणा मिले पनि काम लाग्दैन। त्यसकारण मानिस स्वयं जागरुक हुनु आवश्यक छ। अर्कोकुरा त्यसबेलाको 'शारदा' पत्रिकाले लेख्ने उत्सुकता जगायो। शारदा नभएको भए प्रकाशित गर्ने ठाउँ हुने थिएन, लेखकको उत्साह मरेर जान सक्थ्यो। तेश्रो कुरा राणा शासनको दबदबाबाट पनि उत्साही लेखकहरुले साहित्यको सहारा लिएर व्यंग्यात्मक तरिकाबाट प्रस्तुति दिन थाले। मलाई पनि त्यस व्यवस्थाले लेखनतर्फ आकर्षित गरेको हुनुपर्छ।

(बीचैमा प्रश्न) यहाँको साहित्यलाई शारदाले जन्माइ दियो। यसमा कति सहमत हुनुहुन्छ ?

- जन्माइ दियो नै भनेर त भन्न मिल्दैन, लेख्ने वातावरण बनाइ दियो, प्रकाशित गर्ने ठाउँ तयार गरी दियो भन्नु उचित होला। साहित्यकार र साहित्यिक पत्रिका बीच समन्वय नभैकन त साहित्य फस्टाउन सक्दैन। तसर्थ, शारदालाई सामग्री दिएर हामीले पनि पत्रिका सफलता साथ प्रकाशित हुने मौका प्रदान गरेका छौं र शारदाको माध्यमबाट हामी पनि समाज समक्ष चिनिने मौका पाएका छौं। अहिलेका जति चर्चित मेरा समकालीन साथीहरू छन् ती सबैको रचना शारदामा प्रकाशित भएको छ।

(२) विभिन्न विधामा कलम चलाए पनि यहाँलाई मुख्यतया कथा विधाले उच्च शिखरमा आरुढ गरायो, तपाईंले कथा विधालाई नै बढी महत्त्व किन दिनु भयो ?

गोठाले - कथा उपन्यासको अलावा मैंले नाटक एकाङ्कीहरू पनि लेखेको छु। सबै विधा साहित्य नै हो, सबैमा कथानक त हुन्छ नै तर कथाले मानिसलाई उत्सुकता प्रदान गर्छ र प्रायः सबैले बुझिने विधा भएको हुँदा पाठकको मुटु सजिलैसँग छुनसक्छ। खासगरेर विधा यो राम्रो उ राम्रो भन्ने हुँदैन, त्यसमा भिज्न सक्नुपर्छ, आत्मसात हुनसक्नु पर्छ। आफै पात्र बनेर रमाउन सक्नुपर्छ, त्यसरी सिर्जिएको कृति अमर हुन्छ। तुलनात्मक रुपमा अन्य विधा भन्दा कथा विधाले देश र समाजलाई बढी फलदायी बनाए होला जस्तो लाग्छ।

(३) त्यसबेलाको समय देवकोटाकालीन समय, जुन समयमा तपाईं पनि सहकर्मीकै रुपमा हुनुहुन्थ्यो । त्यो साहित्यको उर्वर समय र वर्तमान समयप्रति तुलनात्मक टिप्पणी गरिदिनुहुन्छ कि ?

गोठाले - त्यो समय नेपाली भाषा र साहित्यको उत्थानको समय थियो । २००७ साल अघिको समय खुल्लमखुल्ला लेख्न नपाइने भएको कारण व्यंगात्मक वा प्रतीकात्मक ढंगबाट साहित्य सृजन गर्नुपर्ने भएकोले पनि बढी गहन र मार्मिक भएको हुनुपर्छ त्यसबेलाको साहित्य । तर अहिले त्यस्तो उत्कृष्ट साहित्य सिर्जना हुन सकेन भन्न मिल्दैन । हाम्रो समाज यस्तै छ - वितिसकेपछि सम्मान गर्ने र त्यसको महत्त्व थाहा पाउने । अर्थात् अहिलेका साहित्यकारहरूले समकालीन लेखकहरूको लेखनलाई त्यति ध्यान दिएर पढि दिंदैनन् र समालोचकहरूले पनि गहिरिएर समालोचना गरि दिंदैनन् । प्रायः आफू भन्दा पुराना र जीवनदेखि विश्राम लिइसकेका साहित्यकारको मूल्याङ्कन गर्ने काममा बढी केन्द्रित हुन्छन् । तसर्थ हुनसक्छ आजको ५० वर्ष पछि वर्तमान साहित्यको मूल्याङ्कन गरिएला र उर्वर समय मानिएला ! हाम्रो पालामा पनि भानुभक्त मोतिराम र तत्कालीन अन्य साहित्यकारहरूको लेखनमाथि हाम्रो दृष्टिकोण केन्द्रित हुन्थ्यो र प्रशंसाको विषय बन्ने गर्थ्यो । यसैगरी त्यसबेलाका चर्चित विदेशी साहित्यकारहरू टैगोर, निराला लगायतका तेश्रो देशका अन्य अनुदित साहित्यकारका साहित्यहरू बढी अभिरुचिकासाथ हेर्थ्यौं, साहित्य विकासको चरम उत्कर्षको कल्पना गर्थ्यौं ।

(४) धर्म, अर्थ, काम, मोक्ष प्राप्त गराउने पूर्वीय साहित्य सिद्धान्तको दृष्टिकोण रहेको छ । नेपाली साहित्यले यस भनाइलाई कति समय आत्मसात् गर्नसकेको छ ?

गोठाले- संस्कृत भाषाकै प्रभाव नेपाली भाषामा परेकाले नेपाली साहित्यले पनि उक्त चतुर्वर्ग फलप्राप्ती गर्न सक्तैन भन्न मिल्दैन । नेपाली साहित्यको प्रेरकतत्त्व नै संस्कृत साहित्य हो, खालि भाषाकोमात्र भिन्नता । लेख्दै जानु पर्छ, लेख्दै गयो भने प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा त्यो धर्म, अर्थ, काम, मोक्ष प्राप्त हुन्छ । तर हाम्रो सामाजिक वातावरण नै यस्तो छ कि लेखनबाट पूर्णरुपमा आर्थिक निर्भरता मिल्न सकेको छैन । त्यो पनि क्रमिक गतिमा अगाडि बढ्दा नमिल्ला भन्न सकिंदैन ।

(५) साहित्यको जीवनसँग कस्तो सम्बन्ध हुनुपर्छ ? वर्तमान कथा लेखनले जीवनबोध गराउन सकेको छ कि छैन ? तपाईंको दृष्टिकोण ।

गोठाले - साहित्यको जीवनसँग अन्योन्याश्रित सम्बन्ध हुन्छ, भैरहेको छ र हुनुपर्दछ । अन्यथा साहित्य विनाको जीवन वास्तवमा जीवन हुन सक्तैन । रुखो र जडवत् हुन्छ । तर मानवीय जीवनलाई समेट्ने साहित्य उत्कृष्ट हुनुपर्छ ।

(बिचैमा प्रश्न) कस्तो उत्कृष्ट ?

- उत्कृष्टताको परिभाषा दिन त म सक्तिन किनकि कस्तो लाई उत्कृष्ट भन्ने ! तपाइँलाई लागेको उत्कृष्टता मलाई सामान्य लाग्न सक्छ - यो त मानवीय स्वभाव हो, फरक फरक चाहना फरक फरक सन्तुष्टि । तर सबैलाई समेट्ने साहित्य यथार्थमा सबैलाई मान्य हुन्छ । जस्तो- लेखकले गहिराईमा पुगेर वा भिजेर लेखेको छ र पाठकले पनि मानसिक धरातलमा ओर्लेर घटनासँग एकीकृत भै अनुभूति गरेको हुन्छ त्यो उत्कृष्ट हुन्छ । अर्थात् साहित्यले हृदय छोएको हुनपर्छ ।

(बिचैमा प्रश्न) हृदय छुने कस्तो साहित्य ? तपाईंले अनुभव गर्नु भएको छ त्यो कस्तो साहित्य होला ? उदाहरणको लागि ।

- वी.पी. कोइरालाको 'चन्द्रवदन' ले मेरो हृदय छोएको छ, त्यसको घटनाले मेरो हृदय पगालेको छ । त्यो मलाई अहिले पनि याद छ । यस्तै अरु पनि छन् तर अहिले मलाई याद छैन । तर जस-जसले मेरो हृदय छोए ती सबै उत्कृष्ट हुन् वा होइनन् म भन्न सक्तिन । कसैलाई कुनैले त कसैलाई कुनैले प्रभाव पारेको हुन्छ । प्रत्येकको मानसिकता र दृष्टिकोणमा फरक पर्न सक्छ । यस्तै रसियन अंग्रेजी र फ्रेञ्च कथाहरूले पनि मेरो आत्मा छोएको छ ।

(६) नेपाली साहित्यले विश्व साहित्यमा जति ख्याति आर्जन गर्नुपर्ने हो त्यो गर्न नसकेको अनुभव गरिन्छ । त्यो नहुनुको पछाडि उत्कृष्ट साहित्य नभएर हो कि सम्बन्धित संस्थाहरूको निष्कृयताको कारण हो ?

गोठाले- विश्व साहित्यमा नेपाली भाषा र साहित्य पढ्ने अभिरुची प्रदान गर्ने क्षमता नेपाली साहित्यमा छ । विश्व साहित्यमा नेपाली साहित्यलाई समाहित गर्नकोलागि नेपाली साहित्यको अनुवाद गर्ने र अंग्रेजी भाषामा प्रचार गर्ने परिपाटी बसाल्नु पर्दछ । यहाँका साहित्यिक प्रतिष्ठानहरूले त्यो काम गर्नुपर्ने हो तर ती संस्थाहरूमा त्यो क्षमता छैन । चाहेर पनि आर्थिक दृष्टिकोणले संभव हुंदैन ।

(बीचैमा प्रश्न) के सरकारले यसमा सकारात्मक दृष्टिकोण राख्न सक्तैन ? जसबाट आर्थिक योगदान प्राप्त होस् र नेपाली साहित्यको अंग्रेजी वा फ्रेञ्च भाषामा अनुवाद गरी प्रचारप्रसार गर्न सकियोस् ।

- सरकारले पनि सबैथोक गर्न सक्तैन । साहित्यकारले

स्वयं उत्थान गर्ने प्रयत्न गर्नु पर्दछ। सरकारले प्रतिष्ठानलाई बजेट दिएको छ तर कति दिने ? जति दिएको छ त्यसैको सदुपयोग राम्रोसँग हुन सकेको छैन । छापिएका कृतिहरू थुप्रिएका छन्, वितरण हुन सकेको छैन । त्यसकारण साहित्यकार स्वयंले त्यो वातावरण बनाउनु पर्‍यो कि खोजीखोजी छापियोस्, खोजीखोजी पढियोस् ।

(बीचैमा प्रश्न) प्रतिष्ठान जुन उद्देश्यले स्थापना भएको हो त्यो उद्देश्य प्राप्तीमा सफल भएको छ त ?

- धेरै हदसम्म सफल भएको छ ।

(७) जीवनको लामो समयचक्रमा यहाँको व्यक्तिगत जीवनमा कुनै त्यस्तो रमाइलो वा दुःखद क्षण भए बताइदिनुहुन्छ कि ? संक्षेपमा ।

गोठाले- सम्पूर्ण नेपाली जनजीवनलाई सुखद् अनुभूति दिने खालको २००७ सालको प्रजातन्त्र मैंले पनि अनुभव गरें, खुशी लाग्यो । मेरी जेठी श्रीमतीको अल्पायु मै निधन भयो दुःखद् अनुभूति भयो । यी जीवनमा घटिरहने र भैरहने घटनाचक्र हुन्

(८) वर्तमान साहित्य क्षेत्रमा भएको गतिविधिबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

गोठाले- पत्रपत्रिका जन्मनु, साहित्यकार जन्मनु नै सन्तुष्टिको बिषय हो । नेपाली साहित्यको भविष्य उज्ज्वल पार्न आएका हुन् आजका साहित्यकारहरू भनेर मैंले सन्तुष्टि लिएको छु ।

(बीचैमा प्रश्न) संस्कृतले जुन गति लिइरहको छ जति ठाउँ प्राप्त गर्न सफल भएको छ पर्याप्त छ कि छैन ?

- संस्कृत भाषालाई स्वीकार नगरीकन नेपाली भाषाको कल्पना गर्न सकिंदैन । पाठ्यक्रममा पनि संस्कृत भाषा अनिवार्य गरे राम्रो हुन्छ । संस्कृत भाषा नेपाली भाषाको जननी हो र संस्कृत भाषाबाट अंग्रेजी र अन्य विदेशी भाषाहरूमा शब्द गएका छन् । त्यसकारण संस्कृत साहित्यको महत्त्व नविर्सेर पत्रपत्रिकाको विकास गर्न पर्दछ । पत्रपत्रिकाहरू पनि विविध विषयलाई समेटिने तरिकाले प्रकाशित गरिनु पर्दछ । किताबहरू पनि प्रकाशित गर्नुपर्दछ तर रोचक बनाउनु पर्दछ - देख्दै आकर्षण बढ्ने पढ्दै उत्सुकता बढ्ने ।

(९) नेपाली साहित्यमा योगदान पुर्‍याउने हेतुले दायित्व पत्रिका प्रकाशन गर्न थालिएको हो । यसका आफ्नै समस्याहरू छन् तैपनि आइपरेका विभिन्न विघ्नबाधाहरूसँग जुध्दै आफ्नो उद्देश्य प्राप्तीमा सचेत छ । यसलाई अझ उत्कृष्ट बनाउन के गर्नुपर्ला ?

गोठाले- मैले पत्रिका अझै हेरिसकेकोँ छैन, हेरिसकेपछि मात्र भन्न सक्छु कि यसले के कति योगदान पुर्‍याएको छ वा के कस्ता कमी कमजोरीहरू छन् र के गर्दा यसको भविष्य उज्ज्वल होला र गुणग्राही बन्ला ! सबभन्दा ठूलो कुरा त तपाइँहरूले साहित्यिक पत्रिका निकाल्ने कष्टसाध्य कार्य गर्नु भएको छ, यस मानेमा म खुशी छु ।

(बीचैमा प्रश्न) सरकारको भूमिका कस्तो हुनुपर्ला ?

- पहिलो कुरा त स्वयं समर्थ हुनुपर्छ पाठकको मन जित्न लागीपर्नुपर्छ । उपहार दिने ठाउँमा साहित्यकारले स्वयं सिर्जित कृति उपहार दिने बानी बसाल्नु पर्छ । सरकारले गर्न सक्ने ठाउँ पनि छ - जस्तै हजारौं स्थानीय निकायहरू छन्, जि.वि.स.हरू छन् । ती सबै ठाउँमा पुस्तकालयको व्यवस्था गर्नुपर्छ र कम्तिमा एकएकवटा भएपनि साहित्यिक पत्रिका लिई दिने नीति बनाइनु पर्छ । आफ्नो गाउँ आफै बनाउने नीति अन्तर्गत लाखौं रुपैयाँ उपलब्ध गराइएको छ भने २/४ हजार पत्रपत्रिकामा खर्च गर्न किन नसक्ने ?

(१०) एउटा रोचक प्रश्न - 'गोठाले' उपनाम राख्नुको पछाडी के रहस्य होला ?

गोठाले- १९९७ सालतिरको कुरा हो- मसँग प्रजापरिषद्को पर्चा भेटेर सरकारले समात्यो । त्यसबेला साझाबाट मेरा लेख/रचनाहरू प्रकाशित भैरहन्थे र संपादक हुनुहुन्थ्यो- भवानी भिक्षु । राणा विरोधी कार्यक्रममा लागेको एउटा अभियुक्तको रचना प्रकाशित गर्दा संपादकमाथि नै सरकारको औंला ठडिएको र अर्कै विपत्ति आइलाग्ला भनेर भिक्षुजीले नै 'गोठाले' उपनामबाट प्रकाशित गरिदिनु भएको हो, र मैंले ००७ सालपछि मात्र नाम पछि उपनाम जोड्न थालेको हुँ ।

(११) पाठकवर्ग वा हामीलाई तपाइँको तर्फबाट केही सुझाव दिनु हुन्छ कि ?

गोठाले- मैले भन्नुपर्ने कुरा त शायद माथि नै भनिसकें जस्तो लाग्छ । नेपाली साहित्यकोलागि तपाइँहरूले जुन कार्य गरिरहनु भएको छ त्यो अत्यन्त प्रशंसनीय कार्य हो । यसको निरन्तरता जारी रहोस् मेरो शुभकामना छ । यौटा पत्रिका निकाल्न कति गाह्रो पर्छ सम्पूर्ण विघ्न बाधाको सामना गर्दै निकालिएको पत्रिका पढी यसको मूल्याङ्कन गरिदिन पाठक जिज्ञासु एवं विद्वत्वर्गसँग आग्रह गर्दछु - मेरो भन्नु यत्ति हो ।

प्रस्तुतिः-

- रामप्रसाद पन्त,
ठाकुर शर्मा

कथा

मनका कुरा

डा. अरुणा उप्रेती

'म स्तब्ध छु । सबै सपना झैं लागिरहेछ, डाक्टर पास गरेर आएको झण्डै तीस वर्ष वित्यो । त्यसपछि स्त्री रोग विशेषज्ञ भएर आएको झण्डै दश वर्ष वितिसकेको छ । यो बीस वर्षमा मैले प्रशस्त पैसा कमाइ सकेकी छु । न कमाउं पनि किन त त्यसै त डाक्टर कम उस माथि पनि स्वास्नी मान्छे त झनै कम । त्यसमाथि पनि नेपालको स्वास्थ्य समस्या त्यसमाथि पनि महिलाहरूको समस्या । यदि यी सबै समस्या नहुँदा हुन् त कसरी पो बाटो खुल्थ्यो कुन्नि पैसा कमाउने ?

ओहो ! पहिले पहिले त कस्तो समस्या भएथ्यो । मुख फोर्नै गाह्रो थियो । अहिले त म पोख्त छु । यदि धेरै विरामी आउँछन् कि खाने बस्ने फुर्सत छैन ।

जब भर्खर काम शुरु गरेकी थिएं । अस्पतालमा काम गरेको भर्खर छ महिना भएको थियो । एक दिन १९-२० वर्षकी एउटी महिला जचाउँन आइन् । ३ महिनाको गर्भ थियो । उनलाई जाँचेपछि मैले त केही समस्या बुझिन अनि आफूभन्दा ठूलो डाक्टरलाई देखाएं । उनले के औषधि लेख्दै थिइन् । बिरामी महिलाले भनिन् "डा. साव, म त यो बच्चा खसाउने औषधि लिन आएको ।" ए, त्यस्तो औषधि त हुंदैन । अस्पतालमा यस्तो काम गर्न गैर कानुनी छ । तपाईलाई खसाल्नै पर्ने भए बेलुका यहाँ आउनुहोला" डाक्टर ले ठेगाना, लेखिन् । अनि उनले म तिर हेर्दै भनिन् "के गर्ने, गर्भपत गर्न अस्पतालमा मिल्दैन । क्लिनीकमा गयो, यसो पैसा पनि आउने । महिलाहरूको पनि उद्धार हुने" । 'ए' भनेर म चूप लाँगे र सोचें गयो त पैसा कमाउने मज्जाको उपाय रहेछ । मैले पनि त्यही जुक्ति गर्नु पर्‍यो" । विस्तारै विस्तारै अस्पतालमा अधिग्रो गएर आएका वा अन्य ठाउँमा गर्भपात गराएर अनेक थरिका सक्रमण लिएर महिलाहरूलाई उपचार गर्दागर्दै मैले धेरै कुरा सिकें । अनि त भिन्दै क्लिनीक खोलेर बसें । मेरो सबभन्दा प्रमुख काम नै गर्भपत गरेर पैसा कमाउनु थियो । पैसा त यति धेरै कमाएँ कि एक वर्षमा नै मोटर किने र घर बनाँए । जीवन नै अर्कै हुन शुरु भयो । त्यसपछि पुनः पढ्न गएँ । फर्केर आएपछि 'विशेषज्ञ' भएं । मलाई कति ठाउँमा सरुवा गरियो ।

तर म त काठमाडौं छोडेर किन जान्थे र ? यहाँ पैसा छ, आनन्द छ । बाहिर के छ र ? तैपनि एक चोटी त म जबर्जस्ती पोखरा पठाइएं । त्यहाँ पनि गर्भपात गरेर प्रशस्त पैसा कमाएँ । कतिजना महिलाहरू २-४ दिन महिनावारी रोकियो कि गर्भ रह्यो भन्ने डरले म कहाँ जचाउन आउँथे । उनीहरूको गर्भ नरहेको भन्ने स्पष्ट भए पनि म 'तपाईको त गर्भ रहेछ' भन्थे । र भित्र क्लिनीकमा लगेर गर्भपात गराएको झैं गरेर पैसा लिन्थे । यसो धनी मानी मान्छे देखे बढी, साधारण देखे कम त लिन्थें ।

पछिल्ला केही वर्षहरूमा नेपालमा गर्भपात लाई कानूनी गराउनु पर्छ भनेर हावा चल्न थाल्यो । मैले त पहिले देखि नै घोर विरोध गर्दै आएँ । 'गर्भपात पनि कतै कानूनी गराउँछन् ! हाम्रो सीता, सावित्री र भृकुटीको देशमा यसरी गर्भपातलाई कानूनी रूप गरायो भने त देशका नवयुवाहरूको नैतिकता त सम्पूर्ण रुपमा नष्ट भै हाल्छ ।' मैले दिएको भाषणबाट धेरैजना अत्यन्त प्रभावित भए । यो भिन्दै कुरा हो कि वास्तवमा मेरो भित्री आशय त अर्कै थियो । कतै गर्भपातलाई कानूनी मान्यता दिइयो भने हामीहरू क्लिनीकमा के गरेर बस्ने, झिंगा मारेर बस्ने ? । एकचोटि एक जना धर्मगुरु उनको संघैको एकजना महिलालाई लिएर आए । महिलासंग उनको सम्बन्ध भाछ । तर धर्मगुरुले पनि कतै सम्बन्ध राखेको कुरा वाहिर निकाल्नु हुन्छ र ?

ती धर्मगुरुले मेरो अगाडि थुप्रै पैसा राखेर भने "डा.साव । यिनको ३ महिनाको गर्भ रह्यो । गर्भपात गराइदिनुस् ।"

ती महिलाको गर्भपात गराएपछि एकदिन एउटा विशाल जनसमुदायका अघि ती धर्मगुरु भन्दै थिए "आजकल पश्चिमी सभ्यताको हावा लागेका केही महिलाहरू पुरुषहरू गर्भपातलाई कानूनी बनाउने भनेर कराउँदै हिंडछन् । त्यस्ता मानिसहरूलाई ईश्वरले सराप दिनेछन् । हाम्रो विश्वको एक मात्र हिन्दू राष्ट्रमा, कानूनीरूपमा यस्तो अधर्म भयो भने देश नष्ट हुनेछ । यो सबैकाम केही गोरा छालाहरूको पैसाले गरेको हो । यस्तो कामलाई जसरी भएपनि रोक्नु पर्छ । पशुपतिनाथले वरदान दिएको देशमा भ्रूणहत्या गरे

के हुन्छ होला ? यो सबै विदेशी प्रभावको कारणले हो।

हामी नेपालीहरू नैतिक, आदिवासी हौं । त्यसैले नै हामी विश्वमा नाम कमाएका हौं । तर गर्भपातलाई मान्यता दिनु भनेको हामी नैतिक गरिबको पतन हो ।

हामा नारीहरू पतित हुनेछन् । देश नष्ट हुनेछ ।" ती भोटे धर्मगुरु मुखबाट थुक र विषारबाह भमिना निकाली गर्भपातको विरुद्धमा अझ बोल्दै थिए । त्यही बेला मेरा र उनका आँखा जुधे, मुठी उचालेर केही भन्न खोजेका थिए धर्मगुरु एक छिन त अकमकाए झैं भए । म मुस्कानको देखेर उनलाई अझ हौसला आएछ , मुठी मुचार्दै भने "म तपाईहरूको अगाडि जनै छोएर किरिया खान्छु यदि मेपाथकको संसदमा यो पाप भयो भने म आत्मदाह गर्नेछु ।" ती धर्मगुरुको कुराले विशाल तालि बजाये । म पनि खुशी भएं । आखिरमा उनी र म एउटै ड्राइभरको गाडी म थियौं नि ! उनलाई मानिसहरूमा आफ्नो भकाब कम होला भन्ने डर, मलाई चाँही मेरो कमाइ कम होला भन्ने डर ।

ती धर्मगुरुले धेरै पछिसम्म नयाँ नयाँ महिलाहरू लिएर म कहाँ आउँथे गर्भपात गराउन । म यति, लोकप्रिय हुनाको कारण के थियो भने म कहिले पनि धेरै कुराहरू सोद्धैन थिएं । कोई गर्भपात गराउन आउँछ भने गरायो, पैसा लियो पठायो, के बढी कचकच गरिरहनु ।

मेरा केही, साथीहरू जो म जस्तै महिला रोग विशेषज्ञ थिए र छन्, उनीहरू गर्भपात क्लिनीकमा गराउदैनन् ।

उनीहरू यसलाई 'गैरकानूनी' भन्छन् । मलाई उनीहरूको मूर्खतामा छक्क लाग्छ । गैरकानूनी भन्ने कुरा त किताबमा लेख्नुको लागि पो हो त ! वास्तविक जीवनमा हो र ? मकहाँ कति जना कानूनका रक्षकहरू श्रीमती, साथी लिएर आउँछन् । जो दिनमा महिलाहरूलाई गर्भपात गरेको गराएको आधारमा जेलमा हाल्छन् तर बेलुका मेरो क्लिनीकमा आएर गर्भपात गरिदिन आग्रह गर्छन् । अनि मलाई के को डर ! मेरो विचारमा यस्ता कानूनहरू त गरीब सोझा सिधा महिलाहरूलाई 'ठिक' पार्नको लागि हो । पैसा र शिक्षा भएको महिलाको लागि होइन ।

तर केही दिन अघि मेरो जीवनमा एउटा यस्तो घटना घट्यो जसले मेरो आफू प्रतिको भ्रमपूर्ण विश्वास हरायो । मेरी २५ वर्षीय छोरी आज अस्पतालमा छे । जीवन र मृत्युको दोसाँधमा झुली रहेकी छे । उसको विवाह भएको एक वर्ष पनि भएको छैन । तीन महिनाको गर्भ र हेछ । उसले उसका श्रीमान्ले यति चाँडै बच्चा पाउन चाहेन छन् । मैले मेरी छोरीलाई कहिल्यै जीवनका दुख्दडलको विषयमा बताउनै पाइन । सुत्तै भएन । विवाह पछि पनि रहेको बाडा राएर गर्भपात गर्ने विचार गरेछन् ती नव दम्पतीले । तर मैले कानूनी गर्भपातको बारमा बोल्ने, लेख्ने, वादविवादमा नैतिकता र अनैतिकताको तर्क गर्ने हुनाले मेरी छोरी म कहाँ केही नभनेर, एउटा डाक्टर कहाँ गइछन् ।

गर्भपात गरेको दुई दिन पछि मेरी छोरीलाई संक्रमण भयो, १०५ ज्वरो पुग्यो र उसको रगत बग्न लाग्यो । उसलाई अस्पताल पुऱ्याएपछि मलाई खबर गरिन्यो । अहिले म छोरीको जीवनको लागि प्रार्थना गर्दैछु । मलाई थाहा छैन मेरी छोरी बाँच्छे कि बाँच्दिन । मेरो आँखा अगाडि ती धुरी चीजहरू घुम्दैछन् जुन बेला मैले क्लिनीकमा गर्भपात गराएर, यस्तै संक्रमण भएर अस्पतालमा गएका महिलाहरूको कुनै उत्तरदायित्व महसुस गरिन । शायद उनीहरू पनि यस्तै प्रार्थना गर्थे होलान् । तर त्यो बेलामा मैले अरूको भावना प्रति कसरी ध्यान दिन्थे र ? मेरो त दुईवटा जीवन थियो । **"मिस्टर ज्याकल र मिस्टर हाइड"** जस्तै । क्लिनीक भित्र एउटा क्लिनीक बाहिर एउटा । आज म ती कुराहरू सम्झदैछु, किनभने मेरी छोरी अस्पतालमा छे । अरुहरूका छोरी, आमा, बहिनी यसैगरी अस्पतालमा पर्दा मैले कहिले विचार गर्थें र ?

* * *

विजया दशमी २०५४ को सुखद् उपलक्ष्यमा सम्पूर्ण देशवासीमा सुख, शान्ति तथा समृद्धिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नेपाल खानेपानी संस्थान

त्रिपुरेश्वर, काठमाडौं

कथा

मुर्दा

– अशेष मल्ल

- साँच्चै जागीर मिलाइदिने हो त सर !
- मिलाइहाल्छु नि कुन ठूलो कुरो
- फेरी मिलाइदिनु भएन भने नि !
- मिलाउँछु के मिलाउँछु
- सबै त्यसै भन्छन्
- अरु जस्तो हैन के म,
- भन्ने बेलामा सबै त्यसै भन्छन्
- यसको मतलब तिमी धेरैसंग.....
- यस्तो त फस्ट टाइम हो, सर संग मात्रै...
- मोरी ! कत्ति राम्री छ्यौ
- ऐय्या.....कति सारो टोक्नु भा !
- अलि नजिक आउन त !
- यहाँ भन्दा के नजिक
- तिमीलाई त क्वाप कुप्पै खाउँ झैं लाग्छ
- ऐय्या..... कस्तो नराम्रो वानी होला गाला टोक्ने
- गाला मात्र हैन के के टोकिदिन्छु
- आ' सर त !
- गर्ने वेला के के गर्ने/भरेभन्दा जागीर चाहिँ नमिलाइ दिने ।
- यस्तो बेला पनि कत्ति कराइ रा' होला जागीर... जागीर.....
- जागीर मिलाइदिनु हुन्छ भने मात्रै.....नत्र.....
- नत्र के
- नत्र जान्छु
- ए ! जागीर नमिलाइदिए यस्तो काम नगर्ने !
- अहँ,
- तिमी मलाई दिलदेखि मन पराउंदिनौ त्यसो भए ?
- के तपाईंले मन पराउनु हुन्छ र मलाई !
- सत्य-सत्य धरो-धर्म तिमी भएपछि मलाई कोही चाहिदैन
- यस्तो बेला सबै त्यसै भन्छन्
- म अरु जस्तो होइन
- थाहा छ मलाई
- के थाहा छ !
- जागीर मिलाइ दिन्छु भन्दै केटीहरूलाई विगार्ने ।
- मोरी !
- ऐय्या !
- यस्तो बेला पनि नचाहिंदो कुरा गर्छे मोरी
- साँच्ची भन्नोस् न सर !
- के !
- कहिले दिने नियुक्ति ?
- दिउँला नि !
- दिउँला.....दिउँला भन्दा भन्दै दुई महिना भै सक्यो ।
- दिउँला के
- खाली नियुक्ति दिन्छु भन्दै फकाउनुहुन्छ,
- फकाएको हैन के
- अनि के गरेको त !
- माया गरेको नि ! सांच्ची आइ लभ यू !
- थाहा छ मलाई
- के थाहा छ !
- फोन गरेर भन्दिउँ भाउज्यूलाई !
- हिम्मत छ ! झन् माया गऱ्यो झन् मात्तिन्छे,
- थाहा छ मलाई । यस्तो माया कतिलाई गर्नु हुन्छ भन्ने ।
- मूड नै विगार्न लागी यल्ले ।
- नियुक्ति कहिले दिने भन्नोस् न त ?
- दिउँला के दिउँला
- कहिले ? भोलि ?
- भोलि शनिवार हैन !
- कहिले त आइतवार ?
- हुन्छ....हुन्छ आइतवार दिउँला
- सांच्ची ?
- कस्तो नपत्याएकी !
- अस्ति पनि त्यसै भनेर के के गर्नु भो !
- भन्ने वित्तिकै मिल्छ त जागीर !
- जागीर मिलाउन कतिपल्ट सरसंग यसरी बस्नु पर्छ त ?
- पर्छ नि हजार पल्ट
- के रे ?
- नकरा न मोरी !
- मैले थाहा पाएँ

- के !
- तपाई मलाई जागीर मिलाइदिनु हुन्न
- आइतवार आउ अफिसमा म नियुक्ति पत्र दिन्छु ।
- यस्तो त अस्ति पनि भन्नु भा' थ्यो नि !
- यो त वार्गेन पो गर्छे ।
- वार्गेन नै हो सर !
- के रे !
- हेर्नोस् सर ! न तपाई मलाई माया गर्नु हुन्छ न म तपाईलाई माया गर्छु । जागीर मिलाइदिने शर्तमा मात्र आउँदैछु म !
- त्यसो भए तिमी मलाई माया गर्दिनौ ?
- सर नचाहिंदो कुरा नगर्नोस् । तपाईलाई मेरो माया चाहिएकै होइन घरमा स्वास्नी छोरा/छोरी हुँदा हुँदै पनि .....
- घरकीले अघाइएन के !
- के गरुँ त म ?
- मलाई माया गर न के के दिन्छु म त्यो जागीरको के कुरा !
- मलाई केही चाहिंदैन । सक्नु हुन्छ भने त्यै एउटा जागीर मिलाइ दिनोस्
- त्यो त मेरो देब्रे हातको कुरा
- आइतवार आऊँ त !
- अनि अहिले चैं जान लागेको !
- अँ !
- त्यसै मिलाउँछु भन्ठान्यौ कि क्या हो.....
- ऐय्या.....फेरी टोक्यो.....
- टोक्छु त !
- हेर्नोस् सर, यो अन्तिम हो, पर्सि पनि नियुक्ति पत्र दिनु भएन भने म कहिल्यै आउँदिन
- अनि पर्सि नियुक्ति दिएँ भने !
- बुढो भएर पनि कत्ति मात्तिएको होला
- खोइ मेरो प्रश्नको जवाफ ?
- कुन प्रश्न ?
- नियुक्ति पाइसकेपछि पनि.....
- हेर्नोस् सर म अविवाहित केटी ! घरमा आमा मात्र हुनुहुन्छ । यस्तो सम्बन्ध अरुले थाहा पायो भने तपाईको त के हुन्छ मेरो सारा भविष्य.....
- तेरो भविष्य मैं बनाइदिउँला
- चाहिएन सर.....
- के चाहिएन !
- तपाई मलाई अरु के दिन सक्नुहुन्छ ! पैसा हैन !
- त्यै पैसाकोलागि त जागीर खान लाग्दैछ्यौ
- जागीरको तलब भए पुग्छ मलाई ।
- अब चुप लाग अरु कुरा पछि । अब माया पिर्तिको कुरा
- मलाई अबेर भो' सर प्लिज...
- पख न पख
- ठीक छ जे जे गर्नु छ गर्नोस् । लाचारीको फाइदा उठाउनुहोस्
- अब नकराउ । के मुर्दा जस्तो भएकी
- म मुर्दा नै हुँ सर
- मुर्दा
- हो म मुर्दा । गरीब नभइदिएकी भए म पनि ज्यूँदो मानिस हुन्थें ।
- तँ मुर्दा हैनस्....हैनस्.....तँ....तँ....तँ.....
- !
- !!
- !
- !!
- !
- ल जाउ...पर्सि आउनु....नियुक्ति पत्र थमाइदिउँला हातमा !

* * *

विजया दशमी २०५४ को सुखद् उपलक्ष्यमा सम्पूर्ण देशवासीमा सुख, शान्ति तथा समृद्धिकोलागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

वीरेन्द्र अन्तर्राष्ट्रिय संमेलन केन्द्र

नयाँ वानेश्वर, काठमाडौं

राग

इन्दिरा प्रसाई

सधै झैं आज पनि म यस होटलको त्यही टेवीलमा आइपुगेकी छु । यो होटलमा यसरी मैले नियमित साँझ बिताएको पनि पन्ध्र दिन जति भइसकेको छ । सेकुवा, छोइला, भुटन र खास गरी दूधिया रक्सीका लागि यो होटल यस भेकमा नामी रहेछ ।

यस गाउँलाई शहर भन्ने कि यो शहरलाई गाउँ भन्ने जस्तो ठाउँ रहेछ यो । मलाई चाहिं यो गाउँ शहर बन्ने रहरमा बामे सर्दै गरेको जस्तो महसूस भयो । त्यसैले यो गाउँ गाउँ जस्तो पनि मलाई लागेन र शहर जस्तो पनि हुन सकेको रहेनछ ।

त्यसो त म एउटी आइमाई जातकी मान्छे भएर एक्लै रात बिताउने गरी यो ठाउँमा आएर गेष्ट हाउसमा बसेको देख्दा नै यस ठाउँका मानिसहरूलाई अचम्म भएको छ । अझ यस्तो रक्स्याहा होटलमा म नियमित आउनु भनेको आपत्ति जनक अनौठो हुनु स्वयंमा आश्चर्य होइन । एउटा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासंग संलग्न भएको कारण म वर्षका अधिकांश समयहरू यस्तै ठाउँहरूमा कहिले समूहमा र कहिले एक्लै नै बिताउने गर्छु । यहाँका बासिन्दाका लागि म र मेरो जीवनचर्या अनौठो र आपत्तिजनक भएता पनि मेरो जीवनचर्या मेरा लागि सहज र रमाइलो समेत छ ।

मुख्य कुरा डलर कमाउने क्रममा यसपालि म यस ठाउँमा आएकी हुँ । राजधानीबाट नजिकै भएर पनि विकासको अनुहार चिहाउनसम्म नसकेको यो ठाउँमा कुनै खास योजनाको सर्वेक्षण गर्ने काम यसपालि म यहाँ गर्दै थिएँ । जे होस् मेरो सर्वेक्षण वा यो योजनाद्वारा यस ठाउँको विकासले गति लिन्छ वा लिंदैन तर मेरो सर्वेक्षणको रिपोर्टकै कारण म संलग्न भएको संस्थाले प्रायोजित डलर आर्जन गर्नै पर्छ । त्यसै डलर मध्येबाट मेरो भागमा पनि एउटा राम्रो रकम पर्नेछ । जुन रकम मेरो जीवन यापनका लागि अनिवार्य छ । सारांशमा भन्नु पर्दा म जीवन यापन गर्ने क्रममा यस ठाउँसम्म पनि आइपुगेकी छु । र अहिले यसवेला यस ठाउँको एकमात्र रक्सीमा नाम चलेको यो होटलको एउटा अर्ध पुरानो मेच, टेविल रुँघिरहेकी छु ।

खासमा म यसरी होटल होटल चाहार्ने मानिस पनि होइन । बाहिरबाट हेर्दा म जतिसुकै अत्याधुनिक जस्ती देखिए पनि भित्र म भित्र मेरा पूर्व संस्कारहरू जागेरै बसेका हुन्छन् । आधुनिकताका नाममा जाँड रक्सीमा डुब्ने र चुरोटको धुवाँमा उड्ने अर्थात् यस्ता अम्मलीहरू मलाई मन पर्दैनन् । तर ऋतुसंग भने म किन हो किन एकैपटक उसलाई देख्नासाथ भुतुक्क हुन पुगेकी छु । त्यो मानिस अर्थात् ऋतु नै यसवेला म यस होटलमा यसरी नियमित धाउनुको कारकतत्त्व बनेको छ । झ्याम्म गाला छोपिने गरी पालिएका उसका काला दारी, निख्खर काला रङका परेवाका झैं निर्दोष देखिने उसका एक जोडी उदास आँखा, गर्धनलाई छुन छुन खोजेसरी हावामा उड्न सक्ने फुक्का अनि थाहा नपाइँदो खैरोपन मिसिएको कालो केश र धेरैवेरसम्म हेरिरहे जो सुकैलाई पनि काउकुती लगाउलान जस्ता पोटिला गाढा मासुरंगका ओंठ । त्यसबाहेक त्यसबेलाको ऋतुको सुहाउँदो सफा सुकिलो पोशाकमा नियन्त्रित उसको सामान्य कदले पनि मलाई ऊ प्रति आकर्षित तुल्याएको थियो । मलाई मान्छेको गन्धलाई अतिक्रमण गर्ने अत्तरको गन्ध मनपर्दैन र मान्छेको मान्छेपनलाई नाङ्गै पार्ने उसको पसिनाको दुर्गन्ध पनि मन पर्दैन । तर सधै नुहाएर सफा पहिरनको मानिसबाट निस्कने एक किसिमको वासनासंग भने म लालायित हुने गर्छु । त्यो पहिलो दिन ऋतुलाई यसै होटलमा भेट्दा त्यसै किसिमको मलाई मनपर्ने सुगन्ध पनि उसको शरीरबाट आइरहेको थियो ।

आज यो होटलको यस टेविलमा एक्लै भएर पनि म पन्धदिन अघि मैले बिताएको त्यो साँझ सम्झिरहेकी छु ।

त्यसदिन मलाई यो नयाँ ठाउँको एकान्तले लघारिरहेको थियो । शून्यतासंग भाग्दै हिंडदा म अनायसै यो होटलमा पस्न पुगेकी थिएँ । सरसफाइका सामान्य सिद्धान्त पनि पुरागर्न नसकेको यो होटल देखेपछि मेरो मुख घीनले तम्तमाइलो भयो । त्यस पछि यो होटलको प्रवेशद्वारबाटै मलाई फर्कन मन लाग्यो । तै पनि त्यहींबाट एकसर्को नजर घुमाएर होटल भरी हेर्न खोजें । त्यहाँका हेर्न हुने कुनै पनि दृश्यले मलाई लोभ्याएन बरु फोहोरी र

अपरिचित मानिसहरूको झुण्ड देखेर त्यहाँबाट चाँडो भन्दा चाँडो निस्कन मन लाग्यो । म फर्कनै लागेकी थिएँ त्यसैवेला एउटा आवाज मेरा कानमा पऱ्यो । मैले आवाजतिर ध्यान दिएँ । एउटा मानिस मलाई बाटो छोड्ने अनुमतिका शिष्टाचार पूर्ण शब्दसाथ मेरै पछिल्तिर उभिइरहेको थियो । मैले पनि अलिकति पऱ्छिएर उसका लागि बाटो छोडिदिएँ । उ मेरा अगिल्तिरबाट होटलको पल्लो किनार मा भएको त्यो टेबिलसम्म पुगेको थियो । म होटलबाट बाहिरिने उद्देश्य बिर्सिएर उसैको पछिपछि उसको टेबिल मै पुगेंछु । वास्तवमा उसको व्यक्तित्वको आकर्षण संगसंगै उसको शरीरबाट निस्किरहेको मलाई मनपर्ने हरकका कारण पनि म यन्त्रवत् उसको पछि लागेंछु ।

'म पनियहाँ बस्न सक्छु ?' मैले उसको टेबिल अघि पुगेको केही क्षणपछि उसलाई सोधेकी थिएँ ।

'कृपया तपाईं उ त्यतातिर बस्नोस्, मलाई एक्लै बस्न रमाइलो लाग्छ ।' उसले वडो रुखो आवाज निकालेको थियो । हातले चाहिं अलि परतिरका खालि टेबिलहरू तर्फ देखाएको थियो । यसरी उसले मलाई पऱ्छाउने उद्देश्यले हात उचालेका बेला मेरो ध्यान चाहिं उसका पातला र लामा लामा गोरा औंलाहरूमा परे । उसका सलक्क परेका औंलाहरूले सजिएको सुन्दर हात प्रति म झनै मोहित भएँ । हुन पनि हरेक व्यक्तिको परख गर्ने क्रममा उसका हात, हातका औंला र नङहरू अनि मोजा नलगाएका मानिसहरूका खुट्टा, खुट्टाका औंला र नङ पनि खुबै नियालेर हेर्ने मेरो बानी छ । सुन्दर औंलाहरू भएका मानिसहरूको मन पनि सुन्दर हुन्छ भन्ने मेरो आफ्नै धारणा छ । मलाई त्यसक्षण ऋतुका औंलाहरू र असाध्य धैर्यसाथ सफा गरी काटिएका नङहरूले पनि प्रभावित तुल्याए ।

ऋतुले म प्रति पटक्कै वास्ता गरेको थिएन तर म भने अब ऋतुलाई छोड्ने पक्षमा नै थिइन । मलाई हत्तपत्त जस्तो तस्तो मानिसले प्रभावित पार्न पनि सक्दैन र आफूलाई मन परेको मानिसलाई म सितिमिति छोड्ने जीव पनि होइन । यथार्थ कुरो मलाई त्यो मनिस मनपरेको थियो । त्यसैले मलाई उसले गरेको रुखो व्यवहार पनि पनपरेको थियो ।

'महाशय, तपाईं त गजबको मानिस हुनुहुँदो रहेछ बा ! आफ्नै मात्रै चिन्ता गर्नुहुंदो रहेछ , हेर्नोस् ! म पनि एक्लै बस्न सक्तिन, आजको यो साँझ तपाईंसंग गफ गरेर बिताउने मलाई इच्छा भयो । अब तपाईंको कृपापूर्ण अनुमतिको मात्र आवश्यकता छ ।' मैले आफ्नो वाणीमा हास्यपुट थपेर अनुनयपूर्ण जिद्दि गर्न थालें । किनभने म उसलाई छोड्ने पक्षमा पटक्कै थिइन ।

हामी दुई बीच भएका औपचारिक वार्तामा त्यहीं वरिपरिका केही मानिसहरू चाख लिइरहेका थिए । त्यस ठाउँका मानिसहरूका लागि हाम्रो वार्तालापको विषय अनौठो र वाहियात किसिमको पनि थियो । कुनै पनि खालि मेचमा गएर कोही व्यक्ति बस्नु यस ठाउँका लागि स्वभाविक थियो । यति जाबो कुराका लागि मैले अनुनय गरेको देखेर यी मानिसहरू छक्क पर्नु पनि नौलो थिएन ।

तर वरिपरिका आँखाहरूसंग ढिठ हुँदै म उसको अनुमतिका लागि त्यहीं एकनास उभिइरहें । केहीवेर पछि मेरा अगिल्तिर राखिएको उसको घरबुनाको झोलालाई अर्कापट्टि उसले साऱ्यो । त्यसपछि एकपल्ट झट्ट म तिर हेऱ्यो । अर्थात् उसले उसैको टेबिलमा मलाई अनुमति दिएको थियो ।

'धन्यवाद, धेरै धेरै धन्यवाद' मैले मेचमा थचक्क बस्तै भनेकी थिएँ । वास्तवमा मेचमा बसेपछि मात्र म निकैवेर उभिएको कुराको मलाई पत्तो भयो । मेरो कम्मर निक्कै दुःखेछ । मेचमा एकैछिन बिसाएपछि मैले एकपटक ती अघिदेखि हामीलाई ताकेर बसेका आँखाहरू तिर आफ्ना आँखा पुऱ्याएँ । कसो कसो त्यतातिर हेरेका बेला मेरा मनमा मैले ठूलै विजय हासिल गरे झैं भएको थियो । त्यताबाट आफ्ना आँखा फर्काएपछि मैले मित्र बनाउन रुचाएको मेरो सामुन्नेको व्यक्ति माथि मेरा दृष्टि गाडिए । वास्तवमा मेरो नवीनतम मित्रको सम्पूर्ण व्यक्तित्व मैले रुचाए जस्तै थियो । म पुनः आफै आफ्नो यसबेलाको प्राप्तिमा दङ्ङ परिरहेकी थिएँ । तर मेरो नायक भने कुनै अङ्ग्रेजी पुस्तक पढ्नमा व्यस्त देखियो । 'कस्तो अनौठो जीव रहेछ म भने यत्रो संघर्ष गरेर उ सामु बसेकी छु, उ चाहिं किताब पढिरहेछ ।' म आफैं भित्र भित्रै भुत्भुताएँ । हुनपनि मलाई उसको यस्तो चिसोपनाले झोंक चलिरहेको थियो । दुई मानिसहरू जब आमुन्ने सामुन्ने बसेका हुन्छन् त्यसबेला बीचमा आउने किताब मलाई पटक्कै मन पर्दैन अझ विपरित लिङ्गी आकर्षणका तुलनामा किताबको आकर्षण मेरा लागि गौण हुने गर्छ । तर उसले भने मपट्टि वेवास्ता गरेर एकनास पुस्तक मै डुबिरह्यो ।

'महाशय, तपाईंको शुभनाम जान्न सक्छु ।' मैले उसको ध्यान किताबबाट आफूपट्टि ल्याउने प्रयत्न शुरु गरें ।

'ऋतु' उसले किताबबाट आफ्ना आँखा नहटाई, मेरा अनुहारपट्टि हेर्दै नहेरी भनेको थियो । त्यसपछि म प्रति कुनै रुचि नलिएको उ आफ्नो किताब मै फर्किएको थियो ।

मलाई उसले औपचारिकताको निर्वाह गर्नसम्म नै भए पनि मेरो नाम पनि नसोधेकोमा अपमान बोध हुन हुन खोज्यो । तर मेरो उद्देश्य यसबेला उ सम्म पुग्नु नै थियो । त्यसैले मैले अरु केही नसोचेर पुनः उ माथि आँखा मात्रै गाढीरहें । उ पटक्कै चलमलाएको होइन । मूर्ति जस्तो भएर किताबै हेरिरह्यो ।

'मलाई रागिनी भन्छन्, म यस ठाउँमा केही दिनका लागि आएकी हुँ । सरकारी गेष्ट हाउसमा बसेकी छु, खाना पनि त्यहीं कै पिउनले पकाएर ख्वाउँदो रहेछ । यो ठाउँ मलाई सारै चकमन्न लाग्यो । तपाई पनि यस ठाउँको बासिन्दा हुँदै होइन । मेरो कुरा ठिक हो !' मैले कुरा गर्दा गर्दै उसको अनुहारमा हेरें, उसले मेरो कुरा सुन्नासाथ आफूले पढिरहेको किताब जोड्ले बन्द गर्दै तम्तमाइलो अनुहार पारेर मतिर हेर्न लाग्यो ।

उसले किताब बन्द गरेको देखेपछि म मनमनै रमाउँदै बाहिर ओठमा पनि केही मुस्कान ल्याउन थालें । 'मलाई साथिभाइसंग गफ गर्ने, यात्रा गर्ने, अनि एकान्तमा संगीत सुन्ने र पुस्तक पढ्ने सौख छ ।'

उसले चाहँदै नचाहेको मेरो परिचयको झटारो मैले उसैलाई हानेकी थिएँ । अघिसम्म किताबमा मात्रै गाढिएका उसका दृष्टिहरू अब पूर्णरूपले मैमाथि खनिएका थिए । उसका दृष्टिहरूले मलाई हेरेका मात्र थिएनन् पढ्न खोजेका थिए । तर मन नपरेको लेखकको पुस्तक जस्तो किताबमा परिणत गरेर उसले मेरा पानाहरू सरसरती पल्टायो मात्र । उसका सुन्दर आँखाका ममाथि परेका दृष्टि चाहिं मलाई नै अप्रिय लागे । हुनपनि उसको अनुहारको केहीबेर अघिको निर्विकार भावमा आक्रोशले अधिकार जमाएको प्रष्टैसंग देखिन्थ्यो । तर यति हुँदा हुँदै पनि उ माथि साम्राज्य जमाइरहेको उसैको निश्च्छलतालाई भने उसले लुकाउन सकेको थिएन ।

'रागिनी ! यदि यस ठाउँमा अर्को पनि यो जत्तिको होटल भैदिएको भए म यसबेलासम्म त्यहाँ पुगिसक्ने थिएँ । हेर्नुहोस् ! मलाई आइमाई मानिस मन पर्दैनन् । अब कृपया तपाई चुप लाग्न सक्नु हुन्छ ।' उसका सुन्दर ओठहरू मेरा लागि अप्रिय शब्दहरू ओकलेर चुप भएका थिए । मलाई कैयौं दिन पछि मात्र यति विघ्न मनपरेको मेरो नायकले मलाई नै नरुचाएको देख्दा नरमाइलो लागेर आयो । पहेंलो भर्भराउँदो सुन्दर आगोको ज्वालाले पनि पोलेर पीडा दान गर्ने गरेको यथार्थ सम्झन पुगेंछु म ।

आफुले यस्तो सुनसान र घनघोर अपरिचित मानिसहरूले भरिएको जंगलमा बल्ल तल्ल फेला पारेको मेरो सुन्दर नायकले मलाई नै यसरी सरक्कै पन्छाउँदैमा पन्छिने प्रकारको जीव म पनि थिइन । त्यसो त उसको आइमाई प्रतिको वितृष्णा सुनेर मलाई पनि उसंग हुनसम्म जङ्ग चलेको थियो तर यहाँसम्म आइपुगे पछि अब सजिलै पछाडि हट्ने र उसलाई गुमाउने पक्षमा पनि म थिइन ।

म आइमाईको परिभाषा गर्न जान्दथे र उसंग आइमाई मन नपर्ने कारण पनि सोध्ने एकमन मलाई इच्छा भएको थियो । तर ऋतुको गम्भीर अनुहारसंग त्यस्ता प्रश्न सोध्ने यसबेला मलाई मनै भएन । म उसको अस्वाभाविक रङ्गमा आफूलाई रङ्गाइरहेको मुखाकृति मै अलमलिई रहें ।

'र रागिनी जी ! यदि तपाईको भोलि पनि यही होटलमा आउने उद्देश्य भए अहिले नै भन्नु भए हुन्छ । म यहाँ आएर तपाईका वाहियात कुरा सुन्नु भन्दा आफ्नै कोठामा एक्लै बसेर साँझ बिताउन रमाउने छु ।' उसका वाणीहरू अझकठोर भएर म माथि वर्षिरहेका थिए । उसले म प्रति वर्षा गरेको कठोरतामा पनि त्यस भित्रको कोमलांशले मलाई नै स्पर्श गरिरहे जस्तो मलाई लाग्यो ।

जति जति ऋतु म प्रति कठोर हुँदै गएको थियो म भने अझ पग्लिरहेकी थिएँ । उसको कठोरताले पनि मलाई आनन्द दिइरहेको थियो । अब मेरो लक्ष्य ऋतुलाई कुनै पनि जुक्तिले प्राप्त गर्नु मात्रै थियो । त्यसैले अब म अझ उ प्रति नै केन्द्रित हुन पुगें ।

'ल भै गयो ऋतु ! तपाईलाई मन पर्दैन भने म भोलिदेखि यो होटल मै प्रवेश गर्ने छैन । तर तपाईले पनि मेरो आजको इच्छा पुरा गरिदिनु पर्छ ।' मैले उसका सामु हारेर उसलाई जित्न खोजें ।

'अहँ, हुँदै हुन्न, हेर्नुहोस् ! म आइमाईलाई अन्तर्हृदयदेखि घृणा गर्दछु । अब तपाई चुप लाग्नु होस् र मलाई अशान्त नतुल्याउनु होस्' ।

यस पटकको उसको आवाजमा कर्कशता भएर पनि त्यहाँ आर्द्रताका अंशहरू छूयाल्ल ब्याल्ल थिए । मैले उसको अनुहारमा नियाल्न खोजें, मतिर फर्किएका उसका आँखाहरू मेरा आँखाले आक्रमण गर्नु अघि नै उसले चिम्लि दियो । उसले आँखा चिम्लेपछि झनै निर्धक्क भएर मैले उ माथि विचरण गर्न खोजें । त्यसक्षण उसका अनुहारका भावहरूमा अव्यक्त पीडाका छालहरू मात्रै एकनास आइरहे, गइरहे ।

'ऋतु ! मैले त तपाईलाई एउटा पूर्ण मानवका रूपमा अनुभूत गरेकी छु । हेर्नुहोस् यस क्षण मैले तपाईलाई लोग्ने मानिस र मलाई आइमाईको खाकामा ढालेकी छैन । तपाई जस्तो मानिसले पनि मलाई एउटा मानिस मात्रको रूपमा स्वीकार गर्न सक्तैन र ? भै गो सधैंका लागि नभए

पनि यो साँझ म एउटा मानिस भएर अर्को मानिससंग विताउने तपाईसंग अनुनय गर्दछु ।'

म पनि आफ्ना अवुहार र शैलीमा सकेसम्म कोमलता र पीडा गाँसेर उ सामु प्रस्तुत भएकी थिएँ । त्यसैवेला उसले आफ्ना आँखा खोलेको थियो । केहीवेर बन्द भएका ती आँखाले थप चमक लिएर आएका थिए । उसका ती दृष्टिमा निकै ठूलो परिवर्तनको आभास मैले देखें ।

'ऋतु ! मात्रै आजको यो साँझमा मेरो आइमाईपनलाई विर्सिदिन तपाई सक्नु हुन्न र ?' मैले उ माथि प्रवेश हुने क्रममा आफूलाई अझै भिजाएकी थिएँ ।

त्यसपछि बल्ल उसका परेवा आखाँहरू मेरा चञ्चल आँखासम्म आएका थिए । उ केहिवेरसम्म मेरा आँखामा डुबिरह्यो र म पनि । मेरा आर्द्रस्वरमा निस्किएका विचार हरू प्रति उ कोमल हुन पुगेको थियो अथवा त्यसक्षण मेरा आखाँमा तैरिन खोजेको संवेदनाले उसलाई द्रवित पारेको थियो, मैले निर्णय गर्न सकिन ।

तर त्यसपछि पनि उसले चाहिं मसंग खास गफ गरेन स्वभाववश म भने उसंग आफ्ना गन्थन गर्न पछि परिन । उसले हार्डड्रिंक लिएको थियो र मैले चाहिं सधैं झैं चिसो पेय मात्र लिएकी थिएँ ।

'ऋतु ! मलाई तिमी असाध्यै मन पर्‍यौ, म तिमीसंग रमाइलो गर्न चाहन्छु ।' अप्रत्यासित मबाट मेरो वाणी खुस्केको थियो । रक्सी उसले खाइरहेको थियो तर उसको नशाको मात मलाई चढिसकेको रहेछ । हुनपनि जति जति समय वितिरहेको थियो त्यति त्यति म ऋतुको गम्भीर र शालीन सुन्दरतामा मुग्ध हुँदै गएकी थिएँ । मैले समयको गति संगसंगै ऋतुलाई आत्मसात गरिसकेकी थिएँ । त्यसबेला ऋतु मलाई पटक्कै पराई लागिरहेको थिएन ।

'रागिनी ! तपाईंले यो कस्तो कुरा गर्नु भएको ? सर्वप्रथम म कुनै उपभोग्य वस्तु होइन । मैले अघि नै भनिसकें म आइमाइलाई घृणा गर्छु । यसवेला मैले तपाईंलाई लिङ्ग भेदका दृष्टिले अनुभूति गरेको पनि छैन । र रागिनी ! मैले आईमाईलाई प्रेम नगरी कहिल्यै पनि भोग गरेको छैन र तपाईं मेरो प्रेमको परिधिमा प्रवेश गर्नु हुने पनि छैन भन्ने कुरामा म पूर्णरूपले विश्वस्त छु ।' मेरो आशक्तिको ऋतुबाट नकारात्मक जवाफ पाए पनि उसको आकर्षणमा आफूलाई हराउन लागेकी म चुपचाप उसको सामिप्यतामा रमीरहेकी थिएँ । त्यसबेला जेसुकै गरी भए पनि उसलाई प्राप्त गर्नु सिवाय मेरो अर्को लक्ष्य थिएन ।

त्यस रात निकै अबेरसम्म उसले पिएको थियो र मैले पनि साथ दिने क्रममा समयले गाढा अँध्यारो हुनुपरेको थियो । तर झन्नै चारपेग रक्सी खाँदा पनि उसको व्यवहारमा कुनै परिवर्तन थिएन । उसको अत्यन्त सन्तुलिन चालमा हामी होटलबाट बाहिर निस्केका थियौं । त्यसदिन मेरो चिसो पेयको पैसा पनि उसैले तिरेको थियो । सामान्यतया मलाई मैले खाएको पैसा अर्काले तिरेको मन पर्दैन तर त्यसदिन ऋतुले त्यसरी मेरो पैसा समेत तिर्दा मलाई उसंगको आत्मीयपनले रमाइलो लाग्यो ।

हामी मूल सडकमा आइपुगेका थियौं । त्यसपछि उसको र मेरो गन्तव्यको दिशा विपरित थियो । हामी छुट्टिने क्रममा थियौं । मेरो मुटुमा गह्रौं ढुङ्गा बंसेजस्तो भएर मलाई त्यसक्षण एकाएक नमीठो पीडा हुन खोज्दै थियो ।

'तपाईं एक्लै जान सक्नु हुन्छ ?' मसंग विदा हुने क्रममा उसले शालीनताको अर्को परिचय मेरा सामु प्रस्तुत गरेको थियो । निस्सासिएको मानिसलाई सानो हावाको लहरले शक्ति दिए जस्तै भएर म पुनः सतहमा उभिएकी थिएँ ।

'तिमीले पुऱ्याइदिन सक्यौ भने कृतार्थ हुनेछु, रात निकै वितेको पत्तै भएनछ, यो ठाउँ पनि मेरा लागि अपरिचित भएकाले ।' मैले आफ्नो आवाजमा निरिहताको घोल घोलेर उमाथि प्रयोग गर्न खोजेकी थिएँ । यो उसको औपचारिकताको डोरी समातेर उसै माथि आधिपत्य जमाउने मेरो प्रयास थियो । वास्तवमा त्यसबेला पनि म उसंग छुट्टिनै चाहन्नथें । नत्र मेरो गेष्ट हाउस त्यहाँबाट खास त्यति टाढा पनि थिएन र अर्को कुरा म जस्ती स्वतन्त्र चरीलाई एक्लै रात विरात पनि हिंड्न खासै कठिनाइ हुने कुरा थिएन ।

त्यसपछि हामी बीच कुनै वार्तालाप भएको थिएन । हामी दुबै कच्ची सडक भएर मेरो सुत्ने ठेगाना तिर लम्किरहेका थियौं । गेष्टहाउसको मूल ढोका मा पुगेपछि उ फर्कन तयार भएको थियो ।

'एकै छिन मेरो कोठामा बसेर फर्किए के हुन्छ र ?' त्यत्ति नै खेर मैले मेरो दाहिने हातले उसको देब्रे हातका नारी च्याप्प समातेर उसलाई भित्र तिर लग्न खोजें । वास्तवमा त्यसवेला मैले जे पर्ला भन्ठानेर उसलाई त्यसरी समातेकी थिएँ तर मेरो मनको भित्री तहमा भने उसले त्यसरी मैले समातेको हात खुस्काएर मसंग रिसाउँदै आफ्नो बाटो लाग्ला भन्ने नै थियो । तर मैले कल्पना गरे विपरित र मैले चाहे जस्तै भएको थियो । अर्थात् उ गह्रौं चालले नै भएपनि मेरा पछि पछि मेरो कोठामा

पुगेको थियो ।

मैले कोठाको ढोका खोलें र त्यसबेला त्यहाँ हामीलाई चाहिएको उज्यालोको पनि व्यवस्था गरें । त्यो उज्यालोमा मैले उसको अनुहार हेरें र त्यहाँ दौडिन खोजेका भावहरू पनि पढ्न खोजें । त्यति बेलासम्म पनि उ बसेको थिएन । झन्नै फर्कनै लागे जसरी कोठाको सरसर्ती निरीक्षण सकेर ऊ पलङको छेवैमा भएको मेचमा बस्यो । म पलङमा बसें ।

'रागिनी ! अब म जान्छु, म यहाँ बस्नुको पनि कुनै अर्थ छैन ।' केहीबेर निर्विकार रूपले मलाई हेरेपछि उसले भनेको थियो । 'ऋतु ! तर म चाहन्छु यो रात तिमी मसंगै बिताउ, बिना अर्थको रात पनि म रमाइलोसंग बिताउन सक्छु । आजको साँझ पछिका सबै समय तिमीले मेरो खुशीमा बिताएर मलाई अनुगृहित पारेका छौ । आजको रात तिमीसंग नै बिताउने म इच्छा गरिरहेकी छु । ऋतु ! एउटा मानिसले अर्को मानिससंग गरिने एउटा सानो इच्छा मात्रै व्यक्त गरिरहेकी छु । यसलाई तिमीले अन्यथा नसोचे । तिमीले मेरो इच्छाको सम्मान गर्दै आएका छौ र अब तिम्रै इच्छा सर्वोपरि छ ।' मैले ऋतुका आँखामा आफ्ना आखाँहरूलाई पहरेदारी गराएर भनें ।

त्यसपछि उ केही बोलेको थिएन । तर आफ्नो शरीरलाई खुकुलो पारेर मेचमा राम्ररी ढल्केको थियो । र उसले आँखा पनि चिम्लेको थियो । उसको व्यवहारबाट मैले उसको स्वीकृतिको सूचना पाइसकेकी थिएँ । त्यसपछि मेरो भागको खानेकुरा हामी दुवैले बाँडेर खाएका थियौं । त्यो त उसले भोजन प्रति कुनै रुचि देखाएको थिएन । तर त्यसबेला पनि मेरो स्नेहपूर्ण अनुरोधका अगाडि उसले पुन: घुँडा टेकिदिएको थियो ।

मेरो कोठाको एक मात्र पलङमा सुत्ने रीतिथितिमा म सक्रीय भइरहेकी थिएँ । रात साँच्चै छिप्पिदै गइरहेको थियो । यसै क्रममा मैले चाहिं आफ्ना बाहिरी लुगा फुकालेर नाइटी लगाइसकेकी थिएँ । मैले धेरै कर गरेपछि उसले पनि आफ्ना बाहिरी पहिरन खोलिसकेको थियो ।

सानो पलङको एकाछेउमा उ ढल्क्यो र अर्को छेउमा म । हामी दुई बीचको ठूलो अन्तराल नहुँदा नहुँदै पनि हामी एउटै कोठाको एउटै ओछ्यानमा सुतेका छौं भन्ने कुरा जति नै सत्य भएरपनि हामी धेरै टाढा थियौं । नाइट बल्बको उज्यालोमा केहीवेर अघि मात्र परिचित हुन पुगेको उ मलाई यसबेला पराई जस्तो लागिरहेको थिएन ।

रात निकै बितिसकेको र गाउँ कै परिवेश भएकाले नजिकै कतै झ्याँउकीरीको आवाजले शून्यता भङ्ग गर्दै थियो । कतै टाढा कुकुर भुकेको आवाज पनि आइरहेको थियो । तर यथार्थमा चकमन्न थियो । मैले ध्यान दिएर सुनें उसले सास फेरेको आवाज पनि मैले सुनें ।

अनायासै मेरो दाहिने हात उसको टाउको सम्म पुग्यो । मैले विस्तारै उसका केश सुम्सुम्याउन लागें । यन्त्रवत् मेरा हातका औंलाहरू उसको टाउको र केशका जरादेखि टुप्पासम्म चलिरहे । म पट्टि आफ्नो पीठ फर्काएर सुतेको ऋतु अचानक म पट्टि फर्कियो ।

मेरा हात रोकिन पुगे । डर डर पनि लागेजस्तो भयो । रातको चकमन्नतामा एउटा परपुरुषसंग यसरी एउटै बिछ्यौनामा सुत्न पुगेको मेरो मन पनि ढक्क भएर फुल्न खोज्यो । मैले आँखा चिम्लिरहें । तर अलिअलि चोरेर उसको गतिविधि नियालिरहें ।

त्यसैवेला अप्रत्यासित रूपले उ मेरो छातिमा टाउको जुधाउन आयो । म छक्क पर्दा पर्दै पनि मेरो हात पुन: यन्त्रवत् उसको टाउकोमै पुग्यो र पूर्ववत् केश मुसार्न मै समर्पित रह्यो । अचानक मेरो छातिबाट घुँक्क घुँक्क गरी रोएको आवाज आयो । अब म अकमक्क परें । मैले उसको केश मुसार्दा मुसार्दैको आफ्नो दाहिने हात उसका आँखा र गालामा पुऱ्याएँ । 'ऋतु ! किन ऋतु ! के भयो !'

एउटा अधवैंशे लोग्ने मानिस यसरी रुँदा मलाई अचम्म र हुनसम्मै नरमाइलो पनि लागेको थियो । 'रागिनी ! मैले मेरी आमालाई सम्झें । मलाई उहाँले असाध्यै माया गर्नु हुन्थ्यो । उहाँले यसरी नै मेरो टाउको मुसार्नु हुन्थ्यो रागिनी ! तर मैले कहिल्यै मेरी आमालाई माया गरिन । पन्धदिन अघि मात्र मलाई थाहा भयो, रागिनी ! उहाँ दिवंगत हुनु भएको पनि एक वर्ष भइसकेछ ।' उ अझ केहीवेर त्यसरी नै रोइरह्यो । मैले उसका लागि कुनै सान्त्वनाका शब्द उच्चारण गर्न सकिन ।

नि:शब्द मेरा हातहरू त्यसपछि अझै मायालु पाराले उसका केशहरूसंग खेलिरहे ।

निकैबेर पछि ऋतु मेरो छातिमा रुँदा रुँदै निदाएको थियो । निदाएको ऋतु मेरो छातिमा झनै लपक्क टाँस्सिएको थियो । त्यसरात उ एकनास निदाइरह्यो, एकैपटक पनि ब्युंझेन । एउटा अपरिचित पुरुषसंग रात बिताउने आफ्नै रहर भएर पनि म चाहिं त्यसरात मस्त निदाउन सकिन । एकनास ऋतुलाई छातिमा टाँसेर सुताइरहँदा त्यसक्षण मलाई पनि ऋतु बाध्यताबस बोडर्स गर्नु परेको मेरो छोरो अनुप जस्तै लाग्यो ।

त्यो रातभरि नै मैले ऋतुलाई उसैको इच्छा अनुसार ले छातिबाट हटाइन । त्यस विहान पनि सदा झैं म

सवेरै ब्युंझेकी थिएँ तर आफूसंग लपक्क टाँस्सिएको ऋतुलाई छुट्याउन मलाई मनै लागेन । त्यसैले उ ब्युंझिने प्रतीक्षामा पर्खिरहेकी थिएँ ।

ऋतु ब्युंझियो । उसले ब्युझिनासाथ मेरो छातिमै टाँस्सिएर नै मेरा अनुहार तिर आँखा पुऱ्यायो । त्यसबेला मेरा आँखाले पनि उसैलाई हेरिरहेका थिए । ऊ मुसुक्क हाँस्यो, त्यसरी उ हाँस्ता उसका सुन्दर ओठहरू अती सुन्दर देखिए । त्यसैवेला उसले केही सम्झन खोज्यो र लाज माने झैं आफ्ना दृष्टि मबाट ओराल्यो । यसैबीच उ जुरुक्क उठेर बस्यो । पलेंटी कसेर बसेको उसले मेरो टाउको आफ्ना काखमा राख्यो र धमाधम अमृत वर्षा गर्न लाग्यो । मलाई यसरी अनायासै र अप्रत्यासित जताजतै उसले चुमेपछि म आत्तिएँ ।

'के भयो ऋतु ! मैले उसको चुम्बन वर्षाबाट ओत लाग्न खोज्दै भनें ।

'रागिनी ! म तिमीसंग प्रेम गर्छु, अब म संसारका सम्पूर्ण आइमाईलाई सम्मान गर्छु । रागिनी ! तिमी मेरी प्रेम हौं ।' ऋतुले मलाई आफ्नो बलिष्ठ आलिङ्गनमा कसिसकेको थियो । त्यसपछिको समय मैले हिंजो साँझ उसलाई प्रथमपटक देखेपछि कल्पेको क्षण भन्दा पनि मीठो र सुन्दर भएर वितेको थियो ।

त्यसविहान हामी दुबैले संगै र उत्साहका साथ खाना खाएका थियौं । त्यसपछि हामी आ-आफ्ना कार्यक्षेत्र तर्फ लाग्यौं । ऋतुले मसंग छुट्टिनु अघि साँझ यही होटलमा भेट्ने बाचा गरेको थियो ।

त्यसपछिका हरेक साँझ म यहीं आएर बिताइरहेकी छु । तर त्यसपछि ऋतु भने आजसम्म आएकै छैन ।

भोलि मेरो यहाँ आउनुको उद्देश्य पनि पुरा हुन्छ र पर्सी म यहाँबाट जाँदैछु । थाहा छैन अब ऋतुसंग मेरो भेट हुन्छ हुँदैन । छोटो भेटमा पनि जिवन्त अनुभूति प्रक्षेपण गर्न सक्ने ऋतुलाई मैले विर्सनै मिल्दैन ।

ऋतुसंग बिताएको सुखद् क्षण सम्झन्छु, साँच्चै त्यसक्षण मेरो स्त्रीत्व माथि ऋतुले विजय पाएको थियो वा मैले उसको पुरुषत्व माथि । अथवा हामी दुबैले एक अर्कालाई छल गरेका थियौं । म कुनै टुङ्गोमा पुग्न सकेकी छैन ।

* * *

लघुकथा

कुमारी

– श्रीओम श्रेष्ठ 'रोदन'

निलिमा जन्मदेखि नै प्रशंसित थिइन् । अद्भूत निधि र प्रसन्नाका कारण ज्योतिषीले पनि पत्याउनै नसकिने उज्ज्वल भविष्य हुने बताएका थिए । नभन्दै पाँच वर्षमा टेक्दा नटेक्दै उनी 'कुमारी' बनिन् । सबैतिरबाट उनलाई पूजा आराधना गरी आरती उतारिए । उनी आस्थाकी मूर्ति बढी र मान्छे कम बनिन् । कुमारी बनेर संस्कृति र संस्कारले ओढाइएपछि उनले आफ्नो बालापन र आफ्ना सखाहरू गुमाइन् र उनी साथीहरू जस्तै हाँस्न, बोल्न र खेल्नबाट बन्चित भइन् । उनले र उनको उमेरले पाउनुपर्ने सम्पूर्ण खुशीहरू गुमाइन् । मान्छे भएर जन्मेकी निलिमा जिउँदो भगवान् बनेपछि उनी मान्छेको स्वभाव र समाजबाट क्रमशः टाढा हुँदै भीडमा एकान्त र एक्ली बनिन् ।

मान्छे भएर मान्छे बन्न नपाएकी निलिमाको बालअधिकार र मानवाधिकार पनि पूर्णतः हनन् भयो । यसको विरुद्धमा बालअधिकारवादी र मानवाधिकारवादीहरूले संस्कृतिको नाममा कुनै आवाज उठाउन खोजेनन् र उठाएनन् । जिज्ञासा र उत्साह बनेकीले निलिमा झ्याल र रथमा मात्र सीमित बनिन् ।

देवी बनेकी निलिमा समयको गतिसंगै मान्छे हुँदै हुकिँदै कुमारीबाट मुक्त भइन् । मान्छे भएर पुनः घर फर्किएकी निलिमा संस्कारबाट पोतिएकोले घर, परिवारसंगै बसेपनि समाजमा एक्लै परिन् । उमेरले फक्रेकी आफ्नो बैंशका रहरहरूलाई आफै पिउन बाध्य भइन् । उमङ्ग र उत्साहलाई किला ठोक्दै शान्त पार्न विवश भइन् । मान्छे भएर भगवान् बन्नु परेकोमा दुखी थिइन् निलिमा ।

ढुगांहरू मूर्ति बनेर देवता बन्न सक्छन्, मान्छेहरू कुमारी भएर भगवान् बन्न सक्छन् तर किन मूर्तिहरू ढुङ्गा बन्न सक्दैनन् ? भगवान्हरू एकपटक पनि मान्छे बन्न सक्दैनन् ? ढुङ्गा र मान्छे जत्तिको शक्ति मूर्ति र भगवान्मा हुन सक्दैन रै छ, यस्तै कल्पन थालेकी छिन्-कुमारी निलिमा । मान्छे मान्छेको जतिसुकै ठूलो शत्रु भएपनि मान्छेलाई मान्छे भन्दा ठूलो भर अरु केही र कहिल्यै हुँदैन । दुःखमा पनि मान्छे चाहिन्छ र सुखमा पनि । यही बुझ्न थालेकी निलिमा प्रत्येक दिन प्रार्थना गर्न थालेकी छिन्- "मान्छेलाई मान्छे भएर बाँच्न मान्छे नै चाहिन्छ, मान्छेलाई भगवान् बनाएर र दुखः नदेऊ, मान्छेलाई मान्छे नै हुने सुख देऊ ।"

* * *

- कुनै हतियारले यति निर्ममता पूर्वक काट्दैन जति व्यंग्यले । – *सिड्नी*
- वास्तवमा स्वर्ग र नर्क सुख र दुःखको मापदण्ड हो । – *सतपाल*

कथा

माटाको भतेरको अभिनेता

दीनबन्धु शर्मा

'त्यसो गरेर त धनपतिलाई पनि पुग्दैन,' गाउँलेहरूको उखानै थियो । धनपति आफ्नो जमानाका वास्तवमै धनी व्यक्ति थिए भनिन्छ ।

उनलाई आफ्नो सामर्थ्य यसरी सकिन्छ र बुढेसले यसरी पेल्छ भन्ने लागेकै थिएन ।

बैंसमा एकचोटि उनले सुलीकोटको यात्रा गरेका थिए । सजिलै माथि पुगे पनि ठाडो भिरालोमा ओर्लिन गाह्रो भएको थियो । तर अरुहरू भन्थे 'माथि चढ्न पो गाह्रो ।'

'बाघ बूढो भएर के भो त ? उसले आफ्नो बानी 'जोहो सो' छोड्छ र ?' उनले यसो भन्ने बानी छोरो हराएपछि छोड्नुपरेको थियो ।

छोरीको घरमा शरण लिएपछि बूढाका घाम अस्ताए भन्दा रैछन् गाउँलेहरू ।

'बाले धेरै दिक्क पारिदिनु पनि भएन नि, चुप लागेर आराम गर्न त सक्नुपर्‍यो नि; छोरीसंग एकमुठी तातोपानी माग्दा ज्वाइँ सा'बले दिएको अनुशासित जवाफ थियो यो ।

'बूढा खुम्चिए, अनि मन-मनले आफैलाई खिसी गरेर भने 'बाघ बूढो भएर के भो त ? यो जाबो बाघसंग अब स्याल पनि डराउँदैन ।' उनका मनमा वैराग्य जस्तो उठ्यो । आफ्नो बैंस संझिए तर अहिले त्यो बाघ साँच्चिकै बाघ नभएर घोर्ले स्याल भएको लाग्यो ।

मानिस पुराना स्मृतिहरूसंग खेल्न मन पराउँदो रहेछ, विशेषगरी वर्तमानले खिसी गर्न थालेपछि । जीवनका आरोह र अवरोह एक सिक्काका दुई पाटा । मात्र खेलकै निम्ति खेलहरू झैं रुवाइ र हँसाइहरू पनि ।

सानो माटाको घर भत्किंदा बालककालमा रोइए जस्तो रुवाइ र किशोर वयमा कुकुरको पुच्छर घुमेको देखेर हाँसेको हँसाइ झैं उनका विभिन्न अहम्‌ले निर्देशित अभिनयहरू । तर आफैं अनभिज्ञ ।

धनपति चम्किलो धनि युवक । बाआमाको एक्लो सन्तान । घरको के, दुईचार गाउँकै सर्वेसर्वा । पहाडी जमीनदार । पचासौं रैतीको मालिक । अघोषित या स्वघोषित राजा नै । गाउँको पुछारमा सम्म परेको चौडा खेत खलो । आत्मगौरवले तृप्त । दिउँसो एक बजेसम्म भान्सा कुराएर गरिने पाठपूजा पनि धर्मको निम्ति भन्दा धाकको निम्ति झैं ।

आइमाईहरू त उनी घरभित्र पस्ता थुर्थुर काम्थे, बाहिर निक्लँदा थुर्थुर काम्थे । उनी रिसाएर गर्जंदा त धेरैजनालाई पिसाव आउँथ्यो ।

'चाड मान्न पाइँन मालिक' गरीब गाउँले हात जोडेर घोप्टो पर्थ्यो । 'ल ल, मेरो अगाडि यो नक्कल नपार, भन् कति चाहियो ?' भन्थे । 'तिर्न सके ब्याजको स्याज तेब्र्याएर तिर्लास् नसके ल्याएर जोतुँला तेरा हड्डी' मनमा हुन्थ्यो, त्यो अर्कै कुरा हो ।

\+ + + +

लौवा खोलापारिको गाउँमा बाली उठाउन जाँदा पानी बेसरी झम्केको थियो । धनपति न बैंसका न बूढा हुँदाको कुरा हो अहिले दिमागमा रिंगेको । जोडसित आएको पानीसितको हुरीले उल्ट्याएर उनको छातालाई उडाएको थियो र तल आएर लौवा खोलामा मिसिने हिले खोल्सामा फालिदिएको थियो ।

यस्तो काम मान्छेले गरेको भए उनले त्यसलाई त्यही खोल्सामा गाडिदिने थिए ।

त्यसै भएर त उनको पछि पछि हिंडेको जगनेको सातो उडेको थियो, मानौ यो अपराध उसैले गरेको होस् । मंसीर महीना थियो र जाडो शुरु भइसकेको थियो । पानीले भिज्दा बूढा थुर्थुर कामेका थिए ।

बाघ पनि त काम्ने थियो यस्तोमा ।

धन्सारेको घरमा धनपति पुग्दा धन्सारे पिंडीमा बसेर सुल्फा तान्दै थियो ।

जति भोकलाग्थ्यो उति सुल्फा तान्थे गाउँलेहरू ।

'कात्तिकमा धान काटेर एलेसम्म किन आइनस् र 'जोहो सो' मलाई दुःख दिइस् हे धन्सारे ।'

'जरो आएर यस्तो गल्ती भयो साहुबा, धन्सारे साहुबाका चरणकमलमा दोब्रिएको थियो ।

जुत्ता छोएर साहुबा पिंडीमा उक्लँदा धन्सारेकी छोरीले राडी बिछ्याइसकेकी थिई ।

'कि अब 'तिम्रो खेत चाहिंदैन' भन्न खोजिस्

मनेर' राडी ओछ्याउँदा निहरिएकी केटीको सुन्दरताले धनपतिको स्वरमा नरमी देखिएको हुनसक्छ, तर धन्सारेलाई तर्साउन यति नै प्रशस्त पनि थियो ।

'हरे मालिक, त्यस्तो मर्जी नहोस्, म गरीबमाथि माफी बक्सियोस्' उसको मुटु ढुक-ढुक गरेको थियो ।

+ + + +

धन्सारेकी छोरीले राति सास रोकेर धनपतिलाई खीर खवाउँदै थिई । उसका पिंडौला थु-थुर काम्रिरहेका थिए । मटितेलको डिबीया उकासेर उज्यालो बढाइएको थियो । तर्कारी थप्नकोलागि निहुरिंदाका सुन्दरताले हो वा तातो खीरले हो, धनपतिले आफूभित्रबाट जाडो भाग्दै गएर त्यो ठाउँमा गर्मी पलाएको अनुभव गरे ।

'सुन्दरता गरीबीमा पनि फुल्न सक्छ', उनले मनमनै भने ।

+ + + +

जगने बाहिर पिंडीमा सुतिरहेको थियो र धनपति

'धन्सारे !' धन्सारेले बाघ गर्जेको जस्तो आवाज सुन्यो । 'हजूर, अँगेनाको डिलमा तन्द्रिएकोमा झकाइएछ ।

'खेत अर्को साल पनि तँ नै कमाउने होस् त ?' बतासए छेउमा आइपुगेको धन्सारेलाई हेरेर उनले जुँगा मुसारे ।

'हजूर, मालिक, दया पाउँ ।'

'ल म विचार गरुँला, अँ सुन् त !

'के सेवा गँरु मालिक ?

'आज झरीले चुट्नसम्म चुट्यो, तैं मेरोमा आएको भए 'जोहो सो' यस्तो हुन्थेन । 'जोहो सो' अलिकति तोरीको तेल तताउन लगाएर छोरीलाई पठाइदे, ढाडमा अलि दुखेको छ, बाटोमा लडें पनि...अँ तँ सुते हुन्छ सुत् ।'

धन्सारेको सातो उड्यो । उसका नसाहरू चट्चट् गल्दै थिए र उ लुलो हुँदै थियो । 'मालिक म आफैं ल्याउ कि' भन्न चाह्यो ।

'किन घोरिइस् जेठा तेरी छोरी मेरी पनि छोरी होइन र ?'

'हस् साहुबा' उ डराएर दौडिहाल्यो ।

'साहुबाले मेरी पनि छोरी भनेका छन् ।' उसले चित्त बुझाउन निकै बल गऱ्यो, तर राति निदाउन सकेन ।

+ + + +

धन्सारेले भाग्यमानी ठान्यो आफूलाई । धन्सारेकी छोरी मन परी साहुलाई । उसले आफुले कमाइराखेको खेत पायो इज्जतपूर्वक । किनभने धनपतिले उसकी छोरीलाई दोस्री पत्नीको रुपमा बिहे नै गरिदिए । सबैमाथि यस्तो कृपा हुंदैन ।

'के गर्ने ? तैंले छोरीमात्र वर्षौंटे पाइस् क्या रे' उनले जेठीको चित्त बुझाएका थिए एक वाक्यमै ।

लामो नाक, बिर्के टोपी, काला र खैरा बटारिएका जुँगामा बाघै देखिन्थे उनी ।

जेठीले जन्माएका चारोटी छोरीहरूको लस्करै बिहे पनि भयो । तिनैमध्ये कान्छीचाहिंकहाँ आज धनपति भकुन्डिएर आइपुगेका छन् ।

यो जो भएको, उनले सोचेर चाहेर भएको होइन । धन्सारेकी छोरीले उनले चाहे भैं छोरो पनि पाई । यो छोरी र त्यो छोरा संगै पढ्थे स्कूलमा सात कक्षासम्म । यो छोरी पढ्नमा निकै तेज थिई, सधैं अब्बल आउँथी । छोरा चाहिं पनि पाससम्म हुन्थ्यो, यद्यपि यो कुरा न छोरालाई मनपरेको थियो न बाबुचाहिंलाई ।

मनको कुनचाहिं खेल थियो कुन्नि यो, तर यस्तै हुन्थ्यो ।

'यो पढ्न जान्छे भने मचाहिं जान्नँ', छोराले बाबुआमाको मुख हेरेरै अड्डी लिएको लाग्थ्यो ।

'किन बाबु ?', धनपतिले उसको कपालमा धन्यवाद जस्तो हात मुसारेका थिए ।

'यसलाई कक्षामा केटाहरू अँखा झिम्काउँछन् र गलल्ल हाँस्छन्'

'छोरी उत्तालिएपछि त तपाईंको इज्जत रहँदैन है', धन्सारेकी छोरी सौतेनी आमाको भूमिका बुझेकी थिइन् ।

कुलको नाम राख्ने, पिण्डपानीको दाता आफ्नो एक्लो छोराले भनेको कुरा कताकता धनपतिलाई उचितै लागेको थियो, अनि निष्कर्षमा घोषणा गरेको थियो-

'छोरी अब तेरो पढाइ पुग्यो 'जोहो सो' छोरीले धेरै पढ्नु पर्दैन ।'

यी कुराहरू आज फेरि उनकै निम्ति किन कटु स्मृति हुन्छन् ?

आफ्नै 'हिजो' किन फेरि गलत अनुभूत हुँदैछ आज ?

बूढा अहिले एक घण्टादेखि तातो पानीको प्रतीक्षामा छन् । जसको आवाज सबैको मुटु हल्लाउन सक्षम थियो, आज किन कसैको कानभित्र पस्न पनि असक्षम छ !

+ + + +

त्यही छोरो हो, जो शहरमा गएपछि फर्केन । बूढाले शून्य रातहरूमा भगवान्संग जति प्रार्थना गरे पनि निरर्थक भए ।

+ + + +

बूढाले बाहिर आँखा लगे झ्यालबाट। एउटी बुढिया पानी बोक्तै थिई खोच्याउँदै, त्यो देखेर आफ्नी जेठी संझँ कान्छी आएपछि गोठाल्नीको भन्दा माथिको दर्जा उनले पाइनन्, बरु कतिपय गोठाल्नीहरूका गालामा गुलाफ सुंघेका थिए उनले।

ती जेठीचाहिले दिनरात काम गरिन्। एक दिन घाँस काट्न जाँदा भीरबाट लडेर भाँचिएको खुट्टाको उपचार नपाएर मरिन्/मारिइन्।

गण्डकीमा लगेर कपडा फेराइदिंदा उनको ज्यानभरि नीलडाम थिए भनी गाउँलेहरूमा कानेखुशी भयो।

+ + + +

कान्छीमात्र बाँचेकी भए र छोरा फर्केको भए सबै ठीक हुने थियो भन्ने अहिले उनलाई लाग्छ। चारदिनको सन्निपात उनी भन्दा शक्तशाली निष्ठुर भएर कान्छीलाई उडाइदिएको थियो र उनी पागल/बेहोस् झैं पछारिएका थिए आफ्नो वैभवको थुप्रोमाथि। जब उनी होशमा आए, कान्छी छोरी र ज्वाइँले आफूलाई बचाएको पाए।

'छोरी!' बूढाले यत्ति भनेर बर्र आँशु झारे। आफ्ना मनका पश्चात्तापहरू पोख्न चाहँदा चाहँदै पनि सकेनन्।

छोरी ज्वाइँ बूढाको सेवा बढाउँदै थिए। बूढालाई खोकी लाग्दा दुबैजना उस् उस् गर्थे, आफ्नै छातीमा बाधा भएझैं गरेर। उनीहरूले बूढालाई आफ्नै घरमा लगे।

बूढाको खोकी बढ्दै गयो।

'लौन बालाई के गर्ने?' छोरी रुन्नै लागी।

'ओखती गर्नुपर्छ शहरमा लगेर' ज्वाइँले भन्यो।

'पर्दैन ज्वाइँ सा'ब अब शहर। मलाई 'जोहो सो' बूढेसले पनि पेल्यो.....रोगले पनि.....मेरो सबै सम्पत्ति म तिमीहरूलाई आज लेखिदिन्छु ...अब त्यो कुपुत्र फर्कन्छ भन्ने मलाई आश छैन, 'जोहो सो' आए पनि आओस्.....भर्सेलै परोस्।'

+ + + +

बूढालाई आजभोलि यहाँनेर पनि गल्ती भएछ कि भन्ने लागेको थियो। सम्पत्ति आफ्नो नाउँमा पारिसकेपछि छोरीज्वाइँको आफूमाथिको दृष्टि क्रमशः पूर्णिमापछि जून झैं भएको थियो। राति छोरी ज्वाइँकै कोठामा छलफल र घरिघरि त चर्काचर्की नै थियो। बूढाका कानहरूले ठम्याउन सकेनन्। औंसीको रात झैं गाढा कालो र भयावह हुँदै बितेको थियो।

छोरी कोठाभित्र पसी, पानी अंखरामै उनको अगाडि ठस्स राखिदिई र झोकमा केही कपडाहरू खोज्न थाली।

'के खोज्यौ सानू?'

'हैन के चाहिन्छ तपाईंलाई हँ? चुप लागेर बस्न सक्नु हुन्न?'

छोरीले ज्वाइँसंगको रीस आफूमाथि पोखी भन्ने उनले शंका गरे। वास्तवमा उनलाई भोग लागेको थियो।

+ + + +

'कति बज्यो ज्वाइँ सा'ब? 'बूढाले भयभीत आवाजमा सोधे। छोरीको रीसले उनी तर्सिरहेका थिए।

'बाह् बज्यो,' ज्वाइँले झ्यालबाहिर हेरेर भन्यो।

'जोहो सो' भान्सा तयार अझै भएनछ कि, एक गाँस तातो खान पाए हुने।'

'तपाई र म आज काठमाडा शहर जाने बुबा! औषधि, तीर्थव्रत दुबै हुने' उसले घाँटी सफा गरेर फेरि भन्यो- 'पशुपतिमा राम्रो बृद्धाश्रम पनि छ रे, सबै सुविधा भएको, काम केही गर्नुपर्ने होइन, कि बस्नुहुन्छ? म अफिसको कामले बाहिर जानुपर्ने भो, उनी पनि संगै जान्छु भन्छिन्, विदेश जाने मौका, त्यो पनि तीन-तीन वर्षको लागि, छाड्ने कुरा भएन,' उसले गंभीर अभिनय गऱ्यो।

बूढाको टाउकोमा केही घुमेजस्तो हुँदै थियो। उनले भने- 'हरे....., हुन्छ ....म के भनूँ खै' उनी आफ्ना रित्ता हातहरूमा हेर्दै थिए। - *बाग्लुङ*

***

BEST WISHERS FOR HAPPY AND PROSPEROUS Vijaya Dashami 2054

GANESH AIR CARGO (P.) LTD.

KAMALADI, KATHMANDU, NEPAL
TEL: 224804/241393
FAX: 977-1-225083
P.O.BOX. NO. 3403
TELEX: 2666 GANESH NP.

कथा

रिट्ठे नुनिया

दौलतविक्रम विष्ट

चा बिस्किट घुङ्नी चुरा (चिउरा) र समोसा पनि छ ; तरुवा (तारेको) माँस, माछा र सधुवा भटमास पनि छ, छोइला, कचिला र किसिम किसिमको दारु (रक्सी) पनि छ । सतारले ल्याएको ठर्रा दारु पनि छ अउर डिस्टिलरियाको दारु छ ; दाल, भात र भाजी अउर पुदिनाको चटनी (अचार) पनि छ । भन्नुहोस् साहेव ! यहाँलाई के के ल्याऊँ ! यस होटेलमा साहेव ! सब कुरा पाइन्छ । काठमाडौंको परिकार पनि पाइन्छ, पहाड र मदेशको परिकार पनि पाइन्छ ।

हो, यो पसललाई संयुक्त पसल भन्नुमा नै जाती होला । यसलाई होटेल भने पनि हुन्छ, चमेनागृह भने पनि हुन्छ । जेहोस् यतिखेर यो संयुक्त पसलभित्र राम्रोसंग मेच ओगट्न पनि पाएको हुन्न, मदिसे भाषाको पारामा क्रमश : प्रस्फुटित हुँदै गएको रिट्ठे नुनियाको बोली मेरो कर्णकुहरमा खेल्दै जान्छ । त्यस संयुक्त पसलमा पाइने सबै, सबै किसिमका खाने कुराहरूको नाम उसले सुगाले रटे झैं गरी रटेर कण्ठ पारेको छ । अहा ! साच्चि यो प्रशंसा गर्नु पर्ने कुरा नै हो । सुगाले रटेर कण्ठपारेझैं रटनु पनि त कम मुस्किलको कुरा होइन ! खजुरगाछीको यो गाउँले बजारभित्र क्रमश: खोलिदै गएको त्यस किसिमको संयुक्त होटेलहरूको बीचमा यो होटेल सबभन्दा उत्तम होटेल मानिन्छ । खजुरगाछीको गाउँले बजारमा क्रमश: निर्माण हुँदै गैरहेका पक्का घरहरू मध्ये एउटा पक्कै घर को छिडी तलामा यो होटेल स्थापित भएको छ । तर यस घरको छानो भने टिनको छ, जो वर्षात्मा निकै निकै जोडले बज्ने गर्छ । पाँच कवले पसल बान्कीको कोठामा स्थापित यो होटेलमा प्राय: जसो ग्राहकहरू पनि बढी आउने गर्छन् ।

यस होटलको मालिक पनि मेरो बा नरवहादुर मुखियानै हुनुहुन्छ । यो होटेल खोलेदेखिनै उहाँले जनता जनार्दनहरूको उजुरवाजुर र तर-तमसुक लेख्ने काम छाडिदिनु भएको छ । तर-तमसुक र उजुर-वाजुर लेख्ने काम छोडेकोमा उहाँका दम्तेरीहरूले उहाँको प्रशंसा नै गरेका छन् । यो होटललाई आकर्षक तुल्याउन उहाँले खानपिन गर्ने कोठामा सजाइएका सिसौंका मेच, टेबुल, आलमारी र बेन्चहरूलाई पालिसले टिल्ल टल्काउनु भएको छ । झ्याल ढोकामा पर्दाहरु पनि छन् । खाने कोठाको दोश्रो खण्डमा सजाइएको दुईटा ठुलठुला ऐनावाल आलमारीमा थरी थरीका चुरोटका प्याकेट तथा रक्सीका सिसीहरू राख्नु भएको छ । सनमाइका जडान गरेको स-सानो टेबुलमाथि अंग्रेजी, नेपाली र हिन्दी भाषाका पत्रपत्रिका र अखवारहरू पनि राखिएका छन् । यौटा अटोमेटिक भित्ते घडी पनि भित्तैमा झुण्डाइएको छ अखवारनिरको टेबुलनिर नै । होटेलको कोठा बाहिरको ओसारा मुनि सखुवाको एउटा ठूलो टेबुल पनि छ, जसमाथि राखिएका छन् स्टिलका थाल, कचौरा, रिकापी तथा गिलास आदि । टेबिलको अर्को छेउमा सिलभरका ठूलठूला डेक्ची र कसौडीहरू । सम्भवत: यी पकाउने भाँडा कुँडा होलान् । सबभन्दा अनौठो त के छ भने ओसारा निरकै आगन झैं ठाउँ ठाउँमा तीन तीन ओटा क्यारेमबोट लहरै राखिएकाछन् । जस वरिपरि पनि मेचहरूको घेरा छ । दाउरा बालेर खाने कुरा पकाउने दुईटा माटोका चुलाहरू पनि छन् । खजुरगाछीको यो सानो गाउँले होटेलमा खोट लगाउने कुरा निकै निकै भएतापनि ढोकैनिर झुण्डाइएको दुईटा मुख हेर्ने ऐनाले भने होटलको आकर्षणमा सुनमा सुगन्ध थपेछ भन्न अतिशयोक्ति हुँन जादैन । तर मलाई भने होटलको सजावट भन्दा निकै निकै आकर्षक त रिट्ठे नुनिया नै लाग्दछ ।

आज भोली खजुरगाछी र गौरिगञ्जका नुनिया आफूलाई नुनिया भनाउनको साटो 'महतो' भनाउने कुरामानै बढी रुची लिन थालेका छन् । रिट्ठे नुनिया पनि आफूलाई महतो नै भनाउने कुरामा नै बढी रुची लिन थालेका छन् रिट्ठे नुनिया पनि आफूलाइ महतो नै भनाउन चाहन्छ । कसैले महतो भन्यो भने फुरुङ्ग पर्छ उ । र उसको जाँगर र हौसलामा दश भैरवहरू टासिएझैं अनुभव हुन थाल्छ उसलाई/ साथै अनुभव हुनथाल्छ उसको अंग प्रत्यङ्गमा पंक्षीहरूको पखेटा उम्रिए झैं पखेटा उम्रिएको अनुभव हुनथाल्छ ।

रिट्ठे नुनिया कुनै लक्का जवान पट्ठो होइन । तेह्र चौध वर्षको किशोर नै हो । झण्डै-झण्डै दुई वर्ष पुग्न लागिसकेको छ उसले मेरो बाको होटलमा काम गर्न

थालेको । आज भोलिको चलन अनुसार त उसलाई रिट्ठे महतो नै भन्नु पर्ने थियो । तर पनि मेरो बा उसलाई रिट्ठे नुनिया नै भन्नु हुन्थ्यो । नुनियाहरू कहाँ पुरेत्याइँ गरी हिड्ने एउटा मैथिली भुँडे पण्डितले ठ्याम्मै दुइ किलो जति चिउरा, चार किलो जति दही भुडी भित्र पसालेर उ जन्मिएको तीन दिन पछि उसको नाम जामुन महतो राखेका थिए । तर मेरो बाको होटेलमा काम गर्न थालेपछि उसको उपनाम उहाँले रिट्ठे नुनिया भन्ने राख्नु भएको थियो । आफ्नो नाम रिट्ठे भएकोमा उसलाई कुनै किसिमको गुनासो थिएन । बरु त उ खुशी नै थियो । साच्चै भन्ने हो भन न उसले रिट्ठा भन्ने चिजलाई देखेको छ नत उ रिट्ठा भन्ने बस्तुको आकार प्रकार र रङ्ग रोगनसित नै परिचित छ । साँच्चै भन्ने हो भने यो नाम पाएकोमा खुशी नै छ उ ।

यो खजुरगाछी र गौरिगञ्ज बजारमा मेरो बाले उसको नाम रिट्ठे नुनिया राख्नु भयो भन्दैमा प्रसिद्ध भएको होइन उ । उसको यस उपनाको घनिष्ट सम्वन्ध छ उसको व्यक्तित्वसंग । साँच्चै नै उसको अनुहार वान्की रिट्ठाको जस्तो नै छ । उसको अनुहार र जिउडालको रङ्ग पनि रिट्ठा जस्तै कालो छ । उ आफ्नो शरीरको कालोरङ्गको कमिज र खुइले खुइले जस्तो निलो निलो रङ्गको जिन पाइण्टले छोप्ने गर्छ । उसले लाउने गरेको लुगा पनि मेरो जडाउरी नै हो । उसको शरीरको लुगा अली नमिल्दो किसिमको भए पनि उसको सुगठित शरीरको कालो रङ्गको जाङ, तिघ्रा, पिंडौला तथा पाखुरा र फराकिलो छातीबाट उडिरहने चुम्बकीय किरणको प्रभावबाट जुन सुकै किसिमको व्यक्तित्व पनि प्रभावित भै छाड्छ । होटेलमा आउने राजवंशी, ताजपुरिया, गन्गाइ अनुहारहरू पनि उसलाई रिट्ठे नुनिया भनेर नै सम्बोधन गर्ने गर्छन् र पहाडिया अनुहार र काठमाडौका अनुहारहरू पनि उसलाई रिट्ठे नुनिया नै भनेर सम्बोधन गर्ने गर्छन् । बोलाएको सुन्नासाथ उ बोलाउन तिर हेरेर पहिलेबाट मुसुक्क हाँस्दै आफ्नो सेता, सेता दांतहरू झिलमिलाई दिने गर्छ । फेरि लगत्तै माहुरी झैं उडेर बोलाउने साहेबको अगाडि उभिएर 'अहाँलाई के ल्याऊ हजूर' भन्ने गर्छ ।

फेरि त उ छात्रहरूको अगाडि चियाको गिलास फिजाइ दिने गर्छ भने भद्र भलादमीहरू मध्ये कसैको अगाडि रक्सीको पेग र छोइला, कचिला तथा तरुवा माछा र मासुको रिकापी फिजाइ दिने गर्छ त फेरि कसै कसैको अगाडि फिजायी दिनेगर्छ समोसा र बिस्कुटले भरेको रिकापी । दाल-भात खान चाहने ग्राहकहरूको पनि त्यस होटेलमा कमी हुँदैन । खानपिन गराउने काममा निरन्तर तत्पर देखिए पनि चुरोट बिडीको धुवाँ फुरुर फुरुर उडाउन पल्लेकाहरूले आ-आफ्नो ओंठमा चुरोट बिडी घुसारेका छन् भने झरर सलाई कोरेर त्यस्मा आगो झोस्न पनि चुक्तैन । सधैं नै उ फुर्तिलो भै रहन्छ । थकाइले मानो उसको जागरलाई कक्र्याउदैन । खाने कुरा खाँदा खाँदै उसको हुलिया र व्यक्तित्वलाई केही पहाडिया विद्यार्थीहरूले भने एकाएक नरबहादुर मुखियाको तारिफ गर्न थाल्छन् 'हेर त भाइ यो नुनिया ठिटोलाई क्या सुहाउंदो नाम छानेर राखेका छन् मुखिया साहेबले, रिट्ठा जस्तो छैन त यो । यसको अनुहारको बान्की पनि दुरुस्तै रिट्ठाको जस्तै छ, यसको जिउको रङ्ग पनि दुरुस्तै रिट्ठाको जस्तै छ । क्या गजब । मुखिया साहेबको तारिफै गर्न पर्छ ।'

विहान झिसमिसे उज्यालो भएदेखिन राती रातको रङ्गलाई रातको रङ्गले गाढा न तुल्याउन्ज्यालसम्म उ होटलको काम धन्दामा व्यस्त रहने गर्छ । फेरि पनि परिश्रमले उसको अनुहारमा पोतो बसालेको हुँदैन । हो अलिकति फुर्सद पायो कि उ एउटा कुनातिर पसी खल्तीबाट सुर्तीको धूलो झिकी सेतो पेपरमा हाली चूर बेर्ने गर्छ । चूर तयार भएर त्यसमा सलाहिको आगो झोसी धित मर्ने गरेर धूवां तान्दा चुरोटको धूवां उडाउँदा खेरी पनि उस्को ध्याउन्न भने होटेलकै कामतिर गै रहने गर्छ ।

बिहान मिरमिरे उज्यालेमा उठेर होटेलको चुलोमा आगो बाल्न पुग्ने गरेतापनि उसले होटेलको पुरापारी र बासी भाग मात्र खान पाउने गर्छ, बस त्यत्ति । महीनाको पचास रुपिया मात्र पाउने गर्छ उसले तलबको नाउमा । निकै रात बितेपछि मात्र आफ्नो घर फर्की परालको विछ्यौनामा लम्पसार पर्ने गर्छ । फेरि पनि छिन मै निदाइ हाल्ने गर्छ उ ।

मेरो बाल्यकाल देखिनको साथी हो उ । विगत दुई वर्ष देखिन मैले काठमाडौंमा पढ्ने गरेको हुँदा उसंगको मेरो संगत खण्डित हुनगएको थियो । यसो त खजुरगाछी पारी गौरिगञ्जमा माध्यामिक स्कूलहरू पनि छन्, र वि.ए. सम्म पढ्न पाइने कलेज पनि छ । तर मेरा बा भने छोरोलाई गौरिगञ्जमा पढाउन राख्यो भने आफ्नो सामाजिक प्रतिष्ठा घट्न जान्छ भन्ने ठान्नु हुन्थ्यो । नुनियाहरूले हेप्लान् भन्ने डरले उहाँले मलाई काठमाडौंतिर लघार्नु भएको थियो । यसो त उहाँको नाममा यही खजुरगाछिमा नै पच्चीस विगाहा नम्बरी जग्गा छ, बीस हर्स पावरको इन्जन भएको एउटा धान कुट्ने, चिउरा कुट्ने मिल पनि छ, त्यसमाथि झन् होटेल पनि थपिएको छ । ती सब कुराले उहाँको सामाजिक प्रतिष्ठा बढ्न गएको थियो तापनि

उहाँको ध्यान त्यतातिर पटक्कै गएन ।

यसो त रिट्ठेको जन्म हाम्रो घर निरकै नुनिया टोलमा भएको हो । मेरो जन्म पनि उसको टोल नजिकैको घरमा भएको हो । उसको घर र हाम्रो घरको बीचमा दश बिसौटा आंपको रुखहरू छन् बस त्यत्ति । त्यति फरक हुनुलाई कुनै खास फरक मान्न सकिंदैन । तिनताका न ममा नै विकृति टुसाएको थियो नत विकृति टुसाएको थियो उसमा नै । हामी दुबै खोलाको स्वच्छ र निर्मल पानी झैं थियौं । उसको र मेरो मेल मिलापमा हाम्रो सखुवाको फलेक [illegible]को टिनको छाना भएको दुई तले बाँके घर पनि तगारो बन्न सकेको थिएन । उसको पराले छानो भएको झुप्रो झैं बन्धनहीन थियौं, मर्यादाहीन थियौं । हामी दुबै खजुरगाछी र गौरिगञ्जलाई जोड्ने काठको पुलमा गै त्यहाँबाट गौरिया खोलाको भेलमा झ्यामलाङ्ग झ्यामलाङ्ग हाम फालेर पौडी खेल्ने गर्थ्यौं । गौरिया खोलाको चिसो बालुवामा खुट्टा घुसारी घुसारी हाँस्दै बालुवाको घर बनाउने गर्थ्यौं ।

रिट्ठेको बा कलेश्वरवा नुनिया साधारण किसान हो । उसले आफ्नो नाममा एक धुर जग्गा पनि जोड्न सकेको छैन । अहिलेसम्म मेहनत गर्दा पनि बरु उसले खजुरगाछी हेल्थ पोष्टको तीन बिगाहा जग्गा ठेक्कामा लिएको थियो । ठेक्का जग्गा लिएको ताका कलेश्वरवा पनि खेतमा हलो जोत्ने गर्थ्यो र साथै रिट्ठे पनि बाबु चाहिनेका पछि पछि लागि खेतमा हलोको फाली घुसारी घुसारी चपरी उप्काउने गर्थ्यो । तर दुर्भाग्य । कलेश्वावा नुनियाले जग्गा ठेक्कामा लिएको सात सात वर्षसम्म पनि हेल्थपोष्टलाई एक मुठ्ठी पनि अन्न कवुलियत अनुसार कुत वापत बुझाएर भर्पाइ लिन सकेको थिएन । फेरि त हेल्थपोष्टले उसबाट जग्गा नै खोसिदिएको थियो । जग्गा खोसिएपछि ठूलो राइस आयण्ड वाइल मिलमा अन्नका बोरा ओसार पसार गर्ने मजदुर भै टोपलेको थियो । बोरा ओसार-पसार गर्ने काम उसबाट पार नलागेपछि कैयाँको पसलमा पसी नून-तेल बेच्ने काम गर्न सुरु गर्दिएको थियो । स्वयम् रिट्ठे पनि घरमा पेटभरी भात खान नपाए पछि सरासर मेरा बा कहाँ 'हमराके काम दिउन मालिक' भनेर हात जोर्न आइपुगेको थियो ।

होटेलमा काम गर्न थालेदेखि रिट्ठे र मेरो बीचमा नोकर र मालिकका जस्तो सम्बन्ध कायम भै सकेको छ ता पनि म भित्र सुरक्षित भावुकताले मलाई मालिक बन्न दिएको छैन । लामो समयसम्म उसको र मेरो भेट-घाट नभएकोले गौरिया खोलाको पुल पारी आएर होटलभित्र पस्दा पनि उसले मलाई झ्वाट्ट चिन्न सकेन । मेरो निम्ति चिया लिएर आउंदा भने मलाई चिनीहाले पछि उ भनी हाल्छ- 'कहिया आएलछी राम वावु ?' (कहिले आउनु भयो राम बाबु)

"काठमाण्डुबाट आउने बसबाट भरखर आउँदै छु- म जवाफ दिन्छु- भन तिम्रो हाल खवर कस्तो छ !"

हाम्रो बीचमा त्यस्तो किसिमको कुराकानी चलिरहेकै बेलामा गौरिगञ्ज कलेजका केही छात्रहरू 'रिट्ठे ! रिट्ठे ! भन्दै होटलको मेच ओगट्न आइपुग्छन् । उनीहरू मध्ये कोही क्यारेमवोर्डमा झुत्ती खेल्न थाल्छन् , कोही तास खेल्न थाल्छन् । फेरि कोही कोही त पत्रपत्रिका र अखवारको पाना पल्टाउन थाल्छन् । उनीहरू आए पछि रिट्ठेमा मशिनको गति झैं गति आउन पर्ने हो तापनि वरु त उ निःस्फिक्री देखिन्छ । एक छिन पछि होटलको एउटा कुनातिर गएर आफ्नो रातो कमिजको खल्तीबाट सुर्ती र पेपर झिकी चूर पो बनाउन थाल्छ । साँच्चि साँच्चि भन्ने हो भने उसको चूरको धूवां तान्ने बानी मलाई मन पर्दैन । मलाई मन नपरेर के पो गर्नु । उसलाई त चूरको धुवां उडाउन पाउदा स्वर्गै पुगे झैं लाग्छ । त्यसैले उ चूरको निम्ति गोलकबाट सुटुक्क दुई चार रुपैयाँ झिकेर खल्तीमा घुसार्ने गर्छ । त्यस सम्वन्धमा मैले उपदेश थोपरें भने हाँसेर उडाइ दिने गर्छ । उसले चोरी नै गरे पनि म बालाई छुल्याहा लाउदिन । चूरको सर्को तान्नु नै उसको कमजोरी हो। त्यस कुरामा बाहेक अरु कुरामा उसको कमजोरी देखिंदैन । यसरी पैसो सुटुक्क झिकेर खल्तीमा हाल्नु पाप कर्म हो कि धर्मको कर्म हो-त्यस सम्बन्धमा उसले सोच्ने झण्झट बेसाएको छैन । तर आफ्नो हालको जीवनसंग सन्तुष्ट छैन उ । असन्तुष्ट भए पनि विद्रोह गर्ने आँट भने कहिले पनि गर्न सकेको थिएन उसले । तर भविष्यलाई उज्यालो बनाउनै पर्छ भन्ने प्रश्नमा भने उ सचेत छ । उज्यालो वनाउनै पर्छ भन्ने भावको मणिलाई पटक्कै बिर्सन सक्तैन उ । कामगर्दा गर्दै घर जाने फुर्सद पाएन भने टेबिलमै टेबुल जोडी त्यसमाथि पुरानो बोरा ओछ्याएर होटल मै सुत्ने गर्छ उ । त्यसरी सुत्दा पनि आफ्नो भविष्यवारे मीठा मीठा सपना देख्न चुक्दैन । होटलबाट घर गएको आफ्नो छाप्रोमा परालमाथि सुत्दा पनि आफ्नो भविष्यवारे मीठा मीठा सपना देख्ने नै गर्छ । के कसरी पो हो कुन्नि कुनै न कुनै दिन मेरो बा नरवहादुर मुखियाले उसमाथि साह्रै साह्रै विश्वास गर्ने छन् भन्ने लागेको छ उसलाई । त्यसैले होटेलमा बसेर चूरको धुवां उडाउँदा पनि होटललाई छरिछांटको बनाउने कुरा नै उसको

मस्तिष्कमा रुमली रहने गर्दछ ।

कलेजका छात्रहरूले चिया ल्याउन आदेश दिएपछि उसको गति मसिनको गति झैं हुन थाल्छ । चियाको सुर्को तान्दा तान्दै अखबारको पाना पल्टाइरहेको एउटा छात्र एकाएक बोल्न थाल्छ- 'चिया हो र यो । आँप र अम्बाको सुकेको पातको झोल त होइन ।'

पहिलो छात्रनिर कै मेचमा बसेको अर्को छात्रले मानो उसको कुराको सही थापिटोपल्छ - 'आँप र अम्बाको सुकेको पातको झोल पनि हुन सक्छ । अलीकति तेजपातको धूलो हाल्दियो भने मसला हालेको चिया भैहाल्छ । मिलावट गर्ने कुरा त आज भोलि शहरबाट हामफालेर गाउँमा पनि पसी सकेको छ । गाउँलेहरू आफूले बेच्ने गरेको दूधमा सरोवरी पानी मिसाउने गर्छन्, घ्यूमा डालडा मिसाउने गर्छन् । गाउँलेहरू मात्रै के कुरा, बजारका बनियाँहरूले पनि चामलको बोरामा ढुङ्गा, बेसारमा खेसरीको दालको पीठो, मट्टितेलमा पानी, खाने तेलमा आलसको तेल मिसाएर बेच्ने गर्छन् ।'

बनिया र गृहस्थहरूको बदनामी गर्दा गर्दै छात्रहरूको बीचमा बहस एकदम चर्किन थाल्छ । तर त्यस किसिमको बहसहरूको अर्थ के पो हुन्छ कुन्नि त्यो पटक्कै बुझ्न सक्तैन रिठ्ठे नुनिया । फेरि पनि त्यो बहसलाई उ पक्क परेर सुनिरहन्छ । कहिले एमाले को कुरा चल्छ भने कहिले काँग्रेस, राष्ट्रिय प्रजातन्त्र पार्टी र सद्भावना पार्टीको कुरा चल्न थाल्छ । आकाश थर्काउने गरेर वहस गर्दा कुन्नि के सार निस्कन्छ त्यस सम्बन्धमा केही पनि सोच्न सक्तैन उ ।

दिनको एक दुई पल्ट रिठ्ठे नुनियालाई नभेटेसम्म मलाई सङ्लो र चिसो पानी खाए जस्तो नै लाग्दैन । हिजो आज त म उसंग राती राती पनि हिंडने गर्छु । एक त म उसंग बसिरहेको बेलामा विद्यार्थीहरूका बीचमा किसिम किसिम समाचार आदान प्रदान भैरहेको हुन्छ । कसो कसो उसको चेतनाशक्तिले त्यो आदन प्रदान भैरहेको समाचार लाई समाती हालेको छ । आफूले समाचारको अर्थ बुझेको झैं लागेपछि साह्रै साह्रै खुशी हुन्छ उ । समाचार सुनाउने छात्र भन्दैछ - 'धेरै टाढाको कुरा किन गर्नु । यही खजुर गाछि बजारकै कुरा लिनुहोस् न । त्यही ठाना निरै राइस आयण्ड आयल मिल छ नि त्यसका मालिक सुन्दरलालजी ले आयकर मार्नसम्म मारेका रहिछन् नक्कली खाता देखाएर । कर इन्सपेक्टरको हातमा कसो कसो सक्कली खाता परेछ । सक्कली खाता हेर्दा पो त सारा कुरा छर्लङ्ग भयो । फेरि कर इन्सपेक्टरले ठानाको मद्दत लिई सुन्दर लाललाई माथि चलान गरेछन् । तर सुन्दरलाल बीचबाटो बाटै छुटेर फेरि आफ्नो मिलको गद्दीमा बसेर जनता जनार्दनलाई ठगठाग गर्न आइपुगेको रहेछ । उ आइपुगेको महीना दिन नवित्दैमा कर इन्सपेक्टरको जागीर खोसिदिएछन् माथिकाहरूले । ल विचार गर्नुहोस् त अन्यायको कुरो भएन यो ।

छात्रहरूले आफ्नो कुराकानीमा प्रयोग गर्ने गरेका बिचित्र किसिमको भाषा र साहित्यिक प्रतीक र उपमान आदि उसले नबुझ्ने खालको थियो तापनि आफ्नो आँखा अगाडिकै मिलको कुरा भएको ले त्यसलाई बुझिहालेको छ उसले । फेरि त उसको मुखबाट पनि उसलाई मनमा लागेको कुराको प्रतिक्रिया फुटिहाल्छ- 'चोर लोगनके देश भगयल छे यी ।' (चोरहरूको देश भै सकेको छ यो)

अर्को छात्रले रिठ्ठे नुनियाको कुरा काट्दै चर्को किसिमको स्वरमा भनिहाल्छ- 'मिलको कुरा नै किन । सुरजमल कै कुरा लिऊं न, अगमलाल हलवाई कै कुरा लिऊं न । उनीहरूले कसरी रुपियाँ कमाए खजुरगाछी र गौरिगन्जमा कस्ले नथाहापाएको कुरो हो र ! त्यही कालो धन्दा गरेर होइन । कालो धन्दा नगर्ने आज भोलि को पो छ र । सयकडा ५० व्याज लिने यहाँको चल नै हो । आज भोलि त झ्यालखाना जान पर्नेहरू माथिल्लो तहको मेच ओगट्न पुग्छन् । माथिल्लो तहको मेच ओगट्न जान पर्नेहरू हतकडी नेल लगाएर झ्यालखाना बासी हुने गर्छन् । तल देखि माथिसम्म हेर्ने हो भनें यो मुलुक जालसाजी, डकैती, फरेवी र चोरीको मुलक भै सकेको छ ।

रिठ्ठे नुनियालाई उ पनि चोर भै सके झैं लाग्न जाल्छ । चूरको सुर्ती, चूर बेर्ने पेपर तथा सलाई किन्न गोलकबाट सुटुक्क पैसा लिनु पनि त चोरी गर्नु नै हो । काँक्रो चोर पनि चोर हो । खसी चोर पनि चोर हो । उसकी आमा पनि त चोर्न खप्पिस थिई ।

होटलको काम सिध्याएर एघार बजेतिर रिठ्ठे नुनिया घर जान लाग्दा म पनि उ संगसंगै जान्छु । उसको घर मेरो घर भन्दा केही अगाडि नै पर्छ । होटल मै मैले उ संगसंगै भात खाइसकेको र मलाई त्यति वेलासम्म निद्रा पनि नलागेको हुनाले अगाडि बढ्नको साटो म उ संगसंगै उसको आगन भित्र पस्छु । भित्र पींडीमा टुकी बालेर राखेको हुँदा पिंडी उज्यालो नै देखिन्छ । तर उसकी आमा यतिवेलासम्म पनि सुतेकी रहिन छ । यतिबेलासम्ममा एक निन्द्रा पुऱ्याइ सक्नु पर्नेमा ब्युंझि नै रहेको देख्दा छक्क पर्छ उ । तर उसकी आमा न्याश्रिदेखिन्छे , साह्रै साह्रै न्याश्री देखिन्छे । न्याश्रोपन भित्र त्यसै त्यसै छड्कीरहेको

व्यथाको पीडालाई सहन गर्ने चेष्टा गरे झैं एउटा चूर समातेर टोलाएर बसिरहेकी छे । स-साना भुण्टा भुण्टीहरू भने उसको वरिपरि बसेर रोइरहेका छन् । उसकी दिदी भने के के न आपत बज्रिए झैं त्यसै त्यसै सुंक्क सुंक्क गरेर रोइरहेकी छे । उभिएको उभियै सोध्छ उ - 'कि भगयल ? (के भयो)

छोरा चाँहिनेको आवाज सुन्नासाथै रिठ्ठेकी आमाको धैर्य पनि मानो भाचिन्छ । अब ऊ भुण्टा भुण्टीहरूको स्वर संग स्वर मिलाएर रुन थाल्छे । ना ना किसिमको शङ्काले रिठ्ठेको धैर्य पनि खल्बलिन्छ । उ कामेको स्वरमा सोध्छ- 'कथिला कानै छे (किन रोएकी) !

सुंक्क सुंक्क रुँदा रुँदै जवाफ दिन्छे उसकी आमा - 'का कहु बबुवा ! तोहर बाबुके पुलिस पकडके ले गयल छे (के भनुँ बाबु । तेरो बालाई पुलिसले समातेर लगेको छ ।'

एकाएक छांगाबाट खसे झैं हुन्छ रिठ्ठे नुनिया । धेरै दिन भै सकेको छ उसले आफ्नो बालाई नदेखेको । राती उसको भाते निद्रामा परेको बेलामा उ घर फर्किएर परालको ओछ्यानमा लम्पसार परी भुसुक्क निदाउने गरेको र विहान कुखुरा बास्नु भन्दा पहिले नै उठेर बाबु चाहिनेसंग भेटघाट नगरिकन नै होटेल जाने गरेकोले त्यस्तो हुन गएको हो । उ पनि सुंक्क सुंक्क रुँन थाल्छ । त्यस किसिमको स्थितिले चिसो पन त म पनि आफ्नो छाती भित्र अनुभव गर्न थाल्छु । सुंक्क सुंक्क रुँदा रुँदै पनि उसको मानसमा पुलिस थानाको चित्र खिचिन थाल्छ । पुलिस ठाना होटेल भन्दा धेरै टाढा पर्दैन सय डेढ्सय गज जति टाढा होला । ठानेदार साहेब र कन्सटेवलहरूले उसको होटेलमा चिया चमेना खाने गरेकोले उनिहरूसंग उसको बोलचाल पनि हुने गरेको छ । तर ठानामा चोर, बदमास भनेर समातेर ल्याएका मान्छेलाई पहिलेबाट पुलिसले बुट लाएको लात्ती नै लात्तीले ठटाउनसम्म ठटाउने र त्यस पछि गलहत्याउँदै छिडीमा ठिङ्ग्रो लगाइदिने गरेको दृश्य उसले निकै निकै देखेको हुँदा पुलिससंग बोलचाल भए पनि पुलिसको नामसंग पनि उ साहै साहै तर्सने गर्छ । तर म भने आफ्नो बा नरवहादुर मुखियालाई सम्झन थाल्छु । वहाँ चोर बदमास ठहऱ्याइन लागेकाहरूले लौ मुखिया साहेब हामीलाई पुलिसको बुट र ठिङ्ग्रोबाट बचाइदिनु पऱ्यो भनी टक्र्याउन ल्याएका नोटको बिटामध्ये आधा नोट आफ्नो खल्तीमा हाल्ने बाँकी पुलिसको खल्तीमा ठोस्ने काममा पनि निकै खप्पिस हुनुहुन्थ्यो । रिठ्ठेलाई दिने तलव आफ्नो खल्तीमा ठोस्न पाए रिठ्ठे नुनियाको बा कलेश्वरवा निश्चय पनि चोर दोषबाट मुक्ति पाउन सक्छ भन्ने लाग्न थालेको छ मलाई । त्यत्तिकै उसले सुंक्क ! सुंक्क गरेर रोइरहेकी दिदी -पुलिसको डरलाई उकास्न थाल्छे - "हम त कहले रहली रहली हे यहन काम नाकरु वाबु कहके । दुकानसे कहियो कहियो नमक अडर खेसारीके दाल चुराके लाओल छे लै । नमक चुराते चुराते अब जामा चुराए लगएल छे । नयका जामा चुराके अपने टेटमे का छुपाए लगल छे लै मारबाड्डी सेठवा ठाम मे पकडलेल छ्यै । फिर त पुलिसवाके बुझादेला अब कथी करु ।" (म त भनेकी नै यस्तो काम नगर है वा ! भनेर । दोकानबाट कहिले काही नून र खेसरीको दाल चोरेर ल्याउने गर्थ्यो । नून चोर्दा चोर्दै अब त कमिज नै चोर्न पो थालेछ । नयाँ कमिज चोरेर आज आफ्नो धोती बाँधेको ठाउँमा के लुकाउन लागेको थियो मारवाडी सेठले ठामैमा समातेर पुलिसलाई बुझाइ दिएछ । अब के गर्नु लौ)

सुंक्क सुंक्क गर्दा गर्दै रिठ्ठे नुनियालाई मारवाडी सेठसंग साहै साहै जङ् चल्छ । फेरि त उ सन्निपातको रोगी झैं आक्रोसको आवाज निकाल्न थाल्छ - "सालार बेटा साला कईयो अपन दुकानमे किराशन (मट्टितेल) चिनी छुपाके रखैंछे फिर महगा बेचै छे ऊ चोर ना भैल । आँख बचाके बेचैछे त उ चोर भयलकी दोसर के चोर कहिछे साला । जङ्गिदा जङ्गिदै आफ्नो नुनिया जाति माथिनै चोरीको आरोप थोपर्न थाल्छ । आरोप थोपर्द थोपर्दै उनीहरूलाई ताकेर जथाभावी गाली नै वर्षाउन थाल्छ । लोग्नेको शोकले त्यसै त्यसै विह्वल भैरहेकी उसकी आमा छोरा चाहिनेको मुखबाट आफ्नो जातिमाथि नै गालीको वर्षा भएको सुन्दा उसलाई छोरामाथि नै रीस उठ्छ । फेरि रीसको झोंकमा छोरा चाहिनेको गालामा बेस्करी एक चड्कन बजाइदिन्छे ।

फेरि त्यहाँबाट उ रन्थनिदै आफ्नो परालको ओछ्यानमा लम्पसार परेर आमा र दिदी चाहिने जस्तै वरर आँसु झारेर रुन थाल्छ कुन्नि कति बेला उ निदाउँछ त्यसबारे उसलाई केही थाहा हुँदैन । म तत्कालै आफ्नो घर तिर जान्छु । तर उसको बालाई पुलिसको चङ्गुलबाट छुटाउने वारेमा मैले सोच्न छाडेको छैन । तर दुर्भाग्य रिठ्ठे संग नगद छैन । भोलि पल्ट सूर्य उदाएपछि म फेरि रिठ्ठे कहाँ पुग्छु । तर त्यतिवेलासम्म पनि रिठ्ठे मस्तसंग निदाइरहेको हुन्छ । मानो घोडा बेचे झैं निस्फिक्री भएर सुतिरहेको छ । त्यसदिन उ समयमा होटेल पनि पुग्न सक्तैन । होटेलमा पुगेर होटेलका खाने कुराहरूको नाम उच्चारण गर्न थाले पछि उसको बाबु कलेश्वरवालाई

चोरीको वात लगाएर पुलिस ठानामा थुनिराखेको छ भन्ने कुरा पनि भुसुक्क बिर्सिन्छ । मानो त्यो कुरा उसको निम्ति बासी न बासी हुन्छ । उसको बावुले चोरी गरेर जात जनाएकै हो क्यारे ! थुनिन्छ भने थुनियोस् अब के गर्नु त । वास्तवमा उसंग न त कमिशन वापत मेरो बाको खल्ती भर्न सक्ने नै ताकत छ न त ताकत छ पुलिसको खल्ती भर्न सक्ने नै । होटेलमा काम गरे वापत महीनाको जावो पचास रुपियाँ दिन्छन् त्यति जावो रुपियां चूर खान पनि पुग्दैन, त्यस्को निम्ति आफैले त गोलकबाट आँखा छलेर रुपियां झिक्नु पर्छ । साँझतिर डिष्टिलरीको रक्सीको स्वाद लिन पल्किएकाहरू होटेलमा आउने गर्न थालेपछि आफ्नो सुगा रटान झैं स्वर दोहोराउन थालिहाल्छ, सबै सबै पीडा खप्नु पर्ने कुरालाई चा, विस्किट, घुङ्नी, चुरा र समोसा पनि छ, तरुवा माँस, माछा र सधुवा भटमास पनि छ, छोइला, कचिला पनि छ साहेव ! भन्नुहोस् साहेव अहाँलाई के के ल्याउँ !

* * *

२०५४

नव वर्षको महान अवसरमामा

हार्दिक मंगलमय शुभकामना

व्यक्त गर्दछौं ।

नगर विकास कोष समिति

नयाँ वानेश्वर

विजया दशमी २०५४ को शुभकामना ।

विवाह, जन्मोत्सव आदि अवसरमा तपाई के उपहार दिनु हुन्छ ? आखिर जे दिएपनि सर्वोत्तम त पुस्तक हो । साझा प्रकाशनका पुस्तकहरू उपहार दिने बानी बसालौं ।

साझा प्रकाशन

पुल्चोक, ललितपुर

लघुकथा

भाग्यरेखा

– तैजप्रकाश श्रेष्ठ

उ सडक पेटीको एक छेउमा पलेटी कसेर सडकभरि आखाँ विछ्याई रहेछ । अनुहार प्रफुल्ल हुनसकेको छैन । भोकले असरल्ल परेझैं देखिन्छ । दिनको चार बज्दैछ । उसको अगाडि एक दुईवटा ज्योतिष शास्त्रका सस्ता पुस्तकहरू पल्टिएका छन् । उ आशातित आँखाले कहिले पुस्तक र कहिले सडक पेटी नियाल्ने प्रयास गर्छ ।

विहान करिव आठ बजेदेखि उ यसरी नै बसिरहेको छ । एक कप चिया वाहेक उसको पेटमा अरु पदार्थ परेको छैन । उ पेटको ज्वालासंगै सल्किन थालिसकेको छ । तर हिजोको जस्तो आज उसले आफ्नो आसन त्याग्न सकेको छैन । हो, हिजो पनि उ यसरी नै बसेको थियो । तर दिउँसो भोक खप्न नसकेर एक बजेनै घरतिर हिडेको थियो । त्यसैले हिजोको दिन उसकोलागि निरर्थक भयो । फलत: उ आज दिनभर भोकै छ । आज उसले साँझसम्मै बस्ने निधो गरिसकेको छ । आज उसले रित्तो हात घर फर्कन कल्पनै गर्न सकिरहेको छैन । घरमा तीन जोर आशातित आखाँहरूले उसैलाई पर्खिरहेका छन् । चुलो नबले आँत जल्न कतिवेर लाग्छ र ! अत: उसले आज केही न केही नलगी भएको छैन ।

उ भित्रभित्रै छटपटिई रहन्छ । सडक पेटीमा ओहर दोहर गरिरहेका मान्छेको भेललाई टिठलाग्दो आँखाले पछ्याउँन थाल्छ । नियाल्न खोज्छ र केलाउन थाल्छ- आफूजस्तै ग्रहदशा बिग्रेका मान्छेहरू । समय घसिरहेकै हुन्छ । उ धैर्यताकासाथ आफ्नो स्थानमा डटेर बसिरहेछ । यसरी बस्नु नै उसको नियत हो, कर्तव्यवोधबाट सिर्जिएको वाध्यता हो । करिव सवा पाँचबजे उसले एकजोडी दम्पत्ति आफ्नो अगाडी उभिएको पाउँछ । ऊ फिस्स हाँस्छ । ग्राहकलाई बस्न संकेत गर्दै उ कुण्डली पल्टाउने उपक्रममा लाग्छ । तर उ अझैं अनभिज्ञ छ । आज उसको भाग्यरेखा कस्तो हुन्छ ?

शोणितपुर, चुनिखेल

अर्कालाई होच्याएर हाँस्नु तल्लो खाले हाँसो हो, आफूलाई होच्चाएर हाँस्नसक्नु माथिल्लो खाले हाँसो हो । – जगदीशचन्द्र रेग्मी

कथा

फरार

ध्रुव सापकोटा

उ फरार छ ।

अखबारहरू रोचक ढंगले प्रस्तुत गरिरहेका छन् - उ फरार छ । एउटा आशाको सञ्चार भएको छ - कानून निस्तेज भएको छैन । न्यायको बत्ती बल्ने अनुमान गरिएको छ । सडकमा माग्न बसेको मगन्ते फरार शब्द सयौं पटक सुन्छ र मनमनै भन्छ - किन उउ फरार छ ? बुद्धिजीवीहरू धर्मग्रन्थका संस्मरण गर्छन् र प्रश्न गर्छन् के त्यस्तो समय आउला ?

अफिसका कर्मचारीहरू एक अर्कासंग खासखुस गर्छन् र भन्छन् । हाम्रो अफिसको जुकाको पालो आउला ? त्यतिखेर क्या मज्जा हुन्थ्यो ।

उ फरार छ ।

केही दिन पछि टेलिभिजनबाट खबर प्रसारित हुन्छ । खबरले विस्तारै विस्तारै व्यापकता लिन थालेको छ । फरार शब्द टोल, गल्ली र चौताराको छलफलको विषय चल्न गएको छ । सत्तापक्षीय कार्यकर्ताको मनोबल उच्च भएको छ । मरन्च्याँसे फोहोरी जनताका सामुन्नेमा तिनीहरू डुक्रन थालेका छन् । हाम्रो सरकार कानूनमा विश्वास गर्छ व्यक्तिमा होइन ।

- के गऱ्यो यो सरकारले ? डोको बिसाएर पसिना पुछ्दै गरेको विचरो भोके उत्सुकतावश सोच्छ ।

सुनिनस् टेलिभिजनमा ? भ्रष्टाचारीहरु फरार हुन थालेका छन् ।

टेलिभिजन आफूसँग नभएकोमा धिक्कार मान्छ । तर पनि जवाफ दिन्छ - टेलिभिजनले त्यस्ता कुरा पनि भन्छ ?

- यो सरकारले सबलाई न्याय दिन खोजेको छ । भ्रष्टाचारी भएनन् भने त न्याय पाइन्छ । सुख हुन्छ । सुख ।

दुःखले थिचिएको व्यक्ति दाँत फुक्लिएको मुख देखाउँदा उसको सुख र दुःख भ्रष्टाचारसँग जोडिएको रहस्य बुझेकोमा बुझ्न पाएकोमा उ गर्वित भएको छ । न्याय भन्ने शब्द उसले घरेलु अर्थमा बुझेको थियो त्यो शब्द राष्ट्रिय अर्थमा तन्केको छ उसका लागि ।

उ फरार छ ।

यो प्रसारण जति हुन्छ, सरकार त्यति नै खुशी भएकोछ । सरकारलाई जाडोको कोटको काम गरेको छ यसले । सरकार का आफन्तहरू अझै केही दिन हात लम्याउन पाइने आशा लिएर बसेका छन् । विरोधीहरू सरकार टिक्ने भयले दिक्क भएका छन्।

उ अझै फरार छ ।

खबरको पछाडि दुई अक्षर थपिन थालेको छ । उ पहिले खबरमा मात्र सीमित थियो । अब उ घटनामा उक्लेको छ । फूलबाट चल्ला बनेको । उसको दुःखद् अतित र सुखद् वर्तमानले कलात्मक रुप लिएको छ । पत्रकारहरूले यसबाट दोहोरो फाइदा उठाइरहेका छन् । तिनीहरु प्रथमतः निर्भीक र सत्यको पक्षपाती आफूलाई देखाउन सफल भएका छन् । अर्कोतिर सत्तासीनहरुलाई भनिरहेका छन् - तिमीहरुलाई जोगाउँन हामीहरु कतिको विश्वस्त किसिमले लेखिरहेका छौं । यसका लागि पनि केही थालियो नि ।

उ फरार छ । समाजका लागि प्रयास जारी छ ।

खबर फुल्दै सुनिदै गएको छ । फरारको पारिवारिक पृष्ठभूमिको पटुको फुकालिन थालिएको छ ।

उ फरार छ । समाजका लागि प्रयत्न जारी छ ।

उही कुरा दोहोऱ्याउँदा आकर्षण भर्ने हुनाले त्यस कुरालाई नयाँ ढंगबाट प्रस्तुत गर्न जरुरी हुन आएको छ । एउटा कल्पनाशील पत्रकार खबरलाई बिक्री योग्य बनाउनका लागि लेख्छ - विदेशमा भएको आशंका । यो शीर्षकले केही दिनका लागि काम गरेको छ । केही दिनपछि एउटा प्रतिनिधिमण्डलले सरकारलाई भेट्छ । त्यसले दबाव दिएको छ - त्यसको संपत्ति राष्ट्रियकरण गरिनुपर्छ ।

खबरले नयाँ नयाँ मोड लिइरहेको छ । मान्छेहरू अर्को एउटा मोडको प्रतीक्षामा छन् । यसको अन्तिम मोड कस्तो होला ? उत्सुकता जाग्न थालेको छ ।

म बेलुका अफिसबाट फर्किरहेको थिएँ । मोटरसाइकलमा बसेर एउटा मान्छे गइरहेको देखें । मसँग हिँडेको साथीलाई भनें

- ए ! हेर त त्यो मान्छे त्यही होइन ?

- कुन ?

- त्यही फरार ।

म द्विविधामा परें । भोलिपल्ट बिहान म मर्निङ्गवाकमा निस्केको थिएँ । उ पनि हाफपेन्ट लगाएर मर्निङ्गवाकमा निस्केको रहेछ । मैले उसलाई सोधें- तपाइँ फरार होइन ?

- म त यहीं छु ।

- कहिले देखि त ?

- कतै गएको नै छैन । कहिलेदेखि भन्नु ?

- अनि फरार को हो त ?

- त्यो सरकार हो / म होइन ।

***

कथा

मन त आकाश न हो

पद्मावती सिंह

साँझभरिको व्यस्ततापछि जीत बहादुरले बल्ल फुर्सद पाउँछ । निश्चिन्त बनी विछ्यौनामा बसेर उसले एक सर्को चुरोट तान्छ । त्यसपछि ऊ पल्टिन्छ र निदाउने प्रयास गर्छ । शरीर विछ्यौनामाथि पल्टिएपनि मन उसको आकाशिन थाल्छ पर ..... आफ्नो गाउँमा गोमतीको छेउ-छाउमा ..... । अनि तल नानीमैयाँको कोठामा ..... ।

गोमती उसकी प्रेमीका जसलाई रुवाउँदै उसले छोडेर आएकोछ काठमाण्डौमा केही वर्ष नोकरी गरी पैसा कमाउने उद्देश्यले । नानीमैयाँ उसकी मालिकनी जहाँ उसले आफ्नो बास र गास जुटाएको छ बिहान बेलुकीको घर धन्दा गरी । हैन भने पिउन जागीरले खान र बहाल तिर्ने कसरी ?

"जीते sss ..... , ए जीतबहादुर ....." नानीमैयाँले बोलाउँछे कोठाबाट ।

"पानी चाहियो होला ....." ऊ जुरुक्क उठ्छ र पानीको जग लिएर नानीमैयाँको कोठा बाहिर उभिन्छ ।

"भित्र ल्याइ दे न ..... ।" नानीमैयाँको आदेशलाई पालन गरी जसै ऊ कोठाभित्र पुग्छ उसले देख्छ नानीमैयाँ शरीराकार ऐना अगाडि श्रृङ्गार पटार गरी कपाल कोर्न लागेकी रहिछ । सुत्ने बेलामा पनि किन यत्रो नक्कल झक्कल ? भरेड् उक्लंदै जीतेले मनमनै गम्छ । राती कपाल कोरमा बूढो लोग्ने पाउँछ भन्ने उखान छ । त्यसैले होला बूढो लोग्ने फेला परेको..... ।

अब जीतेको आँखा अगाडि हाकिम साहेब सशरीर उभिन आइपुग्छ । गजधम्म शरीर, पुटुस्स अघिल्तिर निस्केको भुँडी ..... । उमेरमा बाबु भन्न सुहाउने, कस्तो नसुहाएको जोडी छिः ..... । जीतेले नाक खुम्च्याउँछ । "कहाँ धपक्क बलेकी नवयौवना, कहाँ सिनेमाको जोक्कर जस्तो बूढो हाकिम ! कसरी रिझिएको होला त्यस्तो बूढोमाथि !

उसलाई हाकिमको भाग्यदेखि ईर्ष्या लाग्छ । दुई चार दिनदेखि गर्मी निक्कै बढेकोले जीतेलाई निदाउन गाह्रो पर्छ । त्यसमाथि लामखुट्टेको आक्रमणले उसको निदाउने हरप्रयासलाई व्यर्थ पारिदिन्छ । उसले बिजुली बाल्छ - लामखुट्टेको सांघातिक आक्रमणबाट बच्नको लागि ।

बत्ती बाल्नासाथ अनायसै उसका आँखा दलीनमा गई स्थिर हुन्छन् । उसले देख्छ एउटा पुटुस्स भुंडी निस्केको मोटो माउसुली चाल मारेर बत्ती वरिपरि झुम्मिएका लामखुट्टेहरुलाई आफ्नो आहारा बनाउन व्यस्त । माउसुलीको चनाखोपन र लामखुट्टे तथा पुतलीलाई शिकार बनाउने दाउपेच देखी उसलाई हाँसो उठ्छ । ऊ एक्लै फिस्स हाँस्छ ।

"भगवान्ले सबैलाई आफ्नो आहारा जुटाउन कौशल दिएकै हुँदोरहेछ । ऊ दंग पर्छ माउसुलीको चर्तिकला देखेर । हेर्दा हेर्दै कसोकसो उसलाई लाग्छ - माउसुली हाकिमसाहेबमा परिणत भैरहेको छ । हाकिमसाहेबले पनि सुटुक्क यसरी नै नानीमैयाँलाई आफ्नो आहारा बनाइरहेको छ । उनी पनि सधैं बत्ती बलेपछि चाल मारेर नानीमैयाँ कहाँ उक्लने गर्छन् ।

माउसुली - हाकीम, हाकीम साहेब माउसुली सोच्दासोच्दै उसको दिमाग खजमजिन्छ । मनको भित्तामा ठक्कर खाइरहेका विचारका छालहरुलाई पन्छाएर जीतबहादुरले निदाउने प्रयास गर्छ । बत्ती निभाउना साथ माउसुली उसको दृष्टिबाट ओझल हुन्छ । बल्ल ऊ निदाउँछ ।

सधै झैं भोलिपल्ट उसको दैनिक क्रियाकलाप शुरु हुन्छ । बिहान उठ्ने, भात पकाउने, अफिस जाने साँझ किनमेल गर्ने अनि घर फर्कने । काठमाण्डौ आएदेखि उसको क्रियाकलाप यसरी नै जारीरहेको छ , शायद यसमा कुनै फेरबदल हुने पनि छैन ।

सधैं हाकिमसाहेबको सवारी बत्ती बलेपछि मात्र हुन्थ्यो तर आज ऊ घर पुग्दा हाकिमसाहेब नानीमैयाँ कहाँ जमिसकेका हुन्छन् । हाकिमसाहेब जमेका दिन जीतबहादुरलाई एकछिन फुर्सद हुँदैन । छिनछिनमा कहिले पानी, कहिले स्न्याक्स त कहिले रक्सी लिएर भान्छा र कोठामा ओहरदोहर गर्नुपर्ने हुन्छ । कहिले त उनी यति पिउँछन् कि सोफैमा गुडुल्किन्छन् ।

आजपनि हाकिमसाहेब इन्तु न चिन्तु भएर ढलेपछि साँझको कार्यक्रमको अन्त्य हुन्छ र बल्ल गएर जीतेको

ड्युटी पुरा हुन्छ । आज हाकिमसाहेबको बास नानीमैयाँकहाँ नै हुन्छ । कहिलेकाहीँ यस्तो हुने गर्छ ।

सधै झैं चुरोट सल्काएर ऊ बिछ्यौनामा पल्टिन्छ । "लौ आज पनि झूल किनुला भनेको बिर्सिएछु, ...।" जवानीमै मेरो सुद्धि हराइसक्यो । उसले आफूले आफैलाई धिक्कार्छ । झूल किन्ने मनसायले ऊ असन गएको थियो तर झूलको सट्टा एउटा ऐना पो किन्न पुगेको थियो उसले, जुन अहिले भान्छाको भित्तामा झुण्डिएको छ । ऐनाको संझना हुनासाथ उसले ऐना भित्र आफ्नो रुप नियाल्छ । भरखरै जुंगाको रेखा बसेको आफ्नो उज्यालो, भरिलो अनुहार देखेर आफैलाई लाज लागेर आउँछ ।

"काठमाण्डौ आएर म निक्कै फेरिएं छु ।"शहरको खानपीन र रहनसहनले अब ऊ पहिलेको गाउँको जीते र हेन बरु अर्कै शहरीया जीत बहादुरमा परिणत भैसकेको वास्तविकताबाट ऊ परिचित भयो । लामखुट्टेको टोकाइले गर्दा आजपनि ऊ निदाउन सक्दैन । त्यसमाथि हाकिमसाहेबको बास भएको दिन त उसको मनस्थिति नै कस्तो कस्तो हुन्छ । गएको हप्ता पनि उसले रात छर्लङ्ग काटेको थियो ।

काठमाण्डौ जागीरे हुन नपसेको भए आज गोमती मेरो ओछ्यानमै हुन्थी । बिहे गर्न कुरा छिनिसकेको थियो, मनै नमानेर त हो नि .....। उसको मनाकाशमा गोमतीको रुप झिलिक्क झिल्कियो । गोमती पनि यौवन र रुपमा नानीमैयाँ भन्दा कम छैन । नानीमैयाँले जस्तो श्रृङ्गार पटार गर्न जानेकी भए नानीमैयाँलाई मात गर्ने खालकी छे । एकपछि अर्को चुरोट सल्काएर ऊ यस्तै कुराहरू सोचिरहन्छ ।

निन्द्रा नलागेर हो वा के ले प्रेरित भएर ऊ चाल मारेर तल ओर्लिन्छ । नानीमैयाँको कोठा बाहिर पुगेपछि ऊ टक्क अडिई भित्रको चाइचूइँ सुन्न लालायित भई आफ्नो कान थापिरहन्छ । हाकिमसाहेबको श्वासप्रश्वास र नानीमैयाँको पीडाले कराएको जस्तो एकोहोरो मधुरो आवाज उसको कानमा पर्छ । त्यसपछि खापाको चिराबाट उसले भित्र चिहाउँछ ।

हा: म यो के गर्दैछु । हाकिमसाहेबले चाल पाएर बाहिर निस्के मेरो के गति होला ! पसिनै पसिना हुन्छ डराएर ।

"थुक्क.....! आज के भयो मेरो मतिलाई ? आफूले आफैलाई थुकेर ऊ बिरालाको चालले माथि उक्लिन्छ ।

आफ्नो कोठा कम भान्छामा पुगेर बल्ल उसले नि:श्वास छोड्छ । आजपनि उसको आँखा पुतलीहरुलाई धमाधम आफ्नो आहारा बनाउन तल्लीन माउसुलीमा गएर टाँसिन्छ । ऊ त्यो दृश्य चीसो दृष्टिले धेरैबेर हेरिरहन्छ ।

जुरुक्क उठेर उसले माउसुलीलाई कुचोले बजार्छ । माउसुली निष्प्राण भई फ्यात्त भूइँमा झरेपछि उसलाई थक्थकी लाग्छ - व्यर्थै माउसुलीलाई किन मारेछु भन्ने पर्छ । हेत्तेर ीका ... ! आज मलाई के भइरेहछ ? ऊ आफै अचम्म मान्छ । हुरी बतास चले झैं मन किन त्यसै त्यसै बतासिइ रहेछ । टाढा आकाशमा शून्य दृष्टि फ्याँकेर उसले रात काट्छ । आकाश ब्युँझिएर बिहान हुने तरखर गरेको देखी ऊ ओछ्यानमा आई लड्छ र भुसुक्कै निदाउँछ । उसले सपना देख्छ ।

एउटा अजंगको रुख रहेछ घना जंगलमा । त्यस रुखको टोड्कोमा एउटा भयानक अजिंगर बास बस्दो रहेछ । ऊ प्रत्येक साँझ घिसिएर नजिकैको तलाउमा पसेर आफ्नो आहारा जुटाउँदो रहेछ । एकदिन ऊ तलाउभित्र पसेर एउटा जीव मुखमा च्यापेर बाहिर निस्क्यो । त्यो जीवलाई उसले तलाउको डीलमा बसेर निल्न थाल्यो । निल्दानिल्दै अब त्यसको मुखमा त्यस जीवको टाउको मात्र बाँकी र ह्यो । जीव त्यसको मुखमा छटपटाइ रह्यो । अहिले सम्म उसले त्यो जीवलाई ठम्याउन सकेको हुँदैन । बल्ल ठम्यायो - अजिंगरको मुखमा नानीमैयाँको टाउको पो च्यापिएको र हेछ ..... । उसले एउटा मोटो लौरो लिएर अजिंगर लाई हान्यो । अजिंगर अब ऊ माथि आइलाग्यो । अजिंगर पछिपछि ऊ अघिअघि ऊ बेताहासा दौडिन थाल्यो । दौड्दादौड्दै ऊ एउटा चट्टानै चट्टान भएको ठाउँमा पुग्यो । ऊ चट्टानै चट्टान ज्यान हत्केलामा राखी दौडि नै र ह्यो । उसलाई अजिंगरले के भेट्टाउन थालेको थियो - ऊ झल्यास्स ब्युँझियो । छ्याङ्ग उज्यालो भैसकेको रहेछ ।

"अहो ! कस्तो डरलाग्दो सपना देखेंछु । सर्वाङ्ग पसिनै पसिनाले निथुक्क भिजेको रहेछ ।" उसलाई उठ्न जाँगर चलेन । शरीर थकाइले चूर भए झैं मष्तिक शून्य भए झैं अनुभव गरी ऊ चूपचाप आँखा चिम्लेर मस्त भएर ओछ्यानमा पसारिइरह्यो ।

"किन आज चिया नखुवाउने ?" नानीमैयाँले भान्छामा प्रवेश गर्दै चिया बनाउने आदेश दिइन् ।

उसले सुने नसुनेझैं गरी आँखा चिम्लिरह्यो ।

"सञ्चो भएन कि कसो ?"

बल्ल उसले आँखा खोलेर नानीमैयाँलाई टुलुटुलु हेर्न थाल्यो । त्यसपछि एकाएक उसलाई रुन मन लागेर आयो । उसले आँखाबाट आँशु झार्दै भन्यो -

"अब म यहाँ बस्दिन घर फर्किन्छु ।"

"किन के भो र यहाँ ? झन् हाकिमसाहेबले मेरो रेखदेख गर्लाऊ भनी त्यति राम्रो जागीर मिलाइ दिनुभा छ । मैले पनि तिमीलाई पराइ संझेकी छैन । आफ्नै संझेकी छु । मलाई एक्लै छोडेर जाने ?

नानीमैयाँको आँखामा दृष्टि अड्याएर ऊ मनमा के के सोचिरह्यो । त्यसपछि नानीमैयाँको आँखामा के देख्यो कुन्नी, उसको मनाकाशमा मडारिरहेका कालो बादल एक्कासी बिलाए झैं उसले अनुभव गऱ्यो ऊ फुर्तिसाथ उठ्यो र चिया बनाउने तरखर गर्न थाल्यो ।

चिया बनाउँदै ऊ शुसेल्न थाल्यो । किनकि उसको मनाकाशमा यतिखेर हजारौं ताराहरु झिलमिलाइरहेका थिए । मन त आकाश न हो जहाँ हजारौं ताराहरु छिनमै बिलाउँछन् भने छिनमै झिलमिलाउँछन् पनि ।

ख १- ५३०, ताहाचल, काठमाडौं

* * *

लघुकथा

चोरमाथि चण्डाल

- पुष्करराज बुढाथोकी

जय र रवि दुवै फटाहा युवक थिए । उनीहरु कहिले कसलाई ठग्ने, कहिले कसलाई झुक्याउने आदि इत्यादि क्रियाकलाप गरिरहन्थे । एकदिनको कुरा हो- जय र रवि दुबै एउटै कोठामा सुतेका थिए । राती रवि ब्युँझियो र निदाइरहेको जयको निधारमा अश्लील शब्द लेखिदियो । अनि सुत्यो ।

संयोगवश रवि निदाइसकेपछि जय पनि ब्युँझियो र उसले पनि रविको निधारमा अश्लील शब्द लेखिदियो र सुत्यो । उज्यालो भएपछि दुबै उठे र एक अर्कालाई हेराहेर गर्दै मरीमरी हाँस्न थाले ।

- दोलखा, फस्कु - १

२०५४

बिजयादशमीको सुखद् अवसरमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नेपाल चिया विकास निगम लि.

परिवार

बिजयादशमी २०५४ को सुखद् अवसरमा मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

हरिसिद्धि इटा तथा टायल कारखाना लि.

परिवार, ललितपुर

Heartly Greetings
And Best Wishes For a Very
Vijaya Dashami

STRUCTO NEPAL (P.) LTD.

PATAN INSUSTRIAL ESTATE

CABLE: ESEN, P.O. BOX: 228, TEL: 521192, LALITPUR

कथा

थप्पड

प्रेम कैदी

मेरी छोरी अहिले दुई वर्ष केही महिनाकी भएकी छ । उसका सुकोमल मुख हात, अलि असन्तुलित हिँडाइ, केही शब्द आफ्नै पाराले बोल्ने मीठो बोली र अझै केही दाँतहरु आउन बाँकी मुखको हाँसोले मोहित पार्छे । उसका साथमा जति बसौं र जति खेलौं, मन भरिंदै भरिन्न । निदाएको बेला बाहेक सधैं ऊ औधी चञ्चल छे । सबै भन्दा उल्लेखनीय त उसका साना साना हात भएपनि अति जोडले गालामा थप्पड हान्ने अनौठो बानी छ ।

पहिले पहिले मैले मुखमा सास ल्याएर गाला फुलाएर उसलाई हान्न सिकाएको थिएँ । गाला फुक्क फुले पछि त्यसमा हान्यो भने मुख आफसेआफ खुलेर एक प्रकारको 'पुक्क' को ध्वनि निक्लन्छ । त्यस्तो ध्वनि सुनेर ऊ बेस्सरी हाँस्थी ।

आजकल ऊ अलि ठूली भएकी छ । हात पनि पहिले भन्दा विकसित भएका छन् । हिउँदमा काठमाडौंको जाडो छल्न आमा छोरी तराईतिर गएका थिए । मावलीमा बस्दा छोरीले भैंसीको दूध टन्न खान पाई र माटाको खेतहरुमा दिनभरि उन्मुक्त भएर खेल्न पाई । त्यसपछि उसका शरीका सबैं अङ्ग गठिला भएर आएका छन् । साना भए पनि हात त निकै चोटिला छन् । रिसाउने काम भयो कि उसले सिधै झम्टे झैं गरी आएर गालामा थप्पड हान्छे । सानासाना बच्चाहरु भाग्छन् । उसको आमाले उसलाई पिँठ्युमा थप्पड लाइदिन् तर म किन हो कुन्नी उसलाई रोक्न सक्दिन ।

आज धेरै दिन पछि त्यति महत्त्वपूर्ण काम नभएको र धेरै धेरै मित्र र आफन्तहरुले पठाएका चिठ्ठी पत्र र उपहार दिएका केही पुस्तक पत्र-पत्रिकाहरु पढ्छु भनी घर मै बसेको छु । मुखनिर थुपारेका कागजका फाइल र पुस्तक माथि शुरु मै ऊ आएर बसेकी छ । ऊ आफ्नै धुनमा खोतल खातल गर्दै छ । म पनि एउटा शिशाकलम लिएर एउटा पत्रिकाका पानामा लेख पढ्दै चिन्ह लगाउँदै छु ।

- बाबा कनम् ।
- किन ?
- म भाइ बनाउने ।

म पत्रिका कै छेउमा सानो गोलो भित्र तीनवटा थोप्ला राखेर एउटा चित्र बनाइदिन्छु । त्यो हेरेर ऊ फिस्स हाँस्छे ।

- बाबा छोरा बनाउने, म अर्को चित्र बनाइदिन्छु ।
- बाबा बहिनी बनाउने ।

म फेरि त्यस्तै गोलो चक्रबीच तीन थोपाको मान्छेको आकारको टाउको कोरेर त्यसैमा लामो कपाल जस्तो बनाइदिन्छु ।

- बाबा चंगा बनाउने ।

म लामो धर्सो तानेर पत्रिकाको अर्को पेजमा चार कुने रेखा बनाइदिन्छु । उसका निम्ति भाइ, छोरा, बहिनी र चँगा बनेको छ । यस्तो खेलाची कुरामा पनि ऊ सन्तुष्ट देखिन्छे, खुशी देखिन्छे ।

- बाबा म बनाउने ।
- बाबा मामा (आमा) बनाउने ।
- बाबा बुबा (बाजे) बनाउने ।
- बाबा मुमा (बजे) बनाउने ।

यस्ता धेरै चित्र कोर्दै मैले झिंझो मान्दै गए पनि उसको माग एकरत्ती घटेको छैन ।

- अब हुन्न, बाबालाई पढ्न देउ, हजुर बाहिर खेल्न जाउँ ।
- बाबा पनि जाउँ ।

उसको जिद्दी देखेर म छक्क पर्छु । म सानो छँदा आफ्नै आमा बासँग पनि डराउँथे र आफू भन्दा ठूलो मान्छे देख्यो भने त्यत्तिकै डरलाग्थ्यो । म एउटा ज्यादै पिछडिएको आज पनि आदिम युगमा रुमलिएको गाउँमा हुर्केको मान्छे हुँ । मेरो गाउँमा केटाकेटीहरु हिँड्न बोल्न जान्ने हुँदासाथ काममा खटाइन्छन् र उनीहरुले आफूभन्दा ठूला मान्छेले भनेको मान्नै पर्छ । ठूलाबडाका अगाडि चुपचाप बस्नै पर्छ । अन्यथा थप्पड, मुक्का, लात्ती खानुपर्छ । कतिबेला त पशुवस्तुलाई जस्तो लाठी मुंग्रीले पिटेर केटाकेटीहरु रक्ताम्य हुन्छन् र फेरि बोल्नै नसक्ने हुन्छन् । म त्यस्तै परिवार बीच हुर्केको हुनाले आज पनि मान्छेहरुसँग प्रष्ट रुपमा आफ्नो कुरा भन्न सधैं हच्किर हेको महसुस गर्छु । यस्ता कुरा कसैलाई भन्न पनि सकिंदैन

र अहिले बूढा खाडा भैसकेका मेरा घरका बा कान्छा बा र दाजुहरुको मन दुखाउन पनि सकिंदैन । तर मलाई थाहा छ गाउँमा कस्तो हुन्छ ।

अशक्त गरीब र बोल्न नसक्ने माथि आज पनि गाउँमा हातपात हुन्छ, अत्याचार हुन्छ । केटाकेटी, आइमाइ, बूढापाका र गरीब कमजोरहरुलाई लाठीमुंग्रीले तह लगाउने ठूलाठालुहरुको व्यवहार अहिले चलिरहेकै छ । प्रजातन्त्र आइसके पछि पनि गाउँलेहरु आफ्नो इच्छाले मतदान समेत गर्न पाइरहेका छैनन् । लोभ र त्रासले सम्पूर्ण समाज चलेको छ । गाउँले ठूलाठालुहरु त ऐन नियम पढेका छैनन् । जुग जमाना जानेका छैनन् उनीहरुबाट पशुयुगको व्यवहार हुनु अनौठो कुरा होइन तर शहरबाट पढेलेखेको जिल्लामा राजगर्नजाने प्रहरी प्रशासकहरु पनि मान्छे माथि हातपात गरेरै न्याय निसाफ गर्ने गरिरहेका छन् । बाल रेडक्रसको चुनावमा सरकारी पक्षको विरोध गरेको अभियोगमा कोटबाडा गाउँका साना साना विद्यार्थीहरुलाई गिरफ्तार गरेर जिल्ला प्रहरी कार्यालय मान्ममा ल्याएर खोरमा थुनेर एउटा निरीक्षकले रातीराती बन्दी विद्यार्थीहरुमाथि मारमुंग्री लगाउँदा उनीहरु रोइकराई गरेको सदरमुकाम बजारभरि सुनिएको र बजार नै आतङ्कित भएको थियो अरे !

मेरी छोरी मेरो हात तानीरहेकी छे । म भने अझै गाउँतिरै छु । हाम्रा बाबुहरुलाई तह लगाउन बाजे सधैं हुक्काको नली लिएर बस्थे रे ! एकचोटी त काकाले गरेको बदमासी तह लगाउन बाजेले घरका छानाबाट ढुंगा उखेलेको समेत मैले सुनेको छु । केटाकेटीदेखि आजसम्म जति किताब पढें त्यसको सार भनौं भने मान्छे मात्र होइन कुनै पनि जीवलाई दुःख नदिने कष्ट नदिने भन्ने नै छ तर यथार्थ त्यसको ठीक उल्टो छ । मलाई सानैदेखि पाठशालामा गुरूहरुले पिटेका छन् , मेरा परिवारका मान्छेहरू, चिनजानका मान्छेहरूले कठीन काम गराउन खोज्दा अस्वीकार गर्दा वा सानोतिनो गल्ती गर्दा सकेसम्म हातपात गरेका छन् । अहिले जब म धेरै ठूलो र मोटो अरूलाई तर्साउने खालको भएपछि गुण्डा चरित्रका मान्छेहरू पनि सम्मानपूर्ण व्यवहार गर्छन् । तर पनि मैले देख्दा समाजमा सन्तुलित र मानवीय व्यवहार छैन । शासनमा होस् अथवा घर परिवारमा जहाँ पनि गुण्डागर्दी चलिरहेछ । बलिया र बांगाले निमुखा र सोझालाई कज्याइरहेका छन् ।

छोरीले हात झट्कार्छे । मेरो चिन्तनको लहरा चुँडिन्छ । फेरि छोरीका साथमा छु । ऊ कुद्न चाहन्छे, लुकामारी खेल्न चाहन्छे । बाहिर इट्टा माटोको आगनमा समेत मलाई घोडा बनाउन खोज्छे ।

- बाबा हजुरको गालामा मच्छर छ । उसले मच्छर भगाउने निहुँमा मलाई कानको जाली फुट्नेगरी थप्पड हान्छे । म रन्थनिन्छु । उसकी काकीले मावलमा छोरी बदमास भै छ असाध्ये दुख्ने गरी थप्पड हान्छे भनेकी थिई । नभन्दै मेरो गाला सुन्निएला झैं भएको छ । तर म केही गर्न सकिर हेको छैन । छोरीको चञ्चलताले म संसरका सबै केटाकेटीहरूले पिटे पनि ढुंगाले हाने पनि रिसाउन र उनीहरूमाथि जाइलाग्न अशक्त छु । यो भावना मलाई यही छोरीले दिएकी हो । अन्यथा म पनि केटाकेटीलाई पिट्न सक्थें जस्तो लाग्छ ।

- बाबा दुख्यो ? छोरी आफैले पिटेको गाला मुसार्दै छे । मलाई चाहिं मेरो बा संग रीस उठिरहेछ । यदि उनले मलाई अरुलाई थप्पड हान्न सिकाइदिएको भए अहिले जसको भलो चितायो, हित गर्न खोज्यो तिनीहरुले मलाई थप्पड हान्न खोजे म जवाफ दिन त सक्दो हुँ तर मलाई लाग्छ म बेकम्मा छु । परिवार जनहरू, इष्टमित्रहरू र साथी भाइहरूले मलाई धेरै थप्पड हानेका छन् । भलो गरौं भन्यो कुभलो ठानेका छन् । मलाई अहिले आएर अनुभव भैरहेछ, अर्काका लागि बढ्ता संवेदनशील हुने र धरै सहयोगी बन्ने मान्छे पनि अहिलेको समाज व्यवस्थाका कारणले बेबकुफ हुने रहेछ । म मूर्ख र बेबकुफ छु भन्ने आफैलाई लागेको छ र कम से कम मेरो छोरी धेरै संवेदनशील नबनोस्, यस्तै कामना गरिरहेछु । छिमेकी चीनमा आजभोलि यसैले होला बच्चाहरूलाई बाघको हड्डीको सुरुवा खुवाउने गरेका ..... । थप्पड हान्ने छोरी मुक्का हान्ने होस् र हिमसत्वले भरिएको समाजमा मेरी छोरी पूर्णरुपमा बाँच्न सक्षम होस् भनी म पनि उसलाई बाघको हड्डीको सुरुवा खुवाउने विचारमा छु ।

***

१/६ पुल्चोक

विजया दशमी २०५४ को सुखद् उपलक्ष्यमा सम्पूर्ण देशवासीमा सुख, शान्ति तथा समृद्धिकोलागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

रेनुका स्टेशनरी जनरल ट्रेडर्स
नयाँ वानेश्वर, काठमाडौं
फोन नं. २२८३७८

कथा

धूवाँ र धूलाको बबन्डर

बेन्जु शर्मा

सब कोहोलो लागेर कराउँछन् -"बल्ल भने दीपक आयो, उज्यालो र रोशनी लिएर आयो ।

"अरे यार, किन यति ढिलो ? तिमीहरू विना त यो साँझ नै जम्दैन" दीपकका साथीहरू उसलाई हृदयको हार्दिकता बिछ्याउँछन् ।

दीपक र दीपककी श्रीमतीको उपस्थिति विना खल्लो भएको तासको खालमा साँच्चिकै रौनकता थपिएको प्रत्यक्ष देखिन्छ । दीपक आफू यसरी सबैको आकर्षणको केन्द्र विन्दु हुन पाएकोमा आफ्नी कान्छी श्रीमतीलाई मायाको आँखाले हेर्दै भन्छ - "श्रीमतीलाई लिएर हिंड्दा के छिटो गर्न सकिन्छ र ।" उसको आशय महिलाको ढीलो हुने श्रृंगार पटार हो भन्ने कुरा बुझिन्छ ।

आज उसले श्रीमतीलाई कस्सिएको जीनको प्यान्ट, फूलै फूलको बुट्टा भएको रंगी विरंगी शर्ट, अग्लो हील जुत्ता, पम्प गरेको लामो कपाल छोड्न लगाएर, चिल्लो गोरो अनुहारको बीचमा रातो गुलाबको फूलझैं ओठलाई फक्रन लगाएको छ । उसको इच्छा अनुरुपको श्रृंगार, उसैले किनेर ल्याइदिएको लुगामा उसकी श्रीमती मोडेलगर्ललाई जित्ने सौन्दर्यमा उभिएकी छ ।

राजा साहेब उनीहरूलाई आफूसंग राख्न ठाउँ बनाउँछ, सबै अलिअलि सर्छन् । दीपक राजा साहेबको आँखा भित्रको भाषा बुझ्दछ र उसलाई हेरेर मुसुक्क हाँस्छ, दबै आँखाको भाखामा केही सवाल जवाफ गर्छन् ।

त्यस वातावरणलाई अझ नशा लाग्दो बनाउन ह्विस्कीका शीशीहरू फुट्न थाल्छन् । ग्लासमा छचल्किएका ह्विस्की समात्दै सबै एकै आवाजमा बोल्छन् -
"चियर्स .....चियर्स ....."

सबै एक एक गरेर दीपककी श्रीमतीको ग्लासमा आ-आफ्नो ग्लास मिलाउँदै पालैपालो 'चियर्स' भन्न थाल्छन्, उनको सुस्वास्थ्यको कामनागर्न पछि हट्दैनन् । अनि सबैका ग्लासहरू ताता ओठहरूलाई छुन पुग्छन् । तासको खेलमा अझ बढी रौनकता थपिन्छ । बीच बीचमा तारेको मासु र अन्य स्न्याक्सहरू आइरहन्छन् । ग्लासहरू भरीने, रीत्तिने क्रम पनि जारी नै हुन्छ । हाँसो गफका आवाजहरू अझ घन्किंदै हुन्छन् ।

राजा साहेब दीपककी श्रीमतीसंग टाँसिन पुग्छ र नसालु आखाँले हेर्दै सोध्छ लर्वरिएको आवजले "तपाईको नाम के रे ? पार्वती होइन ?"

स्वीकृतिको टाउको हल्लाउँदै उ जवाफ दिन्छे - "हो, पार्वनी नै हो"

"अहा क्या नाम पार्वती !!"

अर्को गाउन थाल्छ- "हामीलाई पनि मायाले हेर पार्वती"

अर्को थप्छ - "लै, लै, लै.....

फेरि अर्को थप्छ- "हाम्रो पनि मनै त हो नि पार्वती....."

अनि त राजा साहेब पुरै पार्वतीको शरीरमा ढेसिन पुग्छ ।

पार्वती यसरी नै हरेक साँझहरू बिताउन बाध्य छे । इच्छा, अनिच्छा, चाह, अचाह, स्वीकृति, अस्वीकृतिका सबै मनका भावहरूलाई उसले रोबटमा परिणत गरेकी छे । स्वीच उसको लोग्ने दीपक चलाउँछ, उ चल्छे; बन्द गर्छ उ बन्द हुन्छे ।

"मारा ....." को आवाजले छिन छिनमा वातावरण रन्किन्छ । एउटा दंग परेर नोटहरू सोहर्दै भन्छ - "आजको दिन मेरो छुकको दिन रहेछ, मेरै मात्र दाउ लाग्ने भयो । अब अरुको दाउ सिद्धियो ।"

पार्वतीलाई लाग्छ उसले सधैं दाउमा हार्ने नियति भोग्दै आएकी छ । दीपककी जेठी स्वास्नी जसका घरभरि छोरा-छोरीहरू छन् । उसलाई फुटेको आखाँले पनि देखी सहन्न । दीपकसंग हिंडेर उसले अनिच्छित जीवन भन्दा बढी केही पाइन । एउटा पराजित, घृणित जीवन भोग्न उ बाध्य छे । ह्विस्कीको ग्लास दिदैं दीपक भन्छ- "ल पार्वती अरु पिउ । केही हुँदैन, डर मान्नु पर्दैन ।"पार्वती आफूलाई विर्सन खोज्छे, एकपछि अर्को पिउँदै जान्छे ।

चुरोटको धुवां, ह्विस्कीको गन्ध, तासको गर्मागर्मीले कोठा पुरै तातेको हुन्छ, पार्वतीको चेतना रुमलिए जस्तै कोठाको वातावरण पनि रुमलिएको हुन्छ । पार्वतीलाई रिंगटा लागेर आउँछ, चारैतिर अंधकारले छाउँछ, उ त्यहीं ढल्छे । दीपक उसलाई उठाएर त्यस कोठाको भित्री अर्को कोठाको बिछ्यौनामा लगेर सुताउँछ । पार्वती अन्यमनस्कमा औंलाहरू गनिरहेकी हुन्छे, ती दिनहरू बितेका दिन हुन् या बिताउन बाँकी दिनहरू हुन् । उ औंला गनिरहन्छे ।

भोलीपल्ट बिहान उठ्दा देख्छे राजा साहेब उसको अगाडि चुरोट तानेर उसलाई गडेर हेरिरहेको छ । चुरोटको धुवां उसको शरीरमा फुकिरहेको छ । पार्वती होशमा आउँछे, उसका अस्तव्यस्त लुगा । सिरगलाई माथि तान्दै सोध्छे "खै दीपक ?"

"दीपक आउँदैछन्, आउने बेला हुन लाग्यो" राजा साहेबको जवाफ हुन्छ ।

तल दीपकको कारको हर्न सुनिन्छ । पार्वतीको अर्को पटाक्षेप शुरु हुने बेला हुन्छ । साँझ यस्तै भए पनि दिनमा उ 'आदर्श स्कूल' की प्रिन्सिपल बनेर, फिंजारेको कपाल जूरो पारेर, खद्दरको धोती लगाएर, हातमा लठ्ठी लिएर स्कूलमा बच्चाहरूलाई पढाइरहेकी हुन्छे, आदर्शका उपदेशहरू सुनाइ रहेकी हुन्छे । स्कूल पनि उसको लोग्नेले खोलिदिएको हो, खद्दरको धोती ल्याइदिने पनि उही नै हो । बाहिरी आवरणमा दीपक पार्वतीलाई एउटा आदर्श शिक्षिका देखाइरहेछ, भित्रको दुर्गन्धलाई छोप्न, भित्रको कारोवारलाई गामगुम पार्न ।

यसरी द्वैध जीन्दगी भोग्न बाध्य पार्वतीले आज निर्णय गरी, उ केही गरे पनि स्कूल जाने छैन । उ भित्रबाट आएको दुर्गन्धले उ लज्जित छे, पराजित छे ।

हरेक मानिसको आफ्नो जिन्दगी हुन्छ, आफू प्रतिको आफ्नो स्वाधिनता हुन्छ, आफ्नो स्वतन्त्र सोचाइ र स्व हुन्छ । आफ्नो अस्मितालाई अचानोमा राखेर प्रत्येक दिन खुकुरीले प्रहार गरेको हेर्न उ नसक्ने भइसकेकी छे । सहन नसक्ने भइसकेकी छे ।

दीपक खोक्दै कोठाभित्र पस्दै भन्छ "उठ, अबेला भएन पार्वती ?"

"आजसम्म मलाई सुताइएको थियो, म निद्रामा थिएँ । तर आजदेखि म तपाईसंग जान्न । श्रीमान् जी तपाईंसंगको यो नारकीय र आदर्श द्वैध जीवन म बाँच्न सक्दिन । द्वैध चरित्र भएकासंग औधि घृणा छ मलाई"

"जहाँ जान्छु, एक्लै जान्छु । तपाईंलाई यति खबर दिनु थियो दिएँ ।"

"के कुरा गछर्यौ, स्वास्नी मानिसले पनि एक्लो जीवन बिताउनु हुन्छ ?"

"सत्य एक्लो हुन्छ, ब्रम्ह एक्लो हुन्छ, अद्वैतता एक्लै हुन्छ ".

पार्वती भऱ्याङ् ओर्लन थाल्छे । उसलाई अनुभूत हुन्छ, पछिल्तिरबाट उसलाई पिस्तोलले लखेटिरहेको छ, गोलीहरू छुटिरहेको छ, धुवां, धूलोले बाटो बबण्डर छ ।

जीवन प्रतिको मोह हराएपछि, मृत्यु अति सामान्य बनिदिन्छ ।

* * *

लघुकथा

यथार्थ

- प्रमोद स्नेही

सुरज आफ्ना आखाँहरूबाट झरेका आशुँहरू पुछ्दै हतार हतार रेडीयो नेपालको स्टुडीयो पुग्यो र उ समाचार वाचन कक्षमा पस्यो । समाचार वाचनको समय भएको कारण सुरज माइक अगाडि उभीएर समाचार वाचन गर्न थाल्यो । प्रहरीको गोलीबाट कुनै पनि विद्यार्थीहरूको मृत्यु नभएको तर केही उश्रृङ्खल आतङ्ककारीहरूले देशको अमनचैन माथि नै आँच आउने खालका भ्रम पैदा गर्ने खालका हल्लाहरू प्रचार गरेतापनि सर्वसाधारणको लागि यस कपोलकल्पित भ्रामक कुराहरू सत्य नभएको जानकारी गराउँदछौं । सुरज समाचार पुरा हुँदा नहुँदै समाचार वाचन कक्षबाट बाहिर निस्कियो र चिच्याउन थाल्यो । हो । हो । मारेकै हो अब म असत्य र झुठो समाचार भनेर कदापि सारा जनताहरूलाई भ्रममा राखेर सधैं दोषी हुन चाहन्न । बरु यो जागीर मलाई चाहिंदैन । जति बाँच्छु संघर्ष गरेर सांचो कुराहरू बोलेर बांच्छु । बाहिर आइरहेको विशाल जुलुशमा सुरज कता हो कता हरायो । किनकि सुरजको आफ्नो विद्यार्थी भाइ सुदनको प्रहरीहरूको गोलीबाट मृत्यु भएको कारण सुरजले केही समय अगाडि मात्र भाइको अन्त्यष्टि गरेर आर्यघाटबाट फर्केको थियो ।

२१/४०८, पुतली सडक

लघुकथा

परीक्षण

- रवीन्द्र समीर

एउटा भांडोमा धेरै पानी र अर्को भांडोमा थोरै पानी राखियो । त्यसपछि दुईवटा बालकहरूलाई छुट्टाछुट्टै एउटा भाडोंको पानी अर्को भांडोमा मिसाउन लगाइयो । पहिलो बालकले धेरै पानीमा अर्को भांडोको सबै पानी मिसायो, दोश्रो बालकले थोरै पानीमा धेरै पानी मध्ये आधा मिसायो ।

मनोविज्ञलाई थाहा भयो- पहिलो बालक धनीको छोरो थियो भने दोश्रो बालक गरिबको ।

- पो.ब.नं. १३१४२, काठमाडौं ।

कथा

कालो बाढी

वसन्तप्रकाश

- हेर्दा हेर्दै पानी घर भित्र पस्यो । म आत्तिएँ ।

हामी आत्तियौं ।

- घुँडा/घुँडासम्म पानी पुग्यो । म तर्सिएँ ।

हामी तर्सियौं ।

- मातिल्लो तलामा उक्लिएँ । उक्लियौं ।

पानी बढ्दै-बढदै आयो । माथिल्लो तलामा पनि पानी चढ्यो । म कहालिएँ । हामी कहालियौं । र छतमा गयौं ।

छतमा पुग्दा त सबै मूर्दातुल्य गल्न थाल्यौं । किनकि आँखाले भ्याउने हरेक दृश्य पानीको प्रवाह भित्र कैद थिए । रुख थिए र देखिन्थ्ये पनि । तर तिनीहरू आफनै धरातलमा उभिन असमर्थ थिए । घर थिए र देखिन्थ्ये पनि । तर पानीमा क्रमशः डुब्दै थिए । बग्दै थिए । सहज मृत्यु वरण गर्न नसकेका जीव जन्तुहरूदेखि मान्छेहरू समेतको आर्तनाद यत्र तत्र फैलिएका थिए र चीत्कार सुन्दा झन् अघिदेखिको भयावह र असह्य पीडाबोध वढेर कसैले घाँटी नै अठ्याएको अनुभूत हुन्थ्यो ।

+ + +

- यस क्षण कोही/कसैको शत्रु थिएनन् ।

- न त मित्रु नै थिए ।

- फगत् जिजीविषाले ग्रस्त अन्यौल र अनावश्यक प्रयासको पौडी थियो र त्यही देखिन्थ्यो ।

+ + +

पानी छतमा पनि आइपुग्यो । यो देखेर बुबाले दारुण स्वरमा भन्नुभयोः "छाड् बाबु, हामीलाई ...। र हाम्फाल यो प्रवाहमय पानीमा । ईश्वरको लीला हो.....कसैगरी बाँच्छस् कि ?"

बुबालाई हेर्छु उहाँको अनुहारमा भय, त्रास र डरको आभा छरपष्टिएको भेट्छु ! तापनि बोल्न सक्दिन केही । आफूलाई अहिले आफै एउटा लाचार छाँया प्रतीत हुन्छ । त्यसैबखत आमाले करुण मिश्रित भावमा भन्नुभयो : "यो कस्तो दिन पनि आइपुग्यो हँ ? जे होस् हामी तेरो मृत्यु हेर्न सक्दैनौं । त्यसैले छाड् हामीलाई र पौडी यो भेलमा....। हाम्रा लागि, हाम्रो सिर्जनाको एउटा अग्नि परीक्षा पनि हो । कतै विजय मिल्छ कि .....? आमालाई हेर्छु । उहाँमा झन् कुनै आशाको रेखा नै देखा पर्दैन ।

- श्रीमती रोएकी रोएै छे, छोरालाई च्यापेर । उसमा भने कता/कता बाँच्ने चाहना रहेझैं मलाई लाग्छ । र भन्छुः "सुनिता ! के गर्ने ?"

ऊ रुदैं भन्छेः "अब के पो उपाय छ र ! हामी जे र जस्तो भए पनि केही थिएन । तर हाम्रा सुन्दर सपनालाई बचाउन पाए हुन्थ्यो ।" ऊ छोरो र सात महिनाको आफ्नो पेट देखाउँदै भन्छे ।

यसक्षण मलाई लाग्छ, अब बाँच्नु भनेकोः बाँचेर पल/पल मर्नु हो । किनकि खेत बगर भैसकेको छ । घर एकछिनमा नै रहने छैन । परिवार महाशून्यमा बिलाउने छन् । कहीं कतै राहतका हातहरू भेटिने छैनन् । बढीमा स्वर भेटियो भने पनि त्यो केहीबेर तीव्र होला....तर क्रमशः मत्थर हुँदै जानेछ । रोग-व्याधि, समस्या, अभाव भोगेर हर क्षण रुग्ण जिन्दगी बाँच्नुभन्दा बेवारिशे मर्नु नै वेश.....। ममा यस्तै दृढता पलाउँछ तर कसैलाई केही पनि भन्दिन ।

- र ....एकछिन मै घर ढल्यो ।

- मलाई पूर्वस्मृतिको यत्तिमात्र घटनाक्रम याद छ ।

+ + +

.....तर म कसरी बाँच्ने ? मलाई थाहा छैन । म किन / कसका लागि/ कसरी उत्रें ? मलाई त्यो पनि थाहा छैन । एउटा मात्र सत्य; बाँचेर पनि मलाई मरेको महसुस भइरहेछ ।

+ + +

- "भाइ ! यो औषधि खानुस् त ! तपाईं दुई दिनमा नै ठीक हुनुहुनेछ ।"

-"पहिले भन्नोस् तपाईं को ?" म प्रतिप्रश्न गर्छु ।

- "म डाक्टर ...।"

- "डाक्टर भनेको के हो र के गर्छ ?" मलाई हल्का रीस उठ्छ ।

- "डाक्टर औषधि गर्छ र रोगीलाई निको पार्छ ।"

- तर म त रोगी हैन ...! फेरि तपाईहरू किन त्यो बाढीको औषधि गर्नुहुन्न र त्यसै/त्यसै मात्न दिनुहुन्छ ?"

म अलि अपठ्यारो बनिदिन्छु ।

- "यो भाइलाई 'मेण्टल्ली सक' भए जस्तो छ ।" ऊ अर्को डाक्टरलाई हेर्दै भन्छ ।

- डाक्टर ! मलाई केही भएको छैन र म रोगी पनि हैन । वास्तवमा म यो औषधि खानै चाहन्न । त्यसैले तपाईंहरू नै खानुस् । हामी त बाँचेर पो के गर्ने ? कसलाई भेट्ने ? कहाँ जाने ? के गर्ने ?" म मनको पीडा फुकाउँछु ।

यसपटकको मेरो भनाइले डाक्टरको मनलाई घोचेछ । उसका आँखा आर्द्र देखिए र अकस्मात् प्रसङ्गलाई अन्यत्र मोड्दै भने:

" भाइ ! यो प्रकोप र यसले उब्जाएका पीडाप्रति मेरो वास्तवमा नै साहनुभूति छ । अँ, बाइ द वे .....। तपाईंका कुरा सुन्दा शिक्षित मान्छे जस्तो लाग्यो । कति पढ्नु भएको छ ?"

-"जति पढे पनि के गर्ने डाक्टर ! पौडी खेल्ने तरिका कहिलै पढिएनछ । सोधी हाल्नु भयो, बी.एड्. सम्म पढेको छु" मैले भनें ।

डाक्टर मेरो जवाफपछि झन् म प्रति जिज्ञासु बने र सोधे "त्यत्रो पढ्नेको मान्छे किन यस्तो गाउँमा बसेको त ? शहरतिर जागिर खाने प्रयत्न गर्नु भएन ?"

उसको प्रश्नले मेरो विगत बल्झ्यो । तैपनि सहज भावमा नै भने:

- "डाक्टर ! मैले जीवनमा ठूला/ठूला बाढी भोगिसकेको छु । नैतिकहीनताको बाढी.....। मनपर्दीको बाढी ....। अन्यायको बाढी .....। वास्तवमा अहिले त म मात्र मेरा परिवारको विखण्डनले गर्दा मात्र हतास बनेको हुँ । नत्र त डाक्टर ! मैले धेरै भन्दा धेरै किसिमका बाढी पचाइसकेको छु । तर यसक्षण त मलाई बरु यही प्राकृतिक बाढी ठीक लागेको छ । कम्तिमा यसले त प्राकृतिक न्यायको सिद्धान्त अवलम्बन गर्छ । जसको घरको जग कमजोर त्यसलाई बगाउने नै हो ....."

- भनाइको मतलव ?"

- मतलव एकदमै सरल छ डाक्टर ! प्राकृतिक प्रकोपको रुपमा भित्रने बाढीले कमजोर घर/खेत/बारी न क्षत/विक्षत तुल्याउने हो । तर नैतिकहीनता र विवेकहीनताको बाढीहरूले त बलिया जगहरू समेत लाई निमिटचान्न पार्छ । म त्यही मान्छे हुँ; जसले बी.एड.मा वोर्ड फष्ट गरेको थियो । तर मभन्दा कमजोर जग भएका मान्छेहरू को-को/कहाँ-कहाँ पुगे ? त्यसको लेखाजोखा नै छैन ।"

मेरो कुरा सुनेर डाक्टर मौन बने। उनी किन त्यसरी प्रश्नहीन अवस्थामा पुगे ? मलाई थाहा छैन । उसको झोक्राइ देखेर मैले भने: "के भयो डाक्टर ? किन मौन ?" त्यसपछि डाक्टरले भने: "सोच्दैछु, तपाईंहरू जस्ता प्रतिभाहरूलाई कदर गर्ने बाढी कहिले आउला खै ? तर यस्तो मान्छेले त नैराश्य 'फिल' गर्नु भएन नि ! त्यसैले 'टेक इट् इजी ओ के ?"

"हुन्छ डाक्टर हुन्छ । जब नमरेर बाँचिएको छ भने, अब चाहिं साँचो अर्थमा नै बाँच्ने प्रयास गर्छु । ...तर एउटा कुरो डाक्टर ! बाढी नै बाढी भोगेर समुद्र भैसकेको हामी जस्ता शान्त प्रवृत्तिले 'छाल' निकाल्यो भने त ...फेरि ।"

वास्तवमा म डाक्टरलाई नै लक्षित गरेर केही भन्न चाहन्थ्ये किनकि मैले औषधोपचारको क्रममा डाक्टर र उनका मतियारहरूले राहतको नाममा गरेको ब्रम्हलुट वारे सुनेको थिएँ तर केही भनिन । शायद मेरो यही भाव बुझेर होला, त्यसपछि डाक्टर केही नबोली अर्को कोठातिर लाग्यो ।

+ + +

केही समयपछि थाहा पाएँ, डाक्टरले त्यही बाढलिाई सोहरेर एउटा सम्पन्न परिवारको दर्जामा आफूलाई उभ्याएछन् ।

+ + +

अचम्म यही त छ, बाढीले सबैको घर भत्काउँदैन र सबैलाई मार्दैन ! कसैलाई बचाउँछ, कसैलाई उठाउँछ र कसैलाई मान्छे बनाउँछ !

मर्ने र भत्किने त ती मात्र न हुन् ....जो पौड्न जान्दैनन् .....मात्र समायानुकूल, मौसमानुकूल र रङ्गानुकूल ..... ।

+ + +

त्यसैले अहिले त लाग्छ यस्तो, जबसम्म रातो रगत बोकेको मान्छेको जीवनमा यस्ता अप्रत्यासित काला बाढीहरू आइरहन्छन्, तबसम्म मान्छेको अस्तित्व र अहम्मा प्रश्न चिन्ह देखा परिरहन्छ । यद्यपि सेतो बाढीको अपेक्षा भने मान्छेलाई हिजो थियो, आज पनि छ र भोलि समेत रहनेछ ।

+ + +

त्यही 'अपेक्षाको' एउटा पात्र 'म' पनि हुँ । जो आज सबैथोक गुमाएर त्यसैकारण पनि बाँच्दैछु ।

भानु -५, तनहुँ

कथा

मलाई किन बलि बनायौ ?

मञ्जु 'काँचुली'

"म मलेपछि तारा बन्छु ले हो आमा ? छ वर्षीय पार्वतीको प्रश्न ।

"हो, छोरी हो ।" उसकी आमाको जवाफ ।

"छोर्ग ह्याँ भन्दा कत्ति नाम्रो छ ले, हो आमा ?"

"हो बा, छोरी, हो ।"

" म मलेपछि तारा बन्छु, देवता हुन्छु, छोल्गमा बस्छु, हो आमा ?"

"हो, छोरी, त्यस्तो नभन बा ।" हुन्छ ?....."

" म कैले मल्छु त आमा ?.....आमा, पाप गर्नुहुन्न हगि ? पाप भनेको कस्तो हुन्छ । परम्परा ! तिमीले धर्मको नाममा जीवनलाई विरोध गर्न सिकायौ । जन्मनासाथ उसका हात र खुट्टाहरूले मृत्यु सिके । किन ? मृत्युपछिको फूल राखिदियौ तिमीले उसका दुवै हातमा । किन ? तिम्रा ती परिकल्पित भावना जोगाउन मृत्युको पूजा गरी गरी अक्षता खुवाइ खुवाइ ऊ जिन्दगी भोकै मरी । किन ? तिम्रा नीति, निष्ठा र नियति सबै नै मान्छेका लागि प्राण घातक भए । किन ?

परम्परा ! सारा तिम्रा चिन्तन । स्वर्ग र मोक्षको लोभमा । मृत्युपछिको सार्थकतामा । सारा ती परम्परित धर्मका प्रपंच जालहरू । मृत्युको तयारी गर्न । जीवन विस्मरणमा होम्न । अस्तव्यस्त रहे । तिमीले जीवनलाई आफैले अन्वेषण गर्न कहिले सिकायौ ? बाँच्ने कलाको साधना गर्न कहिले सिकायौ ?

तिम्रा गलत जिउने ढंगमा । जिन्दगीको आरम्भ गेरु रङ्गमा । ऊ केवल यातना बाँचेकी छ । जीवन भ्रम हो भनेर उसका पाइतालाहरूलाई तिमीले यस धरतीमा गोरुलाई झैं दिर्दयताले जोतिदियौ । तिम्रा भ्रमले सिर्जेको संसारमा । दलदलमा । उसका आँखाले टिपेका हर सत्य र सार्थक बस्तु भ्रम मै डगमगायो । तिमीले सिकाएको जिउने अभ्यासले बालककाल मै उसको पुन्टे पाइला जीवन विमुख हुँदै गयो । बोधिबृक्ष खोज्न हिंड्यो ।

जिन्दगीको गहिराइमा निसास्सिने गरी चोपल्दै र निकाल्दै गरी । परिकल्पित बैकुण्ठका पानीहरूमा निर्घातसंग उसलाई त्यसैमा डुबायौ । बेहोस हुने गरी । चेतनाशून्य हुने गरी ।

निष्ठाले चोपल्यौ / कर्मले भिजायौ / आचारले डुबायौ ।तिम्रा ती सिंढीहरू अझ माथि उक्लिए, जहाँबाट सिंढी पिच्छे झरेर ऊ चाहिं दुर्घटित हुन पुगी । धर्म, परम्परा र मान्यताका चट्टान, ढुङ्गा र ईटहरूले पटक पटक दुर्घटित हुन पुगी । मनभरी त्यसैको खत लिएर जीवन विमुखता र विरक्तिले ऊ जिन्दगीलाई कसरी आलिंगन गर्न सकोस् ? !

कसरी सुख-आरामसंग साक्षात्कार गर्न सकोस् ? ! ती धर्म, संस्कृति, आचरण र समाजको ढाँचाको बलिमा काटिएको आफ्नै घाँटीको रगत बगिरहेछ उसको अगाडि बगेको रगतको स्पन्दन चाटिरहेछन् लगातार ।

निष्ठाले । कर्मले। आचारले । चाटिरहेछन् ।

धर्मले । परम्पराले । मान्यताले । स्वाद लिइरहेछन् ।

छपक्क पारेर दुई टुक्रा पारिएको उसको लास ऊ भित्र लम्पसार छ ।

त्यसलाई थपक्क छोपेको छ रङ्गहरू दलेको (श्रृंगारको) अनुहारले ।

शरीरलाई सरक्क बेरेको छ रङ्गीचङ्गी कपडाले ।

आवरण नै आवरणले । ढाकेको छ ।

निष्ठा बच्यो । आचार जोगियो । धर्म निर्दोषी ठहरियो । परम्परा निरपराध मानियो । घटना के भनूँ, एउटा दुर्घटना घट्यो ।

माझ बनको रुखको मोटो हाँगामा चौध वर्षीया पार्वतीको आफ्नै पटुकीको सुर्केनीमा झुण्डिएको लास फेला पऱ्यो ।

यावत् सबै, अपराधबाट जोगिए । निरपराध ठहरिए ।

लासको मुन्तिर अलिपर हर्केको कान्छो छोरो कृष्णेको एउटा थोत्रो चप्पल फेला पऱ्यो । सतहका थुप्रै छलफल भए ।

लास उपर सनाखत हुन थाल्यो । सबैका ठूला ठूला आँखा एउटै ठूलो आँखा भएर त्यही एउटा चप्पलमाथि पऱ्यो ।

कानूनको/ धर्मको/ निष्ठाको / आचारको ।

त्यही निर्दोष मानिएको एउटा ठूलो आतंकवादी आँखाको फेरि शासन चल्न थाल्यो एकादेशको एउटा गाउँमा ।

* * *

- शक्तिको विजय पनि युद्धको विजय भन्दा कम हुँदैन *-मिल्टन*
- जीवन भनेको नै लहराउनु, तरंगिनु, चलमलाउनु, गुनगुनाउनु हो *-महाकवि देवकोटा*
- आइमाईले सबैथोक गर्न सक्छन् तर आफ्नो इच्छा वाहेक प्रेम गर्न सक्दैनन् *-सुदर्शन*
- यी दुईवटा तीक्ष्ण काँडाले शरीरलाई सधै घोचिरहन्छन्-
  गरीबको इच्छा र निर्वलको रीस – *विनोबाभावे*

कथा

ऋण तिरिद्धिने व्याज

मनु ब्राजाकी

ॐ सत्ताइस पुगेर यो भदौदेखि अट्ठाइस लागेछ ।

ऊ यो सुन्दर, शान्त र महान् हिमाली देशमा; अर्थात् दरिद्र, भाडाका टट्टु र वेश्या उत्पादक तथा मूक बहुमत भएको देशमा आएको पनि सत्ताइस पुगेर यो भदौदेखि अट्ठाइस लागेछ ।

ऊ यहाँका सोझा, इमान्दार र परिश्रमी जनतामाझ; अर्थात् जालीफटाहा, बेईमान, निर्लज्ज र हुतिहाराहरू माझ आएको पनि ट्वाक्कै सत्ताइस पुगेर यो भदौदेखि अट्ठाइस लागेछ ।

आठदेखि अठार, अठारदेखि अट्ठाइस वर्षसम्मको उमेर मा खाएको रिन चुलिंदा-चुलिंदा अहिले यति अग्लो भएको छ उसले सगरमाथा पनि देख्न छोडेको छ । विदेशीहरूले भने सगरमाथा हेर्न छाडेका छैनन् । भला !

रिन खाएपछि उसले तीर्न नजानेको होइन, तीर्न नसकेको मात्रै हो । तीर्न नसके पनि हिसाब त गर्नैपर्‍यो । पारिवारिक हिसाब-किताब मिलाउनै पर्‍यो । अहिले ऊ हिसाब मिलाउँदैछ ।

"ए सुन्यौ ? कता गएको हो !"

"कता जानु नि ! अन्तर्वार्ता दिन गएकी थिएँ । म पनि भरखरै आइपुगें । नुहाएर लुगा फेर्दैछु । एकछिन पख्नुस् ।"

"जैले इन्टरभ्यू दिन गए पनि आएर नुहाउनैपर्छ र ? "

" ....."

"कस्तो भयो अन्तर्वार्ता ? "

" ....."

"यस पटक त चयन होला जस्तो छ कि छैन ?"

" ....."

एकछिन पछि स्वास्नी नयाँ र महँगो दर-रेट भएको ट्याक्सी झैं झकिझकाउ भएर आई र लोग्नेलाई थोत्रो र प्रदूषण फिंजाउने विक्रम टेप्पो झैं धुँवाइराखेको देखेर विरक्त भई ।

"के भयो ?" विक्रम टेप्पो पुन घरघरायो ।

"पहिला हात-मुख धोएर लुगा फेर्नुस् न ।"

"किन ? आज भयो र ?"

"के ?"

"त्यै क्या ....."

"आSS, अब जाँन्न त्यो अन्तर्वार्ता-सन्तर्वार्ता दिन म ।"स्वास्नीले लोग्नेतिर हैन झ्याल नभएको भित्तोतिर हेर्दै भनी ।

"किन, के भो र ?" लोग्ने सजग भयो ।

"के हुनु नि, सधैं फर्म र कम्पनीको नामै नभएका र पोस्टबक्स नम्बर र टेलिफोन नम्बर मात्रै भएका 'आवश्यकता' भन्ने विज्ञापनहरू अखवारमा छापिन्छन् । अखवारेहरूलाई त विज्ञापनको पैसा कुम्ल्याउन पाए पुगिहाल्यो । चार-चार रुपियाँ तिरेर कुनै पसलबाट फोन गरेर पुग्यो; हरे, कस्ता-कस्ता गल्ली-गल्छेडाहरूमा पुग्नुपर्छ; के भन्नु ? विज्ञापनमा चैं लेखेको हुन्छ स्मार्ट र योग्य महिला आवेदनकर्तालाई प्राथमिकता भनेर, तर योग्ये-सोग्ये चाहिने हैन स्मार्ट भए पुगिहाल्यो । त्यहाँ कस्ता मस्त-मस्त तरुनीहरू पुगिराख्या हुन्छन् । आफू दुई बच्चाकी माउलाई कसले पत्याओस् ? मलाई त विश्वास लाग्दैन ।

"के गर्छेस् त बूढी विश्वास नगरेर ?हामीले विश्वास गरे यो उनीहरूले पनि विश्वास गर्लान् त । घरैमा विश्वास गर्न क्वै आउने होइन क्यारे ।"

"अँ-अँ, तपाईंको यस्तै तलव रह्यो र यसैगरी महँगी बढ्दै रह्यो भने एकदिन घरैमा पनि विश्वास गर्न आउनेछन् ।"

"के भन्छे यो ? मैले विश्वासको पो कुरा गऱ्या !"

"मैले पनि त्यै विश्वासको कुरा गऱ्या !"

"को विश्वास ?" विक्रम टेप्पो जोड्ले धुवां फाल्दै करायो ।

"अब के को को विश्वास नि ! ल, हात-मुख धोएर लुगा फेरिहाल्नुस् । केटाकेटीहरू पनि आइसके, म चिया बनाउँछु ।"

"बस न बस, लुगा फेरौंला, अँ तिमी अघि मेरो तलब र महँगीको कुरा गर्दै थियौं नि, आज यसो हिसाब गरौं त ।"

"हिसाब मात्रै गरेर के गर्नु ? तपाईको हिसाबै गर्नु त काम छ । अफिस गयो सरकारको हिसाब गऱ्यो घरमा आयो नून-तेल-तरकारीको हिसाब गऱ्यो । जति हिसाब गऱ्यो उति रिन बढ्दैजाने त हो नि ।"

"खर्च घटाउने हिसाब गर्नुपऱ्यो क्या ।"

"लौ, सुनिहालौं ।"

"कहाँदेखि शुरु गरौं ?"

"माथिदेखि नै शुरु गर्नुस् न ।"

"लौ त । आमालाई प्राइवेट डाक्टरको सट्टा अस्पतालमै जचाउने र दम, वाथ र हाई ब्लडप्रेसरको औषधि आधा पार्ने । फलफूल पुरै कट्टा र दूध विहान-बेलुकाको सट्टा बेलुका एक गिलास मात्र ।"

"अँ ।"

"मेरो पकेट खर्च पन्ध्र रुपियाँको सट्टा दशमात्रै । चुरोट बीस वटाको सट्टा दशवटा मात्रै । भाँचेर खाउँला । भोलि माटाको कुल्फी किनेर ल्याउँछु । सप्ताहान्तको विजुलीपानी पनि बन्द । साथी-भाइहरू सित भेटघाट पनि बन्द भयो ?"

"अँ ।"

" तिम्रो .....ए, तिम्रो के खर्च कट्टा गर्नु ? दाल-भात खान्छ्यौ घरमै बस्छ्यौ । तर अन्तर्वार्तामा जान छोड्नु त भएन, यो खर्च कट्टा गर्न मिलेन । बरु एउटा कुरा !"

"के ?"

"के भने, तिम्रो चोलीके पिछे लगाउने ब्रेसियर र पेटिकोट भित्र लगाउने प्याण्टी चाहिं कट्टा गरे हुँदैन ? उसै पनि तिमी यी दुई थोक असाध्यै छिटो-छिटो फटाल्छ्यौं कसो ?"

"हुँदैन, हुँदैन । यी दुईथोक नलगाउँदा असजिलो हुँदैन र मलाई ?"

"झन् सजिलो हुन्छ । ह्याँ खर्च पनि जोगिन्छ । उसै पनि उहिले-उहिले कहाँ लगाउँथे स्वास्नी मान्छेहरूले ?"

यसपटक भने स्वास्नी चाहिंले 'हँ-हुँ, अँ-न' केही भनिन । न त आफ्नो धुँवाईराख्ने थोत्रो विक्रम टेम्पोतिर नै हेरी । बरु खुला झ्यालबाट बाहिरको खुला निरभ्र आकाशलाई हेर्न थाली । एकछिनको मौन पछि उसे यत्ति सोधी- "लिपिस्टिक लगाए हुन्छ ?"

"हुन्छ । आजकाल यो नभई भातै पाक्दैन । अनि दुबै छोरीहरूका लागि स्कूलको खाजामा पाउरोटी र बिस्कुटको सट्टा उब्रेको भात भुटेर हाल्दिने गर्नू "

खुला आकाशबाट फर्केर आएर स्वास्नीले प्रतिवाद गरी, "स्कूलमा उनका साथीहरूले के भन्लान् ?"

"भुट्या भात खान लाज लाग्छ भने टिफिन टाइममा स्कूलको शैचालयभित्र पसेर खाने गर्नु भन्नू ।"

"के रे ? यै हो हिसाब मिलाएको ?"

" के रे- से रे क्यै होइन । हिसाब यसैगरी मिलाउनुपर्छ । "

"तपाइ अफिसमा पनि यसै गरी सरकारी हिसाब मिलाउनु हुन्छ ?"

"मिलाउन त यसै गरी मिलाइन्छ, नमिले ऋण लिइन्छ क्या, लाटी । यी कुरा तँ बुझ्दिनस् ।"

"ए, हो त । मैले पो नबुझेकी । अफिसमा सरकारी-हिसाब नमिले रिन लिइन्छ भने तपाईले पनि घर को तरकारी-हिसाब नमिल्दा रिन लिने गरेको हैन र ? महीनै पिच्छे बढ्ने बजारभाउले गर्दा तपाइले यस्तो कट्टा-सट्टा कतिपटक गर्नु भो कति पटक, खै मिलेको हिसाब ?"

"अब रिन नलिने ।" विक्रम टेम्पोले ट्रक झैं गर्जिंदै घोषणा गऱ्यो ।

"भो-भो पत्याएँ मैले ! ए साँच्ची, अब उप्रान्त रिन नलिए पनि अहिलेसम्म हामीले लिएको रिन कति पुग्यो रे ?"

यो प्रश्नको उत्तर दिन लोग्ने घोरियो । करोडौं अरबौंको हिसाब-किताब गर्ने लोग्ने घोरियो । घरमा न कम्प्युटर छ न क्यालकुलेटर छ । बानी यसैको पऱ्या छ उसलाई । अतः ऊ असहाय निरुपाय भएर स्वास्नीतिर हेर्न थाल्छ ।

"धर्मजी ! ओ धर्मजी ! घरमा हुनुहुन्छ ?"

"ओहो, साहुजी ! माथि नै पाल्नुस् न ।" लोग्ने, अर्थात् धर्मजी, आत्तिंदै झ्यालमा आयो र झ्यालबाटै हाम्फालूँला जस्तै गरी साहुजीलाई बोलायो ।

"पर्दैन-पर्दैन । तपाइ तल आउनुस्" ट्रेक्टर झैं साहुजी गड्गडाए ।

धर्मजी तल आएपछि साहुजी टप गेयरमा चल्न थाले, "ल हेर्नुस्, धर्मजी, तपाईको हिसाब ! सात हजार तीन सय पचपन्न पुगिसक्या छ । आज त लिएरै जान्छु भनेर आ' को । "

"हैन, साहुजी, मैना मर्न र तलब आउन अझै दस दिन बाँकी छ । किन हतारिनु भा" को ?"

"हतारिएको रे ? क्या कुरा गर्नु हुन्छ , धर्मजी पसल छोडेर आ'को हुँ । अनि मैना मरेर पनि के हुनें हो र ? तपाईको तलब त्यै तीन हजार-पैंतीस सय त हो नि ।

आज जताबाट भए पनि यो हिसाब मिलाइदिनुपर्‍यो ।"

"हेर्नुस् साहुजी, मेरी श्रीमति पनि दुई-तीन ठाउँमा अन्तर्वार्ता दिएर आएकी छे । उसको नोकरी पनि पक्का जस्तो भइसक्या छ । हामी दुबै कमाउने भएपछि त तपाईंको रिन तिरिहाल्छौं नि । केंही दिन पर्खिदिनु पर्‍यो, साहुजी ।"

"तपाईका यस्ता रंगविरंगका कुराहरू सुन्दा-सुन्दा छ महिना बितिसक्यो । उधारो बढ्दो छ, घट्ने हैन । आज त टोल-छिमेक गुहारेर भए पनि लिएरै जान्छु ।"

लोग्ने, अर्थात् धर्मजी, जम्लाहात लगाएर रुनै आँटेको थियो एउटा खाइलाग्दो मान्छेले उनीहरूनेर आएर भन्यो, "के हो साहु ? के लिएरै जाने हो ?"

"एहे, साहुजी ! नमस्कार ! रिन असुल्न हिंडेको । हेर्नुस् न, छ मैना भइसक्यो ब्याज पनि छैन साउँ पनि छैन ।"

"कति छ ?"

"सात हजार तीनसय पचपन्न । तर हजूरलाई किन चाहियो यो कुरा ?

"ल, लिनुस् । तपाई खुद्रे व्यापारीहरू यस्तो कुरा बुझ्नु हुन्न । कसैलाई घर-घर गएर बेइज्जती गर्नु हुँदैन । बुझ्नु भो ?" बडासाहुजीले छोटासाहुजीलाई हप्काउँदो स्वर मा भने र आठवटा हात्ती फ्याँकिदिए ।

"यो त भएन, साहुजी । मैले नै तपाईंलाई पच्चीस हजार तिर्नुछ ।"

"उसो भए यो आठ समेत तेत्तीस हजार भयो तपाईले मलाई तिर्नु पर्ने रिन ।" यति भनेर बडा साहुजी त्यहाँबाट हिंडे ।

लोग्ने, अर्थात् धर्मजी, यो अप्रत्यासित दृश्यले ट्वाँ परेर उभिएको थियो अब होशमा आएर आफ्नो साहुजीसित सोध्न थाल्यो, "को हुन् यिनी ? किन मेरो रिन तिरे ?"

"तपाई-हाम्रै छिमेकी टोलका हुन् । यिनलाई बडासाहु भनेपछि नचिन्ने को छ र ? म पनि तपाईहरूलाई बेच्ने सरसामानहरू यिनैसित उधारो ल्याउने गर्छु । तपाईको रिन किन तिरे मलाई थाहा छैन । बरु म माथि यिनको रिन अझै बढ्यो ।" साहुजीले दंगपर्दै भने ।

बडासाहु जानासाथ श्रीमती धर्मजी पनि तल आइसकेकी थिई र सारा कुराकानी सुनिसकेकी थिई । तर उसले पनि बुझिन बडासाहुले उनीहरूको रिन किन तिरे ।

"हाम्रो रिन किन तिर्‍या होला ?

"खै किन .....ए, होला-होला; तपाई सरकार को हिसाब-किताब राख्ने मान्छे, त्यसै हुनाले होला ।" साहुजीले अनुमान लगाए ।

"तपाईंलाई रिन लगाए, हामीलाई खै के लगाए भनूँ, रिन लगाए भनूँ कि गुन लगाए भनूँ ?" लोग्ने, अर्थात् धर्मजीले भन्यो ।

"उहाँको घर काँ पर्‍यो ?" लोग्ने स्वास्नी दुबैले एकसाथ सोधे ।

"भनि हालें नि, आफ्नै छिमेकी टोलमा हो । बडासाहुको घर कुन हो भनेर सोधे लाटो गाँडोले पनि ट्वाक्कै देखाइदिन्छ । ल, म गएँ धर्मजी ।"

साहुजी गएपछि दुबै लोग्ने-स्वास्नी खुसी हुँदै घर भित्र पसे । यसरी रिन तिरिने विश्वास भएपछि लोग्ने उत्साहित भएर भविष्यको घरेलु योजनावारे हिसाब-किताब मिलाउन बस्यो ।

स्वास्नी अब थरिथरिका डिजाइन र रङ्गका चोलीके पिछे र पेटिकोटके निचेहरूको कल्पना गर्दै चिया पकाउन थाली ।

भोलिपल्ट लोग्ने, अर्थात् धर्मजीले आफ्नो अफिसमा हाफ क्याविन लियो र छिमेकको टोलमा बडासाहुजीको घरतिर हुँइकियो । गुनको भारी मुखैले भए पनि बिसाउनै पर्‍यो । घर पत्तो लगाउन केही आइतवार परेन । बडासाहुजीको घरको वैठकनेर पुग्दा उसले भित्रबाट आफ्नी स्वास्नी र वडा साहुजीको वार्तालाप सुन्यो ऊ त्यहीं ठिङ्ग उभिएर कुराकानी सुन्न थाल्यो ।

"हैन साहुजी, अब यो रिन यो गुन हामीले कसलाई तिर्ने हो ?"

"सुर्ता नलेऊ मेरी नानी, मैले तिमीहरूको टोलको त्यो साला खच्चड खुद्रे साहुलाई तिमीहरूको रिनको साउँ तिर्दिएँ । अब रह्यो ब्याज, त्यो चाहिं तिमीहरूले मलाई तिर्दैगर्नु ।"

"कहिलेसम्म ?"

"जिन्दगी रहेसम्म ।"

"ब्याज त तिर्दै गरौंला, हामीलाई अझै रिन चाहियो भने ?"

"म कहाँ लोग्नेलाई पठाइदेऊ अझै रिन दिउँला, ब्याज तिमीले तिर्दै गरे भइहाल्छ । आफूले नसके भविष्यमा तिम्री छोरीहरूले तिर्ने छन् ।"

"साहुजी, हजुरलाई एउटा कुरा विन्ती चढाउँछु, के भने, घर चलाउने लोग्नेले रिन पायो भने घर चलाइहाल्छ । तिर्न सकेन भने तपाईले मिनहा गरिदिइहाल्नुहुन्छ । ब्याज भने तपाईले छोड्न सक्नु हुँदो रहेनछ । तसर्थ, मैले ब्याज तिर्न क्यैं काम पाउँथें कि । अन्तर्वार्ता दिंदा-दिंदा थाकिसकें । "

"कस्ती लाटी मेरी नानी त ! यो संसार विश्वास र रिनले नै चलेको छ । संसार खुम्चिएर साँधुरो भइसक्यो । कतिसम्म भने एउटै सार्वजनिक स्नानागारमा सबै खुल्लम् खुल्ला र उदार भइसके । यस्तो बेला रिनको कुनै महत्त्व छैन । महत्त्वपूर्ण कुरा ब्याज हो !"

"त्यै त भन्या, हजूर । क्यै काम पाएदेखि ब्याज तिर्न ....."

"मेरा कारखानाहरू तिर आउँदैराख, काम मूला कुन ठूलो कुरा हो र ? काम, क्रोध , लोभ मोह र अन्ततः मोक्ष पनि मूला कुन ठूलो कुरा हो र ? "

"अनि, अन्तर्वार्ता ....."

"धत् लाटी, कस्तो कुरा नबुझेको ? तिम्रो टोलको त्यै साला खच्चड खुद्रे व्यापारी हुँ र म ? हेर, रिन लिएर घर चलाउन तिम्रो लोग्ने ले मञ्जुर गरिसकेपछि र तिमीले ब्याज तिर्न मञ्जुर गरिसकेपछि तिमीसमेत तिम्रो लोग्ने पनि मेरो अन्तर्वार्तामा पास, बुझ्यौ ?"

यति अन्तर्वार्ता, अर्थात् बैठक भित्रका कुराकानी सुनेपछि लोग्ने, अर्थात् धर्मजी पुनः अफिसतिर लाग्यो अफिसका सहकर्मीहरू ऊ फर्केर आएको देखी छक्क परे । उसले कसैसंग केही कुरा नगरी पाँच बजे अफिस सकेर घरतिर लाग्यो । घर पुगेर लुगा नफुकाली हिसाब गर्न बस्यो ।

"ए सुन्यौ ? कता गएको हो ?"

"कता जानु नि ! अन्तर्वार्ता दिन गएकी थिएँ । म पनि भरखरै आइपुगें । नुहाएर लुगा फेर्दैछु । एकछिन पख्नुस् ।"

जैले इन्टरभ्यू दिन गए पनि आएर नुहाउनै पर्छ र ? "

"....."

"कस्तो भयो अन्तर्वार्ता ?"

"साह्रै राम्रो । अब मलाई विश्वास लाग्न थाल्यो । यो संसार विश्वास र रिनले नै त चलेको छ । म मात्रै होइन तपाई पनि अन्तर्वार्तामा पास !"

उसले नुहाएर आउँदै गरेकी स्वास्नीको चोलीके पिछे र पेटिकोटके निचे हेऱ्यो । स्वास्नी नयाँ र महँगो दर-रेट भएको ट्याक्सी झैं भित्र बाहिर झकि झकाउ थिई । अनि ऊ आफू थोत्रो र प्रदूषण फिंजाउने विक्रम टेम्पोझैं धुँवाउन थाल्छ ।

ऊ यो सुन्दर, शान्त र महान् हिमाली देशमा; अर्थात् दरिद्र, भाडाका टट्टु र वेश्या उत्पादक तथा मूक बहुमत भएको देशमा रिन खाँदा-खाँदा सत्ताइस पुगेर यो भदौदेखि अट्ठाइस लागेछ । अर्थात्, सत्ताइस टक रिनमा डुबेर अट्ठाइसौंपटकमा बल्ल ब्याजको महिमामय संसारमा प्रवेश गरेछ ।

* * *

लघुकथा

प्रतिफल

– केशव प्रधान

'के भनिस् फेरि भन् त'

'प्रजातन्त्र आएको छ भन्छन् हजुर जथाभावी नबोल्नुस् बुझ्नुभो'

'पाजी, तैंले सिकाउने मलाई !'

'मनपरी नभन्नुस् हजुर तपाईको नोकर होइन म ।'

'नोकर नभए के होस् त तँ ! जा एककप चिया लिएर आइज ।'

\+ + +

'साला, चिया भनेको यस्तो चिसो हुन्छ ?'

'तँ साला, तेरो बाउ साला.....! पसलेले जस्तो दियो त्यस्तै ल्याएँ, के चाखेर ल्याउनुपर्‍यो ? वडो हाकिमको पोज देखाउँछ ए, तेरोघरको सम्पत्ति खाएको छु र जे पायो त्यही बक्नलाई ! मा'टोक्ने .....।'

\+ + +

'हैन के भो ? के पढिरहनु भएको ? खै दिनुस् दश रुप्पे तरकारी किन्नलाई ।'

'.....'

'हैन के भो ? किन नबोल्नुभएको ?'

'.....'

'हँ, यो के ? ! खोसुवा पूर्जी ! हैन कसरी ?' बूढीले सोधी ।

'प्रजातन्त्र आएपछि यस्तै हुन्छ अरे बूढी !'

शंखमूल, काठमाडौं

नेपालगञ्ज, पोखरा, भैरहवा, विरगञ्ज, गोरखा, दाङ्, हेटौंडा लगायत विभिन्न स्थानमा समयमा पुग्नकोलागि एक विश्वसनीय भरपर्दो यातायातकोलागि सदैव सम्झनुहोस् ।

साझा यातायात

पुल्चोक

कथा

ककराको लाश

रमेश विकल

भीरको गोरेटोबाट लगभग बीस हात जति तल अरुणको ककरामा एउटा लाश तेर्सिएको थियो । शरीर क्षत-विक्षत भएको त्यो लास माथिबाट हेर्दा विभत्स देखिन्थ्यो र अरूणको किनाराको छालले यता र उती उराल्दो उसका दुबै गोडाको चालले मात्र मानिसको ध्यान आकृष्ट गरिरहेको थियो ।

बीरमान राईको छोरो सन्ते गाई गोरु लिएर चराउन जाँदा त्यो लाश पत्तो लागेको थियो । त्यो पत्तो पाएर गाउँका प्राय सबै त्यहाँ जम्मा भैसकेका थिए र सदर मुकामको प्रहरी ठानामा रिपोर्ट पठाउने तरखर भैरहेको थियो ।

गाउँलेहरूको संगै ऊ पनि त्यहाँ गएको थियो । ऊ यस गाउँमा भरखर भरखरै खटिएर आएको थियो । उसले बदलिंदो व्यवस्थाको बदलिंदो सामाजिक मानसिकताको भरखर भरखरै चिनारी पाउँदै थियो ।

बीस हात माथिबाट हेर्दा लाशको सनाखत राम्ररी हुनसकिरहेको थिएन; सबै अड्कल बाजीमा मात्र थिए र जीउडाल, आँङको जीर्ण कपडाको आधारमा मानिसहरू पिच्छे पहिचानको प्रयत्न गरिरहेका थिए ।

"यो त गोपीकृष्ण खरेल जस्तो । "एक जनाले अड्कल काट्यो । तर अर्कोले प्रतिवाद गऱ्यो-कहाँ गोपे हुनु ?... ऊ त हिजो मात्र काठमाडौं जान्छु भनेर हिंडेको । ढाँचा काँचाले त ठाइला राईको छोरो चक्रे जस्तो लाग्छ "

मान्छे पिच्छेका अड्कल ! तर मफतको झ्याउलोमा फंसिने एउटा स्वाभाविक भयको कारणले बीस हात तल गएर राम्ररी सनाखत गर्ने आँट कसैमा आइरहेको थिएन । पुलीसको माम्लो हो, बेकारमा झञ्झट कस्ले बिसावस ?- "अब जो भए पनि पुलीस आएपछि थाहा भै हाल्छ ।"

"कसैले यसलाईमारेर फालिदिएको हुनुपर्छ । कि भीरबाट चिप्लिएर तल पुगेको हो ?" उसले पनि लाशलाई हेरेर मनमनै अड्कल काट्ने जमर्को गऱ्यो । तर लाशको विभत्स स्थिति, त्यसको प्रकृति हेर्दा सामान्य भीरबाट खसेर मरेको जस्तो लाग्दैनथ्यो । के त यो हत्या नै हो त ? हत्या हो भने कुन उद्देश्यको हत्या हो ? के सम्पत्ति सम्बन्धी ? कि धन लुट्न ? अथवा (आजको परिप्रेक्षमा) राजनीतिक हत्या ?.....

एक्कासी उसको मस्तिष्कमा गएको स्थानीय निर्वाचनमा विभिन्न ठाउँमा घटित घटनाहरूको (सुनेको र देखेको) तस्वीर प्रष्टिंदै आयो । तिनैमध्ये ऊ बसेको गाउँकै छिमेकी गाउँमा भएको राजनीतिक प्रतिशोधको अत्यन्त घीन लाग्दो, अमानुषिक, र असभ्य जङ्गली संस्कारको घटना थियो । यस नृसंश घटनाको शिकार एउटा मेधावी छात्र, गाउँकोएउटा निष्पक्ष र हक्की परिवाको एक्लो छोरो श्याम कुमार भएको थियो । श्याम कुमार उसैको विद्यालयको दश कक्षाको छात्र थियो । (अँ ! प्रसङ्ग उल्लेख गर्न विर्सिएछ, ऊ गाउँकै माध्यामिक विद्यालयमा प्रधानाध्यापक भएर यहाँ आएको थियो ।)

त्यो गाउँमा पंचायतकाल देखिकै एउटा भ्रष्ट राजनीतिको संचालक थियो बगाले काइँलो । पंचायतको अन्तपछि दुईचार वर्ष त ऊ आफ्नो कालो कर्तुतको कारणले समाजमा मुख देखाउन नसकेर भागेर काठमाडौंको महासागरमा गएर हराएको थियो । तर दिन बित्दै जाँदा उसले आफ्ना पूर्व सहयोगीहरूलाई समेटेर एउटा प्रजातन्त्रको मुकुण्डो गाढ्यो । अनि त्यही मुकुण्डो आडमा ऊ विस्तार विस्तार समाजमा आफ्नो मुन्टो उठाउन थाल्यो र यसै बीच उसले एउटा प्रजातन्त्रको लागि जुद्धै आएको पुरानो राजनीतिक दलको पोष्य पुत्र बन्ने सौभाग्य पाएपछि त्यसैको पानीले आफ्नो शीरको सम्पूर्ण पूर्वपाप- मैला दाग पखालिएको ऊ समाजमा खुलेर विचरण गर्न थाल्यो । देख्ता देख्तै पंचायतकालको कालो अधिनायकवादी ऊ. प्रजातन्त्रवादको आशिर्वाद पाएर आफूलाई निकै उज्ज्वल प्रजातन्त्रवादी (अझ-त्यो भन्दा पनि चार पाइला अगाडि) का रुपमा घोषणा गर्दै निर्लज्जतासाथ गर्जिन थालेको थियो । प्रजातन्त्रको पनि गुरुको रुपमा स्थापित हुन पुग्यो । अनेक जनसभा र जनसंचार माध्यमबाट ऊ प्रजातन्त्रको चरम आदर्श कुर्लन र त्यसद्वारा समाजमा सांच्चै प्रजातन्त्रवादी भएको भ्रम दिन सफल हुँदै गयो । अनि पहिलो स्थानीय निर्वाचनमा एउटा अग्रणी

प्रजातन्त्रवादीको हैसियतले उम्मेदवार बन्न पुग्यो ।

अनि उसको प्रतिस्पर्धीका रुपमा त्यसै गाउँको अर्को एकजना उम्मेदवार पनि खडा भयो नन्द कृष्ण पराजुली । नन्द कृष्ण पराजुलीको राजनीतिक इतिहास अत्यन्त इमानदार, उज्यालो र सफा इतिहास थियो । झण्डै चार दशक भन्दा बढीको उनको पहिचान प्रजातन्त्रको लागि लड्ने अथक योद्धाका रुपमा थियो । तर बगालेको देश र जनता लुटेर जम्मा गरेको ब्रम्हलूटको खोलोले निमुखा र गरीब जनताको ईमान, आस्था र विश्वासलाई बगाइदियो र उसले झीनो मतले पराजुलीमाथि विजय प्राप्त गरेर प्रजातन्त्रको नौटङ्कीलाई उदाङ्गो तुल्याइदियो ऊ पंचायत ढलेर आफू लाश बनेका सात वर्षपछि फेरि चिहान फाडेर राजनीतिको धरातलमा जिउँदो बनेर उठ्यो ।

बगाले स्थानीय राजनीतिको हालीमुहाली लटपट्याएर गाउँमा फेरि ब्रम्हलूटको बजार खोल्यो । उसले बाटो-पानीको सरकारी अनुदान, ग्रामीण सहयोगमा भ्रष्टाचार गरेर आफ्नो पक्की बिल्डिङ खडा गरायो; आफ्ना जम्बु हनुमानहरूलाई जाँड र कवाफको भोजले अनुचर बनायो गाउँमा फेरि पंचायती शैलीको ब्रम्हलूट चल्न थाल्यो ।

गाउँमा चलेको यस्तो खालको लूटको सामान्य जनमा त कुनै सचेत प्रभाव पार्न सकेन (सके पनि उनीहरुको बगाले काईंलो र उसका हनुमन्तेहरूको विगविगी खुकुरी, साइकल चेन र भोटे च्याप्साको अगाडि मुख खोल्ने कस्की ताकत ?) तर त्यसो भनेर गाउँमा सबका सब मूर्दा त थिएनन् । बगालेको भ्रष्टाचार , ब्रम्हलूटको विरोधमा त्यहाँ पनि केही युवा शक्ति जुरमुराउन थालेको थियो । त्यसको अगुवाई चाहिं नन्दकृष्ण पराजुलीको छोरा श्यामकृष्ण पराजुलीले गरिरहेको थियो । श्याम पराजुलीको यो छात्र समूहले गाउँलेलाई सचेत गराउँदै गाउँको कुत्सित राजनीतिको बारम्बार विरोध गर्ने अभियान शुरु गरेको थियो । यसले गर्दा बगाले काईंलाको लूटको राजनीतिको लागि बराबर अवरोध खडा हुन थाल्यो - उसले निर्बाधसंग प्रजातन्त्रको नाउंमा, विकासको नाउंमा लूटगर्न बाधा पर्न थाल्यो ।

यसै कुराबाट कुपित भएको बगालेले आफ्नो बाटाको यो फलामे काँडो उखेलेर फाल्ने षडयन्त्र बुन्न थाल्यो उसले जिल्लाको प्रहरी नाइकेहरूसंग साठ गाँठ गरेर एउटा घीन लाग्दो योजना तर्जुमा गरायो ।

"इन्सपेक्टर साप ! यो गाउँमा आतंकवादीहरूले टाउको उठाउन थाले है । बेलैमा यसको ओखती नगर्ने हो भने त जिल्लाका जनताको धन जनको सुरक्षा छैन हैं मैले बेलैमा तपाईलाई जनाउ दिएको छु । घरमा बिजुली पानी र कवाफका ज्याफत आयोजना गरेर बारम्बार प्रहरीका हाकिमहरूको सत्कार गर्ने र उनीहरूलाई आतंकवादीको झूठो कथाले दिग्भ्रमित गर्ने राजनीतिक चक्र उसले चलायो ।

यही सिलसिलामा उसले आफ्ना हनुमानहरू र त्यही ठाउंको अर्को राजनीतिक पार्टी (प्रजातन्त्रवादी तर बगालेको नजिकको) का नेता कार्यकर्ताहरूको मिलोमतोमा आतङ्कवादी समूहद्वारा तयार गरिएका केही पाम्पप्लेट पर्चा, पुस्तिका, पत्रिका र साथमा केही विस्फोटक पदार्थहरूका पोका गोप्यरूपमा लुकाउन पराजुलीको घर गोठमा स्थापित गराएपछि गाउँकै एउटा झल्लोलाई रक्सीको बोतलले किनेर जिल्ला सदरमुकाममा पठाएर प्रहरी थानामा उजुर गरायो- "गाउँको राजनीति कार्यकर्ता नन्दकृष्ण पराजुली माथि हामीलाई आतङ्कवादीलाई संरक्षणदिएको शङ्का छ । उसको छोरो श्याम पराजुली त्यहाँको विद्यार्थी नाइके छ र बेला बखत उनीहरू गाउँमा गाउँको व्यवस्थाको विरोधमा उच्छृङ्खल विरोधहरू गर्छन् । हामी गाउँलेलाई के शङ्का छ भने त्यो श्याम भन्ने केटो आतङ्कारी समूहसंग मिलेको छ र उसको घरमा हात हतियार र विस्फोटक पदार्थ लुकाएर राखेको छ ।"

झल्को खत्रीको यो उजूरलाई महत्त्व दिएर एक रात प्रहरीको दलबलले पराजुलीको घरमा आधारातमा हमला गऱ्यो । गोठमा गोप्य रुपबाट लुकाइएको विस्फोटक पदार्थ बरामदीको नाटक रचेपछि श्याम पराजुलीलाई पुलीसले पक्रेर आफ्नो कब्जामा लियो । अनि जिल्ला थानाको बालकोठरीमा लगेर थुनेपछि प्रत्येक रात त्यो कोठरीबाट एउटा अन्यन्त हृदयविदारक मानव क्रन्दन निस्केर आसपासको वातावरणमा एउटा करुणाको तरङ्ग लहराउँथ्यो । आसपासका छिमेकी कानले त्यो करुण क्रन्दन सुनेर मुटुको सुस्केरामा राजनीतिक आतङ्क को बोझ फाल्थे । तर मुखले कसैले केही बोल्ने आँट गर्दैनथ्यो ।

यसै क्रमले लगभग महिना दिन जति त्यो करुण क्रन्दन गुँजेको छिमेकीले सुने । तर विस्तार विस्तार त्यसको स्वर क्षीण हुँदै गएको अनुभव भयो । अनि एक दिन एउटा गोठालो केटोले तमोर किनारामा वस्तु चराउन लाँदा एउटा गोलीले छिया छिया पारेको एउटा लाश फेला पाऱ्यो ।

त्यसैको भोलिपल्ट जिल्ला प्रहरी कार्यालयबाट जारी गरिएको एउटा खबर रेडियो नेपालको जिल्ला समाचार ले फुकिरहेको थियो .....जिल्ला.....गाउँमा आतङ्कारी र प्रहरीको मुढभेडमा गाउँका तीनजना आतङ्कारी जवानको प्रहरीको गोलीद्वारा मृत्यु भयो ।

* * *

कथा

अपरिचित भीडभित्र

रामप्रसाद पन्त

काठमाण्डौ शहर जतातै जनचाप व्याप्त छ सडकको लम्बाइलाई मोटर गाडीहरूको लामले मात खुवाइसकेको छ। फुटपाथलाई मान्छेको टाउकोले छपक्कै ढाकिदिएको छ। धुवाँ र धुलोले शहरवासीहरूलाई सास फेर्न मुस्किल बनाइसकेको छ। असंख्य मोटरकारहरूको आवाजले आकासलाई प्रतिध्वनित पारिदिएको छ। संक्षेपमा भन्नुपर्दा अब मानिसले ब्रम्हाजीले तोकिदिएको आयुलाई पर्खिरहनु पर्ने आवश्यक छैन।

कसैले कसैसँग बोल्ने फुर्सद छैन। कसैले कसैलाई सोध्ने फुर्सद छैन। एउटा हात पसारिरहेको छ अर्काले हात पन्छाएर भागिरहेको छ। कुनै मान्छे फुटपाथमा अव्यवस्थित सुतिरहेको छ। सास फेर्दै छ कि फेर्न बिर्सिसक्यो, हेर्ने फुर्सद छैन कसैलाई।

सीधा उभिनसम्म नपाउनेगरी खाँदिएको एउटा बसमा बस्ने सीट पाएकोमा म आफूलाई धन्य सम्झिरहेको हुन्छु। तैपनि केही ओलिंदै छन्, धेरै चढ्दै छन्। सीटमा बसेको मान्छे भन्छ - 'नधकेल्नुस् खुट्टामा कुल्चियो, टाउको छोइयो, लौ हेर... कपालै बिग्रियो।' उसले खल्तीबाट काइयो निकालेर कोर्छ, रिसाउँछ। त्यही मान्छे अलिपरसम्म उभिएको बेला भन्दै थियो -'तपाईंलाई उभिनु परेको भए पो थाहा हुन्थ्यो, उभिन कति गाह्रो छ। उ...पछाडिबाट पेलेको देख्नुहुन्न ?'

त्यस्तो भीडमा झुन्ड्रोमैलो एकसरो लुगा लगाएका मरञ्च्याँसे दुईजना आइमाईहरू साथमा दुईवटा बच्चा लिएर भित्र पस्छन्। एउटीको हातमा झोला पनि झुण्डिइरहेको हुन्छ। एउटी ४/५ वर्षकी र अर्की काखमा अर्धनग्न अवस्थामा दुइवटै छोरीकी जननी एउटै रहिछ, जुन रुग्ण अवस्थामा देखिन्थी। सुई.....य्य, सुई .....य्य श्वाँस छोड्थी बेलाबेलामा। उसले डण्डी समातेर उभिन पनि सकिन र कोखिलामा बोकेको बच्चा सहित फ्यात्त फालिइ धुलो र फोहोर भएको भुईंमा।

कन्डक्टर करायो - बस्न पाइँदैन, उठ्नुस्, उठीहाल्नुस्।

मैले देखिरहेको छु उसमा उठ्न सक्ने ताकत नभएर पो फालिइ भुइंमा। आफ्नै अगाडिको त्यो दारुण दृश्यलाई कठोर भएर टुलुटुलु हेर्दै थिएँ म क्षणभर प्रतीक्षा गरें दायाँबायाँ कसैभित्र दयाको सागर उर्लिन्छ कि ? अहँ उर्लिएन। म कम्मर समाउँदै उठें र त्यस आइमाईलाई सीटमा बसाएँ।

के तपाइँलाई सञ्चो छैन ? मैले प्रश्न गरें।

ऊ बोलिन/स्वीकृति सूचक मुण्टो हल्लाई मात्र।

के भएकोछ उहाँलाई, बोल्न पनि सक्नुहुन्न ? मैले अर्की आइमाईलाई साधें।

बेलाबेलामा यसै गर्छे, महिनौं भैसक्यो, जँचाउन जा भनेको पनि मान्दिन, आफै सञ्चो हुन्छ भन्छे। एकछिन अगाडिसम्म त ठिकै थिई अहिले कक्रिन थाली।

त्यो आइमाई केही दह्री थिई। ठूली चाहींलाई एक हातको भरमा उभिएरै बोकेकी थिई तर काखकी सानी बच्चीलाई भनें बिरामी आइमाईले काखमा राख्न पनि झींजो मानिरहेकी थिई। बच्चाले झिज्याईरहेको थियो। आमाको छाति गिजोलिर हेको थियो। लाग्थ्यो -उ भोकाइरहेको छ। दूध खाने मन गरिरहेकोछ। उसले ब्लाउज माथि सारेर दूध चुसाई। त्यस लाम्टामा के थियो होला र दूध ! बच्चाले पिरोलिरह्यो। उसले बच्चाको हात हटाई। बच्चा रुन लाग्यो। सँगै बस्ने किशोरी त्यो फोहोरी सिगाने र झुत्रे बच्चा देखेर घिनाइरहेकी थिई।

म सोच्दै थिएँ - यसै बहानाले यो केटी उठे पनि उभिएकी आइमाई त्यस सीटमा बस्थी र काखको बच्चालाई सम्हाल्थी। भयो त्यस्तै। त्यस किशोरीलाई बच्चाको लातले हान्न थाल्यो। किशोरी झिज्जिंदै उठी।

मैले मनमा लागेका केही जिज्ञासाहरू मेटाउने मौका पाएँ।

- बिरामी तपाइँको को पर्नुहुन्छ। मैंले प्रश्न गरें।
- नातोपातो त केही पर्ने होइन, सँगै काम गर्ने साथी।
- के काम गर्नुहुन्छ ?
- ढुंगा फुटाउने/गिट्टी बनाउने।
- यिनीको लोग्ने छैन ?
- थियो/छोडेर भाग्यो।
- कहिले ?
- ६-७ दिन भयो।
- बच्चा बच्ची नि ?

- तीनवटी छोरी । सबै यसैसँग छन् । दुईवटा यिनै हुन्,ठूली चाहीं डेरा मैं होली !
- कहाँ बस्नुहुन्छ ?
- सिनामंगल ।
- यता कहाँ जान लागेको त ?
- मेरो डेरामा जान भनेर हिंडेकी, गोपीकृष्ण नगर ।
- यस्तो बिरामी मान्छे किन हिंडेको त ?
- लोग्नेले छोडेर हिंडेपछि एकसुरे भएकी छ । बस्न मन लाग्दैन भन्छे । मन बहलाउन हिंडेकी नि !
- किन छाड्यो लोग्नेले ?
- देख्नु भएन, ती-तीनवटा छोरीहरू ! त्यसमाथि स्वास्नी रोगी । लोग्नेलाई के छ र ! अर्की पायो होला हिंड्यो ।
- घरजग्गा पनि त होला ! बरु आफ्नै गाउँठाउँमा गएर बसे त हुन्थ्यो नि !
- के हुन्थ्यो, केही पनि छैन । जम्मै जुवा खेलेर मेटेर त शहर पसेको ।

हामी पुरानो बसपार्कबाट नयाँ बसपार्क जानेक्रममा एअरपोर्ट हुँदै गौशाला पुग्दै थियौं । त्यो आइमाई झन् पछि छन् छटपटाउन थाली । दुईहातले पेट बाँधेर कक्रक्क परी । सँगै बस्ने त्यो स्वस्थ आइमाईले सीट छाडेर उठी र झोलाको तकिया बनाएर सुताइ दिई ।

हाम्रो सामाजिक बिडम्बना देखेर म आफैभित्र व्यथित हुँदै थिएँ । त्यस्तो विरामीलाई साथ लिएर आउने त्यो आइमाईले के गरोस्..., एउटीलाई बोकेकी छ अर्कीलाई हात समाएर उभिएकी छ ।

साथीको दुर्दशा देखेर पीर मान्दै छे -'आजको रात पनि कसरी काट्ने खै !'

अस्पताल लैजानु पर्‍यो । महाराजगंज ओर्लेर शिक्षण अस्पताल पुर्‍याउन सक्नुहुन्छ ? - मैले सोधें ।

कहाँ सक्नु ! बस भाडा बाहेक अरु पैसा छैन । फेरि यी केटाकेटीसित एक्लै....!

- भोलि लैजान सक्नुहुन्छ त ?

- सक्दिन, काममा जाने कि अस्पताल ! काम गरेर खानेको के हुन्छ र घरमा ! के गरी लैजाने अस्पताल ?

- पैसा भए लैजान सक्नुहुन्छ ?

- कहाँबाट पाउने पैसा !

- म दिन्छु पैसा लैजानुहुन्छ ?

उसले अलि हँसिलो अनुहार पारी र भनी -दिनुहुन्छ भने आज त साँझ पर्न थालिसक्यो, भोलि लैजाउँला । बस्ने पो को ? छोरीहरू स-साना छन् । कस्तो आपत् पर्‍यो छ्या ..... !

- राती बिरामीलाई केही भयो भनें ?

- खै के गर्ने गर्ने ! मेरो बूढा पनि छन् । जे पर्ला त्यही गरौंला नि !

बिरामी आइमाइ झन् पछि झन् आत्तिँदै थिई । टाउको उठाउँथी, पेट च्याप्थी र बटारिन्थी प्राणै निस्केला जस्तो गरी ।

म भित्र एउटा करुण र सँगसँगै विद्रोह पलायो । सृष्टिमा यस्तो असमानता किन ? सृष्टिकर्ताले किन यस्तो भेदभाव गरेको होला ! अन्य सृष्टिमा समानता हुने मानव सृष्टिमा मात्र किन बैषम्य ! पूर्वजन्म र पुनर्जन्मको विश्वास दिलाएर मानवीय संरचनामा उंच नीच र धनी गरीबको भेदभाव जगाई मानव-मानव बीचमा गरिएको अन्याय देखेर म ती जगत् नियन्तासँग मनमनै रिसाएँ ।

चावहील पुग्ने नै बेला भएको थियो । अर्थात् म ओर्लने समय सन्निकट आउँदै थियो ।

डाक्टरलाई जँचाएर जानुहुन्छ त ! पैसा म दिन्छु । मैले भनें ।

'हुन्छ नि किन नहुनु !' स्वस्थ आइमाईले खुशी व्यक्त गरी र भनी, ए सुनिस् ! तँलाई दाइले डाक्टर कहाँ लगेर जँचाइ दिने अरे ? हुन्न त ?

'हुन्छ', बिरामी आइमाईले कृतज्ञतासूचक दृष्टिपात गरी मतिर ।

मैले उनीहरूसमेत तीन जनाको बस भाडा तिरें र बिरामी बच्चा ओराल्न मद्दत गरें ।

समय बेलुकाको ६ बज्न लागेको थियो ।

स्वस्थ आइमाइले झोला काँधमा बोकी, सानी बच्चीलाई कोखिलामा राखी, ठूलीलाई डोर्‍याई र बिरामी आइमाईलाई अगाडि लगाई ।

हामी क्लिनिक पुग्यौं ।

डाक्टरले जाँच गरे । अल्सर भएको अनुमान लगाए । केही औषधी र एक्सरेको कागज लेखिदिए ।

मैले औषधी किनिदिएँ र भनें - यो औषधी डाक्टरले भने अनुसार खाने र एक्सरे गरेर अस्पताल जाने है त ?

'हुन्छ, ।'

उनीहरूले विनम्रतापूर्वक नमस्कार गरे र जसरी आएका थिए त्यसरी गए । मैले बिजुलीबत्तीको उज्यालोमा धेरै पर पुग्दासम्म हेरिरहें ।

मलाई ठूलो आत्मसन्तोष भयो गरीबको सेवा गर्न आएकोमा । म ईश्वरलाई मनमनै धन्यवाद दिएँ र वरदान

मागें - यस्ता गरीबहरूको सेवा गर्नसक्ने सामर्थ्यवान् व्यक्ति बनाइदेउ ।

त्यसपछि म घरतर्फ लागें । मलाई कस्तो कस्तो एक्लो, खाली खाली अनुभव भयो । धत्तेरिका ! व्याग त बसमै छुटेछ ।

घण्टौं भैसक्यो, बस कहाँको कहाँ पुगिसक्यो होला ! यो अँध्यारोमा, बस ग्यारेजतिर लाग्ने बेलामा, कहाँ जाने ! न बस नम्बर याद छ.... ! बिरामीको चक्करमा बस कस्तो रंगको थियो त्यो पनि थाहा भएन । समय बेलुकापख, तर पाँचपाँच मिनेटमा आउने बसलाई कसरी पहिल्याउने ?

प्राप्तीको उपाय नदेखेर म घरतिर लागें र बाटोमा अगोचर चैतन्यसँग प्रश्न गरें- के यो परोपकार गरे वापतको सजाय हो... ?

\+ + +

त्यस्तै चार पाँच महिनापछि यसै व्यस्त शहरको एउटा सडक किनारबाट म आफ्नै धुनमा कतै लम्किरहेको हुन्छु । मेरो नजरमा एउटी परिचित आइमाई देखा पर्छे । त्यसलाई देख्ने बित्तिकै मलाई याद आउँछ त्यो दिनको- जुन दिन मलाई एउटा आत्मसन्तोष र अर्को आत्मपीडा को अनुभूति एकैसाथ प्राप्त भएको थियो ।

मौकैमा भेटिई त्यो आइमाई । मेरो जिज्ञासा अब मेटिने भयो ।

चार आँखा जुधे, उसले मलाई सहजै चिनी ।

तैपनि मैले औपचारिकता निभाएँ -चिन्नुभयो त मलाई ?

-किन नचिन्नु,तपाईंलाई पनि म कहिल्यै भुलुँला !

-कस्तो छ त तपाईंकी साथीलाई ?

-कस्तो हुनु मरी हाली नि !

म दिग्दार भएँ, चुकचुकाएँ, उसको जिउनुको विवशताप्रति । एक मनले भन्यो - त्यस्तो पीडादायी जीवनदेखि मुक्ति पाई, शान्ति मिल्यो उसलाई । के दिनु लिनु थियो र यो संसारमा बाँचेर उसले ! ठिकै भयो बरु ।

एउटा अर्को तीक्त अनुभूति अन्तर्धनित भयो - हे ईश्वर ! तिम्रो सृष्टिमा पुनर्जन्मको प्रावधान छ भने अब त उ यस जन्ममा प्राप्त पीडा र दारिद्र्यमा पिल्सिंदा पिल्सिंदा पूर्वजन्मको संकलित पापबाट विमोचन भई होली ! अर्को जन्ममा उसले पक्कै पनि यस्तो दुरावस्था भोग्नुपर्ने छैन ।

म एकछिन हराएर फर्कें । त्यो आइमाई त्यहीं उभिइरहेकी थिई ।

तिनीलाई त्यस्तो के रोग लागेको रहेछ र यो उमेर मै मरिन् ? मैले प्रश्न गरे

हामीहरू त त्यसलाई ऐजेरू रोग भन्छ, त्यही क्या... लागे पछि नछोड्ने उल्टै ऐजेरू जस्तै फैलिदै जाने रोग । क्यान्सर हो ? मैले स्पष्ट पार्न खोजें ।

हो, त्यही नै हो । डाक्टरले भनेको - ग्याष्टिक विग्रेपछि के जाति रोग लाग्छ, त्यसपछि पनि बेलैमा उपचार गरेन भने- त्यस्तो हुँदो रैछ नि !

उसले भनेको कुरा मैले बुझें । ग्याष्टिक भनेको त दुई छाक खान मुस्किल पर्ने अधिकांश नेपालीको राष्ट्रिय रोग नै हो नि ! त्यसको विकसित रुप अल्सर र अन्तिम रुप क्यान्सर भन्ने कुरा कुन सचेत नेपालीलाई थाहा नहोला !

भएर मात्र के गर्ने ! निदानको उपाय के त ?

अगाडि उभिएकी आइमाइ हिंड्ने तरखर गर्दै थिई - 'म त जान्छु ठेकेदारले मार्छ ।'

- के गर्नुहुन्छ ?

- उही त हो ढुंगा फोर्ने ।

ढुंगा फोर्ने.... ! उफ् कस्तो छ कोमलाङ्गी भनिने महिलाहरुको अवस्था ! जसलाई ढुंगा नफोरिकन खान छैन त्यस्तालाई लगाइने विशेषण कोमलाङ्गी ! कोमालाङ्गी भनेर झन् बढी काम थोपरिदिने र आफूले मनपरी गर्ने। परम्परागत रुपमा पुरुषले महिलामाथि गरेको यो कस्तो न्याय हो ?

त्यो आइमाइ आत्तिदै थिई- 'ढिलो गऱ्यो भने ज्याला काटिन्छ, काममा लगाउँदैन ।'

अलिकति अगाडि बढी सकेकी उसलाई मैले थप जिज्ञासा सोधीहालें - छोरीहरू नि.... ?

ठूली चाहीं मसँगै आएर ढुंगा फोर्ने गर्थी । साना केटीहरू मागेर हिंड्थे । ११-१२ बर्षकी केटीले तीन-तीन जनालाई पालोस् पनि कसरी ! ऊ मसँग रुन्थी । कोठाबहाल तिर्न नसकेकोमा घरपट्टीको आदेश सुनाउँथी । पछि त्यो आउन छाडी । किन आइन केही भएछ कि भनेर गएको त कोठा बन्द । घरपट्टीलाई सोधेर पो थाहा भयो- गाउँको एकजना दाजु आएर उतै लिएर गयो अरे !

तर होइन रहेछ हजुर ! साना केटीहरू रत्नपार्कको पेटीमा मागेर बसेको अस्तिमात्र आफ्नै आँखाले देखें । उनीहरू भन्थे- ठूलीको पत्तो छैन, एकजना नचिनेकों मान्छे आएर एकछिन कानेखुसी गरेर लिएर गएको ऊ फेरि फर्केर आइन,...इत्यादि भन्दै ऊ पाइला अगाडि सार्दै थिई । म एकोहोरो हेर्दै थिएँ । हेर्दाहेर्दै ऊ मानिसहरूको भीडमा पसी र क्षणभरमा हराई ।

***

कथा

(यो लेखकको जीवनको अन्तिम व्यङ्ग्य कथा हो- प्र.सं.)

जसको जवाफ छैन

शङ्कर कोइराला

ठूल-ठूला प्रोजेक्टका ठेकदार र अन्य कतिपय रीयल स्टेटका मालिक प्रो-प्राइटर अनि आफ्नो अपुताली परेका ससुराको श्री सम्पत्तिको एकमात्र दावेदार धर्तीनाथ बडाललाई अझै के नपुग थियो र उनले आफ्नो नामको यश कीर्ति पनि फैलिने धन सम्पत्तिको ओइरो र पइरो आय पनि हुने नयाँ धन्धा गर्नु परेको ? पहिले त ससुराकै नामबाट एउटा साहित्यिक पुरस्कार 'श्री गणेश साहित्य संघ'को पनि स्थापना गरी अनिकालमा एक मुट्ठी चामल दिए झैं नेपाली लेखक कवि नामधारीहरू हात उचाल्दै मलाई मलाई भन्दै तँछाड मछाड गर्दै आएको बर्षौं भइसकेको सबैलाई थाहा छ। यस्ता तँछाड मछाडमा को कति भोका नाङ्गा छन् त्यो हेरिने समय नभए झैं जो अगाडि आइपुग्छ र लाइन मिच्न सक्छ अर्थात् साहित्यसंघको नियममा नभएको काम दुईचार वटा पाठ्यपुस्तक लेखक हुन् वा गाइने गीतका रचयिता हुन्। आफ्नो साहित्यसंघको सञ्चालक समितिका सदस्यको सिफारि समा पुरस्कार समारोह बोलाई पुरस्कार दिइदै आएको पनि सर्वविदित छ।

मैले यहाँ भन्न लागेको कुरो के हो भने (मैले पनि सुनेको कुरो हो) एकपल्ट पुरस्कार समारोह गरी घर आएको भोलिपल्ट एकाबिहान ओछ्यानबाट बिउँझिंदा निद्राको तन्द्रील आँखा खुल्दा नखुल्दै अचानक श्रीमतीले ल्याएर दिएकी बेडटीको घुट्कोमा के अमृत थियो कुन्नि उनलाई एउटा नयाँ स्फुरण भयो - ईश्वरले दिएको सुझाउ भन्ठानेर उनी चिया निल्दानिल्दै मुसुक्क हाँसे रे ! श्रीमतीले देखिहालिन् र सोधिन्-'आज किन फुरुङ्ग देखिनुहुन्छ ?'

'म किन फुरुङ्ग पर्ने ? फुरुङ्ग परे होलान् ती पुरस्कार पाउने लेखक। उनलाई पनि मलाई जस्तै मुसुक्क हाँस्न मन लाग्यो होला ! श्रीमतीले दिएको मनै मात्तिने चिया खाएर' धर्तीनाथले ठट्टा गरे।

'त्यसो भए किन हाँस्नु भएको' ? श्रीमतीले सोधिन् लत्तो नछाडेर।

'म तिमीले चिया ल्याउनुभन्दा पहिले नै हाँसेको थिएँ ठीक नौ बजेर चौध मिनेटमा तर तिमी ठीक सवा नौ बजे भित्र पस्यौ। अनि भन तिमीलाई देखेर वा तिम्रो चिया खाएर होला त ?' धर्तीनाथले रित्तो चियाकप श्रीमतीको हातमा समात्न दिएर हाते घडी हेरे। नजिकै टेबिलमाथि राखेको टेलिफोनको रिसीभर उठाए।

'विनोद जी !' उनले आफ्नो कार्यालयका सचिव विनोदकृष्णलाई भने 'आज मलाई नयाँ कुरो स्फुरण भएको छ। तपाईंसित कुरा गर्नु परेको छ। अहिले आउनुहुन्छ ?'

विनोदकृष्णले के भने कुन्नि धर्तीनाथले जवाफ दिंदै भने 'विहान फुर्सद छैन फुर्सद त मिलाउनु पर्छ। म भने रातदिन आफ्नो व्यवसायमा फुर्सत बेफुर्सत लागिरहेछु। सपनामा पनि काम गरिरहन्छु। तपाईंलाई अफिस आयो दश-पाँचसम्म बितायो मानो पाक्यो। सोंचसमझ पनि हुनुपर्छ नि मेरो अफिस हो यो। संघसंस्थाको उन्नतिमा मेरो उन्नति छ भन्ने कैले आउँछ तपाईंको मनमा ? तपाईं सचिव हुन लायक हुनुहुन्न भन्ने मैले उहिले नै थाहा पाएको थिएँ। सोर्सफोर्सको भरमा नियुक्ति पाएकाहरूबाट यस्तै धोका पाइन्छ - के हैन ? अझै हैन भन्नुहुन्छ ? ल तुरुन्त आउनुस्। म आज अफिस जान्नँ। तपाईंको अफिस पनि यहीं हुन्छ आज.....' भनेर रिसीभर राखे अनि श्रीमतीको मुखमा हेरे 'देख्नु भो हजुर ! सचिवलाई तह लाउन आफ्नो अन्डरमा राख्न यस्तो नाटक गर्नुपर्छ। नत्र अफिसमा गयो उसकै अन्डरमा... उ पो मेरो हाकिम भइर हेको !' बेलुकाको ककटेल पार्टीको स्कच र वीयरको रन्को सकिएको थिएन तापनि बेला बखत उनी आफ्नी श्रीमतीलाई 'हजुर' भनी आदर मान दर्शाउन पनि खुब सिपालु थिए। श्रीमतीलाई यो मन पर्दैनथ्यो तर उनी भन्थे- 'श्रीमती ज्यू, यो स्त्री/पुरुषको बीच भेदभाव ऊँचनीच मेट्न म चाहन्छु।'

उनको यो भनाइलाई श्रीमती नोराले बुझेकी थिइन्। यसको कारण उनी आफै थिइन् किनकि उनी धनाढ्य ससुर ाकी एकमात्र छोरी केही मतलब पर्दा उनैद्वारा ससुराललाई पगार्न र दुहुन पाइन्थ्यो र आज जुन उनलाई भगवान्बाट सुझाउ भनौं वा प्रेरणा मिलेको थियो ओछ्यानबाट उठ्नासाथ त्यसैसित गाँसिएको थियो।

'तपाई पनि आफूलाई विशेष मान्छे ठान्नु हुँदोरहेछ हँ ? अहिलेसम्म सचिवलाई यो हाकिमी फुर्ती देखाएको मैले थाहा पाएकी थिइन। आज मत्ताहात्ती भएको देख्छु।' नोराले जवाफमा भनिन्। र मुसुक्क हाँसिन्।

धर्तीनाथ हाँस्न लागे।

'मैले के सुझाउ भगवान्बाट पाएँ आज भने हजुरको विश्वास मलाई चाहिएको छ । हजुरको बुबाको अनुग्रह उदारताबाटै 'श्रीगणेश साहित्य संघ' को स्थापना भयो । अब पनि यस्तै देश र जनताकोलागि उपयोगी काम सोचेकोछु - दशलाख जति भए पुग्छ । यो दशलाखबाट बीसलाखको आश गरेको छु । साहित्य संघको पुरस्कार खर्च मात्रै 'रिटर्न' नहुने राष्ट्रियदान हो र यो नयाँ व्यवसाय भने राष्ट्रको लागि कसैले नगरेको महान् काम लागेको छ ।' उनी भन्दै थिए । बीचैमा श्रीमतीले भनिन्, 'बुबालाई धुत्ने हैरान पार्ने मान्छे मन पर्दैन ज्वाइँ भए पनि । उहाँलाई चित्त बुझ्ने काम हुनुपर्छ ।'

यसै बेला ढोकाको घन्टी बज्यो ।

'विनोद आइपुगे ! तिमी पनि बस छलफल गरौंला । कुरो के हो उसैको अगाडि भनुंला' - उनले श्रीमतीलाई आग्रह गर्दै रोके ।

ढोका खुलै थियो । कोठाभित्र पस्दै सचिव विनोदकृष्ण दुबैजनालाई नमस्कार गर्दै सोफामा गएर बसे । उनी शूट टाई लगाएको ह्याण्डसम युवक थिए ।

बस्नासाथ फेरि उठेर आफ्नो साथमा ल्याएको कागतपत्रको ब्याग मोटरसाइकलमै छुटेको सम्झेर तुरुन्त कोठा बाहिर गए क्षमा मागदै । केही असजिलो मानेको बहानामा ।

'हामी लोग्ने स्वास्नीकोबीच एकान्त कोठामा बस्न उ सकेन । एउटा निहुँ देखाएर गयो । एकदम कामचोर!' धर्तीनाथले हाँस्तै भने नोरालाई हेर्दै ।

'तपाईंले बोलाएरै आएको हो नि ! लोग्ने स्वास्नीकोबीच बाधक कसरी भो ? भैगो त म जान्छु' - नोराले उठ्तै भनिन् केही शंकास्पद भावले ।

'राज होस् न' - हात समाउँदै उनलाई बसाले ।

नोराले भनिन् - 'मैले तपाईंलाई भनेको हैन एउटी सुन्दरीलाई सेक्रेटरी बनाउनुस् भनेर ! तपाईंले वास्तै गर्नु भएन ।'

'मैले वास्ता नगरेको हैन, नपाएर पो । फेरि यो व्यक्ति सोर्सफोर्सवाला भनिहालें नि । तलमाथि क्यै भो कि कुरा पुऱ्याउँछ मन्त्रीकहाँ ।' धर्तीनाथले जवाफमा भने । 'त्यसैले त मैले भनेको अफिसमा यो हाकिम जस्तो छ म सचिव जस्तो छु । यहाँ बोलाएको थिएँ हाकिम भएर काम गराउन अह्राउन - खै गै हाल्यो' उनी श्रीमतीलाई खुशी पार्न हाँसे ।

'तपाईं पर्खेर बस्नुस् म जान्छु । आयो भने बोलाउनुहोला' भनेर नोरा उठेर जान लाग्दा उनको सारीको छेउ समातेर भन्न लागे- 'मलाई यो मान्छेको चालामाला नियत ठीक लाग्दैन ।'

उनी भन्दै थिए, विनोदकृष्ण कोठाभित्र आइपुगे ।

'म त घर पुगेर आइपुग्दै छु ' उनले हाँस्तै भने ।

'मोटर साइकलमा पो ब्याग छुटेको कुरो गर्दै हुनुहुन्थ्यो' धर्तीनाथले आश्चर्य दर्शाएको देखेर विनोदले भने 'यसमा आश्चर्य दर्शाउने कुरै छैन हजुर, म त मोटरमा आएको थिएँ, मोटरमै अैले पनि आउँदै छु ।'

'मोटर ?' धर्तीनाथको मुखबाट कोक्याउँदो स्वर निस्कियो ।

'यसमा आश्चर्य मान्ने, शंका मान्ने कुरै छैन । म एउटा शौखीन मानिस हुँ । दुःख गर्नै जान्दिनँ । हिजोसम्म मेरो मोटर थिएन आजैदेखि मोटर मालिक हुँदैछु । यसमा शंका मान्ने कुरै छैन हजुर ! मैले कसैको दुई पैसा पनि भ्रष्टाचार गरेको छैन । कहाँ पायो बीस पच्चीस लाख भन्ने लाग्यो होला । यो मोटर किन्नकोलागि आफ्नो घर अगाडिको एक रोपनी आठ आना जग्गा बेचें । कसैले दिनु पनि परेन, मैले माग्नु पनि परेन कसैसित । अब म बिलकुलै हजुरको जागीरमा निर्भर छु । हजुरले दिएको तलब पाँच हजारले गुजारा चलाइर हेछु होटलमा बसेर । म आफै आफ्नोलागि दुःख कष्ट गर्न असमर्थ छु । हजुरहरूको जस्तो बैंक व्यालेन्स पनि छैन, न अन्य कतै आम्दानीको श्रोत' भनेर विनोदले आफ्नो ब्याग खोलेर कागतपत्र निकाले 'भन्नुस् हजुर मैले के काम गर्नुपर्यो ?'

धर्तीनाथ र नोरा अझै उनलाई हेरेको हेऱ्यै थिए - सचिवको कुरो पत्याउन नसकी ।

पत्याउन सकिने कुरो पनि थिएन । नोराले उठ्तै भनिन्, "विनोदजी, तपाइँको मोटरमा कैलेकाहीं हामीलाई पनि सैर गर्न सजिलो हुने भो त ?

'किन नहुनु, हजुरहरूकै सेवक हुँ ।' विनोद पनि जवाफ दिन जान्दथे । नोराले 'म चिया पठाइदिन्छु ।' भनेर केही चञ्चल भावले कोठाबाट गइन् ।

उनी गएपछि धर्तीनाथ र विनोदकृष्ण आपसमा कुराकानी गर्न लागे ।

सचिव तीस पैंतीस वर्षका युवा स्फूर्ति राख्ने मिजासिला र कार्यालयको भलाइ हुने कामहरूमा कहाँ कस्तो परिस्थिति अप्ठ्याराहरू आइपर्छन् त्यसै अनुसार झट्ट बोल्न पछि पर्दैनथे । एउटै परिवारका सदस्य झैं यस बडाल परिवारमा उनको स्थान थियो । उनी छिटोछिटो काम गर्ने र विश्वस्त इमान्दार हुनाले पनि अध्यक्ष धर्तीनाथ उनीसित गोप्य सर सल्लाहमा मद्दत लिने गर्थे ।

केही छिनपछि घरको कामदारले ल्याएर दिएको चिया खाँदै अफिस सम्बन्धी यताउताका विषयमा अलमलिएपछि धर्तीनाथले अचानक भने- 'विनोदजी, मलाई आज एउटा मनमा

सुझेको कुरो भन्दै छु तपाइँलाई यसैकारण बोलाएको हुँ ।'

'के कुरो होला ?' विनोदकृष्णले मुन्टो र आँखा उठाएर चियाको घुट्को निल्दै हेरे ।

'हाम्रो श्रीगणेश साहित्यिक संघ बारे पत्रपत्रिकाले लेखकहरूलाई दिएको पुरस्कार प्रशंसनीय छ, अझ यसको धनराशी थप्नु पर्छ, आजको महँगीमा भन्ने सुझाउ देख्ता मलाई के लाग्यो भने एउटा कुनै प्लान बनाउनु जरुरी छ । आज बिहान मलाई यसबारे एउटा आइडिया सुझेको छ त्यो के हो भने अझ बढी यस साहित्यिक संघको नाम फैलाऊँ । विश्वस्तरीय बनाऊँ । अरु भाषाका लेखकहरूले पनि नोबेल प्राइजलाई सम्झुन् । देश विदेशबाट पनि स्वागत होस् हैन त विनोद जी ?' धर्तीनाथ कुराको भूमिका मात्रै बाँधिरहेका थिए ।

विनोदकृष्ण मुख्य कुरो सुन्न हतारिइरहेका थिए ।

'मेरो प्लान के हो भने हाम्रो नेपालमा अत्यन्त खाँचो भएको आज के छ भन्ने तर्फ मेरो ध्यान खिचियो ।' उनले कुरो फेरि सोझै नभनी लम्ब्याए, 'त्यो के रहेछ भने नेपालका विभिन्न क्षेत्रमा नाम चलेका ख्यातिप्राप्त विचारक, उद्योगी, आविष्कारकहरूका नाम र तिनको काम बारे परिचय दिने 'हु इज हु' छाप्ने । पुस्तकाकार रुपमा विश्वका अनेकौं देशमा छ्यापछ्याप्ती पुऱ्याउने र डलर पाउण्ड जम्मा गर्ने । यो कुरो हुन सक्छ कि सक्तैन विनोदजी, लौ सल्लाह दिनुस् ?'

'हुन सक्छ । पहिले नेपालीमा पछि अंग्रेजीमा निकालेपछि विश्वभर पुगिहाल्छ । पहिले त नेपालमै पनि खपत हुनुपर्‍यो । तर किन्ने को ?' सचिवले उनको सबै प्लानलाई नै 'तर किन्ने को ?' भनेर प्रश्न चिन्ह लगाइदिंदा धर्तीनाथ एकक्षणको लागि अवाक भए ।

'किन्नेहरू जति पनि पाइन्छन् । ज-जसको नाम 'हु इज हु' मा पर्ने छ तिनैले र अरु सर्वसाधारण पाठक र विद्यालयदेखि विश्वविद्यालसम्मले किनेर आफ्नो लाइब्रेरीको शोभा बढाउने छन् । एक एक थान भए पनि स्वदेशमा नेरु र विदेशमा विदेशी मुद्रा कमाउन कामयाव हुनेछ भन्ने मैले सोचेको छु । यो एउटा नौलो कुरो लागेको छ नेपालमा मलाई त '- धर्तीनाथले भने । 'फेरि श्रीगणेश पुरस्कार जस्तो प्रतिष्ठा प्राप्त संघको नामबाट पनि यस पुस्तकको महत्त्व र चर्चा स्वदेश र विदेशमा फैलिन सहायक हुन्छ जसको नाम नै साहित्यकारहरूको कल्याण गर्ने र सहायता गर्नेमा सुपरिचित छ । कल्ले नराम्रो भन्ला ?'

'एकदम राम्रो हो हजुर ! हामी सफल हुन्छौं । यसमा विलम्ब गर्नु हुँदैन । फेरि अरुले यो प्लान पत्ता लाए भने हामी पछि पर्छौं । पैले अंग्रेजीमा छापौं हजुर'

'त्यसैले त मैले तपाईंको सल्लाह खोजेको हुँ' बडालले भने ।

'सबभन्दा प्राथमिकता दिनुपर्ने कुरो मलाई लाग्छ लेखक साहित्यकारहरू जसलाई विदेशमा परिचित गराउने हाम्रो विशेष प्रयास हुनुपर्छ । हाम्रा नेपाली दाजुभाइहरूले विदेशमा आफ्नो देशका महापुरुष विभूतिहरूको बारे राम्ररी परिचित हुन कहाँ पाएका छन् र । साहित्यको क्षेत्रलाई अरु विस्तृत बनाउन प्रचार प्रसारको, मीडियाको सहारा लिएपछि अन्य क्षेत्रको दाँजोमा पुऱ्याउने हाम्रो उद्देश्य हो । यो पनि हाम्रो साहित्य संघको इज्जत बढाउने माध्यम हुने देखिन्छ । यो शुभ कार्यको प्रशंसा नगर्ने कोही हुने छैन देश देशावरमा' - विनोदकृष्णले भने ।

'हु इज हु' छापियोस् मात्रै बुद्धिजीवीदेखि लिएर जनर लनलेज राख्न चाहने पाठक विद्यार्थी जागीरका उम्मेदवारहरू समेत साराले एकएक थान किन्ने छन्' धर्तीनाथले भने ।

'यसमा विशेषत: लेखक साहित्यकारहरूको नाम हुने हुँदा तिनीहरू प्रत्येकले आफ्नोलागि एउटा अनिवार्य किनीराख्ने छन् । इज्जत बढ्ने विश्वमा परिचित गराउने यस्तो उपयोगी ग्रन्थ छापिएको छ भन्ने सुइँको पाउनासाथ कति जना हामीकहाँ आइपुग्ने छन्, फोनगर्ने छन्, मूल्य तिरी लैजाने छन्' विनोदकृष्ण पनि सँगसँगै 'हु इज हु' को प्रकाशनबाट पाइने उपलब्धीको वयानमा उत्साहित देखिए ।

'हु इज हु' निस्केको र बजारमा तातो चिया बिके जस्तो एकपल्ट होइन दोश्रो तेश्रो संस्करण एकै वर्षमा निस्केको र बिक्री भएको कल्पनामा रम्दै ग्रन्थबाट सोचेको भन्दा बढी आम्दानी सँगसँगै नाम सुकीर्ति फैलिएको र त्यसको श्रेय आफू हुन पाउनु, जीवनमा यही त हो पुरुषार्थ' भन्दै धर्तीनाथ दंग परेर सचिवसित अब उक्त ग्रन्थ छाप्ने व्यवहारिक योजनामा संलग्न भए ।

'हजुरलाई किन कष्ट ! म प्लानका प्रारम्भिक बुँदाहरू तयार पारेर नजर गराउँछु अफिसमा गएर' विनोदकृष्णले उनलाई भने ।

'हुन्छ त - दुईचार दिन लागे पनि केही छैन' धर्तीनाथले भने ।

\+ + +

दुई दिनपछि सचिवले प्रारम्भिक योजनाको बुंदाहरू मस्यौदा तयार पारे । त्यसपछि सञ्चालक समितिमा पेश गर्नकोलागि एउटा प्रस्तावनाको तयारी गरियो ।

उपयुक्त समयमा आफ्नो तर्फबाट सबै काम सिध्याएपछि बोर्ड मीटिङमा उपर्युक्त प्लानको समर्थनका लागि पेश गर्दै 'श्रीगणेश साहित्य संघ'का अध्यक्षले बैठकमा भने- 'हाम्रो

संघले एउटा साहित्यिक संस्थाका रुपमा सबैतिरबाट मान्यता प्राप्त गर्दै आएको छ। विद्वत् क्षेत्रमा नाम, मान, आदर कमाउँदै साहित्यकारहरूलाई निकट गराउँदै विश्वास प्राप्त गर्दै अगाडि बढ्दै छ। यस अनुकूल मौकामा अन्य लोकप्रिय कार्य गर्दै जानु हाम्रो कर्तव्यलाई बुझेर उनीहरुको विपन्नावस्थालाई केही मात्र भए पनि सम्पन्नतातिर धकेल्नु परेको छ। यस कुरोलाई अनुभव गरेर एउटा नयाँ कार्य थालनी गर्न अग्रसर भएका छौं। 'हु इज हु' नामक अंग्रेजीमा एउटा बृहद्ग्रन्थ तयार पार्ने विचारमा लागेको छु। यसको प्रकाशनबाट हाम्रो वित्तीय स्थितिमा सुधार हुने मैले देखेको छु अनि 'श्रीगणेश साहित्य पुरस्कार' मा पनि केही रकम थप गर्न सकिएला भन्ने हाम्रो दूरगामी उद्देश्य सफल हुने कुरामा मलाई कुनै शंका छैन'।

महिला सञ्चालिका एक जना समितिमा साहित्यकार समाजसेवी पनि थिइन्। तिनलाई यो प्रस्तावनाले प्रभाव पार को देखियो। उनले प्रस्तावको समर्थनमा भनिन्- 'तपाईंहरूले देशको परिस्थिति बुझेर अघि बढ्ने नयाँ धन्धा आविष्कार गर्नु भएको देख्छु। यो नयाँ धन्धाले अनेकौं कामहरूलाई आकर्षित गर्नेछ। कामदारहरूको आवश्यकता बढ्ने छ किनभने देशभरि का कति व्यक्ति के काम गरी बसेका छन्, कति देशको सेवा गरिरहेछन्, पत्ता लाउने काम सानो छैन। कुना काप्चा गाउँघर मा अँध्यारोमा आफ्नो देशको भलो हुने सेवा कार्य गरिर हेकालाई पनि 'हु इज हु' ले बाहिर लाइटमा ल्याउन सक्नुपर्छ, नत्र क्षणिक प्रचार प्रसारमै सीमित भएर बस्ने हो भने अहिलेकै स्थिति ठीक छ भन्छु म त। हामी दूरगामी लक्ष्यतिर अग्रसर हुन सक्छौं भने यो प्रोजेक्टले सबै क्षेत्रलाई छुनेछ। सबैलाई मान्य हुनेछ।'

'के गर्नु पर्ला त तपाईंको विचारमा ?' अध्यक्षले सोधे।

'पहिले यो प्रोजेक्टबारे सबैले बुझिने सरल भाषामा विज्ञापन पत्रपत्रिकाहरूमा निकाल्नु पर्‍यो। त्यसपछि उत्सुक देशसेवी सुधारक साहित्यकार आदिबाट बायोडाटा आव्हान गर्नुपर्‍यो, सके तिनको फोटोसमेत यस श्रीगणेश साहित्यिक संघको कार्यालयमा आए झन् अनुहार समेत छाप्न पाइन्थ्यो। पहिले एउटा नाम ठेगाना/व्यक्तिका काम/शिक्षा/परिवार आदि जे छन् लिखित पुस्तक पुस्तिका, पत्रपत्रिकाका संपादक संस्थापक यावत् कुरो भएको एउटा फार्मको नमूना पनि विज्ञापन सितै प्रकाशित गर्नु राम्रो।' सञ्चालिकाले जवाफमा सुझाउ दिइन्।

सबै समितिका सदस्यहरूले ताली बजाएर उक्त प्रस्तावलाई समर्थन र स्वीकृति दिए।

केही दिनपछि समाचारपत्रहरूमा प्रकाशनोन्मुख 'हु इज हु' को विज्ञापन निस्कियो। त्यस ग्रन्थमा आफ्नो नाम दर्ता गराउन चाहने यश कीर्ति र प्रसिद्धिका भोका विद्वान्, प्राध्यापक, डाक्टर, साहित्यकार, समाजसेवकहरूका पत्रहरु 'बायोडाटा' सहित श्रीगणेश साहित्यिक संघको कार्यालयमा धमाधम प्राप्त हुन लागे।

यो 'हु इज हु' ग्रन्थको सामग्री जम्मा हुनलाई कम्तीमा तीन वर्ष लाग्यो। शुरुशुरुमा ताजाताजा विज्ञापन देखेर जति छिटो आफ्नो 'बायोडाटा' दिन हतारिएका थिए पछि त्यति दिलचस्पी नदेखिनु यो नेपालीहरूको खास विशेषता हो। 'हिंड्दै छ पाइला मेट्तै छ' भने जस्तो। यसैले जति जे जम्मा भए ती नै ग्रन्थकोलागि थुप्रो पहाड भइसकेको थियो। यति थुप्रो राश कि तिनलाई केलाएर बस्ने मौका थिएन। जस्तो रुपमा आयो त्यस्तै रुपमा प्रेसमा छापिन गयो।

जब छापिएर 'हु इज हु' बाहिर निस्कियो बजारमा सर्वत्र पुग्यो। त्यति खास ठूलो भोलम नभए पनि त्यसमा छापिएको मोल नेपालीहरूकालागि जिब्रो टोक्नुपर्ने गरी महँगो थियो। कसले पन्धसय तिरेर पढ्न चाहँदो हो जसमा समावेश भएका व्यक्तित्त्वहरू नै विवादास्पद थिए, ती न ता विश्वस्तरीय थिए न राष्ट्रियस्तरका नै थिए। पुस्तकको कागत छपाइ अफसेट प्रणालीको उच्चस्तरीयता अनि बाइन्डिङ र कडा कार्डबोर्ड कभर त्यसमाथि च्यापर जसमा ल्यामिनेशन दुई रंगी आदि बाहिरी गुण थिए तापनि यस्तो लाग्दथ्यो पूर्ण व्यावसायिक दृष्टिले त्यो छापिएको हो र केही प्रति मात्र बिक्री भए पनि आफ्नो लगानी फिर्ता हात पर्ने र अरु बाँकी प्रतिहरू त नाफैनाफा। नोक्सानको कुरै थिएन। कति प्रति छापिएको हो उल्लेख पनि नगरिएको अनि पढ्दै जाँदा त्यस्ता व्यक्तिहरुको त्यहाँ स्थान थियो जसले जनता र समाज सेवाको नाममा भ्रष्टाचार गरी नाम कमाएका छन्, जो उत्पीडित गरीब निमुखाहरूको प्रतिनिधि भन्दै तिनकै शोषण र तिनैलाई सताउने काम गरेका छन् जग्गा जमीन दिई बसोवास गराउने भनी वन विनाश गर्दै लकडी, कस्तुरी, जडीबुटीहरु देश बाहिर निकासीगरी उद्योग-कारखानाहरू खोलेर राष्ट्रका बदनाम पूँजीपति सेठ साहुकार तस्करहरू -जसले दुर्नामको साथै कालो धन कमाउन जीवन अर्पण गरेका छन्। साथै त्यस्ता प्राध्यापकहरू पनि थिए जो आफूले लेखेका पाठ्यपुस्तकका गाइडहरू किन्न लगाई विद्यार्थीहरूको मानसिक शोषण गरिरहेका छन्। त्यस्तै भ्रष्टचरित्रहरूलाई सच्चरित्रका रुपमा बयान गरी विश्वस्तरीय महान् व्यक्ति सरह स्थान दिई लेखिएका चिन्हारीहरू कुहिएका आँपहरूसरी सँगसँगै बाकसभित्र घुसाएर घृणित बनाइरहेका थिए। यस प्रकार दुर्गन्धित त्यस बाकसरुपी ग्रन्थबाट नेपाली समाजको हृदय, मन, बुद्धि प्रदूषित गराउने उद्देश्यले जतातै पुस्तक पत्रपत्रिका पसलहरूमा बिक्रीकालागि राखिएको थियो।

अनि जो पीडित लाञ्छित भएर पनि आफ्नो सेवा साधनाबाट विचलित नभई दरिद्र जीवन बिताउन आफ्नो गौर व ठान्छन् तिनै लेखक, कथाकार, कवि, निबन्धकार, उपन्यासकारका नामबाट लोकप्रियता हासिल गर्ने मनसुवा राखी "तपाईंको नाम हामी विश्वमा प्रचारप्रसार गर्दैछौं, एक प्रति आफ्नो निम्ति किनेर राख्नुस्" भन्दै तिनका गाउँ टोल शहर गल्लीका घरदैला पत्ता लाउँदै आफ्ना नोकरचाकर खटाई धरना दिन पछि लगाई पुस्तकको मूल्य पन्धसय रुपैयाँ प्रत्येकसित उठाउने श्रीगणेश साहित्यिक संघको कारनामा पत्रपत्रिकाहरूले पनि खुला रुपमा लेख्न नसकेकाले यस लेखकलाई पनि त्यस धर्नाको शि[illegible] हुनुपरेको बयान, व्यथा, कथा यहाँ पाठकहरू छेउ जानकारीकालागि पेश गरेको छु ।

म जस्ता निर्धन निर्बल निर्धा लेखकहरूका नाम त्यस ग्रन्थभित्र विश्वमा प्रचार गर्नकोलागि होइन तिनबाट मूल्य चुकाउन समावेश गरिएको थियो । पत्रपत्रिकाहरूमा रचना छपाई गुजारा गर्न बाध्य म जस्ता गरीब लेखकहरूलाई पन्धसय रुपियाँ ठूलो रकम हो । एक महिनाको डेरा भाडा तिर्न पुग्थ्यो । 'हु इज हु' मा मेरो नाम र चिन्हारी समावेश गराई जबर्जस्ती मेरो नामलाई कलङ्कित गर्दै, 'मान कि नमान नत्र तेरो बदनाम' भन्दै मूल्य उठाई एकप्रति त्यो कुहिएको ग्रन्थ भिडाइन्छ । जसलाई खान लाउनकालागि दाल, भात, डुकु सम्झेर थुक निल्नुपर्ने अवस्था छ त्यसलाई समेत नछोडी धुत्नु झार्नु गर्ने ती हत्यारा धामी झाँक्री प्रकाशकहरूको चिन्हारी कल्ले दिने ? सरकारले ? जो आफै यति दरिद्र छ कि लेखकहरूको लेखकस्वमा राजस्व लगाउन अग्रसर छ । छद्मभेषी साहित्यसेवीहरूको मेकअप उतार्न निर्बल छ । मुकुण्डोधारी सफा सुकिला कुख्यात व्यक्तित्वहरुको भण्डाफोर गर्न सक्तैन । यस्ता धूर्त नकाबपोशीहरूको नै बजार गर्मागर्मी छ । लेखनधर्मीहरू त शिकार गरिन्छन्, तिनीहरू मरेपछि फोटोमा माला र फूल फ्याकिन्छ, तिनै राष्ट्रिय व्यक्तिहरूबाट जो उद्योगपति व्यापारी र जो उच्चातिउच्च साहित्य क्षेत्रको मानपदको घोडा चढेर बसेका हुन्छन् । म आफूसरह साहित्यकार हरू बीच यस्तै चर्चा परिचर्चा सुन्ने गर्दथें ।

\+ + +

अनि आजभोलि यस्तो पनि सुन्छु - श्रीगणेश साहित्यिक संघका अध्यक्ष धर्तीनाथ बडाल विदेशयात्रामा गएका छन् 'हु इज हु' को बिक्रेता एजेन्टहरू बनाउन र अन्य विदेशी भाषामा अनुवाद प्रकाशित गर्ने उद्देश्य पनि लिएर । यता सचिव विनोदकृष्ण आफ्नो नयाँ कारमानोरालाई साथमा बसालेर सैर र सफरमा दिन बिताउँदै छन् - आफ्नी मालिक्नीको खुशीमा जे इच्छा गर्छिन् पुऱ्याउँदै । मानिसहरू भन्छन् - नोराले आफ्नो सचिवलाई एउटा भव्य बिल्डिङ किनिदिएकी छन् । विनोदकृष्ण अब होटलमा बस्तैनन् - आदि ।

- डिल्लीबजार

Greetings and best wishes for a very Happy and Prosperous Happy Vijaya Dashami 2054

POKHARA TOURS & TRAVELS (P.) LTD

Head office:
P.O.Box No. 927
Kathmandu
Ph. No. 222038, 224013
Telex No. 2285 NP
Fax: 4122687

Branch Office:
Kamalpokhari
Kathmandu
Ph.No: 412778
419573

BEST WISHERS FOR HAPPY AND PROSPEROUS VIJAYA DASHAMI 2054

YANGRIMA
TOURS & TRAVELS PVT. LTD.
Kantipath, Kathmandu, Nepal
Cable: YANGRIMA P.O.Box.2951
Telex: 2474, Tel No. 225608, 226262

कथा

दशैं कहिल्यै फर्किन छैन

श्रीकृष्ण गौतम

साता दिन हुन लाग्यो गैराबारे ठूले तानसेन आएको । घरबाट ल्याएको पिठो, भुटोभटारो पनि अस्तिनै सकियो । त्यस पछि थकाल्नी कान्छीको दयामा बाँचेको छ । रहेसहेको खान्छ, एक कुनामा सुत्छ । खाना खाने, बास बस्ने पाहुना ल्याइदिन्छ । यता उताको धन्दा गर्दिन्छ । दिउँसैदेखि रातको बुटवलको आखिरी बस नआइपुग्दासम्म बस स्टेशनमा कुर्छ । प्रत्येक बसलाई पछ्याउँछ- त्यसबाट ओर्लिने लाहुरेसित कुरा गर्छ, तर कोही उसका गाउँ घरको निस्किँदैन । पर्सी छाडी निकपर्सी त टीका नै हो । दुई दिन पर घर हुने लाहुरेको भारी पुऱ्याएर फेरि घर पुग्ने बेला छैन । त्यसैले गैराबारे जेठो गाउँघरका लाहुरे पर्खाइमा छ ।

भारी त उसले नपाएको हैन -घरतर्फ हिंडेको जागिरेहरू पनि थिए । तर उनीहरूले न एक पैसा बकस दिन्छन्, न एउटा जडाउरी । जति भाउ तोक्यो त्यतिमात्रै हो । भट्टीमा रक्सी पनि खाँदैनन् र जागिरेको भारी ल्याउँदा भट्टीवाल्नीले खानाको पैसा पनि छोड्दैनन् ।

भारी त उसकै गाउँका कान्छा साहुको लिएर गए पनि हुन्थ्यो । चिनी र मसला ल्याइदिनु भनेर उनले तानसेनका साहुलाई चिठी पनि दिएका थिए । तर गैराबारेले पाएसम्म लाहुरेकै भारी ल्याउँछु, नपाए तपाईंको माल ल्याइदिउँला भनेथ्यो ।

दशैंमा चिनी, मसला, नून र जहान केटाकेटीलाई केही लुगा लगिदिने र लाहुरेको पर्खाइमा पाँच दिन गैसके । यति दिनमा त उ कान्छा साहुको भारी लगेर पनि फेरि फर्किसक्थ्यो । अहिले थकथक लागेर के गर्ने ।

हिसाब गर्ने हो भने उसकै गाउँमा पचास जति मोग्लाने र पन्ध जति ब्रिटिशे लाहुरे छन्, कलकत्ता र बम्बईमा काम गर्नेको त लेखो छैन । दशैं मान्न घर आउने पनि निकै हुन्छन् तर बाटामाथिको कलकत्ते राइँलो बाहेक अरु कोही आएको छैन । राइँलाले पनि उसलाई "जाम ठूला, मलाई पनि ढुक्क हुन्छ तिमी पनि बेलैमा दशैं मान्न घर भिड्किन्छौ" भनेथ्यो-तर उही नै अन्कनाएथ्यो । राइँलाले अर्के भरिया खोजेथ्यो । उसले पनि के गरोस् र जोर्तेपाटीको भट्टीमा फर्किंदा लाहुरे ल्याए राखौंला भनेर भात खाएथ्यो । न उसले न भट्टीवाल्नीले कलकत्तेलाई लाहुरे मान्छन् । अनि भात खाएको पैसा दश रुपियाँ तिर्नुपर्‍यो भने ? दश रुपियाँको चिनीले त दशैं टर्छ ।

गाउँघर र छिमेकमा भरिया पाएसम्म लाहुरेले अन्तको भरिया गर्दैनन् र भरियाले पनि आफ्ना गाउँका लाहुरेको भारी अरुलाई छुन दिंदैनन् । गाउँघरका भरियाले चोर्ला, भारी लिएर भाग्ला भन्ने डर हुँदैन । लाहुरेलाई हतार भएमा उ सोझै घर गए हुन्छ, भारी आउँछ भन्ने ढुक्क हुन्छ । त्यसैले, गाउँ छिमेकका भरियालेमात्र भारी लैजाने नियमजस्तै बनिसकेको छ । तर उसको लाहुरे अझै आएको छैन ।

हर्नको आवाज सुनेर मात्रै उसले बस, मिनी बस, र ट्रक के आउँदै छ, थाहा पाउँछ । मिनी बस र बसलाई स्वागत गर्न उ नगर पंचायतको चौकीसम्म पुगेर पछाडि झुण्डिएर आउँछ । बस रोकिनासाथ छानामा चढेर झिटी गुण्टाको जाँच गर्छ । लाहुरेको बाकसमा पल्टनको नाम र नम्बर हुन्छ । गुण्टा पनि परैबाट चिनिहान्छ ।

यात्रीहरू बसबाट ओर्लिनासाथ अरुजस्तै ठूले पनि चिच्याउन थाल्छ - यो कसको बाकस हो । धनी फेला परेपछि बाकस ओरालेर कहाँ लैजाने भनेर सोध्छ तर बाकस धनीले रातको बासको निम्ति जुन भट्टीमा जान मन गरे पनि कान्छी थकाल्नीको सहनी गरेर ठूलेले त्यहीं पुऱ्याउँछ । मोहर सुकी ज्याला कम भए पनि ठूले बढी कचकच गर्दैन । भात खाने र बास बस्ने पाहुना २,३ जनासम्म ल्याइदिने हो भने कान्छी थकाल्नीले रहेको भात तर्कारी दिन गाह्रो मान्दिन । दिनभरिमा दुई/तीन जनाको भारी ओसार्न पायो भने ठूलेलाई दश पाँच रुपियाँसम्म पनि हुन्छ । यसरी लाहुरेको भरिया हुन आएको ठूले कुल्ली हुन पुगेको छ ।

बस अड्डामा सँधै काम गर्ने कुल्लीहरू ठूलेसित जोरी खोज्न थलेका छन् । गाउँघरमा भारी पुऱ्याउने भरियाले बस अड्डाबाट यात्रीको गुण्टा भट्टी होटलमा पुऱ्याउने काम सितिमिति गर्दैनन् गर्न खोजे पनि रैथाने कुल्लीले दिंदैनन् तर ठूले के गरोस् ! यही कुल्ली काम नगर्ने हो भने के खाने ?

गुण्टा बोकेर हिंड्नासाथ उसले लाहुरेको गाउँठाउँ सोध्छ । नजिकैको गाउँ परोस् भनेर मनैमन भगवतीलाई

गुहार्छ तर अभैंसम्मका लाहुरे टाढा टाढाकै परेका छन् । नजीकका लाहुरे जति त उसले सबै चिनेको छ । गएका ५ वर्ष देखि उ यस काममै त लागेको छ नि ? ठिरिंन्छ, अर्को बस हेर्न । दशैंको बेला त नौ बजेसम्म बस आइरहन्छन् ।

जति बस आए पनि उसले रोजेकोजस्तो लाहुरे आइपुग्दैन । उ झोक्रिंदै जान्छ । यस पटक पनि नयाँ कमेज लाउने धोको त्यसै रहने भयो । ढंग नभएको ठुटे दमाइले सिएका धोक्रा त जति लाए पनि पान्छन् तर पल्टनियाँ लाहुरेको हरियो कमेज लाउँदा त ठूलेलाई आफै लाहुर पुगेको जस्तो हुन्छ ।

गल्लावालालाई खुशी गराएर ठूले तीनपटक गोरखपुरसम्म पनि पुगेको हो, हरेक पटक डाक्टरले छाती पुग्दैन भनेर फर्कायो । त्यस पछि लाहुरे हुने धोको मऱ्यो । दुई इन्ची छाती नपुगेर के विग्रिन्थ्यो कुन्नि ? उसका दमाली जति कोही इण्डियामा भर्ती भए कोही ब्रिटिशमा गए । वर्ष दिन, दुई वर्षमा उनीहरू फर्किन्छन्, नयाँ खेतबारी किन्छन्, नयाँ घर बनाउँछन् । उनीहरूका स्वास्नी सुनले लछप्प छन्, छोराछोरी सुकिला लुगा लाएर स्कूल जान्छन् । गाउँघरमा कत्रो मान छ ।

लाहुरे हुन नपाएको पीर उसलाई जुनीभरि रहनेछ । चिटिक्क परेका हरिया लुगा लगाएर गोल ह्याट छड्के पारेर, पक्की बूट गडपगडप गर्दै हिंडेको पठ्ठालाई देख्दा ठूलेको मन हरक्क हुन्छ । घर फर्किन लागेका लाहुरेलाई भट्टीवाल्नीहरू जुवाइँलाई जस्तै मान्छन् आफु कहाँराख्न एक/दोश्रा लुछाचुँड गर्छन्, कस्तो खातिर गर्छन् । लाहुरेले जे मागे पनि टक्याउँछन् । यति सत्कार गरेपछि दश पन्ध रुपियाँ भट्टीवाल्नीले बढी लिन्छन् भने अन्याय गर्दैनन् । त्यस्तो खातिर गर्नेलाई ठूलेले पनि दश/पन्ध रुपियाँ बढी दिन सक्छ ।

लाहुरे ल्याएर राखी देला भन्ने पत्यार भयो भने ठूलेजस्ता भरियालाई तानसेन जाँदा सित्थैमा भात ख्वाइदिन्छन् । यस पटक पनि ठूलेले आफ्नो बोली बिकाएर तालखोला र जोर्तेपाटीमा भात खाएर आएको छ । ठूले आफ्नो बोलीको पक्को छ -बेइमान गर्दैन ।

लाहुरेको भारी बोकेपछि उसलाई भात ख्वाउन, बास बस्न, कहाँ कहाँ कसरी पुऱ्याउने, ठूलेलाई थाहा छ । आफुले पुऱ्याउने ठाउँ नजिकै छ भने गोडा दुखेको, घाम चर्को भएको भान पारेर ढिलो हिंडने- लाहुरे जति जोशिए पनि भारी पर्खिनै पर्छ । बोलेको ठाउँ टाढा छ भने लाहुरे संगसैगै वा उसभन्दा अगाडि सुईंकिने ।

खाना सित्थैमा मात्र हैन जाँड रक्सी र अरु थोक पनि ठूलेले बेलामौकामा पाएको छ । लाहुरे र भरिया मिलाएर सात आठ जवानको डफ्फा ल्याएको मौकामा खुशी भएको भट्टीवाल्नी ठूलेको हेर्चाह गर्न आफै पनि कसिएका छन् र काम गर्ने केटीलाई पनि अह्राएका छन् । ती दिन सम्झिंदा ठूलेको मन अहिले पनि पलाउँछ । एक रातको खानपीनमा दुई अढाइ सय तिर्न पनि पीर नमान्ने, सिरानीनेर रहेका खाली सिसीको रक्सी आफु एक्लैले खाएको पत्यार गर्ने लाहुरेहरू सित पैसा झार्ने भट्टीवाल्नीको चलाखीमा ठूले चुम्म लागेको छ । त्यति नाफा नकमाउने हो भने- भट्टीवाल्नीले भरियालाई सित्थैमा खुवाउन सक्तैनन् पनि ।

घरबाट तानसेन, तानसेनबाट घर गरिराख्नु पर्ने काम छ ठूलेको-यस्तोमा भट्टीवाल्नी सित बिगार गर्नु पनि हुन्न । तर ठूले लाहुरेको पैसा चोर्ने, लुट्ने मनसाय गर्ने, भट्टीवाल्नीको मिलोमतोमा कहिल्यै लागेको छैन । त्यस्ता कहाँ लाहुरेलाई लगेको पनि छैन । भारी बोकेपछि घर नपुग्दासम्म लाहुरेको हिफाजत मेरो जिम्मा हो भन्ने लाग्छ उसलाई ।

बाह्रै महिना हाड घोटेर पनि दुई छाक मुश्किलले टर्ने पहाडको खेतीले नून र कपडा किन्नको निम्ति सघाउ पुऱ्याउँदैन । बाहिरबाट उब्जनी गरे थप्नु पर्छ । त्यो खेतीलाई सघाउन ठूलेले भारी बोक्नु परेको छ भने अरु कोही पल्टनमा भर्ती भएका छन्, कसैले चौकीदारी गरेका छन्, कसैले अर्काको जुठो भाँडो गरेका छन् । अर्काको निम्ति रगत पसिना बगाएर, परचक्रीको खप्की खाएर बल्ल दुईचार पैसा जोगिन्छ । त्यो पैसा उनीहरूको घर पुगोस्, स्वास्नी छोराछोरी बाबु आमाले नयाँ लुगा लाउन पाऊन्, केटाकेटीले स्कूल पढ्न सकून् र घरको अवस्था सप्रियोस्- ठूले यही चाहन्छ । एक दुई वर्षभरि दश नंग्रा खियाएर, अर्काको खटनमा बसेर, कमारोसरह जीवन बिताएर, महिना दुई महिना निम्ति घर आउँदा ती दुखीहरूले बाटोमा केही रमाइलो गर्छन् त केही बिगार्दैनन् । तिनीहरूका परिवार मात्रै हैन ठूलेजस्ता भरिया र भट्टीवाल्नी पनि तिनको भरमा आफ्नो जीविका चलाउँदैछन् । साँच्चै, ठूलेलाई यी परदेशीहरूको माया लाग्छ ।

पर..... हर्न बजेको सुनिन्छ । हो पक्का बस नै हो । ठूले दगुर्न थाल्छ उ संगै पन्ध बीस जना अरु पनि दौडिन्छन् । ठूले फुर्तीसाथ छतमा चढ्छ । बस रोकिन्छ यात्री निस्कन लाग्छन् । लाहुरेको जस्तो बाकस देखेर त्यो बाकस कसको ? ठूले चिच्याउन थाल्छ । बाकसको धनी एउटा कलकत्ते हुन्छ । ठूले निराश त हुन्छ तै पनि बाकस तल झार्छ । ज्यालाको डबलफसल पनि गर्छ नजर यताउति

पनि दिन्छ । कोही लाहुरे आएको छैन । भोलि पनि घर हिंड्न नपाइने भो । भारीवालालाई कुरामा भुलाउँदै कान्छी थकाल्नीकहाँ पुऱ्याउँछ । चुलोबाटै कान्छी कराउँछे-सुनिस् ठूले-लाहुरेको छुट्टी बन्द भयो । अस्ति देखि लडाइ चर्कियो रे ।

ठूलेलाई बज्रपात जस्तो हुन्छ । यस पालि पनि नयाँ कमेज लाउने धोको त्यसै रह्यो । जहानलाई नयाँ फरिया पनि किनिदिन सक्ने भएन, मसला हालेको तरकारी पनि पाउने भएन ।

लडाई भन्नासाथ उसले चिनेका पल्टनियाँ केटाहरूको सम्झना हुन्छ । उसको दमाली रामे, बिस्ने, हरे, पारी गाउँको चक्रे, लाले मामाको छोरो दले । पोहोर परार उसले घर पुऱ्याएका अरु कति केटाहरू । कति मर्ने हुन् कति लुला, खोरंड्रा हुनेहुन् । कति स्वास्नी मानिसका चुरा फुट्ने हुन् । परारको लडाइँमा खुट्टा गुमाएर आएको सेते देखिन्छ । बीस वर्षको गढ्दो बैंसमा विधवा हुन पुगेकी बाटुली देखिन्छें । बाँसखर्के राइँलाको टुहुरा नानीको झल्को आउँछ । कसको निम्ति हो यो लडाँइ ? के को निम्ति हो यो लडाई ? अर्काको लडाई लडिदिने, अर्काको निम्ति मरिदिने यी लाहुरेको कर्म र लाहुरेको आसमा बाँच्नु पर्ने ठूलेजस्ता भरियाको कर्म । ठूलेका आँखाबाट तप-तप आँसु खस्छन् ।

"किन रोइस् ठूले ?" कान्छी सोध्छे ?

"हाम्रो फुटेको कर्म सम्झेर रुन्छु ।"

"नरो ठूले" कान्छी भन्छे तर आफ्नै आँसु थाम्न सक्दिन । उसको लोग्ने पनि पल्टनमा छ । यसै दशैंमा विदा आउने कुरा थियो- तर अब त लडाइँ चर्कियो । कान्छीको लोग्ने पनि अरु हजारौं सहित तोपको आहारा हुने भयो ।

"मेरो त यो वर्षको दशैंमात्र बिरानो भयो तर, बाँसखर्के राइँलो , बाटुली, थकाल्नी कान्छी र अरु कति कतिको दशैं कहिल्यै फर्किने छैन । कहिल्यै तिहार आउने छैन ।" ठूले लामो सुस्केरा हाल्छ ।

* * *

विजया दशमी २०५४ को सुखद् उपलक्ष्यमा सम्पूर्ण नेपालीमा सुख, शान्ति तथा समृद्धिकोलागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

टंगाल माध्यमिक विद्यालय

टंगाल, काठमाण्डौं

विजया दशमी २०५४ को पुनित उपलक्ष्यमा सम्पूर्ण देशवासीहरुमा सुस्वास्थ्य, संवृद्धि एवं प्रगतिकोलागी मंगलमय शुभकामना व्यक्त गदछौं ।

नेपाल आवास विकास वित्त कम्पनी लि.

नयाँ वानेश्वर, काठमाडौं

निजीस्तरबाट प्रकाशित हुने दायित्व लगायत हाम्रो पुरुषार्थ (गुल्मी), अभिव्यक्ति, उन्नयन, नव कविता, बगर, सुगन्ध, जनमत, रचना, रत्नश्री, तन्नेरी र हिम शिखर आदि साहित्यिक पत्रिकाहरू खोजी खोजी पढ्नुहोस् ।

कथा

खरानीको टीका

सूब सेन

सुसेका सहपाठीहरु कोही बसाईं सरे, कोही बृद्ध अशक्त भए, कोही त नफर्कने गरी गइ पनि सके । उनको सेताम्मे फुलेको कपाल, लट्टिएको दाह्रीजुँगा, ठाउँ ठाउँमा दाग लागेको लबेदा सुरबाल, खल्वाट ढाकेको कालो टोपी र टेक्ने गरेको लौरो पनि त्यति आकर्षक थिएनन् । तैपनि उनी काम गरिरहन्थे, बिहान भालेको डाकासँगै उठ्थे, शुद्ध हुन्थे, शरीर सक्दो व्यायाम गर्थे, केही लेख्थे, केही पढ्थे । उज्यालो भएपछि एक दुई लर्कन घुम्थे । फर्किंदा बूढीले रुखो सुखो भएपनि खाने कुरा बनाएर पर्खेकी हुन्थिन्, जोइ-पोइ भएर मिठोगरी खान्थ, सन्तुष्ट रहन्थे ।

उनी सेवाको काममा रमाउँथे, रात साँझ नभनी भोक प्यास नगनी खट्थे, खास काम गर्दा आधा दिन हुँदा नहुँदै बनमा पुग्थे, जडीबुटी बटुल्थे, कन्दमूल खोज्थे, थैलोमा हाल्थे, लौराको पछि पछि लागेर लौरासितै फर्किन्थे । बाटोमा दौड्ने गाडीले उडाउने धुवाँ, धुलो ट्वाँट्वाँ आबाजमा हिंडथे ।

आज पनि बिजुलीले उज्यालिएको शहर बीचबाट हुँदै धोवी खोला तरे । तीरैतीर हुँदै माथि किनारामा नर्कटको झाँगमुनि अँध्यारोतिर पुगे ।

"ए ! आइपुगेको हो कि ! उनकी बूढिया बोलेको आवाजमा "अँ आएँ" भन्दै उनी अन्तिम गौंडो उक्ले । दुई एक भएर पुरानो पाराले झोपडीभित्र पसे ।

नरुले सधैंझैं आज पनि सुसेका बूढा बूढी भित्रिएको हेरे । आफै गरीब ! गरी खानु पर्ने ! उनलाई सहयोग पुऱ्याउन सक्तैनथे तर पनि छिमेकी हुनाले उनी भित्रिए कि ! बाहिरिए ! सन्चो विसन्चो के कस्तो छ इत्यादि कुरामा ख्याल राख्थे ।

\+ + + +

'गुहार .....! गुहार.....! बचाओ .....! बचाओ.....! आगो..... !' परिचित स्वर सुनेर नरु उठे । आँखीझ्यालबाट च्याए । सुसेको पराले घर दनदन बलेको देखे । गग्रेटाबाट पानीको गाग्री हातमा लिएर निस्के ।

'सुसेको घर आगो लाग्यो ! आओ गुहार देओ ! बँचाओ !!' कराए । सहयोगको लागि पुकारा गरे ।

'पट्याक, पुटुक, चाट्याक्चुटुक, ।' आबाज गर्दै आगो बल्यो । वरिपरिको चिसो काँस नर्कटको झ्याँङ्ग बल्यो । पुत्तायो । कुइरीमण्डल धुवाँ निकालेर बल्यो । आगोको लप्को धुवाँसंग ज्वालो भएर निस्क्यो । झाँग झंकट, लेकाली पीपल, धोवी खोलो उज्यालो पारी डढाउँदै बल्यो । चारैतिरबाट छाना खस्यो । छरछिमेकीहरू दगुर्दै, हुत्तिदै, आउँदै गरे, खोलाबाट हात-हातमा पानी ल्याएर फाले, आगोले झ्वाइँ-झ्वाइँ गर्दै पानी पनि खान थाल्यो । उसको प्यास मेटाउन बाल्टीबाट घैटाबाट पानी खन्याए । कैसे-कसै ले त पानीसित कै घैंटो फाले । कसै कसैले जति पानी खाए पनि शान्त नहुने आगोको मुखमा काँचो माटो हालिदिए, तर उन्मत्त आगो शान्त भएन, डढाएँदै गयो ।

जन समूह सुसेका बूढाबूढीलाई बँचाउन आफैलाई बिर्सेर आगोलाई शान्त पार्न तल्लीन थियो ।

यही बेला ठूलो चौका वरपरिको गाह्रो फेक्किएर दुईतिर ढल्यो । बीचमा आफ्नी प्रिया बृद्धालाई बायाँ हातले आफूमा टाँसेर, दायाँ हात उठाएर, बिदा हुँदै गरेको दृश्य एकाएक देखियो । नरु सहयोगी युवकसँगै हाम्फाल्न के खोजेथ, आगोले उनलाई उछिन्यो । तीनतिरको लप्को डोल्लिएर सुसेका बूबाबूढीलाई समात्यो । एक लप्कोले उनीहरुको लुगा खायो । अर्को लप्कोले उनीहरुको बाहिरी आवरण खायो । अनि त उनीहरुको शरीर बल्न थाल्यो । दुबै शरीर संगसंगै बले । बड्याङ्ग गर्दै ठूलो आवाज निकालेर दुबै टाउका एकै पटक एउटै स्वरमा पड्के । यो देखेर जनसमूह शीथिल भेयो, रोयो-केही डाको छाडेर, केही सुंक्क सुंक्क गरेर ।

सुसे विचरा ! आफ्नो जिन्दगी सबैको सेवाको लागि समर्पित गरेको भएपनि उन्नत शहरको बिचोबीचमा आगोको लप्कोमा परेर मऱ्यो । कसैले बचाउन सकेन । नरु सबैसँग रोए । झोपडीसँगै सुसे खरानी हुँदै गएको हेर्दै गरे । विमूढ भएर पथ्थरझैं रहेर आँसु बहाउँदै गरे ।

'किन रुन्छौ तिमीहरू ? सुसेबूढोले हामीलाई उठ्नै नदिने, आफू मात्र ठूलो बन्ने गऱ्यो । ऊ दमनकारी र गलत मान्छे हो । हाम्रो सिद्धान्त नमान्ने गलत मान्छे हो । यस्तोलाई यस्तैगरी खतम गर्नुपर्छ । बुझ्यौ ! नबुझेका भए बुझ । अब हाम्रो चल्छ यो गाउँमा । मेरो जमाना आयो, मेरो पछि लाग' भन्दै छाती ठोकेर कडकिंदै खोले शर्मा आयो ।

खोले शर्मा देख्नमा ठूलो जीउ डालको, ठूलै कद र मदवाला, ठूलै आँखा, बोके दाह्री, धोक्रे छाती, डोके पेट भएको कालवर्णे मुख भन्दा नाक अघि पसारेर बोल्ने तन्नेरी थियो उसको चल्ती देखेर सिधा साधाहरु डराएर

भाग्थे । मतलबीहरु उसको पछि पछि लाग्थे ।

उसलाई देखेर जनसमूह केहीबेर पातल्लियो पनि । 'ए बूढा किन त मतिर आउँदैनस् ? हाम्रो विरोधी सुसेसंग मोह छ भने बता तलाई पनि घरमा ताला लगाएर आगो झोसी सिध्याउन पर्ला !! सुसेको गति देखेर तँ पनि तर लाग्नु पर्छ नत्र .....!' खोले शर्मा फुर्तीसाथ कड्क्यो ।

'बुझेर कुरा गर बाबै । आज तिमी जे छौ, सुसेकौ सल्लाह र देखासिकीबाट भएका हौ ।' नरुले यतिमात्र के भनेका थिए । उसले उनका दुबै गालामा एक एक थप्पड हान्यो । रातो पीरो भएर मुखबाट गाज निकाल्दै तथानाम गाली गऱ्यो ।

यो देखेर जनसमूह जम्मा भयो । 'खोले शर्मालाई समात । ठोक । मार । बदला लेओ ..... ।'

'भाइ भाइहरू ! यसलाई नछोओ । हात नहाल । यो मूर्खले जे गर्छ र हामी त्यसै गर्छौं भने हामी पनि मूर्ख हुन्छौं । यसलाई समाजले चिन्नुपर्छ र कानूनले सजाय दिनुपर्छ । कानूनको अगाडि नसुम्पेसम्म उम्कन भाग्न नपाउने गरी समाती राख' नरुले भने । समाजले नरुको कुरा सम्झ्यो र संयमित भएर बस्यो- खोले शर्मालाई उम्कन नदिने गरी ।

नरु बोल्दै थिए- 'खोले शर्मा ! तिमी तन्नेरी छु भनेर कुकुर्नीसँग बिहा गर्न सक्दैनौ । त्यस्तो तिम्रो बल छ भनेर हामीलाई पेल्हेर तेल निकाल्न पाउन्नौं नि । सोंच त मान्छेहरुमा विवेक हुनुपर्छ । विवेकसहितको बुद्धि लगाएर व्यवहार गर्नुपर्दछ । तर तिमी त विवेक बुद्धिरहित मूर्ख पंडित हौ । सुसेले हाम्रो गाउँ ठाउँमा समाजलाई जगाएर चोर डाँका पस्न दिएन । रातदिन, साँझ बिहान नभनेर भोक प्यास नमानेर खटेर लाटा सुधा गरीब निमुखा बालक विधवालाई इज्जत सम्मान र न्याय दियो । दुःखीका आँशु पुछ्यो । असहायलाई साथ दियो । साहित्य, संस्कृति, कला, जन-जीवनमा शिक्षा, स्वास्थ्य निर्माणको रक्षा र विकास गऱ्यो । तिमी भने अहं र घमण्डले समाजलाई थिचेर आफै साँढे बन्छौ । तिमीले सुसेको आरिस गर्नु, प्रतिद्वन्दिता गर्नु व्यर्थ छ । मूर्खता छ । तिमी उसका जस्तो इज्जत प्रतिष्ठा बढाउन चाहन्छौ भने गाउँठाउँ र समाजका लागि काम गर । सेवा गर र अर्कालाई इज्जत देऊ । सुसेप्रति तिमीले जे व्यवहार गऱ्यौ तिमी आफै मूर्ख सावित भयौ । यसबाट 'तिम्रो जीउडाल हाम्रो काल' भन्ने प्रमाणित भएको छ । तिमी धन सम्पत्ति, जीउडाल भएका, पढेलेखेका मान्छे छौ । समाजलाई दबाएर धम्काएर यस गाउँको प्रथम प्रतिष्ठावाला व्यक्ति हुन्छु भन्ने जुन तिम्रो इच्छा छ । त्यसरी प्रतिष्ठा मिल्दैन । अपुंगीसँग हात थापेर, अह्राएको बुद्धि उधारो शुद्धीबाला इज्जत पाइँदैन । अपुंगीको दासत्वबाट पनि इज्जत पाइँदैन । सामाजिक इज्जत र प्रतिष्ठा त समाज सेवा गरेर गाउँ ठाउँमा काम गरेर मात्र पाइन्छ यही गरे सुसेले । हामीबाट उनले काम गरेवापत एक थोपो पानी एक पैसा नगद खाएनन् । कहिल्यै हाम्रो मन दुखाएनन् । वास्तवमा उनी एउटा सच्चा सन्त थिए । तब न हामी उनलाई माया गऱ्यौं, आदर गऱ्यौं साच्न सक्छौ भने सोच - खोले शर्मा ! सुसेको आरिस होइन उसित प्रतिद्वन्दिता होइन, बरु उसको नक्कल गर । उसको अनुयायी बन । अनि उसप्रति तिमीले गरेको अपराधप्रति पश्चात्ताप गर । अन्यथा तड्पिई-तड्पिई जलेर मर्नेछौ । समाजले तिमीप्रति आँशु चुहाउने छैन, तमासा हेरिरहनेछ, मूर्ख खोले शर्मा ..... !!!'

उ बस्यो ! थचार्रियो ! नबोली बस्यो, उसका साथीहरू विस्तार विस्तारै परपर सर्दै गए । उ एक्लिदै गया, आगो निभ्दै गयो, झोपडी खरानीको थुप्रो हुँदै गयो। शिरिर्र बहने बतासले अलिअलि खरानी उडाएर धोवी खोलामा र आकाशमा पुऱ्यायो ।

उज्यालो भयो ।

'खोले शर्मा ज्यानमारा हो । यसलाई सजाय हुनुपर्छ । ढिकमा, कान्ला, पाटामा, बसेको जनसमूहले कुरा गर्न थाल्यो-'शान्त ! शान्त !' नरुको आवाजमा सुसेको डढाइ पछिको स्तब्धता छिचोलेर जनसमूहबाट आवाज आयो - 'सुसे हाम्रो आदरणीय पूजनीय व्यक्तित्व थियो । सुसेको खरानीको टीका लगाऔं । सुसेको अनुकरण गर्दै गाउँ ठाउँको सेवा र विकासमा लागौं ।' यस आवाज संगै जनसमूह उठ्या, खरानीको थुप्रोतिर बढ्यो, माथि वरिपरिका खरानी पन्छायो, सुसे बूढा बूढीको खरानी झिक्या, उछिना पछिना गर्दै टीका लगायो, रोयो, ढोग्यो, ढोग्या, रोयो, आत्मशान्तिका लागि कामना गऱ्यो ।

यत्तिकैमा सुरक्षा सहित बर्दिधारी प्रहरी टोली आयो, खोले शर्मालाई आफ्नो कब्जामा लियो, उसका हातमा हतकडी र खुट्टामा नेल ठोक्यो । मरमुचुल्का गरेर उसलाई फलामे सिक्रीले डोऱ्याउँदै प्रहरीथाना तिर लाग्यो । सिर्लिङ सिर्लिङ सिक्री बजाउँदै नरुतिर, जनसमूहतिर, सुसेको खरानीतिर, कर्के आँखा तर्दै प्रहरीका अघिपछि भएर त्यो खोले शर्मा गयो । जनसमूह वियोग र आक्रोश मिश्रित मनोदशामा अल्झियो । 'यस्तै हो भने त कसरी बाँच्ने !! जन समूहको मनमा चिसो पस्यो, तात्दै तातेन, यो थाह पाएर घाम पनि लागेन कुइरो जमिरह्यो । धोवीखोलो पनि बगेन - फोहोर जमि रह्यो, कालो भएर जम्दै गयो ।

***

लघुकथा

अन्त्यहीन व्यथा - १

-ठाकुर शर्मा

उ प्रकृतिको नियम विनियम भित्र नै प्रफुल्लित नेत्र र वज्रनेत्र सहित श्रृष्टिको क्रममा श्रृष्टिन्छ । पूर्ण आत्मस्वरुपको अवतरणमा केही न केही अनौंठो दृश्य प्रकृतिमा देखा पर्दथ्यो रे !

उर्लंदी नदीले पनि मार्ग छाडेकी थिइन् रे !
शक्तिको सामु कसको के लाग्छ खुशीमा होला !
शक्तिसामु जसले पनि झुक्नै पर्छ ।

सायद उ अपूर्ण सृष्टि थियो, शारीरिक दृष्टिले हैन शक्तिको दृष्टिले । सोह्र कलाले पूर्ण चन्द्रमामा जति शक्ति हुन्छ त्यति अपूर्ण चन्द्रमामा हुँदैन तर उसले एककलाको पनि अनेकौं टुक्राको एक टुक्रा लिएर आएको थियो । अपूर्ण सृष्टि भए पनि प्रकृतिको धरातलमा उ हर्कंदै जान्छ, बढ्छ, शान्त निश्चल धरती दृष्टिगोचर भएको छैन कुर्कुच्चाबाट अनवरत बगेको रगतले धरतीका कुनै न कुनै प्राणीलाई रञ्जन गर्छ होला उ स्वयं निरञ्जन बनेको छ । प्रकृतिको नियमानुसार निर्माण गर्ने ठेकेदारलाई फुर्सद छैन कि उसको विकास कसरी भै राखेको छ, हिलोमा वा धूलोमा विडोलित छ, अन्धकारमा छ वा प्रकाशमा, अनन्त संसारको कार्य-कारणमा रोमल्लिए झैं केवल-सृष्टिको उदर पूर्तिमात्र कर्तव्य ठान्छ, त्यही नै सर्वस्व ठान्छ ।

यसरी, केही समय रहेछ जन्मभूमिको वास वाल्यावस्थामा "दशवर्षाणि ताडयेत्" यो सृष्टिकर्तालाई मात्र हुनुपर्ने । आफ्नो बच्चालाई अर्कोले ताडना गर्दा जन्मदातालाई कति मन दुख्छ यो भन्न गाहारो पर्छ तर ताडना दिने अर्कै ठाउँमा उसलाई के थाहा !

विधिको विधान "ज्ञानको दियो बाल्न"

अनभिज्ञको साथ, अश्रुधारा बगाएर लाग्छ, अज्ञानतातिर, धेरै टाढा जन्मभूमिभन्दा धेरै टाढा ।

उ आदेशात्मक वाक्यमा हुर्कनु,

ताडित् रुपमा रहनु कर्तव्य ठान्छ

ममता बढ्छ, त्यो ठाउँको, त्यहाँ पनि समय सिद्धिएको रहेछ, भौतिरिन्छ, पुग्छ नयाँ मुलुक । पुनः जन्मभूमि, जन्मदाता जननी, सम्झन्छ पुग्छ उहीं । आनीवानी स्वभाव फरक परेको हुन्छ बस्न सक्दैन, भोक्छ अनेकौं कष्टकहर, लाग्छन् अनेकौं ठक्कर ।

पुनः नयाँ ठाउँको खोजी, नयाँ ठाउँको बास, नयाँ कामको आस, यहाँ पनि ठक्कर, उ बन्छ निराश, भौतारिन्छ यत्रतत्र, उसलाई नै सबैको त्रास । त्रासैत्रासमा मानसिक सन्तुलन रहँदैन लाग्छ जन्मभूमितिर ।

तर, कमाइले सन्तोषपूर्वक चलेको परिवारमा बिष फैल्याउन पुग्छ नाङ्गो 'सर्टिफिकेट' लिएर । जीवनदान दिनेसमेत उसको विरुद्ध पाउँछ, सुन्छ- 'बिग्रेको ।' पहिले देखि कोदालो, हँसिया हातमा राखिदिएको भए बरु सन्तोष हुने थियो 'हुने विरुवाको चिल्लो पात' यस्ता अनेकौं कुरा घर मात्र हैन बाहिर पनि सुन्छ ।

अब, चारैतिर विषवत् जीव घुमेको, आफूलाई क्रमैसँग डसेको अनुभव गर्न थाल्छ । भाग्छ, भाग्छ, टाढा भाग्छ - बिषालु जीवसँग बच्न तर कही ठाउँ पाउँदैन ।

केवल पलायनवादी यत्रतत्र सर्वत्र ।

"सबै बलेको आगो न ताप्छन्"

सबैको बाहिरी रुप चिन्छ, चिन्ह खोज्छ, चिन्हाउन खोज्छ, सबै व्यर्थ । यो अनन्त सृष्टिमा कसलाई केको चासो ! पुनः उ पलायनवादी बन्ने तरखरमा छ, शायद नयाँ ठाउँको खोजीमा । के यो नारद त हैन ? तर उनलाई मर्त्यलोकका मानिसप्रति टीठ थियो रे ! उसको मनमा-घृणा पैदा भएको छ । अब, उ यति व्यथित र थकित भएको छ कि 'स्वयं पागल देखाउन किञ्चित मान्दैन ।'

'प्रकृतिको सुन्दर सृष्टि' पागल भैदिन केही मान्दैन ।

अन्त्यहीन व्यथा - २

'बुबा ! मैले च्यातिएको स्कूलको मोजा सिलाएँ, अब एक महिना किन्न पर्दैन .....' खुसीको अनुहार लिएर छोराले भन्यो तर बाबुको अनुहारमा कुनै हर्षको लक्षण देखा परेन । छोराले लगाएको कमीज हेऱ्यो, झोलाको दशा देख्यो, जुत्ताको दशा देख्यो ..... सबै टालटुल त थिए, खुशीले हाँसिरहेको छोराको अनुहार नियाल्यो- गालामा च्याउरी परेको देख्यो, मोजा समाएको हात हेऱ्यो - सिन्का जस्ता, ती मोजा भिर्ने खुट्टा हेऱ्यो- छाती हेऱ्यो- सम्पूर्ण शरीर नियाल्यो - अस्थिपञ्जर जस्तो ।

भिटामिन त सागसब्जी, फलफूलमा पाइन्छ । मासुले मासु बढाउँछ । उसलाई के के मा के के भिटामिन छ थाहा थियो, किताबमा पढेको थियो, रेडियो सुनेको थियो । बेलाबखत डाक्टरबाट सुनेको थियो, भूतलाई वर्तमानमा उताऱ्यो, उसका आँखा रसाए, छोराको गालामा गाला जोऱ्यो, सबै चीजबाट पाइने भिटामिन (ताकत) दियो (मायाको चुम्बन) । सन्तोषको सास फेऱ्यो, किनकि उसको यो त दैनिकी थियो ..... ।

- सिफल

लघुकथा

पात्रहरू

– तोया गुरुङ्

आफूलाई चाहे जति उज्यालो राखेर ओछ्यानमा पल्टें । एउटा किताब हो र एउटा पत्रिका । त्यस्तै अर्को किताब पनि छ मसंग । यो मन नपरे त्यो । त्यो मन नपरे यो गर्दै पढ्छु भन्ने विचारले एउटा किताब समातें ।

मध्याह्न बैशाख -जेठको तापमान । आँप र लिच्चीका स्वादहरूले ढाडिएको शरीर । अटस मटस पल्टेर अनेक कोशिश गरें कुनै न कुनै त पढेंर सकूं ।

निन्द्रालाग्न थाल्यो । कति सुत्न । रातभरि । दिनभरि । साँझभरि । विहानभरि । महिनौंभरि । वर्षोंभरि । कति सुत्ने ।

बजारका खोर्सानीहरू सबै पिरो हुन्नन् । प्याट्ट भाँच्छु । मुखमा लाउंछु । फुत्त फ्याँक्छु । निन्द्रा ब्युँझदैन । नपिरो याममा अनेक रुचिहरूको चाहना हुन्छ ।

यसो सोच्छु- निन्दा त अवश्य मलाई मात्र नहोला । अरुलाई पनि । अरुलाई निन्द्रा नपर्ने रातहरू त्यो कस्तो होला । अरु वर्षौं वर्षौं ब्युँझिरहन्छन् । के हो ब्युँझिरहनुको अर्थ ।

एउटा किताब समात्छु । पाँच दश लाइन पढ्दा नपढदै झप्प झप्प निन्द्रा लाग्न थाल्छ । अर्को समात्छु मुश्किलले एक पाना जान्छ । फेरि निन्द्रा लाग्न थाल्छ । अब अर्को समात्छु । केही घत जागेर दश पन्ध पाना सक्छु । तर फेरि निन्द्रा होइन पढ्न नै मन नलाग्ने विषय जेलिएर आउँछ । एउटा पानाको माथिल्लो लाइन हेर्छु, बीचमा र तल पुच्छारमा । अनि अरु अरु पानाहरू प्रत्येक प्याराको पहिलो वाक्य र शव्दहरू हेर्दै हेर्दै सय पाना छिचोल्छु ।

उज्यालो धमिलो हुंदै गए जस्तो लाग्यो । उठें । बाहिर हेरें । र फेरि बढी उज्यालोलाई खोलें । छिटो छिटो पानाहरू पल्टाउंदै जांदा बीच बीचमा केही कुराहरू छोडे जस्तो पनि लाग्न थाल्यो । पात्रपात्रीका नाम र कामहरू पनि प्रसंगहीन भए जस्तो लागिरह्यो ।

फेरि दोहोऱ्याएर पढुं- के पढनु । नपढेका प्रसंगहरू कहिले ओछ्यानमा पल्टेर कहिले बाहिर तिर टहलिएर सम्झने कोशिश गर्न थालें । अहं भएन । कता कता हो कता हो यस्तो अनि यस्तो त्यसपछि खै के भयो अंह... ।

संपूर्ण अधुरो बी-बीचका । दिक्क भएं । ठूलो सानो जथाभावी सांस फेर्न थालें । मेरो नजिक आएर उले मलाई प्याच्च भनिपनि हाल्यो-पांच महीनामा एउटा किताब पढी नसक्ने के पढ्या होला ।

म के जबाफ दिउँ । हो पनि । दिनमा कुनै न कुनै बेला एकपटक त त्यो किताब अवश्य पल्टाएको हुन्छु ।

क २- १०४, मीन भवन/नयाँ वानेश्वर

सानो परिवार.....स्वच्छ वातावरण

आफू सिकौं अरुलाई पनि सिकाऔं

- ✔ सानो परिवार नै सुखी परिवार हुन्छ ।
- ✔ छोरीलाई पाठशाला पठाउंदा पछि नाति-नातिनाहरूको पढाइ-लेखाइमा समेत सहयोग पुग्दछ ।
- ✔ एउटा बच्चा जन्मेपछि कम्तिमा दुई वर्ष अर्को बच्चा नपाउंदा आमा र बच्चा दुवैको स्वास्थ्य राम्रो हुन्छ ।
- ✔ २० वर्षअघि र ३५ वर्षपछिको उमेरमा बच्चा जन्माउंदा आमा र जन्मने बच्चा दुवैको स्वास्थ्य बिग्रन सक्तछ ।
- ✔ गर्भवती आमाले बेला-बेलामा नगीचको स्वास्थ्य चौकीमा गएर स्वास्थ्य जांच गराउंदा कोखको बच्चा र आमाको जीउको अवस्था थाहा हुन्छ र बेलैमा उपचार गर्न सकिन्छ ।
- ✔ कम्तिमा २ वर्षसम्म आमाको दूध खुवाइराख्दा बच्चा हृष्ट-पुष्ट हुन्छ र बच्चालाई विभिन्न रोगहरूबाट बचाउन मद्दत पुग्दछ ।

जनसंख्या तथा वातावरण मन्त्रालय

कथा

जैनाको बिहे

अहबाफ सुएफ

(सन् १९५० मा कायरोमा जन्मेका अहदाफ सुएफको शिक्षा-दीक्षा मिश्र र इङ्ग्ल्याण्डमा भएको हो र बसोबास पनि त्यहीं नै छ । यिनको एक अर्कासँग अन्तर सम्बन्ध कथा श्रृंखला एउटा संग्रह प्रकाशित भएको छ ।)

'म पन्ध्र वर्षकी थिएँ' जैनाले भन्न सुरु गरी । 'उनी उन्नाइस वर्षका थिए र राम्रो आम्दानी हुने काम गर्थे । उनी आपना बाउ जस्तै टेलर थिए र बाउसंगै लुगा सिउने काम गर्थे । एकदिन मेरी हजुरआमा आउनुभो र भन्नुभो- 'जैना तिमीले सोबहीसंग बिहे गर्नुपर्छ ।'

'तर हजुरआमा म उनीसंग कसरी बिहे गर्न सक्छु र ?' मैले सोधेथें ।

'उ मेरो नाता पर्छ । मेरी स्वर्गीय आमाकी बहिनीको छोरो । मलाई बिहेको बारेमा केही ज्ञानै छैन ।'

'हेर तँ उसकी स्वास्नी हुनेछेस् र उ तेरो लोग्ने । र, तैले उसको सेवा गर्नुपर्छ । उसले भनेको मान्नुपर्छ ।' म रुन थालेकी थिएँ ।

'मैले तपाईलाई छोडेर जानुपर्नेछ हजुरआमा !'

बूढी मान्छेले मलाई अँगालोमा हालिन् ।

'पर्दैन पर्दैन, घरमा तेरो आफ्नै कोठा हुनेछ र म सधैं तँसंग हुनेछु । तँ ठूली भइस् । तैले पकाउन, लुगा धुन र लोग्नेको सेवा गर्न सक्छेस् र उ तेरो नातो पर्ने मान्छे पनि त हो । नानी, उ विरानो मान्छे त होइन ।'

त्यो कुरो त भयो..म आगँनमा अरु केटाकेटीहरू भएठाउँ गएँ । मेरो छाती म महत्त्वपूर्ण भएकी छु भन्ने भावनाले भरिएको थियो । मैले कसैलाई केही भनिन् । तर केही घण्टापछि नै कसरी कसरी सबैले त्यो कुरा थाहा पाइसकेका रहेछन् । सोबहीले हाम्रो घरतिर आउन बन्द गरिसकेका थिए । हजुरआमाले मलाई बिहेको कुरा भनेको दिनपछि मैले उनलाई बिहे भएको राति मात्रै देखेकी थिएँ ।

एउटा साइकलको घण्टीको आवाज अँध्यारोबाट आयो अनि जैना फेरि खुट्टा खुम्च्याएर भर्याँगको बारको आड लिई झन् आरामले बसी ।

मेरा लागि दुलहीका सरसामान बर्षौंदेखि एउटा बाकसमा जम्मा गरिएको थियो । मेरा काकाले घरको बुइँगल कोठा रंगाउन र सजाउन रंगरोगन गर्नेहरूलाई बोलाउने व्यवस्था गरिसक्नुभएको थियो । त्यसमा एउटा सानो नुहाउने कोठा थियो सँगै चर्पी भएको, हात धुने ठाउँ र नुहाउने फोहोरा भएको अनि मैले तल्लो तलाको ठूलो भान्साकोठामा हजुरआमा र सानीमाहरूसंग बसेर पकाउने कामर्नुपर्ने थियो । उनीहरूले कोठालाई अति राम्रो गुलाफी रंगले रंगाएका थिए र हामीले त्यहाँभित्र एक-एकवटा गलैंचा, पलंग, दराज मेच र ऐना राखेका थियौं ।

सानी केटी उसका कुरा सुनेर मुसुक्क हाँसेकी थिई । उसको हजुरबाको घरमा पनि एउटा बुईगलकोठा थियो । उनीहरूले त्यहाँ रंगबिरंगी खरायोहरू राखेका थिए बिहे हुने दिनभन्दा अघिल्लो दिन सबै स-साना केटाकेटीहरुलाई आँगनमा धपाइयो र मास्टालाई मान्छे डाक्न पठाइयो ।

'मास्टा !'

अँ, त्यो दुलही सिंगार्ने आइमाई नि ! उनीहरूले उसलाई सार्वजनिक नुहाउने ठाउँबाट खोजेर ल्याए र उ हतारिदै उसले गाउने आनन्द दिने भाँडकुराहरू सडकको मुखैदेखि चिच्याएर फलाक्दै आई । 'मुरी-मुरी बधाई तिमीलाई जैना' उसले यो बेस्सरी कराउँदै भनी र अरु अरु आनन्दमज्जा दिने भाँडकुराहरू पनि आफ्नो मुख छोप्ने पातलो कपडाको आधी मुख ढाक्ने पर्दा हटाउनुअघि फलाकी र मलाई अँगालोमा बाँधी, मेरो मुखको म्वाइँ खाई । म आफ्नी हजुर आमातिर झन् टाँसिदै गएँ । 'सबैले भन्छन् उ एक जना सज्जन तन्नेरी हो' उसले भनी । हाँस्दै, मलाई चिमोटी । आफ्ना चप्पल र बुर्का फुकालेर फाली । बाहुलाहरू माथि सारी र भान्साकोठातिर चिनीको लेप बनाउन गई जुन मैले पहिले बूढी आइमाईहरूले बनाएर प्रयोग गरेको देखेकी थिएँ ।'

'चिनी ?'

'त्यसैले त रौंहरू उखालेर सफा गरिन्छ नि !'

'तिम्रा रौं किन उखेल्नु परेको नि ?' त्यो सानी केटीले अचम्म मान्दै सोधी, आफ्नी धाईको घना केश भएको टाउकोलाई हेर्दै । दादा जैनाले क्लबका अरु धाइहरूले

त्तै सधैंजसो त्यो केशलाई डल्लो पारेर सेतो रुमालले ढाकेकी हुन्छे, तर आज बुधबार हो र त्यसलाई बदामतेलको साबुनले धोएको हुनाले काँधवरिपरि फिँजारेर सुकाइँदै छ। त्यो पनि यस्ता रातहरूको जादूको एउटा भाग हो।

'खुट्टा र जीउका रौंहरू नि ! दुलहीलाई चिल्ली र राम्री गराउनलाई।'

उसकी धाइले उसलाई अर्थपूर्ण आँखाले हेरी र केटी रोमाञ्चित भई। यसरी उ पनि महत्त्वकी भई ! त्यस कुराको मतियार, पूरा वयस्क। उसका दाइ र काखकी बहिनी भित्र सुतिसकेका छन् तर आठ वर्षकी उ कौसीमा जागै बसेर आफ्नी धाइको कथा सुनिरहेकी छे। सधैं बुधबारका दिनहरूमा उसका आमा र बा बाहिर गएपछि यस्तो हुने गरेको छ। उसले सतर्कतापूर्वक यो रहस्य लुकाइराखुन्जेलका लागि यो चलि नै रहनेछ। यो असल बच्ची हो, उसकी धाइले क्लबका अरु धाइहरू लाई भन्ने गर्छे, उसले आफ्नी आमालाई यहाँका कुरा पुऱ्याउने गर्दिन। ती शब्दहरूमा निहित घुसको अनुभूतिले गर्दा उसले भित्रको कुनै गहिरो कुनामा असजिलो अनुभव गरेकी हुन्छे तापनि उसलाई त्यस कुरामा गर्व लागेको हुन्छ र मनमा ती अवसरपूर्ण कथाको समय, सुरक्षित राख्ने चिन्ताले सताएको पनि हुन्छ उसरी उ यी कथाहरू ओसार्न पनि चाहन्ने। एक पल्ट उसले आमासंग आइमाईहरू कसरी मज्जा दिने भाँडकुरा गाउँछन् भनेर सोधेकी थिई र उसको बाउले निधार खुम्च्याएको थियो, त्यो सरम हराएका मान्छेहरूले मात्र गर्ने खालको काम हो भनेको थियो।

उनीहरूले मलाई लुगा खोल्न भने, मलाई अति सरम लागेको थियो, जैनाले हाँस्दै भनी। म हजुरआमालाई कसेर समातिबसें, तर उनले मेरो लुगा उचालिन् र मेरी सानीमाले त्यसलाई जीउबाट झिकिन् अनि मेरो भित्री लुगा पनि। मलाई गुन्द्रीमा बसाले। मास्टाले चिनीको लेप हातमा लिएर त्यसलाई माड्दै थिई र त्यो पट्पट् आवाज गर्दै भाँचिदै फोका पर्दै प्वाट्ट-प्वाट्ट फुट्दै गरेकोले मास्टाले भन्थी, लौ यो सुन। यो लेप यसरी फोका परेको देख्दा त उसले यसलाई कति माया गर्नेछ भन्ने थाहा हुन्छ। क्या भाग्यमानी रहिछौ नानी तिमी त। अनि त्यत्तिकैमा उ फेरि अर्को मजाको भाँडकुरा चिच्याउने गर्थी उसले चिनीको लेप मेरो खुट्टाहरूमा लेपन गरी र ईश्वरको नाम पुकारेर त्यो लेप उक्काउन लागी। म चिच्याएँ र उफ्रें तर उनीहरूले मलाई फेरि तानेर बसाले।

अब पनि बच्ची हुन नखोज्।

तेरो जीउ एक छिनपछि लाटिनेछ र तैले दुखेको थाहा पाउनेछैनस्।

'किनभने तैंले यो सब तेरो मान्छेलाई खुसी पार्न सक्नेछेस्।'

उसले मेरो खुट्टालाई के गर्ने हो र ? म चिच्याएँ म धेरै मूर्ख थिएँ।

जैना हाँसी थी।

सानी केटीलाई पनि त्यसपछि आफ्ना पाखुरा र खुट्टाका मसिना रौंहरूबारे सभ्झना भएको थियो तर ठूलीहरू जस्तै नदेखिइने पो हो कि भन्ने दुश्चिन्ताले गर्दा उ पनि हाँसेकी थिई।

उनीहरूले मेरा पिँडौला, तिघ्रा, काखी, पाखुराहरूका र मुख पनि राम्रो देखियोस् भनेर त्यहाँका रौंहरू उखालेपछि मास्टाले भनी, लौ दुलही तिम्रो कट्टु पनि फुकाल, र म त कति दुविधामा परें भने, म खुम्चेर डल्लो परें र हलचल गर्न नसक्ने भएँ।

सानी केटी निश्चल भएर बसिरही। उसलाई आफ्ना तिघ्राहरूका बीचमा अचम्मको न्यानो, कोमल र सिरिंग पार्ने अनुभूति भयो र उसको मुटु डर र आनन्द दुबै थरीका कारणले ढुकढुक गर्दै थियो। उसका आमा बाले 'कट्टु' भन्ने शब्दसम्म उच्चारण गर्दैनथे, सधैं 'लुगा' भन्थे, त्यस्तै उसकी धाइले पनि भन्ने गर्थी तर अहिले, उसले त्यो अर्को शब्द भनिरहेकी थिई, त्यो अश्लील शब्द।

'चाँडै गर जैना। बदमास बच्चाहरूले झैं अटेरी नगर त' मेरी सानीमाले भन्नुभो र मेरो कट्टु फुकालेर फालिदिनुभो। उनीहरूले रौंहरूमा लेप लगाइदिए-

कस्तो रौं ? बच्चीले अचम्म मानेर सोची तर उसले कुराको प्रवाहलाई अरु थोकका लागि रोकिन दिइन।

रौं उखाले। असाध्यै पोल्यो। म उठ्न कत्ति गरें तर उनीहरूले मलाई थिचिराखे र पूरा सफा नहोउन्जेल मास्टाले लेप लगाउँदै थुत्दै गरिराखे, म रुँदै कराउँदै रहें। त्यसपछि उनीहरूले पानी तताए र त्यसलाई एउटा ठूलो पित्तलको बाँटामा खन्याए। म त्यसमा नांगै पसेर बसें अनि मास्टाले एउटा खस्रो कपडाले मेरो पूरै जीउ आफ्ना भाँडकुराहरू गाउँदै दल्दै धुँदै गरी। त्यसपछि उसले मलाई सफा कपडाले पुछी अनि मेरी हजुरआमाले मलाई एउटा सुकिलो लुगा दिनुभो र मलाई आराम गर्न सुत्न पठाउनुभो।

आयशा चुप थिई। 'हामी तिम्रा बाआमा फर्कनु अघि सुत्न जानु बेस होला' उसकी धाइले भनी। 'अँ नाई !' ठूल्ठूला आँखा पारेर उसले भनी। उनीहरू

नाचगानको पार्टीमा गएका छन् । उनीहरू बाह्र बजेतिर मात्रै आउलान् । भनन भन त्यसपछि के भयो ?

अर्को दिन उनीहरूले सयवटा मेच छानामाथि राखे । छिमेकीहरू पकाउने काममा सघाउन आए र हामीले नुहाउने कोठा र अरु कोठा सफा गर्यौं ।

'तिम्रो कोठा मेरो हजुरबाको बुइँगलकोठा जस्तै छ ?'
'के !'
'त्याँ के उनीहरूले खरायोहरू राख्ने गरेको ठाउँ छ नि !'
'के खरायो ?'

'हेरन कस्तो नजानेजस्तो गरेको । मेरो हजुबाको घरको बुइँगलकोठा के, उनीहरूले खरायोहरू राखेको ठाउँ नि !'

'ए, अँ त । तर यो त सफा र गुलाफी रंगको र फर्निचरहरू भएको कोठा थियो नि !'

खरायोहरूलाई फर्निचरको आवश्यकता पर्दैन तर उनीहरूलाई गुलाफी भित्ताहरू मन पर्दो हो । उसले आफ्नो हजुरबालाई खरायोहरू गुलाफी रङका भित्ता भएको कोठामा बढी खुशी हुन्छन् भनेर फकाउन सकी भने कोठा रङ्गाउने थिए कि ? तर ठूला मान्छेहरू खरायोहरू खुशी होऊन् भन्ने कुराको वास्तवमा वास्ता गर्दैनथे कि ? एकदिन उसकी धाइले ती खरायोहरूसंग खेल्दा एउटालाई लापर्वाहीले समातेको सम्झनाले उसको मनलाई द्रोही व्यथाले पीडित गराएथ्यो । उसले त्यसलाई दुइटा कान समातेर उचालेकी थिई र झुण्डिएर त्यो कामेको थिया- दुइटा ठूल्ठूला आँखा पल्टाएर । अनि उसले त्यसको घाँटी रेट्दा त्यसको रगत सिर्का हान्दै निस्केको थियो र त्यो सास जानुअघि खुट्टा तन्काएर बेस्सरी छट्पटिएको थियो । अन्ततः परास्त भएर लल्याकलुलुक्कै शान्त भएको थियो । उसले त्यस बेला दादा जैनालाई घृणा गरेकी थिई ।

मैले चाँदीका सिक्का जडेको गुलाफी लुगा लगाएकी थिएँ र गुलाफी रङ्गको घुम्टो पनि ओढेकी थिएँ । म आफू दुलही हुँ भन्ने विर्सेर साथीहरूसंग गफ गर्दै हाँस्दै थिएँ । तर हजुरआमा आएर मलाई काका भए ठाउँ लग्नुभो । मेरा काकाहरू कसाई काम गर्नुहुन्थ्यो र उहाँहरू असाध्यै कडा हुनुहुन्थ्यो । मेरो काकाको एक हातमा बन्दूक थियो र अर्को हातले मलाई समात्नुभो । मलाई बन्दूकदेखि डर लागिरहेको थियो, किनभने मैले उनीहरूले बिहेको राति गोली हानेर मारेको केटीको बारेमा सुनेकी थिएँ । अनि काकाले मलाई नयाँ कोठातिर लग्नुभयो । मेरी काकी त्यहाँ हुनुहुन्थ्योर मेरी हजुरआमा पनि आउनुभो । त्यसपछि दुलहा पनि आए, मेरो नाता पर्ने । उनले आफ्नो दाहिने हातको माझी औंलामा पूरै सेतो मोटो पट्टी बाँधेका थिए । मैले भन्ठाने त्यसमा चोट लागको छ । म धेरै नै लाटी थिएँ । मेरा काकाले भन्नुभो, म यहीं बाहिरै हुनेछु र ढोका बन्द गर्नुभो । मैले बाहिर ठूलो ठूलो स्वर निकालेर बजिरहेका ढोल र बाँसुरीहरूको आवाज सुनिरहेकी थिएँ मानौं ती यही कोठाभित्र बजाईदै छन् । मेरी काकीले एउटा हात मेरो काँधमाथि राख्नुभो र भन्नुभो, आफ्नो कट्टु खोल नानी र गलैचामाथि सुत ।' मैले उहाँका कुरा बुझिन र टुलुटुलु हेरिराखें । उहाँले मलाई हल्लाएर भन्नुभो, 'चाँडै गर् केटी, बाहिर तेरा काकाहरू पर्खिराखेका छन् ।' म अझै पनि त्यसै गरी उभिराखेकी थिएँ । उनलाई बाहिर जान भन्नोस् ।' मैले ती मान्छेतिर औंल्याएर भनें ।

'केटी बहुलाई' सानीमाले भन्नुभो ।

'उ तेरो लोग्ने हो' हजुरआमाले कमलो स्वरमा भन्नुभो ।

'म उसको अगाडि लुगा फुकाल्दिन' मैले भनें ।

मेरी सानीमाले मलाई झुक्क्याएर भुइँमा पल्टाउन खोज्नुभो तर मैले लडाइँ गरें । उनी औंलामा पट्टी बाधेंका मलाई हेरिमात्र रहे । मेरी सानीमा ढोका खोलेर बाहिर गइन् । मेरा काका रीसले चूर हुँदै स्वर निकालेर बोलेको मैले सुनिरहें । पछि मेरी सानीमाले दुई जना आइमाईहरूलाई साथमा लिएर आउनुभो ।

'केटी सारै जिद्दी छे' एउटीले भनी ।

'उ सानी नै छे र मूर्ख पनि' हजुरआमाले भन्नुभो । 'उसलाई नतर्साउ है, नत्र रगत सुक्ला नि ।'

अकस्मात ती चारवटी आइमाईले मलाई घेरे र समातेर भुइँमा पल्टाए । एउटीले मेरो कुमतिर थिचिराखी र अर्कीले मेरो कम्मर अँठ्याई । हजुरआमा र सानीमाले मेरो कट्टु थुतेर फाले । मैले संघर्ष गरेर आफ्ना दुइटै खुट्टाहरू खप्टाएँ । मेरी सानीमाले मेरा तिघ्राहरूमा चिमोटिराख्नुभो, मेरा खुट्टाहरू फट्याउने प्रयासमा । कराउँदै चिच्याउँदै थिएँ । मैले आफ्ना तिघ्राहरू बेस्सरी खप्टाइराखें । मेरा काकाले ढोकामा मुड्की बजार्नुभो 'हैन त्यहाँ भित्र के जात्रा गर्दैछौ भन्या ? थुक्क कीरा पर्ने हो । म भित्र आएर त्यो कुकुर्नीलाई गोली ठोकिदिउँ ?' 'पख्नोस् दाइ, 'यहाँ हुँदै छ के' सानीमा कराउनभो र एक्कासि निहुरिनुभो । मेरो एउटा तिघ्रामा बेस्सरी मुड्कीले हान्नुभो । मैले त्यसलाई झट्टै पर सारें र उनीहरूले त्यति बेलै मेरा दुइटै तिघ्रा टाढा टाढा पारेर फट्ट्याए र समातिराखे । उनी अघि बढेर तिघ्राहरूका माझमा उडकेलो

गरी बसे । मैले कसरी कसरी एउटा खुट्टा फुत्काउन सकें र उनलाई एक लात कसेर हानें । त्यसले उनलाई पर उछिट्ट्याएर उत्तानो पारिदियो । उनी आफ्नो चाकको भरमा बसिराखेका थिए र अति हाँसोलाग्दो देखिएका थिए, अनि उनी छक्क परेका थिए, उनी जुरुक्क उठेर आएर मेरा गालामा झापट हानेका थिए, लोग्नेमान्छेको बल प्रयोग गरेर उनले मलाई तिघ्राहरू खोल्न बाध्य गराए अनि मेरा तिघ्राहरूलाई मेरा एकेकवटा हात घुसारेर मेरो टाउकोतिर घचेटे । आइमाईहरूले मेरा पाखुरा समातिराखे र म त्यहाँ प्याकप्याक भएर मडारिँदै छट्पटिँदै हुँक्कहुँक्क गर्दै रुँदै पल्टिएकी थिएँ अनि उनले घुँडा टेकेर त्यो पट्टी बाँधेको औलो बलजफ्ती मभित्र घुसारे । त्यसलाई भित्र घुमाएको घुमायै गरे अनि झिक्ने छिराउने गरिराखे । म भने सास अड्काउँदै चिच्याउँदै थिएँ । अन्तमा उनले त्यसलाई झिके । पट्टी रगतले भिजेको थियो । उनीहरूले मलाई छोडिदिए र हजुरआमाले मेरो बिहेको लुगा तल सारिदिनुभो । म रुँदै काम्दै त्यहीं पल्टिबसें । उनी बाहिर गए । मैले मेरा काकाले हावामा बन्दूक पड्काएको सुनें र मेरा अरु काकाहरूका बन्दूकहरूले वरिपरिका घरहरूबाट र सडकबाट जवाफमा त्यसरी नै हावामा पड्काएर जवाफ दिएको पनि मैले सुनें । अनि ढोलहरू अघिभन्दा सारो न सारो आवाजमा बज्न लागेका र आनन्द मानेर चिच्याएका स्वरहरूले पूरै वातावरण ढाकियो । मैले उनीहरूलाई उनको औंलाबाट त्यो पट्टी खोल्दै गरेको देखें । मेरा काकाले त्यसलाई आफ्नो टाउकोमा पगरी झैं गुथ्नुभो, रगतसहित जम्मै र गौरवान्वित भएजस्तै भीडमा पसेर आफ्नो बन्दूकलाई बेतको छडी झैं नचाउँदै, 'हाम्रो मर्यादा, हाम्रो छोरीको इज्जत, हाम्रो परिवारको प्रतिष्ठा' भनेर कराउँदै विस्तारै नाच्न थाल्नुभो ।

त्यसपछि हजुरआमाले मलाई उनी मेरा लोग्ने हुन् र जुनसुकै बेला पनि उनले जे गर्न चाहे पनि मैले झगडा नगरी गर्न दिनुपर्छ भन्ने बुझाउनुभो । तर म त झगडा गर्थें, जैनाले हाँदै भनी, म उनीसंग एक महीना जति लडें हुँला तर अन्त्यमा उनले मलाई सधाइछाडे ।

तिमी उसलाई घृणा गर्छौं ? केटीले कमलो पारामा सोधी ।

जैना फेरि हाँसेकी थिई, सजिलै । नाइँ, सत्ते । उनी बलिया छन् । यस बाहेक उनी साँढे जत्रै ठूला छन् । ईश्वर ले उनलाई सुस्वास्थ राखून् ।

अनुवादः *भाउपन्थी*

BEST WISHERS FOR HAPPY AND PROSPEROUS Vijaya Dashami 2054

ATLAS TRAVEL AND TOURS PVT.LTD.

TINKUNE, KATHMANDU
P.O.BOX. 2557
Telex 2317 ATLAS NP
TEL:480797/ 480798 Cable ATLAS

BEST WISHERS FOR HAPPY AND PROSPEROUS Vijaya Dashami 2054

SHANKER TRAVEL AND TOURS PVT. LTD.

LAZIMPAT, KATHMANDU
Phone No. 4-11265, 4-12465

कथा

त्यो एउटा मान्छे

वाइकम मुहम्मद बशिर

(लेखक परिचय-भारतको दक्षिणी प्रान्त केरलाको मलयालम् भाषा र साहित्यकालागि जति पनि पुरस्कारहरू राखिएका छन् सबै नै वाइकम मुहम्मद बशिरले प्राप्त गरेका थिए। 'पद्म श्री' सम्मानले विभूषित बशिर भारतको केन्द्रीय साहित्य अकादमीका आजीवन सद्स्य पनि थिए। यिनका प्रमुख कृतिहरूको अनुवाद अंग्रेजी, फ्रान्सेली र रुसी भाषाहरूमा भइसकेको छ।

वाइकम मुहम्मद बशिर मूलतः कथाकार तथा उपन्यासकार हुन् र आधुनिक मलयालम् साहित्यका प्रमुख आधारस्तम्भ हुन्। यो गौरवशाली स्तम्भ सन् १९९४ जुलाई ५ तारिखका दिन कालीकटमा ढल्यो/अर्थात् उनको निधन भयो। यिनको जन्म केरल प्रान्तको वाइकम अञ्चलको तलयोलपरम्बु भन्ने स्थानमा सन् १९०८ मा भएको थियो। वाइकम अञ्चलमा जन्मेका हुँदा यिनले उपनामस्वरुप 'वाइकम' शब्द आफ्नो नामको अगाडि जोडे र मुहम्मद बशिर, वाइकम मुहम्मद बशिरका रुपमा ख्यातिप्राप्त भए। यिनलाई आफ्नो क्षेत्रमा माया गरेर त्यहाँका जनताले 'बेयपुर सुल्तान' भनेर पनि बोलाउने गर्थे। यिनले भारतीय स्वतन्त्रता संग्राममा पनि भाग लिएका थिए। आफ्नो यौवनास्थामा यिनले दस वर्षसम्म सम्पूर्ण भारत, अरब र अफ्रिकाका कैयन देशहरूको साहसिक यात्रा गरेका थिए। अनि पाँच/छ वर्षसम्म साधु-सन्त, सूफी र फकिरहरूको पनि संगत गरेर सन्यासी जीवन बिताए। विशद यात्रानुभव र सन्यासी जीवनको फक्कडपनको अनुभूतिले यिनको लेखनमा गहनता र वैविध्य प्रदान गऱ्यो। आफ्नो ८६ वर्षको जीवनमध्ये ६० वर्षको साहित्यिक साधनाकालमा यिनले मलयालम् साहित्य जगतलाई एक सय कथाहरू, बाइवटा लघु उपन्यासहरू, एउटा एकाङ्की नाटक र एउटा आत्मकथा दिएर गए।

लोककथाहरूको समृद्ध परम्परा भएको मलयालम् भाषालाई यिनले आधुनिकता र परम्पराको सेतुबन्धद्वारा साहित्यिक उत्कृष्टताको उत्कर्षमा पुऱ्याइदिए। यिनको एउटा लघुउपन्यास 'मलिलुकल' (पर्खालहरू) राजनैतिक कैदीहरूको पृष्ठभूमिमा लेखिएको छ। जसमा जेल जीवनको सटीक चित्रणका साथै उत्कट प्रेमोन्मादको कथा पनि गाँसिएको छ। प्रेमोन्मादको त्यो कथा स्त्रीको गन्धबाट प्रारम्भ भएर स्वरको माध्यमले कैदीहरूको शरीरमा व्याप्त हुन्छ। सुप्रशिद्ध फिल्म निर्देशक अदूर गोपालकृष्णन्ले बशिरद्वारा मलयालम् भषामा लेखिएको यसै लघुउपन्यासमा आधारित फिल्मले कैयौं राष्ट्रिय र अन्तर्राष्ट्रिय पुरस्कारहरू प्राप्त गरेको थियो।

यहाँ अनुदित कथा 'त्यो एउटा मान्छे' वाइकम मुहम्मद बशिरको श्रेष्ठ कथाहरूमध्येको एउटा कथा हो। यस कथामा मानवीय मूल्य, नैतिकता र आधुनिक विसंगतिको अन्तर्द्वन्दको बडो मार्मीक चित्रण भएको छ - म.ब्रा.)

एकछिनकालागि मानौं तपाईं कुनै निश्चित कार्यक्रम नभई टाढाको कुनै देशमा उसै भौंतारिंदै हुनुहुन्छ। तपाईंसित पैसा छैन र तपाईं त्यहाँको भाषा पनि बुझ्नुहुन्न। तपाईंलाई अंग्रेजी र हिन्दुस्तानी भाषा आउँछ, तर त्यहाँ यसलाई बुझ्ने कोही छैन, न अंग्रेजी न हिन्दुस्तानी। यस्तो अवस्थामा तपाईं अनेकन विपत्तिमा पर्न सक्नुहुन्छ र कुनै दुस्साहसपूर्ण पाइला चाल्न पनि सक्नु हुन्छ।

यसैगरी मानौं तपाईं एउटा विपत्तिमा पर्नु भयो र तपाईंलाई त्यस विपत्तिबाट एउटा अज्ञात मान्छेले बचाऱ्यो। त्यसपछि धेरै लामो समय बितेर गयो, तापनि कुनै खास मौकामा तपाईं त्यस मान्छेलाई सम्झिनु हुनेछ र छक्क पर्दै सोच्नुहुनेछ त्यसले किन त्यसो गऱ्यो!

अब यो कुरा पनि मानौं, के भने, यसरी कसैलाई सम्झिने व्यक्ति मै हुँ। यहाँ म आफ्नै एउटा अनुभवको चर्चा गर्दैछु। त्यस मानवजातिको विषयमा जसमा म पनि सामेल छु, त्यसबारे मलाई पनि केही अस्पष्ट ज्ञान छ। मेरो वरिपरिको जनसमुदायमा असल मान्छे पनि छन्, साह्रै क्रुर र चोर पनि छन्, संक्रामक रोगले ग्रस्त र बहुलाहरू पनि छन्। त्यसो हुनाले हामीले यो संसारमा बडो चनाखो भएर बस्नुपर्छ, किनभने यहाँ राम्राभन्दा नराम्रा कुरा धेरै छन् तापनि हामी यो कुरा भुसुक्क बिर्सिन्छौं र दुर्घटना भइसकेपछि मात्रै चेत्छौं। म यहाँ त्यस पुरानो र कुतूहलपूर्ण घटनाको बयान गर्दैछु।

यहाँभन्दा झण्डै पन्ध्र सय अथवा पच्चीस सय माइल टाढा पर्वत फेदीको तराई भूभागमा एउटा ठूलो सहर थियो। त्यहाँका मान्छेहरू परापूर्व कालदेखि नै दया माया नभएका भनी विख्यात थिए। अझ भनूँ भने क्रूर थिए। त्यहाँ हत्या, डकैती र बगलीमार्ने जस्ता क्रियाकलापहरू नित्यकर्म जस्तै थिए। त्यहाँका निवासीहरूको पुस्तौं पुस्तादेखिको पेशा सैनिक बन्नु थियो। केही पसले थिए भने अरु फ्याक्ट्री, सरकारी अफिस र बैंकहरूमा पियन-पालेको काम गर्थे। पैसाको महत्त्व त्यहाँ पनि सर्वाधिक थियो। पैसाकालागि त्यहाँका मानिस जेसुकै गर्न तयार हुन्थे।

म त्यहाँ एउटा साह्रै फोहर गल्लीको एउटा घरको साह्रै र साँघुरो कोठामा बस्थें। राती साढे नौ बजेदेखि एघार बजेसम्म केही विदेशी मजदूरहरूलाई अंग्रेजी पढाउने गर्थें। म उनीहरूलाई ठेगानामात्रै लेख्न सिकाइदिए पुग्थ्यो। चिठीमा लेख्न सक्ने विद्यालाई

पनि त्यहाँ ठूलो शिक्षा मानिन्थ्यो । त्यहाँका हुलाक वरिपरि ठेगाना लेख्ने मान्छेहरू बस्थे । उनीहरू एउटा चिठीमा ठेगाना लेखेको एक सुकादेखि एक मोहरसम्म लिन्थे । मानिसहरू छुट्टीको बेला केही कमाइ हालूँ भनेर ठेगाना लेख्ने शिक्षा प्राप्त गर्थे ।

त्यसताका म दिउँसोको चार बजेसम्म सुतिराख्थे । यसो गर्दा बिहानको चिया-खाजा र खानाको समेत खर्च जोगिन्थ्यो । जोगाउनै पर्थ्यो ।

त्यसदिन पनि म सधैझैं साँझ चार बजे उठें र नित्यकर्म सिध्याएर चिया र खाना खान बाहिर निस्कें । मैंले सूट लगाइराखेको थिएँ , कोटको गोजीमा मेरो पर्स थियो, जसमा मेरो जीवनको सम्पूर्ण कमाइ चौध रुपियाँ थियो ।

म बाटोमा धुइँचोबीच मानिसहरूसित ठोक्किदै एउटा होटेलमा पुगें र खाना खाएँ, अर्थात् नअघाउञ्जेल रोटी र मासु गोदें । अनि एक कप चिया पनि घुट्क्याएँ । तीन सुकाजति बिल पुग्यो । त्यो सस्तोको जमाना थियो । मैले बिल तिर्न भनी कोटको गोजीमा हात हाल्दा म पसिनाले चपलक्क भएँ, खाएको जति सबै स्वाट्टै पचेझैं भयो । कोटको गोजीमा पर्स थिएन ।

मैले अत्तालिदै भनें, "कसैले मेरो बगली माऱ्यो !"

होटेलमा खासखुस चल्न थाल्यो । होटेल मालिकको हाँसो सबैले सुन्नेगरी टड्कारै सुनिदै थियो । उसले मेरो कोटको कलर समातेर झक्झक्याउँदै भन्यो, "धेरै नाटक नदेखा । पैसा झिक् । नत्र म तेरा दुवै आँखा झिकिदिउँला !"

मैले होटेलभित्रको घुइँचोतिर हेरें । एउटा पनि दयापूर्ण अनुहार कतै देखा परेन । भोकाएका ब्वाँसाहरू सबै मतिर हेर्दै थिए । मेरा आँखा झिक्छु भन्ने होटेल मालिकले त्यसो गर्न पनि के बेर ?

मैले भनें, "ल, मेरो कोट राख । म गएर पैसा ल्याउँछु ।"

होटेल मालिकले दुष्टतापूर्वक हाँस्दै भन्यो, "कोट फुकाल्"

मैले कोट फुकालेर दिएपछि उसले कमेज पनि फुकाल् भन्न थाल्यो ।

मैले कमेज पनि फुकालेर दिएपछि उसले जुत्ता पनि फुकाल भन्न थाल्यो ।

मैले जुत्ता पनि फुकालेर दिएपछि उसले अन्त्यमा प्याण्ट पनि फुकाल् भन्न थाल्यो ।

अब त यसले मलाई प्याण्ट पनि फुकाल्न लगाएर सर्वाङ्ग नाङ्गो पारेर मेरा आँखा झिक्रेपछि मात्रै यहाँबाट गलहत्त्याउने होला भनी डराएँ ।

मैले भने, "अण्डरवियर लगाएको छैन ।"

मेरो कुरा सुनेर सबै हाँस्न थाले ।

होटेल मालिकले भन्यो, "भित्र अवश्य केही होला भन्ने मलाई शंका छ ।"

अनि त झण्डै पचासजना जति मानिसहरू एकसाथ निर्ममतापूर्वक हाँस्दै भन्न थाले, "होला-होला ! भित्र अवश्य केही होला !"

मेरा हात चल्मलाउन मानेका थिएनन् । म त्यस दृश्यको कल्पना गर्दै थिएँ, जसमा एउटा नाङ्गो मान्छे, जसका दुवै आँखा झिकिएका छन्, सडकको घुइँचोमा ठिङ्ग उभिएको छ । यसैक्षण मेरो जीवनको अन्त्य हुँदैछ भन्ने मलाई अनुभव भइरहेको थियो । भए होस्, मैले मनमनै भनें, यस घटनाकालागि जिम्मेवार म स्वयं हुँ । हे भगवान ! हे ईश्वर ! .. मलाई केही बिन्ती गर्नु छैन । जे होला, भोगौंला !

अनि मैले एकुन्टा गरेर प्याण्टको टाँक फुकाल्न थालें । त्यसैबेला एक्कासी एउटा ठूलो र धोद्रो स्वर सुनियो, "थाम, म पैसा दिन्छु !"

सबै ऊतिर हेर्न थाले ।

ऊ रातो फेटा गुथेको, कालो कोट र सेतो प्याण्ट लगाएको, झण्डै छ फुट अग्लो मान्छे थियो । उसका ठूलठूला बटारिएका जुँघा र नीला-नीला आँखा थिए । यस्ता नीला आँखा हुनु त्यहाँका लागि सामान्य कुरा थियो । उसले सामु आएर होटेल मालिकसित सोध्यो, "कति पैसा दिनु छ ?"

"तीन् सुका जति !"

उसले पैसा दियो । अनि मसित भन्यो, "लुगा लगाऊ ।" मैले लुगा लगाएँ । उसले फेरि मसित भन्यो, "ल, मसित हिंड ।" म उसको पछि लागें । उसलाई धन्यवाद दिने उपयुक्त शब्दहरू मैले भेट्टाउन सकिराखेको थिइन । तापनि भनें, "तपाईंले साह्रै ठूलो पुण्यको काम गर्नु भयो । मैले तपाई जस्तो असल मान्छे पहिला कहिल्यै भेटेको थिइन ।" उनी मुसुक्क हाँसे मात्रै ।

"तिम्रो नाम के हो ?" उनले सोधे । मैले आफ्नो नाम, धाम सबै भन्दिएँ । मैले उनको नाम सोद्धा उनले यत्ति भने, "मेरो कुनै नाम छैन ।"

"उसो भए तपाईंको नाम दयावान हुनुपर्छ ।" मैले भने उनी हाँसेनन् । हामी हिंड्दै राख्यौं । हिंड्दा-हिंड्दा एउटा सुनसान पुलमाथि पुग्यौं । उनले चारैतिर नियालेर हेरे । वरिपरि कोही थिएन । मतिर फर्केर भन्न थालें, "हेर, पछि नफर्किकन तिमी जाऊ । कसैले मलाई देख्यौ भनेर सोध्यो भने, देखिन भन्नु ....."

मैले कुरा बुझें र मुण्टो हल्लाएँ ।

अनि उनले आफ्ना दुई-तीनवटा गोजीहरूबाट पाँचवटा पर्स झिकेर देखाए । जसमध्ये मेरो पनि एउटा थियो । उनले सोधे, "यीमध्ये तिम्रो पर्स कुनचाहिं हो ?"

मैले आफ्नो पर्स छोएर देखाइदिएँ ।

"खोलेर हेर"

मैले पर्स खोलेर हेरें । सबै रुपियाँ यथावत् थियो । अनि आफ्नो पर्स मैले गोजीमा हालें ।

उनले भने, "अब जाऊ । ईश्वरले तिम्रो रक्षा गरुन् !"

मैले भनें, "ईश्वरले तपाईंको पनि....मेरो पनि .....र सबैको रक्षा गरुन् !"

अनुवाद :- मनु ब्राजाकी

* * *

पनि त्यहाँ ठूलो शिक्षा मानिन्थ्यो । त्यहाँका हुलाक वरिपरि ठेगाना लेख्ने मान्छेहरू बस्थे । उनीहरू एउटा चिठीमा ठेगाना लेखेको एक सुकादेखि एक मोहरसम्म लिन्थे । मानिसहरू छुट्टीको बेला केही कमाइ हालूँ भनेर ठेगाना लेख्ने शिक्षा प्राप्त गर्थे ।

त्यसताका म दिउँसोको चार बजेसम्म सुतिराख्थे । यसो गर्दा बिहानको चिया-खाजा र खानाको समेत खर्च जोगिन्थ्यो । जोगाउनै पर्थ्यो ।

त्यसदिन पनि म सधैझैं साँझ चार बजे उठें र नित्यकर्म सिध्याएर चिया र खाना खान बाहिर निस्कें । मैंले सूट लगाइराखेको थिएँ , कोटको गोजीमा मेरो पर्स थियो, जसमा मेरो जीवनको सम्पूर्ण कमाइ चौध रुपियाँ थियो ।

म बाटोमा धुइँचोबीच मानिसहरूसित ठोक्किदै एउटा होटेलमा पुगें र खाना खाएँ, अर्थात् नअघाउञ्जेल रोटी र मासु गोदें । अनि एक कप चिया पनि घुट्क्याएँ । तीन सुकाजति बिल पुग्यो । त्यो सस्तोको जमाना थियो । मैले बिल तिर्न भनी कोटको गोजीमा हात हाल्दा म पसिनाले चपलक्क भएँ, खाएको जति सबै स्वाट्टै पचेझैं भयो । कोटको गोजीमा पर्स थिएन ।

मैले अत्तालिदै भनें, "कसैले मेरो बगली माऱ्यो !"

होटेलमा खासखुस चल्न थाल्यो । होटेल मालिकको हाँसो सबैले सुन्नेगरी टड्कारै सुनिदै थियो । उसले मेरो कोटको कलर समातेर झक्झक्याउँदै भन्यो, "धेरै नाटक नदेखा । पैसा झिक् । नत्र म तेरा दुवै आँखा झिकिदिउँला !"

मैले होटेलभित्रको घुइँचोतिर हेरें । एउटा पनि दयापूर्ण अनुहार कतै देखा परेन । भोकाएका ब्वाँसाहरू सबै मतिर हेर्दै थिए । मेरा आँखा झिक्छु भन्ने होटेल मालिकले त्यसो गर्न पनि के बेर ?

मैले भनें, "ल, मेरो कोट राख । म गएर पैसा ल्याउँछु ।"

होटेल मालिकले दुष्टतापूर्वक हाँस्दै भन्यो, "कोट फुकाल्"

मैले कोट फुकालेर दिएपछि उसले कमेज पनि फुकाल् भन्न थाल्यो ।

मैले कमेज पनि फुकालेर दिएपछि उसले जुत्ता पनि फुकाल भन्न थाल्यो ।

मैले जुत्ता पनि फुकालेर दिएपछि उसले अन्त्यमा प्याण्ट पनि फुकाल् भन्न थाल्यो ।

अब त यसले मलाई प्याण्ट पनि फुकाल्न लगाएर सर्वाङ्ग नाङ्गो पारेर मेरा आँखा झिक्नेपछि मात्रै यहाँबाट गलहत्त्याउने होला भनी डराएँ ।

मैले भने, "अण्डरवियर लगाएको छैन ।"

मेरो कुरा सुनेर सबै हाँस्न थाले ।

होटेल मालिकले भन्यो, "भित्र अवश्य केही होला भन्ने मलाई शंका छ ।"

अनि त झण्डै पचासजना जति मानिसहरू एकसाथ निर्ममतापूर्वक हाँस्दै भन्न थाले, "होला-होला ! भित्र अवश्य केही होला !"

मेरा हात चल्मलाउन मानेका थिएनन् । म त्यस दृश्यको कल्पना गर्दै थिएँ, जसमा एउटा नाङ्गो मान्छे, जसका दुवै आँखा झिकिएका छन्, सडकको घुइँचोमा ठिङ्ग उभिएको छ । यसैक्षण मेरो जीवनको अन्त्य हुँदैछ भन्ने मलाई अनुभव भइरहेको थियो । भए होस्, मैले मनमनै भनें, यस घटनाकालागि जिम्मेवार म स्वयं हुँ । हे भगवान ! हे ईश्वर ! .. मलाई केही बिन्ती गर्नु छैन । जे होला, भोगौंला !

अनि मैले एकुन्टा गरेर प्याण्टको टाँक फुकाल्न थालें । त्यसैबेला एक्कासी एउटा ठूलो र धोद्रो स्वर सुनियो, "थाम, म पैसा दिन्छु !"

सबै ऊतिर हेर्न थाले ।

ऊ रातो फेटा गुथेको, कालो कोट र सेतो प्याण्ट लगाएको, झण्डै छ फुट अग्लो मान्छे थियो । उसका ठूलठूला बटारिएका जुँघा र नीला-नीला आँखा थिए । यस्ता नीला आँखा हुनु त्यहाँका लागि सामान्य कुरा थियो । उसले सामु आएर होटेल मालिकसित सोध्यो, "कति पैसा दिनु छ ?"

"तीन सुका जति !"

उसले पैसा दियो । अनि मसित भन्यो, "लुगा लगाऊ ।" मैले लुगा लगाएँ । उसले फेरि मसित भन्यो, "ल, मसित हिंड ।" म उसको पछि लागें । उसलाई धन्यवाद दिने उपयुक्त शब्दहरू मैले भेट्टाउन सकिराखेको थिइन । तापनि भनें, "तपाईंले साह्रै ठूलो पुण्यको काम गर्नु भयो । मैले तपाईं जस्तो असल मान्छे पहिला कहिल्यै भेटेको थिइन ।" उनी मुसुक्क हाँसे मात्रै ।

"तिम्रो नाम के हो ?" उनले सोधे । मैले आफ्नो नाम, धाम सबै भन्दिएँ । मैले उनको नाम सोद्धा उनले यत्ति भने, "मेरो कुनै नाम छैन ।"

"उसो भए तपाईंको नाम दयावान हुनुपर्छ ।" मैले भने उनी हाँसेनन् । हामी हिंड्दै राख्यौं । हिंड्दा-हिंड्दा एउटा सुनसान पुलमाथि पुग्यौं । उनले चारैतिर नियालेर हेरे । वरिपरि कोही थिएन । मतिर फर्केर भन्न थालें, "हेर, पछि नफर्किकन तिमी जाऊ । कसैले मलाई देख्यौ भनेर सोध्यो भने, देखिन भन्नु ....."

मैले कुरा बुझें र मुण्टो हल्लाएँ ।

अनि उनले आफ्ना दुई-तीनवटा गोजीहरूबाट पाँचवटा पर्स झिकेर देखाए । जसमध्ये मेरो पनि एउटा थियो । उनले सोधे, "यीमध्ये तिम्रो पर्स कुनचाहिं हो ?"

मैले आफ्नो पर्स छोएर देखाइदिएँ ।

"खोलेर हेर"

मैले पर्स खोलेर हेरें । सबै रुपियाँ यथावत् थियो । अनि आफ्नो पर्स मैले गोजीमा हालें ।

उनले भने, "अब जाऊ । ईश्वरले तिम्रो रक्षा गरुन् !"

मैले भनें, "ईश्वरले तपाईंको पनि....मेरो पनि .....र सबैको रक्षा गरुन् !"

अनुवाद :- भनु ब्राजाकी

* * *

समालोचना

नेपाली कथाको यथार्थवादी धारा

(१९९१-२०१९)

डा. दयाराम श्रेष्ठ

जम्मा २८ वर्षको समयावधि समेटेको यस 'यथार्थवादी धारा' का नेपाली कथाकारहरूले मध्ययुगी भावुकता एवम् आदर्शलाई पूर्णत: त्यागेर जीवन र समाजको वस्तु-सत्यलाई अङ्गीकार गर्नाको फलस्वरुप यथार्थवादी दृष्टि नै 'आधुनिकता' को मानक बनी नेपाली कथाको आधुनिक इतिहासमा स्थापित भएको पाइन्छ । यता नेपालीहरूले राणा शासन अन्तर्गत जीवनलाई तीक्ततापूर्वक भोगिरहेका थिए भने उता भारतीय नेपालीहरूले पनि अंग्रेज शासन अन्तर्गत पराधीनताको निस्सासिंदो वातावरण भित्र सास फेर्नु परिरहेको थियो । यस्तो विषम परिस्थितिले गर्दा देशका चेतनशील, संवेदनशील लेखक (कथाकार) वर्ग पुरानो धारणालाई त्यागी मान्यताको नयाँ दिशातर्फ लाग्न बाध्य भयो; त्यो मान्यता थियो समस्यालाई संवेद्य हुने किसिमले यथावत् रुपमा हेर्ने, अथवा व्यक्ति र समाजलाई कुनै दैवी चमत्कार वा रहस्यको परिणाम नमानी भौतिक जगत्कै एक घटक ठानी निष्पक्ष दृष्टिकोणले हेर्ने, अथवा कुनै मानवेतर शक्ति होइन कि स्वयम् व्यक्तिलाई नै केन्द्रविन्दुमा राखेर यावत् घटना-क्रमलाई स्वाभाविक प्रक्रियाअन्तर्गत समाहित गरी वस्तुनिष्ठ आग्रह लिने । यसरी अब कथाकारहरूका विषयवस्तुमा आधारहीन कल्पनाको सट्टा सार्थक कल्पना, अतिभावुकतापूर्ण अभिव्यक्तिको सट्टा माननवीय संवेगहरूको स्वाभाविक प्रस्तुति,पलायन भावको सट्टा समानुभूति (Empathy) र हार्दिक भाव, तथा किंवदन्तीमा आधारित इतर लोकका स्वर्गीय अनुभूतिको सट्टा आफूले स्वयम् प्रत्यक्ष अनुभव गरेका, भोगेको वा देखेको मानिसको पतन र दुर्नियति, कष्ट, दु:ख, पीडा र व्यथाको कथा जस्ता यथार्थमा आधारित मूल्यहरू देखिन थाले । यसका साथै विषयवस्तुसँग मिल्दो कथाको रुप विन्यास (Texture) को आवश्यकता पूर्ति गर्न सोझो-सिधा वस्तुपरक भाषा शैलीका साथै विश्वसनीय ढाँचाको कथा -शिल्पलाई अङ्गीकार गरियो । यसरी सं. १९९० को दशकमा नेपाली कथाको इतिहासमा जुन प्रकारको परिवर्तन वा आन्दोलन आविर्भूत भयो र सम्पूर्ण कथाकारहरूका दृष्टिकोण मान्यता र धारणामै अर्कै युग-प्रभाव देखापऱ्यो, त्यसलाई "यथार्थवादी धारा" भन्नु समीचिन हुन्छ ।

सर्वप्रथम फ्रान्समा जन्मेर सम्पूर्ण विश्वभरि नै तीब्र प्रभाव पार्न सक्षम भएको 'यथार्थवाद' खासमा वैज्ञानिक प्रभावको प्रतिफल थियो । यस वादमा एउटा पृथक् विशेषता के पाइन्छ भने विश्वका विभिन्न मुलुकहरूमा यसले अर्थतात्विक साहसिक यात्रा (Sematic Adventure) गर्नाको फलस्वरुप यसको स्वरुप पनि त्यस मुलुकको साँस्कृतिक बनोटअनुरुप समायोजित हुँदै जान थाल्यो । ढिलै भए पनि नेपालसम्म आइपुग्दा यसले आफ्नो मूल धर्मलाई धरोहरका रुपमा कायमै राखेको हुँदा समाजशास्त्र र मनोविज्ञानको क्रोडलाई यसले स्वीकार गरेको पाइन्छ । नेपाली कथाको इतिहासमा यो पनि नयाँ दिशा-परिवर्तनको एउटा सूचक थियो । यसरी तर्क र चिन्तन, चेतना र विवेव, पर्यवेक्षण र समीकरण आदिद्वारा सं. १९९० को दशकका कथाकारहरू व्यक्ति-मन तथा सामाजिक सत्यतर्फ पुरै प्रवृत्त देखिएको र यस्तो प्रवृत्ति २८ वर्षसम्म शक्तिशाली रहँदै गएको हुँदा यस समयावधिलाई 'यथार्थवादी धारा' भनेर नामकरण गरिएको हो ।

विक्रमको बीसौं शताब्दीको अन्तिम दशक र त्यसपछिको अर्को शताब्दीका दुई दशकको समयावधिबीच नेपालको राजनैतिक रङ्गमञ्च मात्र होइन छिमेकी भारत र अझ सम्पूर्ण विश्वकै रङ्गमञ्चमा ठूला-ठूला महत्त्वपूर्ण घटनाहरू घटे । यी घटनाहरुले विश्वको राजनैतिक मानचित्रलाई नै बदलिदिनाको परिणामस्वरुप मानिसमा नयाँ चेतना सञ्चार गरिदियो । त्यस अवधिमा नेपालीमा राणा शासनले क्रमश: चरम रुप लिदै गएको हुनाले नेपाली जनाताहरू झन्-झन् चेतनशील बन्दै गए र यथार्थको खोज तिनीहरूका लागि वाञ्छनीय हुन गयो । त्यस बेला अरु वर्गभन्दा खास गरेर मध्यम वर्गका चेतनशील नेपालीहरूले भित्रभित्रै राजनैतिक संगठन गरी आफ्ना गतिविधिलाई अगाडि बढाइरहेका थिए । सं. १९९३ मा 'महावीर स्कूल' का साथै 'नेपाल प्रजापरिषद्'को पनि स्थापना भयो । राणा शासकहरूका निम्ति अस्वीकार्य गतिविधिहरूमा संलग्न शुक्रराज शास्त्री, दशरथ चन्द, गंगालाई आदिलाई

सं. १९९७ मा मृत्युदण्ड त दिइयो, तर कुरा के त्यति मै टुङ्गियो ? नेपाली जनताहरूमा भित्रभित्रै विद्रोहको ज्वाला झन् राँकियो जसको फलस्वरुप सं. २००४ मा विराटनगर बाट मजदुर हडतालको आगो शुरु भई सं. २००७ सम्ममा देशव्यापी रुपमा त्यो आगो फैलन गई अन्तमा राणा शासनलाई खरानी तुल्याएरै छाड्यो । सं. २००४ को 'जयतु संस्कृतम्' ले पनि शासक वर्ग विरुद्ध नेपाली जनताको आक्रोशलाई व्यक्त गरिसकेको थियो । त्यसै ताका पद्म शमशेरले संवैधानिक सुधारको प्रयास नगरेका थिएनन्, तर नेपाली जनताले मुख्य चाहेको कुरा प्रजातन्त्र नै थियो। त्यसैले संगठित राजनैतिक शक्तिका क्रममा सं. २००५ मा नेपाली काँग्रेसका साथै नेपाल प्रजा पंचायतको स्थापना भयो । सं. २००६ मा नेपाली कम्युनिस्ट पार्टीको गठन भयो । नेपाली जनताले राजनीतिका क्षेत्रमा शासक वर्ग विरुद्ध जुन किसिमको कठोर संघर्ष गर्नुपर्‍यो, त्यसले तत्कालीन लेखक - कथाकारहरूलाई प्रभावित नपारिरहन सकेन । एकीकरणको समयमा तत्कालीन कवि - लेखकहरूले जनताहरूलाई विजय अभियान सफल पार्न जुन किसिमले उत्प्रेरित गर्ने काम गरेका थिए, ठीक त्यसरी नै सं. २००७ अघि जनता र शासक वर्ग बीचको द्वन्द्वमा तत्कालीन साहित्यकारहरूले यथार्थ बोध गरी जनताहरूलाई चेतनशील बनाउने काम गरेका थिए । नेपाली कथाको इतिहसामा 'यथार्थवादी धारा' प्रवाहित हुन पुग्नाको मूल कारण वा पृष्ठभूमि यही नै थियो ।

सं. २००७ को क्रान्तिपछि जब नेपालमा प्रजातन्त्रको उदय भयो तदुपरान्त नेपाली कथामा यथार्थवादले झन् तीब्र गति लिन पुग्यो । यसको कारण के थियो भने अब सम्पूर्ण नेपालीहरू सारा राजनैतिक बन्धनहरूबाट मुक्त भए जसले गर्दा साहित्यमा अभिव्यक्तिका नयाँ-नयाँ क्षितिजहरू उघ्रिए । राजनीति, शिक्षा, संस्कृति, सञ्चार आदिका क्षेत्रमा नौला-नौला प्रयासहरू सम्पन्न भए । नेपाली संस्कृति र राजनीतिलाई संस्थागत रुपमा अघि बढाउने क्रममा भएका प्रयासहरू घटेका घटनाहरूले नेपाली जीवनलाई खुबै प्रभावित पारे । सं. २०११ मा भएको किसान आन्दोलनले नेपाली प्रगतिशील साहित्यिक आन्दोलनलाई ठूलो प्रभाव पार्नाले यथार्थवादी कथा -धारा गतिमान् बन्न पुग्यो । समाजलाई हेर्ने कथाकारहरूको दृष्टि मै परिवर्तन आयो जसले गर्दा विद्रोह पनि कथाको विषयवस्तु बन्न पुग्यो । यसपछि जब २०१० को दशकमा ज्यादै महत्त्वपूर्ण राष्ट्रिय घटनाहरू घटे, त्यसले सांस्कृतिक चिन्तनमै ठूलो परिवर्तन ल्याइदिएको हामी पाउँदछौं । यसै क्रममा सं. २०१७ मा निर्दलीय पञ्चायत व्यवस्था शुरु भएपछि जुन प्रकारले देशको राजनीतिले अर्कै मोड लियो, त्यसले नेपाली साहित्यलाई ठूलो प्रभाव पार्‍यो । नेपाली कथाकारहरूले नयाँ राजनैतिक परिवेशमा नयाँ साहित्यिक मूल्य र मानकको खोजी गरे यस्तो प्रक्रियाको संक्रमण करिब २ वर्षसम्म अर्थात् सं. २०१९ सम्म रह्यो । त्यसपछि नयाँ चिन्तनको प्रवाहमा नेपाली कथाकारहरूले नयाँ बाटोको खोजी गरे जसलाई अर्को धारको थालनी भनेर इतिहासमा चिनिन्छ ।

नेपाली कथाका 'याथार्थवादी धारा' मा भारतीय नेपाली कथाकारहरूको पनि योगदान रहेको पाइन्छ । सन् १९४७ मा स्वतन्त्र हुनुअघिको कठिन स्थितिको नमीठो अनुभव भारतीय नेपालीहरुले पनि भोग्नु परेको थियो । अंग्रेज सरकार विरुद्ध तिनीहरूले गरेको कठिन र लामो संघर्षले तिनीहरूको जीवन-शैलीलाई गहिरोसँग प्रभाव पार्नाले यथार्थलाई बुझ्ने मौका तिनीहरूले पाए । स्वतन्त्रता प्राप्तिपछि पनि भारतमा जुन तीतामीठा राजनैतिक घटनाहरू घटे, त्यसबाट त्यहाँका साहित्यकारहरू अप्रभावित भएर रहन सकेनन् । सन् १९४८ मा महात्मा गान्धीको हत्या हुनु, सन् १९४९ मा नयाँ संविधान स्वीकृत भई अर्को साल लागु हुनु, सन् १९५१- ५२ मा प्रथम आम चुनाव हुनु, सन् १९५६ मा पुनर्गठन विधेयक पारित हुनु, सन् १९६३ मा चीनसँग लडाइँ हुनु आदि यस्ता घटनाहरू थिए जसले त्यहाँको राजनीतिलाई अर्कै गति दिए । यसै पृष्ठभूमिमा भारतीय नेपाली कथाकारहरुले आफ्नै सांस्कृतिक पृष्ठभूमिमा यी सबै घटनाहरुले ल्याएको परिणामस्वरुप जीवनमा परेका प्रत्यक्ष प्रभावहरूलाई कथाहरूमा व्यक्त गरी यथार्थवादलाई साउती गरे ।

२८ वर्षको समयावधिबीच विश्व रङ्गमञ्चमा घटेका घटनावलीलाई एकपल्ट हेर्ने हो भने पनि त्यसले नेपाली जनजीवनलाई प्रत्यक्ष-परोक्ष प्रभाव पारेको देखिन्छ । सं. १९९० मा जर्मनीको चान्सलर पदमा हिटलर आउनु, सं. १९९६ - २००२ मा दोस्रो विश्वयुद्ध हुनु, सं. १९९६ मा जर्मनीमा ब्रिटेन - फ्रान्स युद्ध हुनु, सं. १९९८ मा जर्मनी-रुस युद्ध हुनु, सं. २००२ मा संयुक्त राष्ट् संघको स्थापना हुनु र त्यसै साल जापानका नागासाकी र हिरोसिमामा अणुबम प्रहार हुनु, सं. २००७ मा चीनिया जनमुक्ति सेनाद्वारा तिब्बत भूमि कब्जा गरिनु आदि यस्ता घटनाहरू थिए जसबाट भारतका साथै नेपाल अप्रभावित भएन भन्न सकिँदैन । दोस्रो विश्वयुद्धद्वारा नेपालीहरूको जीवनमा परेको दुष्प्रभाव के नेपाली चेतनशील कथाकारहरूका निमित्त

चिन्तनको बिषय बन्न सकेन ? जीवनमा तीता अनुभव र अनुभूतिको अनुपात राष्ट्रिय - अन्तर्राष्ट्रिय परिस्थितिका कारणबाट बढ्नुको अर्थ हुन्छ- यथार्थलाई अझ राम्ररी बुझ्नु, मनन गर्नु र सम्प्रेषण गर्नु ।

नेपाली कथाको 'यथार्थवादी धारा' लाई साहित्यिक पृष्ठभूमिबाट हेर्दा के देखिन्छ भने यस धारालाई एउटा सबल परम्पराका रुपमा विकसित गर्न विभिन्न पत्र-पत्रिकाहरूका साथै संस्थाहरूको ठोस योगदान रह्यो । माध्यमिक कालमा पत्रकारितासँगको संलग्नताद्वारा नेपाली कथा - परम्परा निकै नै गतिशील हुने स्वभावको भइसकेको थियो; सं.१९९० मा 'शारदा' पत्रिकाको प्रकाशन हुन थालेपछि त्यो स्वभाव अरु अनुशासित र मर्यादित बन्न पुग्यो । यस पत्रिकामा देखापरेका अधिकांश कथाकारहरू प्रबुद्ध र चेतनशील थिए । राणाकालीन राजनैतिक परिवेशमा सबै कुरा प्रतिबन्धित स्थितिमा भएको हुँदा ती कथाकारहरूले सामाजिक - सांस्कृतिक चेतनाको अभिव्यक्ति स्वरुप कथाको माध्यमद्वारा समाजका लागि वैचारिक नेतृत्व लिने काम धेरै कालसम्म गरिरहे र यसैबाट नेपाली कथाको आधुनिक इतिहासको प्रारम्भसँगै 'यथार्थवादी धारा' सशक्तताका साथ प्रादुर्भाव हुन पुग्यो । यस धारालाई जीवन्त तुल्याउन नेपाल बाहिरबाट प्रकाशित भएका पत्र-पत्रिकाहरुको पनि उल्लेखनीय भूमिका रहेको पाइन्छ । 'शारदा' पछि क्रमशः 'उद्योग' (१९९२), 'उदय' (१९९३), 'गोर्खा' (२००२), 'साहित्यस्रोत' (२००४) 'युगवाणी' (२००४), 'भारती' (२००६), 'हाम्रो कथा' (२००६), 'प्रगति' (२०१०), 'धरती' (२०१३), 'स्वास्नीमान्छे' (२०१५), 'साहित्य' (२०१६), 'रुपरेखा' (२०१७) जस्ता पत्रिकाहरूले आधुनिक चेतनायुक्त कथाहरू प्रकाशित गरी यस धाराको मूल शक्तिलाई सशक्त बनाए । यीमध्ये कतिमपय पत्रिकाहरूले कथा विशेषको श्रीबृद्धि गर्ने हेतुले विशेष कार्यक्रमस्वरुप कथा-विशेषाङ्कहरू पनि प्रकाशित गरेर अनुकूल वातावरणको सृजना गरे । सं. २००६ मा दार्जीलिङ्गबाट प्रकाशित 'हाम्रो कथा' त अझ नेपालीमै पहिले कथा - पत्रिका थियो । यसले थुप्रै कथाकारहरू जन्माउनाका साथै लेखक वर्गलाई यस लोकप्रिय विधातर्फ आकृष्ट गरी परम्परालाई अगाडि बढाउने काम समेत गऱ्यो ।

नेपाली कथामा आधुनिक काल अन्तर्गत 'यथार्थवादी धारा' को विकास प्रक्रियामा भूमिका खेल्ने अन्य कारक तत्त्वहरूलाई संक्षेपमा यसरी हेर्न सकिन्छ :-

- साहित्यको संस्थागत विकास हेतु नेपालभित्र र बाहिर विभिन्न संघ-संस्थाहरू स्थापित हुनाको परिणामस्वरुप कथा विधामा विशेष रुचि र आकर्षण बृद्धि हुनु;
- यथेष्ट मात्रामा कथा-संग्रहहरू प्रकाशित हुनाले परम्परामा सबलता आउनु;
- कथा - समालोचनाको पारिपाटीद्वारा कथाकारहरूको सृजनशील क्षमतामा क्रमशः वृद्धि हुँदै जानु;
- सं. २००७ को क्रान्तिपश्चात् प्रगतिशील आन्दोलनले गति लिनु ;
- विश्वप्रसिद्ध कथाकारहरूका साथै ज्ञान-विज्ञान क्षेत्रका विचारकहरूको प्रभाव कथाहरूमा स्पष्टसँग देखिनु; आदि ।

माथि उल्लिखित कुराहरूका पृष्ठभूमिमा नेपाली कथाका 'यथार्थवादी धारा' विषयगत दिशादृष्टि, विचार र धारणाका दृष्टिले निम्नलिखित तीन शाखामा विभक्त भएको पाइन्छ ।

(१) सामाजिक यथार्थवाद
(२) मनोविज्ञानवाद र
(३) प्रगतिवाद ।

यी प्रत्येकको ऐतिहासिक विकासक्रमको स्वरुप यस प्रकार देखिन्छः

(१) सामाजिक यथार्थवाद

नेपाली कथाको इतिहासमा 'आधुनिक काल' को अधिष्ठापन भएको नै सामाजिक यथार्थवादबाट हो । कथाकार गुरुप्रसाद मैनाली यस धाराका प्रथम अधिष्ठाता भएकाले नै उनलाई प्रथम आधुनिक कथाकार मानिएको हो । उनको यथार्थवादी दृष्टिकोणको विस्तार आदर्शसम्म भएको हुँदा आदर्शोन्मुख यथार्थवाद उनको मूल प्रवृत्ति भएको पाइन्छ । सं. १९९१ ('नासो' कथाको प्रकाशन) देखि उनको अवतरण भए यता करिब तीन दशकको समयावधिसम्म सामाजिक यथार्थवादी परम्परा जीवन्त रुपमा रह्यो । नेपाली समाज मूलतः हिन्दू मूल्य र मानकबाट अत्यधिक मात्रामा प्रभावित भएको र समग्रमा नेपाली संस्कृतिको आधारभूत प्रकृतिले समेत सहिष्णुता, धैर्य, क्षमा, दान, परोपकार, औदार्य आदिमा नेपालीहरूलाई प्रवृत्त गराएको हुँदा यिनै कुराहरूको प्रभाव स्वरुप यथार्थवादी नेपाली कथामा आदर्शवादले स्थान पाएको हो । यस परिप्रेक्ष्यबाट हेर्दा तत्कालीन

कथाकारहरूलाई यथार्थ परिस्थितिले आकृष्ट गरे तापनि तत्कालीन शिक्षा-परिपाटीले पारेको गहिरो प्रभावले समेत आदर्शप्रति आस्था राख्न अभिप्रेरित गऱ्यो । तसर्थ मैनाली मात्र नभएर त्यस दशकका अन्य कथाकारहरू हृदयचन्द्रसिंह प्रधान, पूर्णदास श्रेष्ठ, कृष्णबम मल्ल आदिका साथै सं. २००० को दशकका कथाकारहरू पूर्णप्रसाद ब्राह्मण, भीमनिधि तिवारी, बदरीनाथ भट्टराई आदिमा समेत आदर्शोन्मुख सामाजिक यथार्थवादको गहिरो प्रभाव पर्न गयो । यति मात्र नभएर आदर्शको मोहले कथाकार बालकृष्ण सम र पुष्कर शमशेरलाई समेत डोऱ्याएको पाइन्छ । उता दार्जीलिङ्का इन्द्र सुन्दास, रुपनारायण सिंह समेतमा आदर्शवादले प्रभाव पारेको पाइन्छ । यसरी नेपाली कथामा सामाजिक यथार्थवाद नेपाल र भारत दुबै मुलुकहरूमा आदर्शको आकांक्षामा जीवित रहेको पाइनु एउटा मौलिक पहिचान बन्न पुगेको छ ।

सं. ११९० को दशकमा सामाजिक यथार्थवादलाई गुरुप्रसाद मैनालीले जोडदारका साथ अघि बढाउनाको कारण के थियो भने उनले रोगग्रस्त नेपाली समाजको नाडी छामेर भित्रका जटिल समस्याहरूको पहिचान गराए । समकालीन कथाकारहरू हृदयचन्द्रसिंह प्रधान, पूर्णदास श्रेष्ठ र इन्द्र सुन्दासले भावुक मनस्थितिलाई चटक्कै छाड्न नसके पनि सामाजिक यथार्थवादको पक्ष लिन पनि छाड्न सकेनन् । त्यसै ताका बालकृष्ण सम र पुष्कर शमशेरले पनि समाजभित्रका गूढ रहस्यहरूको उद्घाटन गरी यथार्थवादी धारालाई दरिलो बनाइदिए । सामाजिक संवेदनलाई बालकृष्ण समले समाते भने सामाजिक खराबी भित्रका दुर्गुणलाई पुष्कर शमशेरले देखाइदिए । कृष्णबम मल्ल, केशवराज पिंडाली, कृष्णप्रसाद चापागाई आदिले पनि कतै विरोधको स्वरद्वारा त कतै व्यङ्ग्यपूर्ण प्रहारद्वारा समाजभित्रका असामाजिक तत्त्वको पर्दाफास गरिदिए । त्यसै ताका लक्ष्मीप्रसाद देवकोटा र मातृकाप्रसाद कोइरालाले पनि समाजको कारुणिक पक्षको चित्रण गरे । यस दशकमा भावुक अभिव्यक्तिमा आधारित थुप्रै कथाहरू पनि लेखिए जसमा समाजलाई आदर्शवादको रङ्गीन चश्माले हेर्ने कथाकारहरूको कुनै कमी रहेन तापनि ऐतिहासिक सत्य चाहिं के हो भने त्यस दशकमा सामाजिक यथार्थवाद नै त्यस्ता विरोधी प्रवृत्तिलाई परास्त गरेर् नयाँ परम्परा स्थापित गर्न समर्थ रह्यो ।

सं. २००० को दशकमा नेपाली सामाजिक यथार्थवाद झन् द्रुतगतिमा अग्रसर भयो । उता दार्जीलिङ्का शिवकुमार राई र अच्छा राई 'रसिक' ले त्यहाँको सामाजिक स्थितिबाट उत्पन्न त्रासदीको चित्रण गरे । यता नेपालका पूर्णप्रसाद ब्राह्मण, शङ्कर कोइराला, दौलतविक्रम बिष्ट, भीमनिधि तिवारी, शङ्कर लामिछाने जस्ता कथाकारहरूले समाजमा बढ्दो विकृति र खराबीहरूका परिणामलाई खुलस्त पारिदिए । समाजमा नारी वर्गको दुःखद स्थिति, मानिसहरूको स्वार्थपूर्ण मनोबृत्ति, आढम्वरपूर्ण सामाजिक व्यवहार वा रीति-परम्परा, गरीब वर्गको दुर्नियति आदि नै त्यस समयको सामाजिक यथार्थवादका विषयवस्तु बन्न पुगे' भाइचन्द प्रधान, हरिप्रसाद गोर्खा राई, तेजबहादुर प्रसाई, जयनारायण गिरी। प्रेम थापा, बीरविक्रम गुरुङ् आदिले पनि यस्तै विषयवस्तुमा आफूलाई केन्द्रित तुल्याए । समाजको दुर्गतिबाट आहत बनेर कथा लेख्ने कथाकारहरू यस दशकमा निकै देखापरे । के देखिन्छ भने यस अवधिमा पनि सामाजिक यथार्थवादले भावुक आदर्शवादमा आधारित कथा-परम्परासंग कडा संघर्ष गर्नु परेर पनि आफू स्थापित हुने मौका भने पाएको थियो ।

सं. २००७ को क्रन्तिपश्चात् प्रगतिवादी कथाहरू जोडतोडका साथ अगाडि आइरहेको हुँदा त्यससंगको प्रतिस्पर्धामा सामाजिक यथार्थवादी कथाहरू झन् प्रभावकारी रुपमा देखापर्न थालेको पाइन्छ । यस धाराका कथाकारहरूले अब सामाजिक मूल्य र मानकको आलोचना गर्न थाले, तिनीहरूको प्रतिवादको स्वर तीब्र भयो । यसरी यो धारा सामाजिक क्रान्तितर्फ उन्मुख भयो ।

सं. २०१० को दशकमा देखापरेका कथाकार हरू सोमध्वज बिष्ट, लीलबहादुर क्षत्री, इन्द्र बहादुर राई, माया ठकुरी, कुमार ज्ञवाली, मोहनराज शर्मा, मदनमणि दिक्षित आदिले आर्थिक दुरावस्थाबाट उत्पन्न समस्या, व्यक्तिभित्रको तुच्छ मनोवृत्ति, शोषण वृत्तिका रहस्यहरू आदिलाई विषयवस्तु बनाए । अनेकौं कारणबाट समाज कमजोर र जर्जर बनिरहेको देखेर, नारी वर्गले नारकीय जीवन यापन गरिरहेको देखेर र अन्याय तथा अत्याचारले चारैतिर समाजलाई विनाशतिर धकेलेको देखेर यस दशकमा अरु पनि

कथाकारहरूले कथा लेखे । यसरी यस दशकको अन्त्य हुँदा नहुँदै नेपाली कथाकारहरूले समाजलाई आफ्ना आँखा सामु राखेर त्यसको पारदर्शी चित्रण गरेको हुनाले समग्रमा सामाजिक यथार्थवादी धारा नेपाली कथा आधुनिक अध्यायको एक महत्त्वपूर्ण प्रकरण बन्न पुग्यो ।

(२) मनोविज्ञानवाद

नेपाली कथाको ऐतिहासिक विकास क्रममा 'आधुनिक काल' को स्थापना सामाजिक यथार्थवादबाट भयो भने यस काललाई सघन रुप दिने र भित्रैदेखि शक्तिशाली तुल्याउने काम मनोविज्ञानवादबाट भयो । यस वादले नेपाली कथामा आधुनिक मूल्यलाई अझ ओजनदार बनाएर एउटा समृद्ध परम्पराको सृजना गरिदियो; अझ भन्ने हो भने नेपाली कथामा पश्चात्य प्रभावलाई भित्र्याएर यसले आधुनिकताको परामिति वा दायरालाई धेरै नै फराकिलो पनि तुल्याइदियो । नेपाली कथामा मनोविज्ञानवादका प्रथम अधिष्ठाता विश्वेश्वरप्रसाद कोइराला विचार एवम् दर्शनमा सिग्मण्ड फ्रायड र कथा शिल्पमा चेखोब तथा गोर्कीबाट ज्यादै नै प्रभावित भएर नेपाली कथाका संरचना एवं रुपविन्यासलाई नयाँ मूल्य प्रदान गर्न सक्षम भए । फ्रायडवादको अनुगमन स्वरुप उनले यौनलाई नै मुख्य विषयबस्तु बनाएर यसका विविध पक्षहरूको उद्घाटन गरिदिए । यसरी हामी के पाउँदछौं भने नेपाली कथामा 'यथार्थवादी धारा' अन्तर्गत सामाजिक यथार्थवाद संगसंगै मनोवैज्ञानिक यथार्थवाद (वा मनोविज्ञानवाद) को पनि प्रवर्तन भयो ।

यस नयाँ यथार्थवाद अन्तर्गत बालकृष्ण समले खास गरीकन मानिसभित्रको आत्मीयभावको मनोयथार्थिक पक्षको चित्रण गरे । सं. १९९५ मा 'कथा कुसुम' को प्रकाशनले यस नयाँ धारामा देखिएको शक्तिलाई राम्ररी प्रदर्शित गऱ्यो । त्यसपछि यस धारामा क्रमशः भवानी भिक्षु, तारिणीप्रसाद कोइराला, गोविन्द 'गोठाले' जस्ता गतिशील क्षमताका कथाकारहरू देखापरे । कथाकार भिक्षु मूलतः स्वच्छन्दतावादबाट प्रभावित मनोयथार्थका संवेदनशील लेखक थिए । यौनको नग्न र विकृतरुपलाई उनले कहिल्यै अंगीकार गरेनन् । दुई विपरीत लिङ्गबीचको आत्मीय सम्बन्ध अर्थात् प्रेम-अनुरागको मानवीय पक्षलाई मात्र उनले कथामा स्वीकार गरे । तारिणीप्रसाद कोइरालाले विश्वेश्वरप्रसाद कोइरालाकै प्रवृत्तिलाई अँगाले । यसपछि गोविन्द गोठालेले खुल्ला सामाजिक पृष्ठाधारमा उच्चस्तरीय मनोवैज्ञानिक कथाहरूद्वारा यौनको संवेदनशीलताको परिचय दिए । कथाकार भिक्षुले झैं उनले पनि व्यक्ति-मनको अतुल गहिराइभित्रका भाव-संवेगहरूलाई पकडे । सामाजिक चरित्रलाई उनले दर्शाएनन् । परम्परागत नैतिक अनुशासन भित्रका नेपाली पात्रहरूको मानसिक वृत्ति र व्यवहारलाई उनले आफ्ना कथाको विषय बनाएर नेपाली कथाको 'यथार्थवादी धारा' को परम्परा र गतिलाई तीव्र तुल्याइदिए ।

सं. २००० को दशकमा कथाकार विजय मल्ल देखापरेपछि मनोवैज्ञानिक नेपाली कथा-परम्परालई अझ थप बल प्राप्त भयो । मनोस्नायुविकृत किंवा असामान्य मनस्थितिका पात्रको यौनिक जीवनको चित्रण उनका कथाको विषय बन्यो । त्यसै ताका केशवलाल कर्माचार्य र माधवलाल कर्माचार्यले पनि अचेतन मनका प्रभावहरूलाई आफ्ना कथाहरूमा प्रस्तुत गरे । यस दशकको उत्तरार्धमा दार्जीलिङ्बाट देवकुमारी सिंह (थापा) ले बालमनोविज्ञानलाई विविध संवेग तथा चिन्तनको तहबाट अवलोकन गर्दै नयाँ विषय प्रवेशद्वारा यस धारालाई उन्नत तुल्याइदिइन् । यस दशकमा एक अर्का प्रतिभा पोषण पाण्डेले मानिसको सामान्य जीवन-शैलीसंग यौन भावलाई सम्बद्ध गरेर पाठक वर्गलाई विस्मित तुल्याउने सबल मनोवैज्ञानिक कथाहरू 'यथार्थवादी धारा' लाई प्रदान गरे । यस दिशातर्फ कथाकार प्रेमा शाहको यागदानलाई कदापि बिर्सन सकिन्न । तिनले व्यक्तिको आन्तरिक जीवनको अमूर्त चित्र उतार्नमा नैपुण्य प्राप्त गरेको पाइन्छ ।

नेपाली कथामा मनोविज्ञानवाद पश्चात्य अन्धानुकरण थिएन, केवल अभिप्रेरणा मूलक स्वीकृतिकोप्रतिफल मात्र थियो । आफ्नै सामाजिक-सांस्कृतिक परिवेशका मूल्य र आदर्शको जगमा अर्थात् नेपाली माटोमा यस्ता कथाहरू लेखिए जुन नेपाली कथाको आफ्नै मौलिकता बनेर 'यथार्थवादी धारा' को परिचायक बन्न पुगेको पाइन्छ ।

(३) प्रगतिवाद

यथार्थवाद सदैव जन-साहित्यको पक्षधर रहेको हुन्छ । त्यसैले नेपाली कथा-परम्परामा सं. १९९० को दशकको पूर्वार्धदेखि जब स्पष्ट रुपमा

यथार्थवाद प्रतिष्ठापित भयो, जन-साहित्यको पूर्वाभास फाट्टफुट्ट हुन थाल्यो । त्यस बेलाको राजनैतिक परिस्थिति एकदमै प्रतिकूल भएको हुनाले लेखकहरूले आफूभित्रको प्रगतिशील चेतनालाई जबर्जस्ती लुकाउन बाध्य हुनुपरेको कारणले मार्क्सवादी साहित्य-चिन्तनलाई साहित्यमा सोझै उतार्न आँट गर्न सकेनन् तापनि फाट्टफुट्ट जनताको गरीबीका कारणले उब्जिएका जटिल मानवीय समस्या, समाजको शोषक वर्गका अन्याय र अत्याचारबाट उत्पीडित निम्न वर्गका मानिसहरूको दयनीय जीवन, सामन्ती संस्कारको सिकार बनेर नारकीय जीवन बिताउन चेतनलाई जबर्जस्ती लुकाउन बाध्य हुनु परेको कारणले मार्क्सवादी साहित्य-चिन्तनलाई साहित्यमा सोझै उतार्न आँट गर्न सकेनन् तापनि फाट्टफुट्ट जनताको गरीबीका कारणले उब्जिएका जटिल मानवीय समस्या, समाजको शोषक वर्गका अन्याय र अत्याचारबाट उत्पीडित निम्न वर्गका मानिसहरूको दयनीय जीवन, सामन्ती संस्कारको सिकार बनेर नारकीय जीवन बिताउन विवश चेतनशील निम्न-मध्यम वर्गको पीडा आदिलाई ती लेखकहरूले व्यक्त नगरिरहन सकेनन् । गुरुप्रसाद मैनाली, पुष्कर शमशेर, विश्वेश्वरप्रसाद कोइराला, गोविन्द गोठाले, हृदयचन्द्रसिंह प्रधान आदिका सं. २००७ अघिका कथाहरूमा हामी यस कुराको आभास पाउन सक्तछौं । सं.२००६ मा रमेश विकल 'गरीब' कथा लिएर देखापर्दा निरंकुश राणा शासन जीर्णप्रायः हुने स्थितिमा पुगेको, थियो । क्रान्ति पश्चात् जब प्रजातन्त्रको आगमन भयो, नेपाली कथाको 'यथार्थवादी धारा' मा एउटा अर्को सशक्त प्रगतिवादी धारा समाविष्ट हुन पुग्यो । सामाजिक यथार्थवाद र मनोविज्ञानवाद संगसंगै यो प्रगतिवाद पनि अब आफ्नै गतिमा स्वतन्त्र रुपले विकसित हुने स्थितिमा पुग्यो ।

सं. २००७ को क्रान्तिपश्चात् केही वर्षसम्म त एउटा अन्योलको संक्रमण स्थितिमा देश रह्यो । तर देशका चेतनशील वर्गले सम्हालिएर यथार्थको बोध गर्न थालेपछि नेपाली कथामा प्रगतिवादले आन्दोलनको रुप लिन पुग्यो । यस सन्दर्भमा हामी श्यामप्रसाद शर्माज्यूको नाम आदरपूर्वक लिन सक्तछौं । नक्खू जेलभित्र छँदै सं. २००७ मा उनले 'जन साहित्य मण्डल' खोलेर प्रगतिशील साहित्यलाई नेपाली वाङ्मयमा स्थापित गर्ने महत् प्रयास गरे । त्यसपछि सं. २००९ मा वीरगञ्जमा उनले आफ्नो अध्यक्षतामा 'प्रगतिशील लेखक संघ' खोली 'सेवा' पत्रिकाको प्रकाशन थाले । अब देशभरि प्रगतिशील आन्दोलनको रहरलाग्दो लहर चल्न थाल्यो । एकातिर 'जनयुग' (२००९), जनविकास (२०१०), 'जन साहित्य' (२०११), 'साहित्य' (२०१६) जस्ता पत्रपत्रिकाहरूको प्रकाशन भयो भने अर्कातिर विभिन्न संस्था र प्रकाशन माध्यमहरू पनि खोलिए । त्यस बेलाका नवयुवकहरूलाई यी सबै गतिविधिहरूले खूबै प्रभावित पार्नाको फलस्वरुप काठमाडौं मात्र नभएर बनारसमा अध्ययनार्थ बसेका विद्यार्थीहरूले विशेष गरेर प्रगतिशील कथा-साहित्यकै विकासमा सक्रियता देखाए । यस यथार्थवादी धाराप्रति युवा वर्गको आस्था जाग्नुका मूल कारणहरू थिए:

- *राजनीतिसंग नजिकको सम्वन्ध राख्ने यो एउटा बलियो सांस्कृतिक मानक भएकाले समाजमा परिवर्तन ल्याई नयाँ समाजको निर्माण गर्न यो बढी सक्षम भएकाले, र*
- *एक शताब्दी भन्दा लामो अवधिसम्म दमित र दलित अवस्थासंग कठोर संघर्ष गर्नु परेको कारणले कुण्ठित बनेको नेपाली जन-मानसमा नयाँ दर्शन तथा चिन्तनको आलोकद्वारा पुनर्जीवन दिन यो सक्षम भएकाले ।*

उपर्युक्त दुई प्रमुख कारणले गर्दा कतिपय युवाहरू मार्क्सवादलाई राम्ररी चिन्तन-मनन गरेर यस आन्दोलनमा सरिक भए, तर कतिपय युवाहरू भने अन्धाधुन्द हो हो रे मा लागेर यसमा सरिक भइदिंदा यसले तीतो आलोचना पनि सहनु पर्‍यो । जे होस्, एउटा निश्चित अन्तर्द्वन्द्वमा प्रगतिशील धारा गुज्रिरहेको थियो । यसले आलोचना सहनु परेतापनि यसको विकास-गति अवरुद्ध भएन । सं. २००७ को हाराहारीतिर रमेश विकल जस्ता सशक्त प्रतिभाको अविर्भाव भयो । उनले आग्रहीकरण (Editorialization) लाई पटक्कै आउन नदिएर विशुद्ध कलात्मक मूल्यलाई प्रस्तुत गरे । यस धाराअन्तर्गत कथा-क्षेत्रमा देखा परेका अरु लेखकहरू थिए- गोविन्दप्रसाद लोहनी, भवानीप्रसाद शर्मा, तारानाथ शर्मा, देवमणि ढकाल, बालकृष्ण रुपावासी, जगदीश नेपाली, यज्ञप्रसाद आचार्य, बीरेन्द्र खुँजेली, चूढामणि रेग्मी, पासाङ गोपर्मा, बल्लभमणि दाहाल, मदनकृष्ण प्रसाईं, माधव भण्डारी, युद्धप्रसाद मित्र, काजीमान कँड्डवा, कृष्णप्रसाद 'सर्वहारा', डी.पी. अधिकारी, शशिकला शर्मा आदि । यी कथाकारहरूले गरीब वर्गमाथि भएको पाशविक

व्यवहारको चित्रण गर्दै सामन्ती व्यवस्थामा आधारित नेपाली समाजमा आमूल परिवर्तन आउनु पर्ने कुरामा जोड दिएको पाइन्छ । यी कथाकारहरूका कथा-कृतिबाट कतिपय उल्लेखनीय सकारात्मक गुणहरू निस्पन्न हुँदै गएर प्रगतिशील आन्दोलनलाई ठूलो टेवा प्राप्त भयो भने संगसंगै के पनि पाइयो भने कतिपय कथामा नाटकीकरण (Dramatisation) को कला अत्यन्त न्यून भएको कारणले नाराबाजीभित्रको अन्योलमा कथाको कला-मूल्य विलीन भयो ।

प्रगतिवादी नेपाली कथाको विकास क्रममा विभि कथा-संग्रहहरूको प्रकाशनबाट महत्त्वपूर्ण योगदान पुग्न गएको पाइन्छ । सं. २००९ तिर बनारसको 'प्रगतिशील प्रकाशन मण्डल' बाट कामरेड जाने होइन ?, सं. २००९ मै श्री शर्माको 'आत्मज्वाला' सं. २०१० मा भवानीप्रसाद शर्माद्वारा सम्पादित 'गाउँको सन्देश' सं. २०१० मा गोविन्द लोहनीको 'नेतृत्वको भोक', सं. १०११ मा भवानीप्रसाद शर्मा र पासाङ गोपर्माको सम्पादनमा 'नभाग' सं. २०११ मा बालकृष्ण रुपावासीको सम्पादनमा 'कालो भूत' , सं. २०११ मा जगदीश नेपालीको सम्पादनमा 'आदर्श श्री' सं. २०११ मा बीरेन्द्र खुँजेली र देवमणि ढकालको सम्पादनमा 'भेट', सं. २०१२ मा चूढामणि रेग्मीको 'पहिलो यात्रा' र जन सांस्कृतिक सभाबाट 'को अटेरी ?' 'नानी' र बल्दो दीयो' (२०१३) जस्ता कथा-संग्रहहरू बनारस, काठमाडौं, विराटनगर, इलाम र चैनपुरबाट प्रकाशित भए । कथाकारहरूको विद्रोह भाव, जन चेतनको आकांक्षा, सामाजिक व्यवस्थाप्रति असंतुष्टि र व्यङ्ग्य मानिसका ढोंगी र आडम्बरी स्वभाव प्रति प्रहार, निःसहाय वर्गप्रति सहानुभूति आदि व्यक्त भएको पाइन्छ । यसै सन्दर्भमा यहाँ हामी काजीमान कँदङ्वाको 'आठ कथा' (२०१०), तेजवहादुर प्रसाईको 'दुई हजार सात' (२०१२), युद्धप्रसाद मिश्रको 'अमर कथा' (२०१५) र कृष्णप्रसाद सर्वहाराको 'दरबारकी केटी' (२०१८) लाई पनि कहिल्यै बिर्सन सक्तैनौं । यी कथाकारहरूले पनि समजको भित्री स्वरुपलाई चिनाउने क्रममा सर्वत्र देखिएका मानवीय समस्याको बोध गराएका छन् । भत्किएको आर्थिक संरचनाभित्र मानिसले खोप्नु पर्ने दुःख, कष्ट र दुर्नियतिलाई प्रगतिशील धाराका कथाकार हरूले कथाको विषयवस्तु बनाएको पाइन्छ । एउटा दृढ संकल्प र प्रतिबद्धता बोकेको कथाकारहरू यस धारामा भएका हुनाले बाटामा अनेकौं बाधा र व्यवधानहरू आउँदा पनि परम्पराबाट यो विचलित भएन । सामाजिक यथार्थवादी धाराबाट यसले नैतिक समर्थन पाएकाले पनि यसको बाँच्ने इच्छा सदा जाग्रत रह्यो । त्यसैले आजसम्मको नेपाली कथाको इतिहासमा अन्य कतिपय धाराहरू क्रमशः तेजहीन हुँदै समयमा लीन भइसके, तर यो धारा भने अद्यापि रहरलाग्दो जीवन बाँचेर प्रतिभाहरूलाई अभिप्रेरित गरिरहेकै छ ।

निष्कर्षमा के भन्न सकिन्छ भने सामाजिक यथार्थवाद, मनोविज्ञानवाद र प्रगतिवाद यी ३ धाराको सम्मेलनबाट २८ वर्षको समयावधि बीच नेपाली कथा- परम्परामा निर्मित भएको 'यथार्थवादी धारा' नेपाली माटो र मानसिकताको उपज थियो । फ्रायड र मार्क्सका साथै अन्य पाश्चात्य दर्शन एवम् विचारधारालाई समेत संस्कृति सापेक्षवाद (Cultural Relativism) मा आत्मसात गरेर यस धाराले साहित्यको समाजशास्त्र अन्तर्गत व्यक्ति, व्यक्ति-मन, समाज र सामाजिक व्यवस्था बारे पाठकवर्ग प्रति जुन प्रतिबद्धतापूर्वक बोध गराउने उद्देश्यमा सफलता प्राप्त गऱ्यो, त्यही नै यस धाराको आत्मा हो । त्यसैले यस धाराले जन्माएका प्रतिभाहरू अद्यापि नेपाली कथा-संसारमा मानकका रुपमा आदरणीय छन् ।

* * *

BEST WISHERS FOR HAPPY AND PROSPEROUS Vijaya Dashami 2054

Nepal Travel Agency Pvt. Ltd.

Po. Box. No. 1501
Ramsahapath, Kathmandu
Tel: 413188, 420203, 421013,421442
Telex: NP 2277 NTAG, Fax: 977-1-420861

समालोचना

नेपाली कथाको समकालीन सन्दर्भ

राजेन्द्र सुवेदी

नेपाली आधुनिक कथासाहित्यको सन्दर्भमा केही विचारहरु उठिरहेका सन्दर्भमा केही टिप्पणी गर्ने उद्देश्यले यो रचना तयार गरिएको छ । १९९१ सालदेखि आरम्भ भएको कथा साहित्यको विभिन्न समय सन्दर्भमा देखिन आएका कालखण्डहरु नितान्त नवीन र प्रवृत्तिगत पहिचान लिएर देखापरेका छन् । यस प्रकारका विशेषताहरुलाई दृष्टिदिंदा विचार गरिन सक्ने विन्दुहरू के हुन् भने २००७ साल र त्यसपछिका २०१८ साल सम्मका वर्षहरुमा पूर्वखण्ड कथाको अभ्युत्थान अवधिमात्र र पछिल्लो खण्ड चाहिं कथाका विशिष्ट पहिचानहरु स्थापित हुन प्रयत्न भएको अवधि हो । यस धरातलमा अडेका कथा परम्परामा २०१८ सालपछि कथामा नवीनतम प्रवृत्तिहरुको आविर्भाव भयो । त्यस्ता प्रवृत्तिहरुको अभ्युदय हुनमा नेपालको तत्कालीन राजनीतिक पर्यावरण प्रमुख कारण बनेको छ ।

विश्व साहित्यमा मनोविज्ञानले गम्भीर जरा गाडेको त्यस अवस्थाको प्रयोग नेपाली कथासाहित्य भित्र पनि मौलाइरहेका यस अवस्थामा प्रयोगवादी शिल्पमा पनि कथाहरु निर्माण हुन थाले । यिनै निर्मितिका नमूनाहरु कथाकथा सृजनाका यस चरणका परिचायक तत्त्व सिद्ध भएका छन् । २०१७ सालमा परिवर्तन भएर देखापरेको राजनीतिक अनुहारले प्रकाशनको स्वतन्त्रलाई विकृतरुप प्रदान गऱ्यो । परिणाम के भयो भने सष्टाहरू कि त अत्यन्त उदासीन र निष्क्रिय बने कि त पलायित मानसिकताको अभिव्यक्ति बोकेर अकथात्मक आन्दोलनका नाममा देखापरे । यस परिस्थितिबाट आरम्भ भएको नेपाली कथाको परम्परा निम्न अनुसार कालखण्डमा विभक्त भएर वितरित हुन सक्छ ।



यिनै मूलभूत प्रवृत्तिमा अडेको नेपाली कथा लेखन २०१८ सालदेखि वर्तमानसम्म कायम रहेको छ । तर यस लेखन परम्परामा पनि समयको गतिसँगै केही नयाँ मोडहरू देखापर्दै आएका छन् । त्यस क्रममा देखिने मोडखण्डहरूको निरुपण गर्दा के कुरा स्पष्ट हुन आउँछ भने २०१८ सालदेखि २०३६ सालसम्मको अवधि रुपवादी शिल्पको प्रभुत्व र २०३७ देखि २०४६ सम्म आलोचनात्मक यथार्थवादी शिल्पको प्रभुत्व रहेको छ । २०४७ सालदेखि पछिको अविध पनि अब एउटा प्रवृत्तिगत मूल्यको कालखण्ड बन्न पुगेको छ । यो कालखण्डमा प्रयुक्त कथावृत्तिलाई निरुपण गर्दा के कुरा स्पष्ट देखिन्छ भने रुपवादी बजारबाट आफूलाई चर्चित बनाउँदै आएका कथाकारहरु बिस्तारै किनारा लाग्दै गएका र यथार्थवादी त्यसमा पनि समाजवादी यथार्थवादी प्रवृत्तिका कथाकारहरु जनप्रिय बन्दै गएको तथ्य नेपाली कथाको सामयिक प्रवृत्तिलाई अध्ययन गर्दै गएका खण्डमा स्पष्ट हुन आउँछ ।

२०१८ देखि २०३६ सालसम्मको अवधिमा प्रयुक्त कथाको मूलभूत आधार भनेको तीनवटा बिन्दुमा अडेको पाइन्छ । यी बिन्दूहरुमा पहिलो तत्त्व हो- २०१८ सालपूर्वदेखि नै चल्दै आएको यौनवादी लेखन परम्परा । दोश्रो बिन्दु हो - प्रयोगवादी कथा सृजना परम्परा । यो लगभग २०१५ सालको समय सीमाबाट आरम्भ भएर आएको हो । यसको प्रबल अवधि भनेको २०१८ देखि २०३६ पूर्व रह्यो । तेश्रो बिन्दु हो यथार्थवादी कथा लेखन परम्परा । यस लेखनमा पनि एउटा आलोचनात्मक यथार्थवादी र अर्को समाजवादी यथार्थवादी लेखनको परम्परा यसको अभ्युदय पनि २०१८ साल भन्दा पूर्वदेखि नै चलिआएको भए पनि २०१८ सालपछि दुईवटा धारमा विभाजित बनेर पाठक सामु उपस्थित भयो । पहिलो किसिमको प्रवृत्तिलाई निरन्तरता प्रदान गर्ने कथाकारहरुमा नेपालभित्र र नेपाल बाहिरसम्मका कथाकार हरूको नाम सबल रुपमा स्थापित भएको देखिन आउँछ ।

यौनमूलक कथा सृजनामा अग्रणी नाम रहेका कथाकारहरु जस्तै - कुमार नेपाल 'तुवाँलोको कत्ला' (२०२०) सुशील ढुङ्गेल 'नयाँमोड' 'रमाइलो सफर' (२०१८), विश्वनाथ अधिकारी 'नाइलनको सारी' (२०१९),

परशु प्रधान 'फेरि आक्रमण' (२०२०), 'बक्ररेखा' (२०२५), 'समुद्रमा अस्ताउन सूर्य' (२०३५), 'यौटा अर्को दन्त्य कथा' (२०२८), 'असम्बद्ध' (२०३२), 'प्रतिनिधि कथा' (२०४५), लिएर आएका छन् । त्यस्तै कुमुद देवकोटा र स्थिरबहादुर समेतको 'दुई कोपिला' (२०२१), छत्रनरसिंह शाक्यको 'त्यो आँशुको सम्झना, यो आँशुको वेदना' (२०२२), दौलतविक्रम विष्टका 'प्रदर्शनी' (२०२३), 'गालाको लाली' (२०२५), 'आँशु त्यसै त्यसै छचल्किन्छ' (२०४९), भवानी भिक्षुको 'आवर्त' (२०२४) र 'अवान्तर' (२०३४), रमेश विकलका 'एउटा बूढो भ्वाइलेन, आसबरीको धूनमा' (२०२५), प्रेमा शाहको 'पहेलो गुलाफ' (२०२५), केदार उप्रेतीको 'एकभूल दश लहर' (२०२५) विजय मल्लको 'एकबाटो अनेक मोड' (२०२८), तारानाथ शर्माको 'दुई पोका चुरा' (२०२९) ध्रुवचन्द्र गौतमका 'अँध्यारो द्वीपमा' (२०३५), 'संरक्षक' (२०४८), पारिजातको 'आदिम देश'' (२०२५) र पुष्कर लोहनी, सीता पाण्डे, भूवन कोइराला आदि कथाकारका कथाहरूले यस प्रवृत्तिलाई अद्यावधिक समयसम्म पनि निरन्तरता प्रदान गरिरहेका छन् ।

यस समयको रेखामा दार्जिलिङ्गतिरबाट कथालेखनमा यौनमूलक चिन्तनमा केन्द्रित रहेर देखिनेहरुमा श्रीकिराँत 'आधी बेहरी' (२०२१) सुरेश राई 'सप्त सुरेश' (२०२१) र 'एउटा लाजको कुरा' (२०२२), प्रेम योजन 'आँखी झ्याल' (२०१८), प्रकाश 'कोविद' 'चोर' (२०२१), जनार्दन थापा 'पलासको फूल' (२०२१), गुरुराज अधिकारी 'घर ज्वाइँ' (२०२०), अहाहिम साम 'कान्छीलाई भूत चढ्यो' (२०२२), हरीश बमजन 'आफै डायरी आफै कहानी' (२०२२), 'दिल सुब्बा 'एक खोलाका दुई किनारा' (२०२३) अर्जुन निरौला 'एउटा रात वितेपछि' (२०२९) संग्रह लिएर आएका छन् । यी कथाहरुमा सामाजिक पर्यावरण भित्र उन्मेषित र तिराग प्रबल रुपमा झल्केको पाइन्छ । नेपाल बाहिर रहेका नेपाली समाजमा सृजना भएका यी कथाहरूमा वैयक्तिक रोमान्सको उद्घाटन भएको छ । नयाँ प्रयोग र प्रवृत्तिका सेरोफेरोमा नेपाल बाहिर नेपालको तुलनामा यौनका सन्दर्भमा भने कमजोर नै रहेको देखिन्छ ।

प्रयोगशीलताका सन्दर्भमा नेपाली समाजमा यौनमूलक तथ्यहरूमै संकीर्ण बनेका नेपाली कथालाई यस समयमा दर्जिलिङ्ग परिवेशमा इन्द्रबहादुर राईले सफल रुपमा प्रयोगको छटा प्रदान गरे । आयामिक संज्ञाको घेरोमा सृजित तेश्रो आयाम अभियानका नाममा उनका कथाजति चर्चाको उचाइमा पुगे त्यो प्राप्ति अरु स्रष्टाका कथालाई मिल्न सकेन । यो प्रयोगवादी हावा यस समाजका आह्वानमा अकथा अर्थात् वस्तु विहीन कथाका नाममा प्रकट हुन पुग्यो । मनोविज्ञान, यौन मनोविज्ञान र अझ नेपाली पर्यावरणभित्रको कुण्ठित अभिव्यक्ति स्वतन्त्रता पनि यस समयको कथा सृजनाको प्रयोग पक्ष भएर देखिएको छ । यस किसिमको कथा सृजना मोटामोटी रुपमा २०२७ सालसम्म प्रभुत्वमा रहेको यो शक्ति क्रमशः कमजोर बन्दै गयो र परिणाममा यथार्थलाई स्वैरकल्पनात्मक ढाँचातिर अभिप्रेरित गर्दै गयो । २०३० देखि २०३६ सम्म पूर्णतः कथाले अनामिक र सार्वनामिक तत्त्वलाई प्रहार गर्ने अनि स्रष्टा आफू यथास्थितिबाट असन्तुष्ट बन्दै गएको स्थिति अभिव्यञ्जित गर्दै गयो । यहाँ अलक्षित र लक्ष्यको भेदनमा आफ्ना पूरा शक्तिको उपयोग गर्ने यस समयका कथाकारहरू २०३६ सालपछि आलोचनात्मक यथार्थवादी कथा लेखनको दिशातिर मोडिए । यस दिशाका स्रष्टाहरुमा सनत् रेग्मीका 'दिनान्त' (२०३०), 'मातृत्वको चित्कार' (२०२४), 'बन्द कोठाको शहर' (२०४८), 'लछिमिनियाको गौना' (२०५०) तेजप्रकाश श्रेष्ठको 'हाट बजार' (२०४२), गोविन्द गिरी प्रेरणाको 'सुतेको समुद्र' (२०४०), मञ्जु तिवारी 'काँचुली' को 'केही माया केही परिधि' (२०४५), शैलेन्द्र साकारको 'नारी हस्ताक्षर' (२०३३) सम्पादित, 'कोलाज' (२०३६), नगेन्द्र राज शर्माको 'पीपलको बोटमुनि' (२०३९), कुमार ज्ञवालीका कथाहरु (२०४९), तुलसी भट्टराईको 'रित्तोघर' (२०३७) , 'अनिता तुलाधरका 'रित्तो शहर' (२०३५), 'फुलू' (२०४९) भागीरथी श्रेष्ठका 'क्रमशः' (२०४३) 'मोहदंश' (२०४९), 'रङ्गिन पोखरी' (२०५०), हिरण्य कुमारी पाठकको 'व्युहचक्र' (२०५०), मनु ब्राजाकीका 'अवमूल्यन' (२०३७) , 'तिम्री स्वास्नी र म' (२०४६), भाउपन्थीको 'प्रतिचक्रव्यूह'(२०३०) 'सहसङ्कलन', एउटा आकारको बारेमा' (२०३२), सम्बन्ध (२०३६) , 'अद्यापि' (२०५२), गोरखबहादुर सिंहको 'भाषणको तयारी' (२०४९), मधुवन पौडेलको 'म र मेरो परिवेश' (२०५०), गोपाल पराजुलीको 'दीशाहीन आकाश' (२०५०), किशोरा पहाडीको 'बाँच्नु र बाँचेकाहरु' (२०३६), 'घर खण्डहर' (२०३८) र 'विशुदाइ' (२०४५) सन्तोष भट्टराईको 'खुला मौदानको कैदी' (२०५०), शङ्करकुमार श्रेष्ठको 'आवृत्त आकृतिहरू' (२०५०), कृष्णप्रसाईंको 'प्रक्षेपण' (२०४९) ध्रुव सापकोटाका 'प्रतिचक्रव्यूह' (२०३०), सहसङ्कलन, 'उच्चारण' (२०३५), 'नेपथ्य' (२०४९), जैनेन्द्र जीवनका 'धर्साहरु जो कोरिए धर्साहरु जो कोरिएनन्' (२०३५), 'सपनाको पालो पहरा' (२०३८), विश्भ्भर चञ्चलका 'अतृप्ती' (२०२६), विश्वम्भर चञ्चलका कथाहरु (२०३६) 'जीवनवृत्त' (२०४०) जस्ता कृतिहरु नेपाली कथा जगत्का स्वाभाविक विसङ्गतिलाई प्रस्तुत गर्ने सामग्री बनेका

छन् । यस समयमा यस्तो सृजना प्रस्तुत गर्ने अन्य कथाकार हरूमा ओममणि शर्माको 'छाप' (२०४६), केदार अमात्यको 'आँखा पनि मिल्दो छैन (२०३५), माया ठकुरीको 'साँघु तरेपछि' 'मजुरको जोडी' ( ) , 'गमलाको फूल' (२०३३) मोहनराज शर्माको 'च्याँखे धर्ना' (२०२४), 'कोर्रा (२०४०), 'महाशून्य' (२०५०), जगदीश घिमिरेको 'जगदीशका कथाहरू' (२०२७), केही कथा, कविता र संस्मरण (२०३३), इन्द्रकुमार श्रेष्ठ 'सरित्' को 'दिदीको देवर' (२०५०) हरि अधिकारीका 'रामलालको आकाश' (२०४२), अविरल स्थापितको 'माकुराको जालो' (२०४०) आदि संग्रह यस समयका महत्वपूर्ण उपलब्धीहरू हुन् । कृष्ण गौतमको 'नाच' (२०५१) माधव भण्डारीको 'माधव भण्डारीका कथा' (२०४०),'गन्डचर' (२०२५) का अतिरिक्त यस समयमा क्रियाशील देखिएका स्रष्टाहरूमा धुवमधिकर्मी, वनमाली निराकार, अमर शाह, रत्न कोजू, अशेष मल्ल, लव गाउँले, नकुल सिलवाल, हरिहर पौडेल, महेश प्रसाइँ, इन्दिरा प्रसाइँ जस्ता अनेकौं कथाकारहरू आजको कथा सृजनाको धर्तीमा क्रियाशील बनिरहेका छन् । यिनका रचनाहरु वस्तु र शील्प दुवै दृष्टिले अत्यन्त सबल र प्रखर छन् भन्न नसकिए पनि नेपाली समाजमा हुर्कंदै गरेका विकृतिलाई २०४६ पूर्वको अवस्थालाई सचेत रुपमा प्रहार गर्न निकै खप्पिस बनेका छन् ।

प्रगतिशील चिन्तनधारामा आधारित कथाकारहरूमा पनि एउटा आलोचनात्मक यथार्थवादी पक्ष र अर्को समाजवादी यथार्थवादी पक्ष भनेर माथि नै उल्लेख भइसकेको छ । नेपाली समाजमा बढ्दै गएका पूँजिवादी र अर्द्धपूँजिवादी विसङ्गतिका पक्षहरूलाई हेर्ने दृष्टिकोणमा आएका रचनात्मक पाटाहरु, क्रमश: मूल्यहीनतातिर धकेलिंदै गरेका समाजलाई सुधारको टेवा दिनु पर्छ भन्ने यस चरणको स्वर अनि मानवीय जीवन पद्धतिमा उठेका असमानताका चुलीहरू नै यस प्रवृत्तिका कथाका कथा बन्न पुगेका छन् । यस प्रकारका विकृतिलाई प्रहार गर्ने चेतनाको आधारभूत सृजना मार्क्सवादी चिन्तन प्रणालीमा मात्र सम्भव हुन्छ भन्ने कुरा यस समूहका कथाले पुष्टि गरेको छ । यस दिशामा अडेर कथा सृजना गर्ने कथाकारहरूमा खगेन्द्र संग्रौला 'लेखिएको इतिहास' (२०३७) , 'हस्तक्षेप' (२०५३), घनश्याम ढकाल 'भरिया र यात्री' (२०४६), राजव 'समय पीडा' (२०४५), 'इतर जिल्लावासी' (२०५०) हरिहर खनाल 'देश प्रदेश', 'पहिरो जाने पहाड मुनि', 'बमको छिर्का', सञ्जय थापा 'परोपकार यात्रा' (२०५०) भास्कर 'पिशाचको कचौडी', ऋषिराज बराल 'गाउँको कथा भन्छु है त', (२०४१) 'भग्नावशेष' (२०४५), 'बयान' (२०५३), नारायण ढकाल. 'शहर यन्त्र' (२०५१) र 'इर्फान अली' (२०५२), देवीका तिमिल्सिना 'सीमाहीन सीमा' (२०५०) पुण्य खरेल 'पुनर्बहाली' (२०५४) कथाका माध्यमबाट देखा परेका छन् । यस फाँटमा कथाको कोसेली लिएर देखिनेहरूमा कथाकार इस्माली, हरि गोविन्द लुइँटेल, राजेन्द्र पराजुली, तारा गाउँले, पाण्डव कार्की, आदि कथाकारहरू सचेत र प्रयत्नशील स्रष्टाका रुपमा कथा जगत्मा देखिएका छन् । समाजका विकृति र विसङ्गतिलाई निराकरण गर्ने कथा स्रष्टाहरूको चेत वर्तमानमा आधारित भएर भविष्यतिर अभिमुख भएको छ । यसकारण यस दिशामा क्रियाशील हुने कथाकारलाई सचेत र प्रगतिशील भनेर किटान गर्न सकिन्छ ।

निष्कर्षमा नेपाली कथा साहित्यको पछिल्लो चरण भनेको समाजमा चाँडोचाँडो भइरहेका राजनीतिक विचलन र तिनबाट प्रभावित भएका स्थापित मूल्यहरूका कारणले नेपाली कथा जगत् अत्यन्त धर्मरको अवस्थामा गुज्रिरहेको छ । यस गुज्रंदो मूल्यलाई देख्ने कथाका स्रष्टाहरूमा अरु पनि प्रतिभा क्रियाशील देखिएका छन् । जस्तै- वेणु आचार्य, सरोज ओली, यज्ञराज प्रसाइँ, निर्मोही व्यास, विजय चालिसे, अमरकुरमार श्रेष्ठ, आदि लेखकहरू सिर्जनारत देखिएका छन् । यस प्रवृत्तिका लेखनले पनि एउटा मानदण्ड कायम गर्न लागेका यस परिस्थितिमा नेपाली कथा प्रगतिशील पक्षका स्रष्टाबाट बढी प्रेरित र उच्च बन्दै गएको देखिन्छ । नेपाली समाजको सामाजिक र आर्थिक विषमता एवं वर्गीय विषमता समेतले जन्माएको विकृतिपूर्ण मानसिकतालाई प्रतिनिधित्व गर्ने वर्तमान पर्यावरणमा हाम्रो अस्तित्व धुमिल हुँदै गएको देखिएको छ । यस धुमिल बन्दै गएको अस्तित्वलाई स्पष्ट, प्रखर र गतिशील बनाउन र कलात्मकता प्रदान गर्न सके समसामयिकताले पनि आफूलाई चिरन्तनतामा उभ्याउन सक्ने निश्चित छ । यिनै प्राप्ति र अप्राप्तिका बीचमा नेपाली कथाको समसामयिक चरण गुडिरहेको छ ।

✣✣✣

२०५४
विजया दशमीको पावन
अवसरमा सम्पूर्ण देशवासीहरुमा
सुस्वास्थ्य एवं प्रगतिको
मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।
कृषि विकास बैंक
प्रधान कार्यालय, काठमाडौं

('कथा के हो र कस्तो हुनु पर्छ' ? भन्ने विषयमा हामीले केहि विद्वान् महानुभावहरूसंग मन्तव्य मागेका थियौं । सोही बमोजिम प्राप्त हुन आएका कथाबारेका केही समीक्षात्मक टिप्पणीहरू यहाँ प्रस्तुत छन्-)

कथाको कथा

घटनाहरूको छोटो गद्यरचना कथा हो । आफूलाई र आफ्नो परिवेशलाई बुझ्नकैनिम्ति मान्छेले कथाको आविश्कार गऱ्यो कथा ती व्यक्तिहरूकानिम्ति आवश्यक हुनगयो जो तत्वज्ञानी, दार्शनिक र विचारक भन्दा भिन्न किसिमका हुन्छन् । जीवन र जगत्को रुचिपूर्ण वोध जसरी कथा दिनसक्छ त्यसरी अध्यात्म विधा, दर्शन वा चिन्तनले दिन सक्तैन । कथा सिर्जनात्मक खोजको छरितो विधा हो । आधुनिक युगमा आएर यस विधाले आफ्नो रुप पाएको हो । प्राचीन र मध्यकालीन कथाहरू बेग्लै प्रकार का हुन्थे । ती आधुनिक कथासित मिल्दैनन् । आधुनिक कथाले उपन्यासबाट आफूलाई अलग्याइसकेको छ । कथा उपन्यासको शत्रु पनि हो र मित्र पनि हो । थोरै समयमा, थोरै शव्दमा जीवनको मर्मको वोध गराएर यसले पाठकलाई उपन्यासको उकालामा उक्लनुपर्ने जरुरत टारिदिन्छ । सानो फुच्चे विधाले आफ्नै जस्तो काम गरिदिएर आफ्नो जरुरत कम गरिदिएको हुँदा उपन्यास कथाको द्रोही हुनगयो । उपन्यास ठान्दो हो -कहाँको राजाराम, कहाँको गने भँडारी ? तर उपन्यासले जतिसुकै कुटिल आँखा लगाए पनि कथामाथि आघात पर्ने स्थिति छैन । कथा कथा नै हो, उपन्यास उपन्यास नै । कथा उपन्यासको मित्र पनि हो अथवा यी दुई साख्खै दाजुभाइ नै । एउटै आख्यान विधाबाट यी छुट्टिएर बेग्लै भएका हुन् । दुवैले एउटै काम गर्छन् - कुनै घटनालाई लिनु र त्यसलाई सुहाउँदो आयाममा विस्तार दिनु । उपन्यासलाई हेरेर कथा चम्किएको छ भने कथालाई हेरेर उपन्यास लम्किएको छ । दुबै उही या उस्तै प्रबृत्तिलाई अँगालेर हातेमाले गरी हिड्छन् । यसैले यी प्रायः एउटै लेखकका सन्तान भएर आएका देखिन्छन्; कहिले कथा पहिला जन्मन्छ र दाजु बन्छ, कहिले उपन्यास पहिला जन्मेर कथालाई भाइ बनाउँछ ।

अरुसित लड्नुपर्दा भने कथा र उपन्यास खुबै मिलेर आउँछन् । यी दुई भाइ चाहन्छन्, अरु विधालाई पछाडि पारेर आफू अगाडि पुगौं । कविता, महाकाव्य तथा नाटक आदिलाई उछिनेर यिनीहरू अगाडितिर पुगेका पनि छन् । महाकाव्यको ठाँउ उपन्यासले लिएको छ, कविताको अथवा छोटो कविताको ठाउँ कथाले । पहिला महाकाव्यले जुन काम गर्थ्यो अहिले उपन्यास त्यही काम गर्दछ । जीवन र जगतका अनगिन्ती समस्याहरूको विवेचना गर्नु र पाठकलाई बहुविध पक्षको बोध गराउनु । उपन्यास पढेपछि खाना खाए झैं पाठक अघाउँछ, त्यस्तो खाना जसमा छत्तीस व्यञ्जन सम्मिलित छन्; कथा पढेपछि उ खाजा खाए झैं अघाउँछ, त्यस्तो खाजा जसमा मिठास छ र तृप्ति दिने सामर्थ्य छ । आदि युगलाई महाकाव्यले नेतृत्व दियो, आधुनिक युगलाई उपन्यासले । महाकाव्य पद्य-विधा हो, उपन्यास गद्य-विधा । त्यस्तै कविता लयात्मक, पंक्तिदार भाषामा लेखिन्छ, कथा गद्यात्मक, अपंक्तिदार भाषामा ।

कथा र उपन्यासले नाटकलाई पनि पछाडि पारेका छन् । नाटक मञ्चमा नहेरी राम्ररी बोधगम्य हुँदैन तर कथा र उपन्यासमा त्यो झंझट छैन । यिनीहरू आफूलाई प्रजातान्त्रिक, सजिला विधाको रुपमा उभ्याउँछन् । नाटक आफ्नो प्राविधिक कठिनाइले गर्दा आफैं पछि परेको छ र कथा र उपन्यासलाई जित्ने धोको यसले लिनै छाडेको छ । कथा त यति चतुर छ कि यसले निबन्धलाई पनि पछि पारिसक्यो । निबन्धभन्दा पछि नै आधुनिक कथाले जन्म पायो तर यो यति दरिलो हुनगयो कि निबन्धको दाल गलेन । मानौं घोडे-दौड शुरु भएको छ र जनप्रियतामा कथा अगाडि नै पुगको छ । आख्यानको ईर्ष्या गर्दै हास्यव्यङ्ग्य विधा केही चम्कला कि जस्तो देखिए पनि आखिर यसको केही लाग्ला जस्तो छैन । निबन्ध र आख्यानलाई समेत परास्त गर्ने हास्यव्यङ्ग्य विधाको चाहना के सफल होला र ?

तर वर्तमान युगमा आख्यान विधालाई आफ्नै आन्तरिक रोगले सताएको छ । भित्रैबाट यो विधा बुढ्याइँमा आरुढ हुन गएकाले कतिको रायमा यो मरिसक्यो या मरणासन्न छ । यस किसिमको मरणासन्न विधाबाट केही हुनसक्छ ? कतिको राय छ कि आख्यान त्यसरी मसान घाटमा पुगेको छैन ।

* * *

- कृष्ण गौतम

कथाको चिनारी

१. लघुकथा एउटा यस्तो आख्यान हो, जुन एक बसाइमा वा आधा घण्टा देखि एक वा दुई घण्टाका बीचमा पढि सकिन्छ । यसमा पूर्व निश्चित प्रभावान्विति सबभन्दा बढी महत्वपूर्ण हुन्छ । **- एडगर एलेन पो**

२. कथा त्यस्तो बगैचा होइन जसमा अनेक थरी फूल झाङ् लगाएका हुन्छन्, परन्तु यो त एक गमला हो जसमा एकै विरुवाको माधुर्य समुन्नत रुपमा देखिन्छ।

- प्रेमचन्द

३. छोटो किस्सा एउटा सानो झ्याल हो जहांबाट एउटा सानो संसार चियाइन्छ। थोरैमा मीठो र भरिलो हुनु छोटो किस्साको बानी हो। यो पनि एउटा संसार हो र महान् संसार हो।

- महाकवि देवकोटा

यी तीन परिभाषाले कथा के हो ? भन्ने कुरा स्पष्टसंग चिनाएका छन्। यसरी परिभाषा खोज्दै जाँदा चाङका चाङ खडा गर्न नसकिने होइन। जति कथाकार त्यति परिभाषा, त्यति दृष्टिकोण। सबैलाई एउटै परिभाषा भित्र समेट्नु सजिलो छैन। जे होस् सबैकालागि मान्य हुने मूलभूत बुदांको टिपोट यसरी गर्न सकिन्छ।

क) कथा आख्यान विधाको एक रुप हो, यो कलापूर्ण हुन्छ र हुनुपर्छ।

ख) विषय, पात्र चरित्र, उद्देश्य, घटना, भावशैली जस्ता यसका आधारभूत तत्त्व हुन्- यी कथामा हुनुपर्छ।

ग) एक डेढ घण्टा भित्र पनि सकिने, रोचक प्रस्तुति र आख्यानात्मक अभिव्यक्ति यसमा हुन्छ।

घ) यो गद्यमा लेखिन्छ -आकर्षक शुरुआत र कलात्मक टुंग्याउनी यसको मुख्य आधार हो।

ङ) मनोरञ्जन, शिक्षा, ज्ञान र कलाको गुरु कथाकार हो भने पाठकहरू, श्रोताहरू विद्यार्थी हुन् - कथा प्रवचन हो- कथाको लक्ष्य अनुसार पाठक र श्रोताले कथाबाट जे चाह्यो त्यो प्राप्त गर्छन गर्न सक्छन्।

च) धर्म, अर्थ, काम, मोक्ष चतुवर्गको प्राप्ति कथाबाट सम्भव छ।

छ) समाजलाई भाङ्ने, विकृति बढाउने कथा भएपनि त्यो कथा पाठ्य श्रब्य हुँदैन।

यस्ता बुँदा जतिपनि तयार पार्न सकिन्छ। बुँदा तयार पारेर मात्र हुँदैन, कथा पढेर नै कथा के हो बुझ्नु जरुरी हुन्छ -

१. ग्रामीण जनजीवन, पारिवारिक समस्या: गुरुप्रसाद मैनालीको 'नासो' भित्रका कथामा राम्रो पाइन्छ।

२. यौन मनोविज्ञानका सुन्दर सृजना विश्वेश्वर प्रसाद कोइरालाका कथामा भेटिन्छ।

३. इतिहास, पुराण, बेदका घटनामा आधारित कथाको रोचक, कलात्मक प्रस्तुति बदरीनाथ भट्टराईका कथामा उपलब्ध हुन्छ।

४. भवानी भिक्षुका कथामा तराइ जीवन, गोविन्द गोठालेका कथामा उपत्यकाली जीवन र रमेश विकलका कथामा मार्कवादी चिन्तन पर्याप्त छ। यस्तै अरु थुप्रै कथाकारहरूले पनि आ-आफ्नो क्षेत्र समेटेर कथातत्व अठ्याएर कलात्मक अभिव्यक्ति दिएका छन्। यस्ता कथा पढेर नै कथाको परिचय प्राप्त गर्नु उपयुक्त हुन्छ। एउटै सीमित परिभाषामा कथालाई चिनाउन खोज्नु सजिलो छैन।

* * * **- घटराज भट्टराई**

कथालाई केही शब्दमा चिनाउन खोज्दा

छोटकरीमा भन्दा- कथा जीवन जगतको संक्षिप्त गाथा वा व्यथाको चित्रण हो। यो एक किसिमको आख्यान हो। हुनत: आख्यान सामान्य रुपमा कथा, नाटक, काव्य, उपन्यास विधासम्म फिंजिएको हुन्छ तर खास गरेर आख्यान शब्दले उपन्यास र कथालाई नै बुझाँउछ। कथा गद्य साहित्यको एक लघु संरचना हो जस्मा थोरै पात्र, लघुत्तम र लघु घटकहरूको संमायोजना गरेको हुन्छ। आधुनिक साहित्यमा प्रचलित लघु कथाले नै कथाको खास चिनारी दिइरहेको छ।

कथा विषयवस्तु, समय, परिवेश, कथोपकथन,चरित्र संङ्गठन, शिल्प भावानुभूति जस्ता पक्षहरूमा केन्द्रित रही जीवनका विभिन्न पक्ष र आयामलाई सीमित परिधिमा रहेर आफूलाई पस्कीरहेको हुन्छ। यो छोटो विधा भएकाले यसको अन्तसंरचनामा सरलिपन ज्यादा रहन्छ। पूर्वीय र पश्चिमी दुवै साहित्यमा राम्ररी फष्टाएको र वर्तमान सन्दर्भमा पनि संसारका साहित्यका धेरै विधाहरू मध्ये कथाले आफ्नो लोकप्रियता र विशिष्ट पहिचान कायम गर्दै आएको पाइन्छ। कथाको व्यापकता जति छ त्यतिकै कथालाई चिनाउने क्रममा अनगिन्ती परिभाषाहरू भेटिन्छन्। पूर्वीय ग्रन्थ गीतामा "अनुत्तेजक सत्य शिव (हित) प्रिय (सुन्दर) अभिव्यक्ति दिने बाङ्मय" को रुपमा कथालाई लिएको छ। त्यस्तै कौटिल्यले "धर्म, अर्थ, इतिहासका प्रसङ्गमा आधारित इतिबृत्त पुराण" कथालाई मानेका छन्। "अन्धकारमा ज्योति प्रज्वलित गर्ने आख्यानात्मक रचनाको रुपमा वाण भट्टले कथाको चर्चा गरेछन्। पश्चिमी कथाकार एडगर एलेन्पोले- "एक बसाँइमा पढि सकिने स्वयंमा पूर्ण इतिबृत्त छोटो अभिव्यक्ति"को रुपमा

कथालाई लिएका छन् भने जो वर्ग एसेन वाइनले "छोटो कथा, प्रमुख घटना र केन्द्रिय पात्रका चरित्रको उद्घाटन गरिने कल्पनात्मक इतिबृत्त कथा हो" भनेका छन्। महाकवि देवकोटाले एउटा सानो झ्यालबाट चियाइने संसारका रुपमा र ईश्वर बरालले कथा कलात्मक इतिबृत्तको रुपमा व्याख्या गरेका छन्।

सम्पूर्ण कुराहरूलाई अध्ययन गरी हेर्दा कथाका सन्दर्भमा के निश्कर्षमा पुग्न सकिन्छ भने गद्य शैलीमा लेखिएको जीवनजगतको कुनै एक पक्ष वस्तु, व्यक्ति, स्थिति, परिस्थिति संगठनलाई चित्रण गरिएको पात्रको माध्यमद्वारा पाठकको मनलाई आन्दोलित र चिन्तनशील बनाई रहने कलात्मक प्रस्तुति भएको साहित्यिक विधा नै आधुनिक कथा हो।

* * * – रामप्रसाद दाहाल

नेपाली कथा

कथा विधा साहित्यको एउटा सशक्त माध्यम हो। धर्म, नीति, आचरणलाई कथाको विषयवस्तुको रुपमा प्रस्तुत गर्नु प्राचीन कथाको उद्देश्य हुन्थ्यो भने पछि आदर्श समाज स्थापनाकालागि पालन गर्नुपर्ने आदर्शमूलक पाठहरूलाई मिलाएर कथा सिर्जना हुन थाल्यो। कालान्तरमा आधुनिक युगको शुरुवात संगसंगै कथामा यथार्थोन्मुख कथावस्तुलाई महत्व दिई मनोवैज्ञानिक एवं मनोविश्लेषणात्मक कथाहरू लेखिन थालियो।

आजको यथार्थवादी समाजमा समसामयिक विषयवस्तुमा आधारित कथाले ठूलो महत्व राख्दछ। निरन्तर खस्कँदो मूल्य विचलन संगै समाज र जनजीवनमा आइपर्ने अप्ठेरा, विसंगति अनि विकृतिले भरिएका परिवेश र परिस्थितिको सामना गर्दै सार्थक जीवन जिउने होडबाजी नै आजको वास्तविक कथा हो। अरु विस्तृत रुपमा भन्नुपर्दा आजको मानिसभित्र रहेका रतिरागात्मक अनुभूति, तृष्णा-वितृष्णा, तृप्ति अतृप्ति अनि कुण्ठा र विकृतिको यथार्थ चित्रण नै अहिलेका कथाको अर्को पक्ष भएको अनुभव हुन्छ। यिनै कुण्ठा र विकृतिले मानिसका मनभित्र जन्माउने गरेका विकार र आलोकनलाई विश्लेषणगरी लेखिएका कथाहरू नै बढी सम्वेदनशील तथा प्रभावकारी हुने गरेका देखिन्छन्। यस्तै कथाहरू नै आजको माग हो, यस्तै कथाहरू नै सम्प्रेषणीय पनि देखिएका छन्।

* * * – शिव रेग्मी

विजया दशमी २०५४ को सुखद् उपलक्ष्यमा सम्पूर्ण नेपालीमा सुख, शान्ति तथा समृद्धिकोलागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

मेरिनोल नेपाल 'आशादीप'

(मानसिक विरामीहरूको पुनः स्थापना केन्द्र)
सिफल, काठमाडौं

विजया दशमी २०५४ को पुनित उपलक्ष्यमा सम्पूर्ण देशवासीहरुमा सुस्वास्थ्य, संवृद्धि एवं प्रगतिकोलागी मंगलमय शुभकामना व्यक्त गदछौं।

श्रम राष्ट्रिय मा.वि.

कुमारीगाल, काठमाडौं

"श्री शरणागति अन्तार्राष्ट्रिय आध्यात्मिक प्रतिष्ठान"

संक्षिप्त झलक

आध्यात्मिक जागरण गराउने सदुद्देश्य बोकेर मिति २०५३ साल चैत्र १४ गते विधिवत प्रारम्भिक समिति गठन भई स्थापना भएपनि मिति २०५४ साल वैशाख १ गते नववर्षको शुभकामनासंगै लिई काञ्ची कामकोटी पीठका परमपूजनीय स्वामी शंकराचार्य जयेन्द्र सरस्वतीद्वारा शुभारम्भ भएको हो । यस संस्थाका संस्थापक एवं संरक्षक सन्त शिरोमणि आचार्य खेमराज केशवशरण हुनुहुन्छ ।

उहाँलाई 'भूपालमान सिंह कार्की प्रज्ञापरिषद्' द्वारा 'पृथ्वीबहादुर कार्की भक्तकुमारी पुरस्कार' हिन्दू धर्म संस्कृति आध्यात्मिक चिन्तनको लामो समयसम्म सेवा गरे वापत प्रदान गरिने २०५३ सालको व्याख्यान पुरस्कार २०५३ चैत्र ३० गते प्रदान गरियो । प्रमाण-पत्र सहित ५० हजार प्रदान गरिएको थियो । सन्त शिरोमणी आचार्यले यसमा आफ्नो तर्फबाट ५० हजार थपगरी शरणागति अन्तार्राष्ट्रिय आध्यात्मिक प्रतिष्ठानको संबर्द्धनार्थ १ लाखको अक्षयकोष राखिदिनु भयो ।

यस प्रतिष्ठानले सर्वप्रथम २०५४ साल जेष्ठ ३१ गते शुक्रवारको पावन अवसरमा आध्यात्मिक क्षेत्रका विशिष्ट विद्वान्हरूको सम्मान गऱ्यो। यस पुनीत कार्यको प्रमुख अतिथि बडा गुरुज्यू नयनराज पाण्डे हुनुहुन्थ्यो भने सभाको सभापतित्व पण्डित सोमनाथ घिमिरे 'व्यास' ले गर्नु भएको थियो । त्यस अवसरमा विभिन्न विद्वान्हरूले मन्तव्य व्यक्त गर्नुभएको थियो ।

यस प्रतिष्ठानको प्रमुख कार्यालय काठमाडौंमा रहेको छ र शाखा कार्यालयहरू जुन ठाउँमा पनि खोल्न सकिने प्रावधान छ । यसको शाखा अमेरिकाको एटलाण्टामा खुलिसकेको कुरा अवगत हुन आएको छ । हिन्दूराष्ट्रको रुपमा चिनिएको एकमात्र राष्ट्र नेपालको वर्तमान समय अन्यौलको रुपमा रहेको अवस्थामा आध्यात्मिक जागरणबाट नै स्वस्थ वातावरण सिर्जना गर्न सकिन्छ । समाज र राष्ट्रको आशाश्रोत नयाँ पुस्तामा थरी-थरीका कुअम्मल सल्किन गई भविष्यका कर्णधारहरू जीवन निर्माणनिम्ति उचित मार्गदर्शन नपाई निराशा, कुण्ठा एवं विकृतिहरूको उत्तरोत्तर शिकार बन्दै गइरहेको वर्तमान परिप्रेक्ष्यमा विकृतिमुक्त संयमपूर्ण आत्मसाधनातर्फ डोऱ्याउँदै जीवमात्रलाई भगवद्भक्ति साधनातर्फ अभिमुख तुल्याउने यो आध्यात्मिक अभियान थालनी सानै रुपमा भएको भएपनि आध्यात्मिक साधनाप्रति रुचि राख्ने दृष्टिसम्पन्न गुरुजनहरूको मार्गदर्शनमा यसले काठमाडौं आफ्नो मूल्य र महत्ता सिद्ध गर्दै जाने छ भन्नेमा यो प्रतिष्ठान विश्वस्त रहेको छ । यो हिन्दू राष्ट्र नेपालकोलागि पनि गौरवको विषय हो । आऔं यस आध्यात्मिक जागरणमा सरिक होऔं, आफ्नो जीवन सार्थक बनाऔं ।

\+ + +

स्वामी परमानन्द सरस्वती २०५३ साल माघ १८ गते ब्रह्मलीन हुनुभयो। उहाँ धार्मिक, अनध्यात्मिक क्षेत्रका विशिष्ट विभूति हुनुहुन्थ्यो । गुल्मी, म्याग्दी, वाग्लुङ, पर्वत, पाल्पा, रुपन्देही, नवलपरासी आदि क्षेत्रमा बढी मात्रामा धार्मिक समारोहको आयोजना गर्नुहुन्थ्यो । नेपालका महत्त्वपूर्ण तीर्थस्थलहरूमध्ये एक देवघाटमा हरिहर आश्रम निर्माण गर्नु भयो । ब्रह्मलीन हुनुभन्दा पहिले देवघाटको गलेश्वर आश्रमको संरक्षक अध्यक्ष पनि हुनुहुन्थ्यो । उहाँको स्मृतिमा सन्तशिरोमणी आचार्य खेमराज केशवशरणले 'परमानन्द स्मृति' शोककाव्यको निर्माण गर्नुभयो । शिखरिणी छन्दमा निर्मित यस खण्डकाव्यका ५१ पुष्प गुरुको स्मृतिमा चढाउनु भएको छ । साहित्यको चरमचुलीमा पुगेर जीवन र जगत्को विषयमा एक विशिष्ट विद्वान्ले अर्का विशिष्ट विद्वान्को मुखार विन्दबाट निस्केका वाक्यहरूलाई पाठकसामु उभ्याइदिनु भएकोछ । यो खण्डकाव्य आराधना क्षेत्रको विशिष्टतम ग्रन्थ बन्न पुगेको छ । यस खण्डकाव्यको विमोचन यही ०५४ जेष्ठ ३१ गते शरणागति अन्ताराष्ट्रिय आध्यात्मिक प्रतिष्ठानद्वारा आयोजित विशिष्ट विद्वान्को सम्मान समारोहमा बडागुरुज्यू नयनराज पाण्डेले गर्नुभएको थियो । कवि आचार्य खेमराज केशवशरणद्वारा रचित केही कवितांश:-

जता पाउ लम्के सुजनहरूको जम्घट हुने
अति मीठो वोली अमृत सरी भै हृदय छुने
सती नारी जस्तै पुरुष पनि पत्नीव्रत बनी
सम्हालून् मर्यादा बनी सुमतिका उन्नत धनी ।

\+ + +

कसी योगी मुद्रा प्रभु हरिहरैका निकटमा
बसेका स्वामीज्यू जब परनु भो दृष्टि पथमा
थियो उस्तै राम्रो प्रखर अधिकै कान्तिमुखको
सबै झस्के यस्ता पुरुष कसरी शान्त हुनु भो ।

इत्यलम्

ठाकुर शर्मा

कृति परिक्रमा

शंकरजीको पछिल्लो कोसेली 'रिमा'

आफ्नो सन्तान जन्मेको हेर्न नपाउदै बितेकी आमाजस्तै शंकरजी पनि आफ्नो पछिल्लो कृति 'रिमा' प्रकाशित भएको देख्न नपाउँदै जानु भयो ।

शंकरजीको 'शोक सम्झना सभाको' दिन उपस्थित भई मैले उहाँमा श्राद्धाञ्जलि अर्पण गरी भर्खर दुई प्रतिमात्र प्राप्त भई उहाँको परिवारलाई एक प्रति बुझाई रामप्रसादजीले आफूलाई राख्नु भएको 'रिमाको' एक प्रति लाजै पचाएर उडाई ल्याएँ र नबिसाई आद्योपान्त पढें ।

आफ्नी युवती श्रीमतीलाई आवेशमा आग्लोले हानेर मरणान्त पारी अस्पताल पुऱ्याई मारी सजायँबाट जोगिन मुग्लान पसेको एक अनाम पत्रकार भारतको एक यस्तो ठूलो शहरमा गुप्तवास बस्न पुग्छ जहाँ त्यसबेला दुई धर्मबीच काटाकाट मारामार फैलिएको हुन्छ (शहरको वर्णन, यसो गम्दा, लखनऊ हो कि जस्तो लाग्छ) नायक त्यहाँ खोज पत्रकार भई जीवन निर्वाह गर्छ ।

ऊ बसेको घरको फ्ल्याटमा एक सैनिक अधिकृत जायसवाल पनि सपरिवार बस्छ । जायसवालको काम दंगामा मारिएका मानिसका नजिकका नातालाई रु. दश हजार क्षतिपूर्ति दिनु पनि रहेको छ ।

(जायसवालसंग एकाघरमा बसेको थाहा पाएर पनि हो कि ?) रशीद नामको एक ठिटो दंगामा मारिएको आफ्ना काकाको क्षतिपूर्तिको निवेदन नायकबाट लेखाउन आउँछ र सो पाएपछि आधाआधी गर्ने शर्तमा उसबाट निवेदन लेखाउँछ दश हजार रुपियाँ जायसवालबाट पाउँछ । नायकले तिम्रो रयम मलाइ चाहिँदैन भन्छ । तर रशीद कमाइ गर्न विदेश जाने प्रयासमा छ र एक पैसाको लोभ नगर्ने मान्छे पाएपछि पुरै दश हजार नासो राखिदिने अनुरोध गर्छ र नायकले राखिदिन्छ पनि ।

मारिने मान्छे हमीदको आफ्नो बाबु हो र क्षतिपूर्ति रकम काकाको छोरा रशीदले बुझ्यो भन्ने थाहा पाएर हमीदले रशीदसंग सो रकम माग्छ, तर नपाएपछि रीसको झोँकमा रशीदलाई छुरा हानेर मार्छ र फलस्वरूप जेलपर्छ ।

यता मौसम अनुसार कहिले हरिजन बन्ने त कहिले कर्फ्यू अवधिमा पुलिस आतंकको विरोधमा भाषण गर्ने नेता चुलबुलरामको सँगाती हुनुपुग्दा नायक पनि सन्देहको आधारमा पुलिस थानामा जाकिन्छ जहाँ उसले हमीदलाई देख्छ । हमीदको वास्तविक अवस्थाबारे बुझ्न आएको इमान्दार अधिकृत जायसवालले नायकलाई र एक जना प्रिन्सिपल र मौलवीलाई त्यहाँ देखेपछि उनीहरुलाई छुटाइदिने सिफारिश गर्छ तर हमीदसंग कुरा गर्न बिर्सेर बाहिर निस्किन्छ । पुलिसको कुटाइबाट हमीद थानाभित्रै मर्छ तर पुलिसले उसलाई कर्फ्यू तोडेर भाग्दा गोली लागेर मरेको भनी रेकर्डमा जनाउँछ ।

नायकसंग कुरा गर्दा यो वास्तविकता थाहा पाएर जायसवालले हमीदकी आमाको खबर बुझ्न नायकलाई प्रेरित गर्छ । रेलको लीकमा झरेका कोइला टिपेर त्यो दुखीले जीवन धानिरहेकी छ, त्यसलाई कसैले हेर्दैन ।

जायसवालकी तरुनी श्रीमती छन् । हरकुमारी, जो सोम्ने ड्युटीमा बाहिर गएको बेला घरखर्च चलाउन र पसलको उधारो तिर्न पैसा नभएर नायकसंग सापटी माग्न आउँछिन् (रशीदले राख्न दिएको दश हजारबाहेक पनि केही रुपियाँ नायकसंग छ जसमध्येबाट दुईसयमात्र लिएर हरकुमारी जाछिन् र त्यसपछि नायकको भान्सा, खाजा हरकुमारीले नै आग्रह गरेर दिन लाग्छिन् ।

अब पुग्यो भनेर जायसवाल र हरकुमारीकी एक मात्र सन्तान छ छोरी सोनू । छोरी जन्मेपछि जायसवालले भ्यासेक्टोमी गराउँछन्, जहानसंग सोध्दै नसोधी । हरकुमारीलाई एउटा छोराको चाहना रहिरहन्छ । नायकसँगको सामीप्यबाट उनी त्यही आशा गर्दछिन् । तर नायकले हरकुमारीमा आफूले आग्लोले हानेर मरणान्त पारी अस्पतालमा पुऱ्याइएकी आफ्नी युवती करकरे स्वास्नीलाई देखेपनि, जतिसुकै अन्तरङ्ग एकान्त अवसर पाए पनि हरकुमारीसंग ससपस गर्दैनन् ।

संभवतः अयोध्याको बावरी मस्जिद भत्काइ-एपछि) देशभर फैलिएको हिन्दू मुस्लिम दंगा शान्त गर्न र मुआवजा बाँड्न घुमिरहने जायसवालको सरुवा बम्बई भएपछि जब उनी जाने तयारी गर्दछन् तब नायक पनि रामप्रसाद शर्माको फ्ल्याटमा डेरा सर्न ठेलागाडामा सामान ओसार्ने काम गरी बसेको बहतबहादुरलाई अर्को दिन डेरा सारिदिन भन्न जान्छन् तर बखत महादुर भने अबेर रातसम्म घर फर्किन्न । के भएछ भनी नायक पुलिस थानामा बुझ्न जाँदा त ऊ के केटी बेच्ने काममा पोल परी भुझिएर थुनामा परिसकेको हुन्छ । नायकसंग पनि थानेदारले कडाकडा प्रश्न गर्छ कर्फ्यू विरोधको भाषण काण्डमा नेताजी चुलबुल रामसंग धुलिएको बेनाबेखि नायक गुप्तचर संस्था सी.बी.आई. को शंकास्पद धुलिएको सूचीमा परिसकेको रहेछ ।

जायसवाल दौडाहामा बराबर गइरहन्छ र उसको अनुपस्थितिमा नायक हरकुमारीको भान्सामा खान्छ । रशीदको नासो मानेर लिएको दश हजारबाट उसले हरकुमारी र उसकी छोरी सोनुलाई गहना र लुगा किनिदिन निकै खर्च गर्छ ।

रामप्रसाद शर्मा - सेन्ट्रल बैंक अफ इण्डियामा कार्यरत उच्च अधिकृत हुन् । सुदूर पश्चिम नेपालमा उनको घर र जिमिन्दारी छ । उनको छोरो प्रतिनिधि सभा सदस्य छ । पहिलो पत्नीको मृत्युपछि उनी कथा नायिका रिमासंग दोस्रो विवाहगरी प्रवासमा बसिरहेका छन् । नायकको उनीसंग घनिष्ठ सम्बन्ध छ । रामप्रसादकै आग्रहमा नायक उनको फ्ल्याटमा बस्न मंजुर भएको छ ।

क्रमशः →

- मानिस एउटा पर्दा नभएको कोठा जस्तो खुल्ला हुनुपर्छ, तब सुखी भइन्छ । **–पारिजात**
- ठाडो हुने सट्टा हामी जब झुक्छौं, तब मात्र विवेकको नजिक पुग्छौं । **-बर्नार्ड शा**
- कसैको प्रशंसा गरेर समय नष्ट नगर, त्यसलाई अपनाउने प्रयाश गर । **–कार्लमार्क्स**
- छिमेकी त ऐना हो, तपाइ मुस्कुराउनु भयो भने त्यो पनि मुस्कुराउँछ । **–अज्ञात**
- नभनीकन जसले बुझ्छ त्यो देवता हो, जसले भनेपछि बुझ्छ त्यो मानिस हो,
  जसले भन्दा पनि बुझ्दैन त्यो गधा हो । **–शीलानाथ**

दैववशात् - रामप्रसादको कारसंग ट्रक ठोक्किंदा उनको घटनास्थलमै मृत्यु हुन्छ । तेह्रदिनको काम सकिएपछि रामप्रसादकी पत्नीले बैंकमै जागीर पाउँछिन् । रामप्रसाद जिउँदै छँदा देखि नै उनले रिमाले र रामप्रसादका वावुआमाले पनि नायकलाई संगै बस्न आउन आग्रह गर्छन् । एउटी तरुनी विधवासंग एकै फ्ल्याटमा एकजना लोग्ने मानिससंगै बस्नु छरछिमेकीको शंकाको विषय हुन्छ । त्यसैले नायक वडो अप्ठ्यारो मानेर अर्को विकल्प नभएको हुँदा त्यहीँ वस्न आउँछन् । कहाँ जाउँ र के गरौं भइरहन्छ ।

बम्बई पुगेपछि जायसवालले त्यहाँकै दैनिक पत्रमा राम्रो तलवभत्ता पाउनेगरी जागीर मिलाइदिएको हुँदा बम्वई आउन अनुरोधगरी पत्र लेख्छ । नायकको सज्जनता, इमान्दारी, विद्वत्ता र खोजपूर्ण लेखहरूबाट ऊ साह्रै प्रभावित छ ।

रिमासित बस्नुपर्ने अप्ठ्यारो स्थितिसित उम्किन पनि भोलि बम्बई जान्छु भनी मनमनै निधो गरेको नायकलाई सी.बी.आई. को आरोप पत्रको आधारमा । साँझपख प्रहरीले पक्राउ गरेर थुनामा हाल्छ ।

कथाको सम्पूर्ण रंगमञ्च भारत हो ।

कथावस्तुको मेरो वर्णन रसिलो हुन नसकेपनि उपन्यास सारै सरस छ । एक वैठकमै पढेर भ्याइदिउँ जस्तो ।

शंकरजीका सर्वोत्तम कृतिमध्ये यो अग्रणी स्थानमा पर्छ र पछिसम्म उनको संझना दिइरहन सक्छ । नायक पनि शंकरजी आफै हुन् । ❁❁❁ -श्रीकृष्ण गौतम

हार्दिक समवेदना

दायित्वको पूर्णाङ्क १ देखि ७ सम्म सहयोगीको रुपमा आफ्नो कर्तव्य निभाउँदै आउनु भएका ५३ वर्षीय सह-प्राध्यापक श्री हेमलाल न्यौपानेको मोटर साइकलको ठक्करबाट असोज ७ गते असामयिक निधन भएकोमा दायित्व परिवारले एउटा प्रतिभाशाली विद्वान् एवं अत्यन्त सरल र शालीन व्यक्तित्व गुमाएको छ । यस दुःखद घडीमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारमा दायित्व परिवार हार्दिक समवेदना प्रकट गर्दछ ।

सर्वसाधारणमा सूचना !

दाङ्/नेपालगंज क्षेत्रका यस पत्रिकाका प्रतिनिधि नारायण शर्माले आफ्नो पदीय अनुकूल आचरण नगरी दायित्वको नाममा ठगी एवं बदनामी गरेकोले नीजलाई सो पदबाट हटाइएको छ । आयन्दा नीजले दायित्वको परिचय-पत्र देखाई विज्ञापन वा अन्य कुनै आर्थिक सहयोग मागगर्न आएमा दायित्व सम्वन्धी कारोवार नगर्नुहुन सम्वन्धित सवैमा जानकारी गराउँदछौं । - प्र.सं

शंकर कोइराला स्मृतिसभा सम्पन्न

विशिष्ट साहित्यकार शंकर कोइराला स्वर्गारोहण हुनु भएको १२ औं पुण्य दिनको अवसरमा कृषि विकास बैंकको हलमा भदौ ५ गते एक कार्यक्रमका बीच स्मृतिसभाको आयोजना गरियो ।

दायित्व प्रकाशनको आयोजनामा सञ्चालित उक्त सभामा प्रशिद्ध भाषासेवी डा. तुलसी भट्टराईले साहित्यकार शंकर कोइरालाको वारेमा चर्चा गर्दै सरकारबाट राजनीतिक व्यक्तित्वहरूलाई मात्र सम्मान गरिने तर साहित्यकारहरूको उचित सम्मान नगरिने प्रबृत्तिको विकास भइरहेको वताउनु भयो ।

साझा प्रकाशनका पूर्व महाप्रवन्धक नारायण शर्मा गजुरेलले साहित्यकार शंकर कोइराला अत्यन्त सरल, अध्ययनशील, वहुआयामिक व्यक्तित्व भएको वताउँदै उहाँको जीवन संघर्षबाट प्रेरणा लिनुपर्ने धारणा राख्नुभयो ।

त्यसैगरी साहित्यकार रामप्रसाद पन्तले साहित्यकार कोइराला जीवनकालदेखि मृत्युपर्यन्त उपेक्षित रहनुभएको बताउँदै उहाँ बिरामी पर्नु हुँदासमेत कसैले चासो नदेखाएको र चर्चा-परि चर्चा समेत नभएको बताउनु भयो ।

प्रशिद्ध साहित्यकार कोइरालाले कुनै पुरस्कार सम्मान नपाए पनि पाठकहरूको आगाध माया-स्नेह भने पाउनुभएको विचार प्रशिद्ध निवन्धकार कृष्ण गौतमले राख्नु भयो ।

कवि दैवज्ञराज न्यौपानेले भन्नुभयो- "कोइराला आँखामा हाले पनि नविजाउने व्यक्तित्व हुनुहुन्थ्यो ।"

प्रा.घनश्याम कँडेलले नेपाली उपन्यास क्षेत्रमा शंकर कोइरालाको महत्वपूर्ण योगदान रहेको वताउँदै कोइराला सम्पूर्ण साहित्यकारको प्रेरणाको व्यक्तित्व भएको धारणा राख्नुभयो ।

कवयित्री भद्रा घलेको सभापतित्वमा सम्पन्न भएको उक्त सभामा विशिष्ट साहित्यकार र पत्रकारहरूको उपस्थिति रहेको थियो ।

स्मरण रहोस् साहित्यकार कोइरालाले ५० वटा [illegible] तथा करीव ३ सय जति कथाहरू प्रकाशित गर्नुभएको छ । कार्तिक २७, १९८७ मा काठमाडौंमा जन्मनुभएका कोइराला पेशाले प्रुफ रिडर हुनुहुन्थ्यो ।

उहाँको गत श्रावण २५ गते क्यान्सर रोगबाट निधन भएको थियो । उहाँको छिट्टै नै साझा प्रकाशनबाट **'पुरानो घर'** कृति प्रकाशन हुँदैछ ।

साभार- आजको समाचारपत्र